# स्वतन्त्र समाजको आधारशिला

एमन बटलर

अनुवाद : मुराहरि पराजुली

# स्वतन्त्र समाजको आधारशिला

एम्मन बटलर

FP

**फाइनप्रिन्ट बुक्स**
**फाइनप्रिन्ट प्रा. लि.**
**कर्पोरेट तथा सम्पादकीय कार्यालय**
**विशाल बस्ती "क", विशालनगर, काठमाडौं**
**पोस्ट बक्स : १९०४१**
**फोन : + ९७७ - १ - ४४४३२६३**
**इमेल** : info@fineprint.com.np
**वेबसाइट** : www.fineprint.com.np

First published by the Institute of Economic Affairs, London, in 2013.
फाइनप्रिन्टद्वारा प्रथम पटक प्रकाशित २०७६

**सर्वाधिकार © फाइनप्रिन्ट**
ISBN: 978-9937-665-

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

SWATANTRA SAMAJKO AADHARSHILA BY EAMONN BUTLER

# विषयसूची


लेखकका तर्फबाट
स्वतन्त्र समाजको आधारशिला
सारांश

**१. परिचय** **१**
पुस्तकको उद्देश्य १
पुस्तकको संरचना २

**२. स्वतन्त्रताको नैतिकता र आर्थिक लाभ** **४**
स्वतन्त्र समाज ४
स्वतन्त्रताको नैतिक आधार ९
स्वतन्त्रताको आर्थिक आधार १७

**३. स्वतन्त्र समाजका संस्थाहरू** **३१**
राज्यविहीन समाज ३१
किन सरकारलाई सीमित तुल्याउनुपर्छ ? ३४
सरकारलाई सीमित बनाउने उपायहरू ४७
कानुन तर्जुमा ५३

**४. समानता र असमानता** **५७**
स्वतन्त्र समाजमा समानता ५७
समानताका प्रकार ५८

नतिजामा समानता ६७
समानता र न्याय ७२
समतावादजन्य विनाश ७७

**५. स्वतन्त्र उद्यम तथा खुला व्यापार ८२**
खुला बजार अर्थतन्त्र ८२
धनी कसरी बन्ने ? ८७
बजारले कसरी काम गर्छ ? ९४
अन्तर्राष्ट्रिय व्यापार १०२

**६. सम्पत्ति र न्याय १०६**
निजी सम्पत्ति १०६
न्यायका नियम ११२
विधिको शासन ११९
मानवअधिकार १२५

**७. स्वचालित समाज १२९**
आदेशरहित व्यवस्था १२९
सहिष्णुता १३३
निःस्वार्थवादको समस्या १४६
बजारको नैतिकता १४९

**८. निजीकरण तथा भूमण्डलीकरण १५२**
आप्रवासन तथा प्रविधि १५२
स्वतन्त्र समाजको विकास १५३
सम्पत्ति अधिकारको अभ्यास १५५

सरकारबिना मानव सेवा १६५
भूमण्डलीकरण तथा व्यापार १७३
शान्तिको महत्त्व १७८

**९. छलफलको सार १८१**
स्वतन्त्रताको आवश्यकता १८१
सीमित सरकार १८२
बृहत् समानता १८३
खुला अर्थतन्त्र २८४
न्याय र विधिको शासन १८५
स्वतन्त्रताको संसार १८६

# लेखकका तर्फबाट

स्वतन्त्र समाजलाई कार्यशील बनाउने र ती समाजलाई यति सफल बन्न सहयोग पु¥याउने सिद्धान्त तथा संस्थाहरूबारे यो एउटा सरल तथा सुस्पष्ट पुस्तक हो । यसले स्वतन्त्र समाजका बृहत् लाभहरूको पनि चर्चा गरेको छ । उदाहरणका लागि वैचारिक स्वतन्त्रताका कारण नयाँ सोचलाई प्रयोगमा ल्याउन सकिने, त्यसमा सुधार गर्न सकिने, नवप्रवर्तन गर्न सकिने, विभिन्न किसिमका जीवनशैलीलाई अभ्यासमा ल्याउन सकिने जस्ता कुरा यसमा छन् । सीमित सरकार, विधिको शासन (जसले कानुन बनाउँछ, तिनीहरूलाई पनि बाँध्ने), बलियो निजी क्षेत्र, खुला प्रतिस्पर्धा र स्वतन्त्र व्यापारले उद्यमशीलताको प्रवर्द्धन गर्छ । फलस्वरूप राम्रा र सस्ता वस्तु तथा सेवाको सिर्जना हुन्छ, यसले समृद्धि र छनोटलाई बढावा दिन्छ, मान्छेलाई गरिबीबाट उतार्छ, अझ खासगरी अत्यन्त गरिबलाई ।

व्यक्तिगत स्वतन्त्रता, विविधता, कानुनी शासनबाट मात्र बाँधिएको, मिलनसार समाजले सङ्गठनको स्वतन्त्रता, क्लब, समुदायिक संस्थाहरू, स्वयम्सेवी समूहहरू, नागरिक समाज तथा तिनीहरूको सञ्जाललाई उत्थान गर्छ । यसले टाढाको केन्द्रीकृत सरकारका अधिकारीहरूको खर्चिलो तथा निर्देशनात्मक हस्तक्षेपबिना तल्लो तहमा तत्काल लाभ पु¥याउँछ । जब सरकार साह्रै ठूलो हुन्छ, तब सुरक्षा र समानतालाई व्यक्तिगत स्वतन्त्रताभन्दा अगाडि राखिन्छ । फलस्वरूप सम्पत्तिमा अप्रत्याशित ह्रास आउँछ र दमन बढ्छ ।

केन्द्रीय सरकारको नियन्त्रण र निर्देशनबिना स्वतन्त्र समाज कसरी अस्तित्वमा आउँछ, यसले कसरी काम गर्छ, कसरी विकसित हुन्छ भन्ने जान्न खोज्नेहरूका लागि यो परिचयात्मक पुस्तक आवश्यक पाठ्यसामग्री हो । यो स्वतन्त्र समाजलाई अड्याउने, यसलाई स्वतन्त्र हुन, विकसित हुन र प्रगति गर्न मद्दत गर्ने खुला संस्था निर्माण गर्ने हाते पुस्तिका हो ।

यो पुस्तक नेपाली भाषामा अनुवाद भएको थाहा पाउँदा म खुसी छु । स्वतन्त्र समाज कसरी बन्छ, यसले कसरी काम गर्छ भन्नेबारे विस्तारित बुझाइले सम्पूर्ण विश्व लाभान्वित हुन्छ, नेपाल यसमा अपवाद हुन सक्दैन । नेपाली संस्करणका अनुवादक तथा प्रकाशकलाई मेरो शुभकामना तथा धन्यवाद ।

**– एम्मन बटलर**

# स्वतन्त्र समाजको आधारशिला

स्वतन्त्रता मानव जातिको सबैभन्दा महत्त्वपूर्ण मूल्य हो । स्वतन्त्रताका निम्ति आफ्नो जीवन उत्सर्ग गरेकाहरूको लामो सूची छ, इतिहासमा । स्वतन्त्रताका निम्ति भएका व्यक्तिगत प्रयासदेखि सामूहिक आन्दोलन र क्रान्तिको इतिहास पनि त्यत्तिकै लामो छ । आधुनिक समाजमा आर्थिक सांस्कृतिक संरचनाहरूले व्यक्तिगत स्वतन्त्रतालाई सङ्कुचन गराउँदै लगेको भन्दाभन्दै पनि स्वतन्त्रताका निम्ति मानिसले कूनै पनि मूल्य चुकाएको हामी पाउँछौं । सँगसँगै डिजिटल टेक्निक र कृत्रिम बौद्धिकताका कारण हाम्रो स्वतन्त्रता अर्थात् स्वतन्त्र रूपमा सोच्ने र कार्य गर्ने क्षमतामा सीमा कोरिएको अनुभव गरिँदै छ । यस अर्थमा स्वतन्त्रताको अनुभव, व्यवहार र प्रयोग बदलिँदै छन् । तथापि स्वतन्त्रताका सैद्धान्तिक एवम् व्यावहारिक आधार छन्, त्यसमा टेकेर नै स्वतन्त्र समाजको आग्रह गरिएको छ ।

प्रस्तुत पुस्तक *स्वतन्त्र समाजको आधारशिलाले* केही सैद्धान्तिक आधारहरूलाई छोटो र सरल रूपमा प्रस्तुत गरेको छ । व्यक्तिगत स्वतन्त्रता नै समाजको स्वतन्त्रताको आधार मानिएको छ । जहाँ व्यक्ति स्वतन्त्र हुँदैन, त्यो समाज स्वतन्त्र छ भन्ने कल्पना पनि गर्न सकिँदैन । जुन समाजमा मानवीय प्रतिभा, अन्वेषण र आविष्कारलाई निषेध गरिन्छ, त्यो समाजले प्रगति गर्न सक्दैन । व्यक्तिगत ज्ञान र क्षमतालाई सम्मान गर्ने समाजले प्रगति गर्छ ।

त्यसैगरी कुनै पनि समाजको स्थायित्व त्यसका सदस्यबीच रहेको भाइचारा र सद्भावमा भर पर्छ । सद्भाव र भाइचाराको मुख्य आधार भनेको नै बृहत् समानता हो, जो स्वतन्त्र व्यक्तिहरूबीच

मात्र सम्भव छ । भन्नुको अर्थ स्वतन्त्रताबिना दिगो समानताको कल्पना नै गर्न सकिँदैन । सुखी समृद्ध समाजको कल्पनाभित्र स्वतन्त्रता नै लुकेको हुन्छ । आर्थिक, सामाजिक र सांस्कृतिक असमानताले समाजमा विद्वेष र कलह ल्याउँछ । समानता भन्नेबित्तिकै हामीले व्यक्तिगत आत्मसम्मानलाई पनि बुझ्नुपर्छ । मानिस आध्यात्मिक, नैतिक रूपमा समान जाति हो । मानवता यस्तो मूल्य हो, जसले हरेक मानिसलाई भावनात्मक र नैतिक रूपमा जोड्छ, जसको प्रमुख आधार नै हामी समान छौं भन्ने नै हो ।

स्वतन्त्र समाजको आधारशिलाको प्रमुख प्रस्थान बिन्दु व्यक्तिगत स्वतन्त्रता नै हो । यसमा कुनै द्विविधा छैन । तथापि आधुनिक समाजले आफूलाई व्यवस्थित गर्न केही सामूहिक विधि स्थापित गरेको छ । यो विधि विभिन्न कालखण्डमा विभिन्न प्रयोगबाट खारिँदै आएको छ । तसर्थ स्वतन्त्र समाजमा सरकार विधिको शासनबाट बाँधिएको हुन्छ । जब विधिको व्यवस्था खलबलिन्छ, तब सबैभन्दा पहिलो प्रहार स्वतन्त्रतामै हुन्छ । यस सन्दर्भमा हामीले देखेका छौं, सामाजिक सन्तुलन वा त्यसका निम्ति तय गरेको विधि खलबलियो भने सबैभन्दा पहिलो प्रहार स्वतन्त्रतामै हुन्छ । त्यसको राजनीतिक उदाहरण सङ्कटकाललाई मान्न सकिन्छ । सामाजिक सुव्यवस्थाको सुनिश्चितताका निम्ति भन्दै हाम्रा व्यक्तिगत र सामूहिक स्वतन्त्रताहरू हरण भएका दृष्टान्त प्रशस्त छन् । जब व्यक्तिगत स्वतन्त्रताको हरण हुन्छ, तब सम्पूर्ण सामाजिक तथा राजनीतिक व्यवस्था नै समस्याग्रस्त हुन्छ ।

केही देशमा व्यक्तिगत आर्थिक स्वतन्त्रतालाई सुनिश्चित गरी राजनीतिक स्वतन्त्रतालाई सङ्कुचन गरिएको छ । अर्थात् स्वतन्त्रतालाई खण्डित गरिएको छ । त्यस्ता देशहरूमा सामाजिक

सुव्यवस्था र स्थायित्वका लागि निकै खर्चिलो सुरक्षा व्यवस्था गरिएको हुन्छ । नागरिकका हरेक गतिविधि निगरानी गरिएका हुन्छन् । यस्तो व्यवस्थामा स्वतन्त्र नागरिकको कल्पना गर्न सकिँदैन । किनकि नागरिक भय र आशङ्कामा बाँचेका हुन्छन् ।

हालैका दिनमा आर्थिक विकास र समृद्धिका नाममा राजनीतिक स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रतामा सम्झौता गर्नुपर्छ भन्ने विचार पनि बलियो हुँदै आएको छ । खण्डित स्वतन्त्रताको आग्रहले खण्डित अर्थात् विभाजित समाजको निर्माण हुन्छ । तसर्थ अहिलेको समयमा प्रस्तुत पुस्तकले स्वतन्त्रताको पक्षमा वकालत गर्न महत्त्वपूर्ण योगदान गर्नेछ ।

**– हरि शर्मा**

# सारांश

- स्वतन्त्रताले समृद्धि ल्याउँछ । यसले मानवीय प्रतिभा, अन्वेषण र आविष्कारलाई उजागर गर्छ । पहिले अस्तित्वमा नरहेको धनको सिर्जना गर्छ । स्वतन्त्रता अँगालेका समाजले आफूलाई धनी बनाएका छन् । यसो नगर्नेहरू गरिबीमै छन् ।
- कम स्वतन्त्र मुलुकका सम्भ्रान्त वर्ग जस्तो स्वतन्त्र मुलुकमा मान्छे अरूलाई लुटेर धनी बन्दैनन् । उनीहरू अरूलाई गरिब बनाएर आफू धनी हुन सक्दैनन् । अरूको मागअनुसारका वस्तु तथा सेवा उपलब्ध गराएर उनीहरू धनी हुन्छन्, अरूलाई पनि सुखी बनाउँछन् ।
- स्वतन्त्र समाजको आर्थिक गतिशीलताका मुख्य लाभग्राही गरिब हुन् । अस्वतन्त्र समाजभन्दा स्वतन्त्र समाज आर्थिक रूपले समान हुन्छ । केही वर्ष अघिसम्म पनि कल्पना गर्न नसकिने अनि नियन्त्रित समाजका सत्तासीन अभिजात समूहलाई मात्र उपलब्ध सुविधा अहिले स्वतन्त्र समाजका गरिबले उपभोग गरिरहेका छन् ।
- अन्तर्राष्ट्रिय व्यापारले उद्यमीलाई नयाँ बजार अवसर उपलब्ध गराएको छ । यसले पछिल्लो २० वर्षमा एक अर्बभन्दा धेरै मान्छेलाई चरम गरिबीबाट माथि उठाउन मद्दत गरेको छ । स्वतन्त्रता नै साँचो अर्थमा मानवीय इतिहासको सबैभन्दा कृपालु र उत्पादनशील शक्ति हो ।
- सम्पत्ति तथा आम्दानीका आधारमा समाजलाई समान बनाउने सरकारी प्रयास प्रत्युत्पादक भएका छन् । त्यसले मिहिनेत र उद्यमशीलताका लागि आवश्यक उत्प्रेरणा मार्छ । समग्र

समाजको उत्पादकत्व वृद्धिका लागि आवश्यक पुँजी निर्माण गर्न मान्छेलाई निरूत्साहित गर्छ ।

- स्वतन्त्र समाज स्वचालित हुन्छ । यस्तो समाज शान्तिपूर्ण सहकार्यलाई बढावा दिने नियम पछ्याउने व्यक्तिहरूको क्रियाकलापबाट निर्माण हुन्छ । यो राजनीतिक प्राधिकार हरूबाट थोपरिएको हुँदैन ।
- स्वतन्त्र समाजमा सरकारको भूमिका अत्यन्त सीमित हुन्छ । न्याय कार्यान्वयन र संवर्द्धनमार्फत आफ्ना नागरिकलाई हुन सक्ने क्षति रोकथाम गर्न मात्र सरकार अस्तित्वमा आएको हुन्छ । यसले भौतिक समानतालाई लाद्ने प्रयास गर्दैन । कसैलाई केही कुरा मन परेन वा अपमानजनक लाग्यो भन्दैमा कुनै मान्छेलाई त्यो कुरा गर्न रोक लगाउँदैन । आफ्नो फाइदाका लागि नेताले जनतालाई लुट्नबाट कुनै चीज खोस्न पाउँदैनन्, आफ्ना आसेपासेलाई सहुलियत अनुदान दिन वा आफ्ना दुस्मनविरूद्ध शक्तिको प्रयोग गर्न पाउँदैनन् ।
- स्वतन्त्र समाजमा सरकार विधिको शासनबाट बाँधिएको हुन्छ । यसको कानुन सबैका लागि उत्तिकै लागू हुन्छ । सबै मुद्दामा कानुनको निश्चित प्रक्रिया अपनाउनुपर्छ । अनि त्यो निष्पक्ष हुनुपर्छ र त्योबिना कसैलाई पनि लामो समय बन्दी बनाउनुहुँदैन । आरोप प्रमाणित नहुँदासम्म सबै अभियुक्तलाई निर्दोषसरह व्यवहार गर्नुपर्छ । मान्छेलाई एउटै मुद्दामा पटकपटक अल्झाएर प्रताडित गर्नुहुँदैन ।
- अन्य मान्छेका विचार तथा जीवनशैलीप्रतिको सहनशीलताले समाजलाई लाभ पुऱ्याउँछ । सत्य सधैं स्पष्ट हुँदैन; यो विचारहरूको द्वन्द्वबाट प्रकट हुन्छ । निकायहरूले गलत विचार मात्रै दबाउँछन् भन्नेमा हामी विश्वस्त हुन सक्दैनौं ।

उनीहरूले समाजलाई भविष्यमा ठूलो लाभ पुऱ्याउन सक्ने विचार र उपायलाई गल्तीले दबाउन पनि सक्छन् ।

- सञ्चार प्रविधिले निरङ्कुश शासकलाई आफ्ना कर्तुत दुनियाँबाट लुकाउन गाह्रो बनाएको छ । फलस्वरूप धेरैभन्दा धेरै मुलुक व्यापार, पर्यटनका लागि खुला भइरहेका छन् । नयाँ विचारहरू फैलिइरहेका छन् । धेरै मान्छेले आर्थिक तथा सामाजिक स्वतन्त्रताका लाभ देखिरहेका छन् र त्यसैको माग गरिरहेका छन् ।

# १. परिचय

## पुस्तकको उद्देश्य

यो पुस्तकले स्वतन्त्र समाजलाई परिभाषित गर्ने मूल तत्त्वहरूको रूपरेखा खिच्छ । आफूलाई स्वतन्त्र ठान्ने मुलुकहरूमा पनि वास्तविक अर्थमा व्यक्तिगत, सामाजिक, राजनीतिक तथा आर्थिक स्वतन्त्रता दुर्लभ रहेको सन्दर्भमा यो पुस्तकको आवश्यकता महसुस गरिएको हो । कम र बेसी स्वतन्त्र मुलुकबीच ठूलो अन्तर भए तापनि सबै देशमा प्रशासक र शासकहरूले जनताको सामाजिक र आर्थिक जीवनलाई बन्देज लगाउने वा नियन्त्रण गर्ने गरेकै हुन्छन् । यस्ता बन्देज र नियन्त्रण धेरै लामो समयदेखि अस्तित्वमा छन् । तिनले हाम्रो दैनिक जीवनलाई यति सङ्कुचित बनाएका छन् कि ती हाम्रो संस्कृतिका अङ्ग बनेका छन् । सर्वसाधारणले त्यसलाई सामान्य रूपमा जीवनको प्राकृतिक तथा अनिवार्य अङ्ग मानेका छन् ।

फलस्वरूप आफू स्वतन्त्र समाजमा बाँचिरहेको छु भन्ने विश्व जनसङ्ख्याको अधिक हिस्साले पनि साँचो स्वतन्त्रता भनेको के हो भनेर कल्पना गर्न सक्दैन । स्वतन्त्र समाज कस्तो हुन्छ र यसले कसरी काम गर्छ भनेर त अझै कमले बुझ्छन् ।

तथापि धेरै मान्छे स्वतन्त्रता चाहन्छन् । उनीहरू अनुमतिपत्र नलिईकनै असङ्ख्य कारोबार गर्न सकियोस् भन्ने चाहना राख्छन् । आफ्नो घर, खेत, पसलमाथिको अधिकार सुरक्षित होस्, कुनै

नेताले खोसेर चलाउने जोखिम नहोस् भन्ने चाहना राख्छन् । आफ्नो घरपरिवारका लागि के राम्रो हो, त्यसको निर्णय सरकारी अधिकारीले होइन, आफैंले गर्न चाहन्छन् । प्रहरी र प्रशासकलाई घूस नखुवाईकनै आफ्नो जीवनचर्या अगाडि बढाउन चाहन्छन् ।

तसर्थ सामाजिक तथा आर्थिक स्वतन्त्रताका मूल आदर्शहरू पहिल्याउनु अति महत्त्वपूर्ण हुन्छ । स्वतन्त्रता भनेको के हो र यसले कसरी काम गर्छ भन्ने कुराको स्पष्ट दृष्टि साँचो स्वतन्त्र समाज निर्माण गर्ने आधारशिला हो ।

स्वतन्त्रता भनेको के हो र यसले कसरी काम गर्छ भन्ने कुराको स्पष्ट दृष्टि त्यो जग हो, जसमाथि मानिसले साँचो स्वतन्त्र समाज निर्माण गर्न सक्छन् ।

## पुस्तकको संरचना

अध्याय दुईमा समाज स्वतन्त्र हुनुको आर्थिक लाभका साथै स्वतन्त्रताका लागि नैतिक आधारको विश्लेषण गरिएको छ । खुला अर्थतन्त्र र खुला समाज गहिरो आदर्शमा आधारित हुन्छन् । यस्ता आदर्शले अन्य नैतिक प्रणालीहरूलाई चुनौती दिने होइनन्, बरू तिनको समर्थन, संवर्द्धन र प्रवर्द्धन गर्छन् । स्वतन्त्रता सबैका लागि हो ।

अध्याय तीनमा स्वतन्त्र समाजले कसरी सहज र छरितो ढङ्गले जनताका आवश्यकता पूर्ति गर्न सक्छ भन्ने व्याख्या गरिएको छ । कार्यक्षेत्र र शक्तिका हिसाबले सरकारलाई किन सीमित पार्नुपर्छ भन्ने यसले व्याख्या गर्छ अनि स्वतन्त्र समाज कस्तो हुन्छ र यसले कसरी काम गर्छ भन्ने देखाउँछ ।

अध्याय चारमा स्वतन्त्रता र समानताबीचको द्वन्द्वबारे छलफल गरिएको छ । यसमा बढी स्वतन्त्रताले नै हरेक अर्थपूर्ण क्षेत्रमा समानता कायम गर्छ भन्ने तर्क गरिएको छ । तर नतिजामा समानता

लाद्न खोजियो भने त्यसले स्वतन्त्रताका आदर्शको अवमूल्यन गर्छ र दीर्घकालीन क्षति पुऱ्याउँछ ।

अध्याय पाँचमा बजारले कसरी काम गर्छ, यसलाई राज्य नियन्त्रणबाट मुक्त गरियो भने समृद्धिको सिर्जना र विस्तार कसरी हुन्छ भन्ने व्याख्या गर्दै स्वतन्त्र समाजको आर्थिक रूपरेखा कोरिएको छ । यो प्रक्रियालाई राम्रोसँग सञ्चालन गर्न हामीले पालना गर्नुपर्ने नियम र मानवीय सहकार्यको प्रवर्द्धनमा स्वतन्त्र व्यापारको महत्त्वबारे व्याख्या गरिएको छ ।

अध्याय छमा सम्पत्ति र न्यायको विश्लेषण गरिएको छ । साथै शोषण र दमनलाई न्यूनीकरण गर्ने हो भने उच्च अधिकारीदेखि सर्वसाधारणसम्म उत्तिकै लागु हुने किसिमको स्वतन्त्र समाजका कानुन हुनुपर्छ भन्ने व्याख्या गरिएको छ । स्वतन्त्र समाजले आधारभूत मानवअधिकारको सम्मान कसरी गर्छ भन्ने पनि व्याख्या यसमा गरिएको छ ।

अध्याय सातमा उच्च ओहोदामा बसेका मान्छेको निर्देशनबिना स्वतन्त्र समाज कसरी सञ्चालित हुन्छ भन्ने कुरालाई विस्तृत रूपमा व्याख्या गरिएको छ । यसमा क्रियाशील स्वतन्त्र सामाजिक व्यवस्था स्थापनाका लागि आवश्यक आधारभूत नैतिक र कार्यगत नियमको रूपरेखा कोरिएको छ । यसमा सहिष्णुतामा जोड दिइएको छ र समाजलाई परोपकारमा आधारित बनाउँदाका समस्याहरूको चर्चा गरिएको छ ।

अध्याय आठमा स्वतन्त्र समाज कसरी निर्माण गर्ने भन्ने विवेचना गरिएको छ । दैनिक जीवनचर्यामा प्रोत्साहनलाई बढाउँदै लैजानुको महत्त्व र माथिबाट निर्णय थोपर्ने पद्धतिका मुर्ख्याइँलाई देखाइएको छ । सरकारबिनै आधारभूत सेवाहरू कसरी उपलब्ध गराउन सकिन्छ भन्ने देखाइएको छ । यसले खुला कारोबार र शान्तिको महत्त्वमा जोड दिएको छ ।

# २. स्वतन्त्रताको नैतिकता र आर्थिक लाभ

## स्वतन्त्र समाज

### स्वतन्त्रताको अर्थ

स्वतन्त्रता (फ्रिडम वा लिबर्टी) भनेको बन्दी नभएको वा दास नबनेको अवस्था मात्र होइन । यसको अर्थ ओहदामा भएका वा अरू कसैले दमनकारी बन्देज लगाएर रोक्न नसक्ने गरी हामीले चाहेको काम गर्ने, बोल्ने र सोच्न पाउने अधिकार हो । यो हाम्रो व्यक्तिगत, परिवार र सामाजिक जीवनका साथै राजनीतिक दृष्टिकोण र अरूसँग आर्थिक कारोबार गर्ने सन्दर्भमा लागू हुन्छ ।

स्वतन्त्र समाजले यी आदर्शलाई स्थापित गर्न खोज्छ । सम्पत्तिको सिर्जना र आमनागरिकमा त्यसको वितरण गर्न स्वतन्त्रता उल्लेख्य सफल भएको पुष्टि हाम्रो इतिहास र वर्तमानले गरेको छ । यो मानवजातिको सबैभन्दा सिर्जनशील तथा उत्पादनशील शक्तिमध्येको एक हो भन्ने पुष्टि भएको छ । यसले मान्छेको खासगरी विश्वभरका सबैभन्दा गरिबहरूको जीवनमा सुधार ल्याएको छ ।

स्वतन्त्रताको अर्थ हाम्रो बाटोमा कुनै व्यवधान खडा गरिएको छैन र हामीले गर्न खोजेको कुरालाई कुनै चीजले रोक्दैन भन्ने हो । यसको अर्थ आफूलाई बाध्य बनाइँदैन, निर्देशित गरिँदैन, धम्की दिइन्न, त्रास देखाइन्न, दबाबमा पारिन्न, दख्खल दिइँदैन, परिचालित गरिन्न भन्ने हो । यसको अर्थ कुनै आक्रमणमा नपरी,

नठगिई, नलुटिई वा चोट नखाईकनै आफ्नो दैनिकी सञ्चालन गर्न सकिन्छ भन्ने हो । स्वतन्त्र समाजमा स्वतन्त्रताको नियम सबैलाई समान लागू हुने हुनाले ती कुरा सम्भव हुन्छन् । स्वतन्त्रता हरण हुने गरी अर्कालाई हस्तक्षेप गर्ने, बाधा र नोक्सान पुऱ्याउने अधिकार हामी कसैलाई पनि छैन ।

तसर्थ अरूलाई नोक्सान नपुऱ्याइएको अवस्थामा मात्र स्वतन्त्रता अस्तित्वमा रहन्छ । हाम्रो हातलाई मच्चाउने अधिकार अर्काको नाकको टुप्पोमा पुगेर अन्त्य हुन्छ । हामीले अरूलाई धम्क्याइरहेका छौं, शोषण गरिरहेका छौं, लुटिरहेका छौं, आक्रमण गरिरहेका छौं, हत्या गरिरहेका छौं भने हामीले स्वतन्त्रताको अभ्यास गरिरहेका छैनौं । बरू हामीले प्रताडित नभईकन बाँच्न पाउने उनीहरूको अधिकारलाई कुण्ठित पारिरहेका छौं । यसलाई अरूलाई हानि नगर्ने नियम भनिन्छ । यसको अर्थ हामी अरूलाई क्षति नपुऱ्याईकन मन लागेको काम गर्न स्वतन्त्र छौं भन्ने हुन्छ ।

यसैगरी हामी कसैको आक्रमणको प्रतिरोध गरिरहेका छौं भने त्यसलाई उसको स्वतन्त्रताको हनन भएको मानिंदैन । स्वतन्त्रता र नोक्सान नगर्ने नियमले हामी र हाम्रा नजिकका मान्छेलाई अर्काले पुऱ्याउन सक्ने क्षति रोकथाम गर्ने अनुमति दिन्छ । सामान्यतया यस्ता कार्य प्रहरी र कानुनी अधिकारवाला निकायको जिम्मामा छोडिएको भए पनि कसैलाई कसैले हानि पुऱ्याउन खोज्छ भने त्यसलाई रोक्न न्यायोचित हुन्छ ।

तथापि नोक्सान नगर्ने नियम अरूलाई गरिएको नोक्सानमा मात्र लागू हुन्छ । आफ्नो शरीर वा सम्पत्तिलाई हामी जे पनि गर्न स्वतन्त्र छौं । तर त्यसो गर्दा अरू कसैको स्वतन्त्रमा दख्खल पुग्नु हुदैन । उदाहरणका लागि अरू कसैलाई पनि हानि नहुने गरी हामी आफ्नो सबै सम्पत्ति अरू कसैलाई दिन सक्छौं, कुनै जोखिमयुक्त

काम गरेर खतरा निम्त्याउन सक्छौं वा आफ्नै शरीरमा चोट लगाउन सक्छौं । यस्तो व्यक्तिगत हानि नगर्न हामीलाई कसैले भन्न सक्छन् । तर भौतिक अवरोध गर्न सक्दैनन्, त्यो हाम्रो सुविचारित छनोट हो भने ।

## स्वतन्त्रता तथा सरकारको भूमिका

कुनै हस्तक्षेपले कसैको भलो गर्ने भए पनि हामीलाई अरूको काममा हस्तक्षेप गर्ने स्वतन्त्रता छैन भन्यो भने यो कुरा रूखो लाग्न सक्छ । हामी कसैले पनि अरूको हित के गर्दा हुन्छ भन्ने ठ्याक्कै थाहा पाउन सक्दैनौं । व्यक्ति आफैंले आफ्नो अधिकतम कल्याण केमा छ भन्ने निर्णय गर्न सक्छ । उनीहरूले आफ्नो आदर्श, परिस्थिति, आवश्यकता, चाहना, डर, आशा, लक्ष्य तथा अपेक्षालाई अरूले भन्दा नजिकबाट बुझेका हुन्छन् । आफ्ना लक्ष्य र गतिविधिका सम्बन्धमा उनीहरू नै सबैभन्दा उपयुक्त निर्णायक हुन् ।

अर्काका बारेमा के निर्णय गर्ने भन्नेबारे बाहिरियाहरू पूर्वाग्रही हुन सक्छन् । हामीले कसैलाई अर्काको स्वतन्त्रमा हस्तक्षेप गर्ने मौका दियौं भने उनीहरूले जानेर वा नजानेर त्यो अवसर अरूको हितभन्दा आफ्नो हितमा लगाउन सक्छन् । त्यसैले कसैलाई रोक्ने अधिकार प्रहरी र अदालतलाई दिइन्छ, वास्तविक स्वतन्त्र समाजमा तिनले वस्तुगत निणर्य गर्न सक्छन् भनेर ।

हामी जोसुकै होऊँ, हाम्रा आवश्यकताको उचित पूर्ति त्यो समाजमा मात्र हुन सक्छ, जुन स्वतन्त्र छ । त्यस्तो समाजमा कसैले उल्लङ्घन गर्न नसक्ने किसिमले हाम्रो स्वतन्त्रताको रक्षा गर्ने, नभएको ठाउँमा स्वतन्त्रता विस्तार गर्ने र अपूर्ण भएको ठाउँमा स्वतन्त्रतालाई पूर्णता दिने दायित्व सरकारको हो । सरकार वा अरू कुनै अधिकारी खडा गर्न मान्छेहरू जब भेला हुन्छन्, तब

उनीहरूको दिमागमा स्वतन्त्रताको सङ्कुचन होइन रक्षा र विस्तार हुन्छ । तर प्रायः सरकारहरू यसरी गठन हुँदैनन् । सबैमा पुग्ने गरी स्वतन्त्रता विस्तार गर्ने होइन, बरू आफ्नो हितमा शक्ति प्रयोग गर्न चाहने समूहले सर्वसाधारणमाथि सरकार थोपरेको हुन्छ । यस्तो लुट प्रायः बहुमतको सहमतिमा हुन्छ, जसले अल्पमतमा रहेकाहरूको शोषणबाट लाभ प्राप्त गर्छ । तर स्वतन्त्रता भनेको सङ्ख्या होइन । यसको अर्थ तब हुन्छ, जब सम्पूर्ण जनसङ्ख्यामा समान रूपमा यो लागू हुन्छ ।

सबैको भलो चाहने सरकारले पनि स्वतन्त्रतालाई सङ्कुचित बनाएका हुन्छन् । किनकि उनीहरूले पूर्ण रूपमा स्वतन्त्रतालाई बुझेका हुँदैनन् वा अर्कालाई क्षति नपुऱ्याउने भन्ने सिद्धान्तलाई सम्मान गर्दैनन् वा आफूले हस्तक्षेप गर्दा हुन सक्ने क्षतिलाई देखेका हुँदैनन् । उदाहरणका लागि, सरकारी सेन्सरसिपलाई लिऊँ । यसको उद्देश्य आम जनतालाई हानि गर्ने खालका विचार, शब्द वा चित्र बोल्न वा प्रसार गर्न रोक लगाउने भन्ने हुन्छ । तर कार्यान्वयनका क्रममा प्रतिभावान् लेखक, कलाकार, फिल्म निर्माता, पत्रकारलगायतको वैचारिक तथा वाक् स्वतन्त्रतालाई नियन्त्रण गरिन्छ । यसले उनीहरूको वृत्ति विकासमा क्षति पुऱ्याउँछ, आफ्नो श्रम, सिर्जनशीलता तथा प्रतिभाको फल प्राप्त गर्नबाट उनीहरूलाई वञ्चित गर्छ । एक पटक सेन्सरसिपलाई सैद्धान्तिक रूपमा स्वीकार गरिएपछि सरकारको आलोचनालाई बन्देज लगाउन वा आफूलाई खतरा हुन सक्ने विचारलाई दबाउन, यसलाई विस्तार गर्दै लैजान सत्तामा हुनेहरूका लागि सजिलो हुन्छ ।

यसैगरी असल नियत भएका अधिकारीले आय समानता कायम गर्न कर लगाउन सक्छन्, जसका कारण करदाताको आफ्नो सम्पत्ति भोग गर्ने स्वतन्त्रता हरण हुन्छ । जसरी चोरी

हुँदा हामी हाम्रो सम्पत्ति भोग गर्नबाट वञ्चित हुन्छौं, करले पनि त्यस्तै स्थिति ल्याउँछ भन्ने कुरालाई ती अधिकारीले नजरअन्दाज गर्न सक्छन् । चोरीका घटना बढ्दै जाँदाको अवस्थामा झैं करका माध्यमबाट सम्पत्ति खोसिँदा मान्छेहरू बचत तथा लगानी गर्न निरूत्साहित हुन्छन् । यसले समग्र समाजको सुरक्षा र समृद्धिमा नकारात्मक प्रभाव पार्छ ।

यस्तोमा सरकारले जनताको हितमा काम गरेको दाबी गर्न सक्छन् । तर जनताको हित के हो भन्ने कसलाई थाहा हुन्छ ? भिन्न मान्छेका भिन्नभिन्न र बाझिने स्वार्थ हुन्छन् । त्यस्ता बाझिने स्वार्थहरूलाई सन्तुलित बनाउन खोज्नु असम्भव कार्य हो । आफ्नो हितमा सत्ताको शक्ति उपयोग गर्ने टाढाको सरकारभन्दा जनता आफ्नो हितको पहिचान गर्न र त्यसलाई प्राप्तिको दिशामा अघि बढ्न सक्षम हुन्छन् ।

बलको प्रयोग गलत हो । आक्रमणकारीलाई निस्तेज पार्न गरिने बलको प्रयोगलाई सही मान्न सकिएला, अनिवार्य कुकर्म भन्न सकिएला । तर हामीले कमभन्दा कम बल प्रयोग गर्न खोज्नुपर्छ । स्वतन्त्रताको वकालत गर्ने धेरैले बाँच्न पाउने, सम्पत्ति राख्न पाउने जस्ता मान्छेका नैसर्गिक अधिकारको पक्षमा तर्क गर्छन् । यसले हामीमाथि सरकारको बल प्रयोगलाई सीमित पार्छ । हामीलाई लुट्ने वा नियन्त्रण गर्ने छूट हामीले अरू कसैलाई दिँदैनौं भने किन सरकारलाई यस्तो अधिकार दिने ?

मानवीय इतिहासको धेरैजसो खण्डमा मान्छे स्वतन्त्र थिएनन् । व्यक्तिहरूको स्वैच्छिक सहमतिबाट सरकार गठन भएको होइन । बरू बलको प्रयोग गर्न चाहनेहरूले थोपरेका हुन् । कुनै निकायको बलजफ्तीमा चल्ने कुनै पनि व्यक्ति पूर्ण मानव होइन । नैतिक रूपमा मान्छे त्यति बेला मात्रै पूर्ण हुन्छ, जति बेला ऊ आफ्नो

रोजाइअनुसार चल्छ । अरूको इसारामा चल्ने मान्छेको नैतिक मूल्य न्यून हुन्छ । ती महत्त्वहीन जीव हुन्छन्, पूर्ण मानव हुँदैनन् ।

## स्वतन्त्रताको नैतिक आधार

स्वतन्त्रताले आफ्नो विवेकअनुसार आफ्नो प्रतिभा र क्षमता उपयोग गरी मानिसलाई पूर्ण मानव बन्न दिन्छ । यस्तो स्वतन्त्रताको उपयोग आफ्ना लागि मात्रै गरिन्न, परिवार र अरू निकटवर्तीहरूका लागि पनि गरिन्छ । स्वतन्त्र समाज भनेको एकलकाटे र स्वार्थी व्यक्तिहरूको जमात होइन, यो सामाजिक मानवीय सत्त्वको सञ्जाल हो । सम्पूर्ण मानव समुदायलाई सहयोग गर्न सक्ने यसको नैतिक आयाम स्वतन्त्र समाजको आधार हो ।

## स्वतन्त्रताको आध्यात्मिक तथा सांस्कृतिक जग

नोबेल अर्थशास्त्री अमर्त्य सेनले[१] भनेझैं स्वतन्त्रता सर्वव्यापी अवधारणा हो । इस्लामदेखि बुद्ध धर्मसम्म, एसियादेखि पश्चिमसम्म संसारका सबैजसो धर्म र संस्कृतिमा स्वतन्त्रताका जरा बलियो गरी फैलिएका छन् । भारतीय सम्राट् अशोकले दुई हजार वर्षअघि स्वतन्त्रता र राजनीतिक सहिष्णुताका लागि आग्रह गरेका थिए । युरोपमा धर्माधिकारीहरूले बागीहरूमाथि कडा छानबिन चलाइरहँदा भारतमा छैटौं शताब्दीका मुगल सम्राट् अकबरले सहिष्णुतालाई अभ्यासमा ल्याएका थिए । युरोपमा आर्थिक खुलापन र उद्यमशीलतालाई सम्मान गर्न थालिनु अघिदेखि नै यसलाई इस्लामले अङ्गीकार गरेको थियो । प्रायः टर्कीका सम्राट्हरू युरोपेली राजाहरूभन्दा सहिष्णु थिए ।

१. अमर्त्य सेन, *युनिभर्सल ट्रुथः ह्युमन राइट्स एन्ड द वेस्टनाइज इलुजन*, हार्भड इन्टरनेसनल रिभ्यु, २० (३), १९९८, पृष्ठ ४०-४३ ।

अर्को शब्दमा, स्वतन्त्रता संसारका सबै महान् संस्कृति र धर्मसँग पूर्ण रूपमा घुलनशील छ । यो नितान्त पश्चिमी अवधारणा होइन न यो केवल भौतिकवादी अवधारणा हो । बलियो सामाजिक मूल्यमा आधारित समाजसँग यो मेल नखाने भन्ने पनि होइन ।

नोक्सानी, ठगी, शोषण तथा शक्तिको दुरूपयोगलाई निषेध गर्ने जस्ता मान्छेले स्वतस्फूर्त स्वीकार गर्ने साझा मूल्यमान्यता तथा नियममा स्वतन्त्र समाज निर्भर हुन्छ । मान्छेको सहअस्तित्व र सहकार्यलाई प्रवर्द्धन गर्ने सहिष्णु सामाजिक व्यवस्थाका लागि नियम बनेका हुन्छन् । यही फराकिलो ढाँचामा स्वतन्त्रताले मान्छेलाई आफ्नो मूल्यबारे स्वनिर्णय गर्न, आफ्नो संस्कृतिलाई कायम राख्न र धार्मिक अभ्यासलाई अघि बढाउन दिन्छ । राज्यका कुनै अधिकारीबाट लादिएको मूल्य, संस्कृति तथा अभ्यासलाई स्वीकार गर्न उनीहरू बाध्य हुँदैनन् ।

## विश्वास र सहकार्यको संस्कृति

स्वतन्त्र समाज बल र निर्देशनको भरमा होइन, विश्वास र सहकार्यका आधारमा सञ्चालित हुन्छ । स्वतन्त्र समाजमा धनको सिर्जना स्वैच्छिक विनिमय, उपयोगी वस्तु उत्पादन र तिनको कारोबारबाट हुन्छ । धन लालची आभिजात्य वर्गको "लुट र खोस" युक्तिबाट सिर्जना हुँदैन, बल प्रयोग गरेर सर्वसाधारणबाट कर उठाएर हुँदैन र आफू, आफ्ना परिवार र आसेपासेलाई एकाधिकार वा सुविधा दिएर पनि हुँदैन । तर मानव इतिहासको दौरानमा त्यसरी नै धेरैजसो देशमा धन जम्मा पारिएको छ । अर्थात् बलमा आधारित शोषणमार्फत । यसको सट्टा स्वतन्त्र समाज सहकार्य र विनिमयको स्वस्थ उद्देश्यमा निर्भर हुन्छ ।

स्वैच्छिक सहकार्य तथा विनिमयका लागि विश्वास आवश्यक हुन्छ । कोही मान्छे स्वार्थी ठग हो जस्तो लाग्यो भने ऊसँग

कसैले पनि कारोबार गर्दैन । बाध्य पारिएन वा अरू कुनै विकल्प (उदाहरणका लागि सरकार वा उसका आसेपासेले उत्पादनमाथि नियन्त्रण गरेको अवस्था) दिइएन भने मात्रै लेनदेन गरिन्छ । स्वतन्त्र समाजमा मानिससँग विकल्प हुन्छ र उनीहरू आफ्नो व्यवसायलाई रोजेको ठाउँमा लैजान स्वतन्त्र हुन्छन् । उत्पादकले आफू इमानदार छु भन्ने विश्वास आफना साविकका र सम्भावित ग्राहकलाई दिलाउनुपर्छ अनि आफ्नो प्रतिबद्धतामा खरो उत्रनुपर्छ । नत्र उनीहरूले आफ्नो साख गुमाउँछन् र व्यवसाय बन्द गर्नुपर्छ । धेरै मान्छेका लागि साख र जीविकोपार्जनको माध्यम गुम्नु गम्भीर विषय हुन्छ ।

आभिजात्य वर्गले माथिबाट बल प्रयोग गरेर स्वतन्त्र समाज निर्देशित हुँदैन । यो सर्वसाधारणको स्वैच्छिक अन्तर्क्रियाका माध्यमबाट नितान्त प्राकृतिक र स्वचालित ढङ्गबाट परिचालित हुन्छ । र यसलाई विश्वसनीयता र इमानदारीताको संस्कृतिले बल पुऱ्याएको हुन्छ । यस्तो स्वाभाविक सहकार्यलाई बढावा दिने नियम तथा मानकहरू स्वतन्त्र समाजमा यति प्राकृतिक बन्छन् कि मान्छेले तिनीहरूबारे सोच्नैपर्दैन । मान्छेलाई इमानदार र कुशल बन्न, मिहिनेत गर्न र सहकार्य गर भन्नलाई कुनै अधिकारीको आवश्यकतै पर्दैन । मान्छे हरेक दिन स्वाभाविक रूपमा यसमा लाग्छन् ।

स्वतन्त्र समाजमा विश्वास र सहकार्यको आवश्यकता हुने भएकाले व्यक्ति र समूहबीचको सम्बन्धको महत्त्व सत्ता निर्देशित समाजमा भन्दा स्वतन्त्र समाजमा बढी हुन्छ । समान चासो भएका मान्छेहरूको आध्यात्मिक आदर्श, परिवार, साथी, समुदाय, पैतृकता, छिमेक तथा मण्डलीबीचको सम्बन्ध झन् महत्त्वपूर्ण हुन्छन् । नियन्त्रित समाजका धेरैजसो सरकार यस्ता खालका सम्बन्धलाई आफ्नो सत्ताका लागि खतरा ठान्छन् र ती सम्बन्धलाई कमजोर

पार्न, दबाउन र निर्मूल पार्न खोज्छन् । प्रायः उनीहरू यस्ता समूहलाई भूमिगत बनाउन मात्र सफल भएका हुन्छन् । स्वैच्छिक सङ्गठन मान्छेहरूका लागि यति महत्त्वपूर्ण हुन्छ कि सरकारी अधिकारीप्रति जनताको बफादारीभन्दा यो बलियो हुन्छ ।

## स्वहित र नियम

स्वतन्त्र समाजलाई माथिको आदेश आवश्यक पर्दैन । अर्काको योजना तथा गतिविधिसँग सामान्य मानिसले आफ्ना निजी योजना तथा गतिविधि समायोजन गर्दै यो चलेको हुन्छ । यसो गर्न उनीहरूलाई फरकफरक मानिस र फरकफरक व्यक्तिगत स्वार्थबीचको द्वन्द्वलाई रोक्ने इमानदारीता, अहिंसा जस्ता साझा मूल्य र मान्यताले बाटो दिएका हुन्छन् ।

त्यस्ता साझा मूल्यमान्यताले सर्वसाधारणलाई शान्तिसँग बाँच्न दिएका हुन्छन् । त्यति मात्रै होइन, तिनले आपसी हित प्रवर्द्धनका लागि सहकार्य गर्न अनुकूल हुने गरी मान्छेलाई स्वतन्त्र छाडिदिन्छन् । उदाहरणका लागि, खुला समाजमा मान्छेहरू आफूलाई लाभ हुने गरी एकअर्कासँग मोलतोल गर्न, व्यापार गर्न स्वतन्त्र हुन्छन् । कसलाई के गर्दा लाभ हुन्छ भन्ने निर्धारण गर्ने काम कुनै अधिकारीको हुँदैन, उसले सर्वसाधारणका विविध चासोलाई सन्तुलित बनाउने प्रयास पनि गर्दैन, मान्छेका लाभ कसरी पूर्ति गर्ने भन्ने निर्णय पनि गर्दैन, नागरिकलाई उसको योजनाअनुसार चल्न बाध्य बनाउँदैन । स्वतन्त्र समाजमा मान्छेले आफ्नो हित केमा छ भन्ने आफैं निर्णय गर्छन्, त्यसलाई कसरी सुनिश्चित गर्ने भन्ने बाटो पहिल्याउँछन् र यसका लागि एकअर्कासँग सहकार्य गर्छन् । एकअर्कालाई हानि नपुऱ्याउने गरी सबैखाले सौदाबाजी गर्न उनीहरू स्वतन्त्र हुन्छन् ।

कुनै साझा लक्ष्य नबनाई अनि ती लक्ष्य प्राप्त गर्न नागरिकलाई बाध्य नपारी पनि समाज अघि बढ्न सक्छ भन्ने केही आलोचकहरू सोच्न सक्दैनन् । स्वतन्त्र समाज स्थिर हुन्छ, अनुत्पादक हुन्छ र निजी महत्त्वाकाङ्क्षाहरूको अत्यासलाग्दो सङ्घर्षमा पर्छ भनेर उनीहरू डराउँछन् । त्यसैले बृहत्तर हित कायम गर्न यसलाई दमन गर्नुपर्छ भन्छन् ।

यो गलत हो । स्वतन्त्र समाजले जनताका निजी स्वार्थलाई स्विकार्छ । तर यसले निजी स्वार्थ यति बलिया प्रेरक हुन् कि तिनलाई सजिलै दमन गर्न सकिँदैन भन्ने पनि मान्छ । शासक–प्रशासकले निर्धारण गरेका सार्वजनिक स्वार्थलाई जनता आफ्नो स्वार्थभन्दा कम महत्त्वपूर्ण र जरूरी ठान्छन् । र हामीले निजी स्वार्थ महत्त्वपूर्ण र उपयोगी हो भन्ने ख्याल गर्नुपर्छ । मान्छेले आफ्ना आधारभूत आवश्यकता (गास, बास, कपास) लाई बेवास्ता गरे भने समाज जतिसुकै उपकारी भए पनि तिनीहरू धेरै लामो समयसम्म बाँच्न सक्दैनन् ।

स्वतन्त्र समाजले निजी स्वार्थहरूलाई उपयोगी तबरमा निकास दिन्छ । ती स्वार्थलाई कुनै आदर्श समाज निर्माण गर्ने व्यर्थको आशामा दबाउन खोज्दैन । मान्छेले आफ्ना महत्त्वाकाङ्क्षा अरूमाथि नथोपरून् भनेर केवल एक किसिमको नियम मात्र आवश्यक हुन्छ । एक्लै वा साझेदारीमा आफ्ना स्वार्थ प्रवर्द्धन गर्न मानिसहरू त्यति बेलासम्म स्वतन्त्र हुन्छन्, जति बेलासम्म उनीहरूले अर्काको पनि स्वार्थ प्रवर्द्धन गर्ने स्वतन्त्रताको सम्मान गर्छन् । उनीहरूले कसैलाई आफ्नो खास उद्देश्य स्वीकार गर्न र त्यसको प्राप्तिका लागि बाध्य पार्न सक्दैनन् ।

स्वतन्त्र समाजमा प्रतिस्पर्धी स्वार्थको निरन्तर द्वन्द्व हुन्छ भन्ने आलोचकहरूको डरलाई तुलनात्मक रूपमा स्वतन्त्र समाजले

उन्नति गर्छ र नियन्त्रित समाजभन्दा बढी नै प्रगति गर्छ भन्ने तथ्यले कमजोर बनाइदिन्छ । त्यसैगरी स्वतन्त्र समाजमा मानिसले आफ्नो मात्र स्वार्थको प्रवर्द्धन गर्छन् भन्ने आलोचकहरूको भय पनि गलत हो । मानिस सामाजिक प्राणी हो । मान्छेको आफ्ना परिवार, साथीभाइ र छिमेकीसँग स्वाभाविक निकटता हुन्छ र तिनका लाभबारे पनि सोच्छन् । मानिसहरूले साथीभाइबाट सम्मान र सदभाव चाहिरहेका हुन्छन्, आफूलाई असल छिमेकीका रूपमा स्थापित गर्न खोजिरहेका हुन्छन् । त्यसैले अरूसँग राम्रो सम्बन्ध बनाउन उनीहरूले आफ्नो स्वार्थलाई सन्तुलित बनाउने प्रयास गरिरहन्छन् । उनीहरूका प्रयासले फल पनि प्राप्त गर्छ । किनभने पैंचोमा तिर्नका लागि पनि उनीहरूलाई सहयोग गर्न अरू इच्छुक हुन्छन् ।

यी कुराहरू स्वतन्त्र समाजहरूमा बढी भइरहेको हामी पाउँछौं । निजी गुठीहरूमार्फत अर्कालाई दिने, चिन्दै नचिनेकालाई पनि दान गर्ने काम नियन्त्रित समाजभन्दा स्वतन्त्र समाजमा बढी हुन्छ । स्वतन्त्र समाजका मानिस बढी धनी हुने भएर होइन कि त्यसले लादिएको भन्दा स्वैच्छिक सामाजिक दायित्वलाई जोड दिने भएकाले त्यस्तो भएको हो ।

## सहमतीय नियममार्फत सहकार्य

एकअर्कासँग अर्थपूर्ण सहकार्यका लागि हामीले हाम्रा गतिविधिलाई विश्वसनीय र अनुमानयोग्य बनाउनुपर्छ । मान्छेले पटकपटक कुरा फेर्न थाले, बेतालसँग काम गर्न थाले र आफ्ना वाचाबन्धनबाट पछि हटे भने सहकार्य असम्भव हुन्छ । स्वतन्त्र समाजले अरूलाई दख्खल नपुऱ्याईकन मान्छेलाई आफूले चाहेकै हिसाबले चल्न दिन्छ । सँगसँगै सामाजिक सहकार्यका लागि आवश्यक व्यवहारगत एकरूपतालाई पनि प्रोत्साहित गर्छ ।

उदाहरणका लागि, स्वतन्त्र समाजमा सम्पत्तिको स्वामित्व, नियन्त्रण र हस्तान्तरणसम्बन्धी नियम हुन्छ । यसले मान्छेलाई सम्पत्ति खरिद गर्न, घर, कारखाना तथा यन्त्रहरू जस्ता पुँजीगत वस्तुमा लगानी गर्न सजिलो बनाउँछ । यी सम्पत्तिले उनीहरूको भविष्य सपार्छ, उत्पादनलाई सजिलो र सस्तो बनाउँछ । सरकार वा अरू कसैले खोस्लान् वा लुट्लान् भन्ने डर हुँदैन । सम्पत्तिको अधिकारसम्बन्धी यी नियम सरकारले बनाएको होइन, बरू सयौं वर्षदेखि बन्दै आएका हुन् । यी नियमका सीमा असङ्ख्य अदालतमा असङ्ख्य विवादहरूमा पर्गेलिएका छन् । यससम्बन्धी कानुनको विशाल भण्डार र अभ्यास बनेको छ, जसले एकअर्कासँग मान्छेको व्यवहारलाई सुरक्षित अनि सहकार्यलाई सजिलो र फलदायी बनाएको छ ।

सहिष्णु सामाजिक सहकार्यका लागि स्वतन्त्र समाजले अरू पनि धेरै नियम र पद्धतिलाई मान्दै आएको छ । सामाजिक अन्तर्क्रिया गर्न सबैलाई सजिलो हुने गरी नैतिक नियमले सीमा बाँधेको हुन्छ । मानवीय अन्तर्क्रियासँगै समयक्रममा परिपक्व हुँदै जाने चालचलन, शिष्टता, असल व्यावसायिक अभ्यासका विधिलगायत सामाजिक व्यवहारका न्यूनतम मापदण्ड पनि हुन्छन् । यस्ता फलदायी प्रतिमान प्रायः बढी स्वतन्त्र समाजहरूमा देखिए पनि सरकार नियन्त्रित समाजमा फेला पार्न गाह्रो हुन्छ अथवा असम्भव नै हुन्छ ।

स्वतन्त्र समाजका नागरिकका केही आधारभूत नागरिक अधिकार हुन्छन् । तिनका स्वरूप फरक हुन सक्छन् । तर सर्वस्वीकार्य यी मापदण्डमा बधुँवा श्रम वा दासताबाट मुक्ति, यातना वा असमान दण्डसजायबाट मुक्ति पर्दछन् । यसमा आफूले रोजेको धार्मिक तथा राजनीतिक आस्था तथा विश्वासलाई अँगाल्न

सक्ने, कुनै पनि धाकधम्कीबिना ती धार्मिक अभ्यास गर्न सक्ने, राजनीतिमा सहभागी हुन पाउने स्वतन्त्रता समावेश गरिएको हुन्छ । यसमा आफ्ना भनाइ राख्न पाउने वाक् स्वतन्त्रता तथा रेडियो, टिभी, पत्रपत्रिका तथा इन्टरनेटमार्फत सञ्चार गर्न, संवाद गर्न, टिप्पणी गर्न पाइने स्वतन्त्रता समावेश हुन्छ । यसमा भेला हुन पाइने, आफूले इच्छाएअनुसार सङ्गत गर्न पाइने स्वतन्त्रता समावेश हुन्छ । यसमा कसैले पनि अझ खासगरी सरकारी मान्छेले जासुसी गर्न, निगरानी गर्न नपाउने गोपनीयताको हक पनि समावेश भएको हुन्छ । सारांशमा, स्वतन्त्र समाजले आफ्ना नागरिकबाट सहिष्णु दृष्टिकोण, आस्था र सही क्रियाकलापको अपेक्षा गरेको हुन्छ । यसबाट अर्कोलाई हानि नपुगेको अवस्थासम्ममा हस्तक्षेप नगर्ने नीति लिएको हुन्छ ।

## न्याय र विधिको शासन

कुनै पनि स्वतन्त्र समाजमा न्यायका नियम हुन्छन् । अरूलाई भौतिक क्षति मात्र नभएर अन्य किसिमका ठगी गर्दा जरिवानाको व्यवस्था हुन्छ । सम्भवतः सबैभन्दा महत्त्वपूर्ण कुरा स्वतन्त्र समाजले विधिको शासनलाई सम्मान गरेको हुन्छ । राजनीतिक सङ्गठनको मुख्य सवाल हाम्रा नेता कसरी चुन्ने भन्ने हुँदैन बरू तिनलाई कसरी जिम्मेवार बनाउने भन्ने हुन्छ । स्वतन्त्र समाजमा सरकारी अधिकारीको भूमिका र अधिकार ज्यादै सीमित हुन्छ । यसले जनतालाई हिंसाबाट जोगाउन र गलत गर्नेलाई सजाय दिन तिनलाई दिइएको अधिकार दुरूपयोग हुँदैन वा जसले नियम बनायो, उसैको हितमा मात्र प्रयोग हुँदैन भन्ने सुनिश्चित गर्छ ।

वैध शक्तिको दुरूपयोग रोक्न स्वतन्त्र समाजले निर्वाचन कानुन, संविधान, अधिकार पृथकीकरणलगायत विविध संयन्त्रको

विकास गरेको छ । तर शासकहरूको शोषणबाट नागरिकलाई जोगाउने प्रमुख माध्यम यी नियम सबैलाई समान ढङ्गले लागू हुने कुराको सुनिश्चितता गराउने हो । यसैलाई विधिको शासन भनिन्छ । यस सिद्धान्तअनुसार उदाहरणका लागि सरकारले कुनै निश्चित समुदायलाई विशेष सुविधा दिन सक्दैन वा कुनै समूहलाई छुट्टै कर लगाउन सक्दैन । कानुन सरकार र सर्वसाधारणलाई उत्तिकै लागू हुनुपर्छ ।

कानुन कार्यान्वयनमा पनि यही लागू हुन्छ । न्यायिक अधिकारको आवेगयुक्त प्रयोग वा अन्यथा भएको छैन भन्ने सुनिश्चित गर्न स्वतन्त्र समाजमा न्यायका नियम समान ढङ्गले लागू भएका हुन्छन् । नागरिक समान व्यवहार र उचित प्रक्रियाको हकदार हुन्छन् । यसमा बिनाकारण पक्राउ नपर्ने, बिनासुनुवाइ थुनामा राख्न नपाइने, सबुत प्रमाणका आधारमा मात्रै न्यायिक परीक्षणमा लैजाने, सरकार नियुक्त अधिकारीभन्दा सर्वसाधारणबाटै फैसला गर्ने, एउटै अभियोगमा पटकपटक छानबिन नगर्ने जस्ता सुविधा नागरिकलाई उपलब्ध हुन्छ । फलस्वरूप राजनीतिकर्मी, प्रशासक तथा न्यायाधीश जस्ता अधिकारसम्पन्न व्यक्तिबाट हुन सक्ने शक्तिको दुरूपयोग रोकथाम, विशेषाधिकारको कटौती र शोषणको न्यूनीकरण हुन्छ । स्वतन्त्र समाजमा सरकारको भूमिका भनेकै व्यक्तिको स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने हो, दबाउने होइन ।

## स्वतन्त्रताको आर्थिक आधार

### जीवनस्तरमा उल्लेख्य सुधार

सन् १७५० सम्ममा मानवीय जीवनमा खासै परिवर्तन आएको थिएन । सबैजसो खुला आकाशमुनि खेतबारीमा काम गर्थे,

अनिश्चित र मौसमी मारमा पर्ने खाद्यान्न उब्जाउने गतिविधिमा आफ्नो पसिना बगाएका हुन्थे । खेती गर्ने त्यति बेलाको तरिका प्राचीन मिश्रको फारोहको पालाकै जस्तो थियो । अधिकांश मान्छे दुई जोडा लुगा लगाउनेसम्मका विलासी हुँदैनथे । मासु खान सक्ने थोरै थिए । धन भएको परिवारमा जन्मेका मान्छे मात्रै धनी हुन्थे । त्यस्तो धन प्रायः आफ्नै लाभका लागि किसानलाई कर लगाउन सक्ने शक्तिबाट सिर्जित हुन्थ्यो वा त्यस्तो शक्ति भएका मित्र वा नोकर भएका कारण प्राप्त गर्न सकिन्थ्यो । धेरै मान्छेको अस्तित्व दुःखदायी थियो । अर्थशास्त्री डिएड्री म्याकक्लस्कीका अनुसार सन् १८०० मा विश्वको औसत आम्दानी प्रतिदिन एकदेखि पाँच अमेरिकी डलर थियो । यो भनेको अहिले संसारका धेरै राजधानीमा मुस्किलले एक कप कफी किन्न पुग्ने पैसा हो[२] । अहिले विश्वको औसत आम्दानी प्रतिदिन ५० डलर पुगेको छ । यो समृद्धिमा भएको उच्च वृद्धि हो ।

तर त्यो केवल औसत हो, जसले केही मुलुकले पाएको अनि केहीले पाउन नसकेको समृद्धिलाई छोपेको हुन्छ । संसारको कम स्वतन्त्र देशमध्येको एक ताजकिस्तानको औसत आम्दानी प्रतिदिन सात डलर छ भने सबैभन्दा बढी स्वतन्त्र देशमध्येको एक संयुक्त राज्य अमेरिकाको औसत आम्दानी प्रतिदिन १०० डलरभन्दा बढी छ । स्वतन्त्र भएकै कारण अमेरिकीहरू ताजकिस्तानका जनताभन्दा १४ गुणा र सन् १८०० का आफ्ना पितापुर्खाभन्दा २० देखि १०० गुणा बढी धनी छन् । द इकोनोमिक फ्रिडम अफ दी वर्ल्ड रिपोर्टका अनुसार संसारका सबभन्दा स्वतन्त्र मुलुकको श्रेणीमा

---

२. डिएड्री एन म्याकक्लस्की, *लिबर्टी एन्ड डिग्नटी एक्स्प्लेन द मोडर्न वर्ल्ड*, टम जी पाल्मर (सं) द *मोरालिटी अफ क्यापिटालिज्म*, द स्टुडेन्ट फर लिबर्टी एन्ड एटलस फाउन्डेसन । एर्लिङ्टन, भिए, २०११ ।

परेका स्विट्जरल्यान्ड, अस्ट्रेलिया, क्यानडा र बेलायतको औसत आम्दानी प्रतिदिन ९० डलरभन्दा माथि छ । यसको अर्थ स्वतन्त्रता र समृद्धि सँगसँगै अघि बढ्छन् भन्ने हो[३] ।

त्यसैले कम स्वतन्त्र मुलुकमा बसेका गरिब मान्छेहरू बढी स्वतन्त्र धनी मुलुकमा बसाइँ सर्न खोज्नु अनौठो कुरा होइन । प्रत्येक वर्ष २० ओटा सबैभन्दा कम स्वतन्त्र मुलुकमा प्रतिहजार जनसङ्ख्यामा भित्रिनेभन्दा बाहिरिनेको सङ्ख्या १.१२ ले बढी छ । यसविपरीत सबभन्दा बढी स्वतन्त्र २० मुलुककबाट प्रतिहजार जनसङ्ख्यामा बाहिरिनेभन्दा भित्रिनेको सङ्ख्या ३.८१ ले बढी छ ।[४] आर्थिक रूपमा सबभन्दा स्वतन्त्र मुलुकमा खुद आप्रवासन दर सबभन्दा उच्च देखिएको छ । औसतमा स्वतन्त्रता मापनको तल्लो आधा भागमा रहेका मुलुकले जनसङ्ख्या गुमाएका छन् भने माथिल्लो आधामा भएकाले प्राप्त गरेका छन् । अर्को शब्दमा भन्नुपर्दा, जनताले स्वतन्त्रताको पक्षमा खुट्टाले भोट हालेका छन् । नियन्त्रित मुलुकका सरकारले आफ्ना जनतालाई बिदेसिनबाट रोक्दा पनि, स्वतन्त्र मुलुकले आप्रवासीको प्रवेशलाई तगारो हाल्दा पनि मान्छे स्वतन्त्र मुलुकतर्फ जान छाडेका छैनन् ।

## स्वतन्त्रता र परोपकार

आफ्नै मुलुकका गरिबलाई शोषण गरेर स्वतन्त्र मुलुक धनी बन्दैनन् । रूसी नैतिक दार्शनिक लियोनिड निकोनोभका अनुसार गरिबतम १० प्रतिशत जनसङ्ख्यामा पुग्ने औसत राष्ट्रिय आम्दानीको हिस्सा सबभन्दा बढी स्वतन्त्र र सबभन्दा कम स्वतन्त्र

---

३. फ्रेजर इन्स्टिच्युट, *इकोनोमिक फ्रिडम अफ द वर्ल्ड*, २०१२ वार्षिक प्रतिवेदन, फ्रेजर इन्स्टिच्युट, भ्यानकुभर, बिसी, २०१२ ।

४. गाब्रियल ओपेनस, द *फ्रि मार्केट्स एन्ड सोसल वेलफेयर*', माइसेस डेली, ४ अक्टोबर २००५, http://www.mises.org/daily/1915#_edn2

मुलुकमा लगभग बराबर (क्रमशः २.५८ प्रतिशत र २.४७ प्रतिशत) छ । तर गरिबतम १० प्रतिशत जनसङ्ख्याको औसत दैनिक आम्दानी २३ अमेरिकी डलर भएको सम्पन्न मुलुकमा गरिब हुनु र गरिबतम १० प्रतिशत जनसङ्ख्याको औसत दैनिक आम्दानी २.५० अमेरिकी डलर भएको विपन्न मुलुकमा गरिब हुनु धेरै फरक हुन्छ ।[५]

स्वतन्त्र, धनी मुलुकमा धनसम्म जनताको पहुँच बढी हुन्छ । कम स्वतन्त्र मुलुकमा जस्तो जाति, धर्म, राजनीतिक समूहका आधारमा सही परिवारमा नजन्मेको खण्डमा कुनै मानिस सदाका लागि गरिब हुन्छ भने स्वतन्त्र मुलुकमा गरिब जनता धनी बन्नबाट स्थायी रूपमा वञ्चित हुँदैनन् । स्वतन्त्र समाजमा सामाजिक उन्नतिका लागि पर्याप्त अवसर हुन्छ । संसारकै धनी मान्छे माइक्रोसफ्टका संस्थापक बिल गेट्सले सफ्टवेयरको उद्यम आफ्नो ग्यारेजबाट सुरू गरेका थिए ।

अहिले गेट्स आफ्नो सबै सम्पत्ति परोपकारी कार्यमा दान गर्न खोजिरहेका छन् । यस्तो नितान्त निजी किसिमको परोपकारी कार्य स्वतन्त्र मुलुकमा बढी हुन्छ । बारक्लेज वेल्थको एक सर्वेक्षणअनुसार पाँचमध्ये दुई धनाढ्य अमेरिकीले परोपकारी कार्यलाई आफ्नो तीन शीर्ष खर्च–प्राथमिकतामध्ये एकमा राख्छन् ।[६]

बेलायतको च्यारिटिज एड फाउन्डेसनका अनुसार परोपकारी कार्यमा पैसा वा समय खर्च गर्न सबैभन्दा बढी सम्भावना भएका

---

५. लियोनिड निकोनोभ, *द मोराल लजिक अफ इक्वालिटी एन्ड इनइक्वालिटी इन मार्केट सोसाइटी*', टम जी पाल्मर (सं) द मोरालिटी अफ क्यापिटालिज्म', द स्टुडेन्ट फर लिबर्टी एन्ड एटलस फाउन्डेसन, एर्लिङटन, भिए, २०११ ।

६. *बारकलेज वेल्थ, ग्लोबल गिभिङ : द कल्चर अफ फिलान्थ्रोपी*, लन्डन, २०१० ।

मानिस बस्ने पाँच शीर्ष मुलुकमा अस्ट्रेलिया, आयरल्यान्ड, क्यानडा, न्युजिल्यान्ड र अमेरिका पर्छन् । यी सबै मुलुक स्वतन्त्रता मापनमा उच्चस्थानमा छन् ।[७] यी सबै देशसँग बाँड्नका लागि गरिब र नियन्त्रित मुलुकसँगभन्दा बढी सम्पत्ति छ ।

## स्वतन्त्रताले विभेद रोक्छ

नियन्त्रित मुलुकमा व्यापक विभेद हुन्छ । निश्चित वर्ग, जाति, धर्म, लिङ्ग वा परिवारको नभए राम्रो रोजगारी, सेवा वा वस्तु पाउन गाह्रो हुन्छ । तर खुला व्यापार अर्थतन्त्रले विभेदलाई हटाउँछ । स्वतन्त्र समाजका उत्पादकले कारोबार गर्ने वा भर्ना गर्ने बेलामा कसैलाई भेदभाव गर्न सक्दैनन् ।[८]

उदाहरणका लागि एउटा उत्पादकले फरक धर्म, संस्कृति वा जातिबाट आएका आप्रवासीलाई मन नपराउन सक्छ । तर आप्रवासीहरू प्रायः उही काम थोरै ज्यालामा गर्न मन्जुर गर्छन् । त्यस्तो अवस्थामा स्वदेशी कामदारलाई मात्रै काममा लगाएर विभेद गर्न खोज्ने रोजगारदाता प्रतिस्पर्धामा पछि पर्छ । त्यस्ता रोजगारदाताले दिनुपर्ने ज्याला रकम आप्रवासी कामदारलाई काममा राख्ने उसको प्रतिस्पर्धीले दिनुपर्नेभन्दा बढी हुन्छ । उसको नाफा कम हुन सक्छ वा उसले उपभोक्ताबाट बढी मूल्य लिएर आफ्नो व्यापार जोखिममा पार्नुपर्ने हुन्छ । व्यापारका लागि यो राम्रो होइन । स्पष्ट शब्दमा भन्नुपर्दा विभेद रोजगारदाताको व्यावसायिक हितमा हुँदैन ।

---

७. *च्यारिटिज एड फाउन्डेसन, वर्ल्ड गिभिङ इन्डेक्स २०१२*, च्यारिटिज एड फाउन्डेसन, वेस्ट मलिङ, २०१२ ।

८. यससम्बन्धी विस्तृत चर्चाका लागि हेर्नुहोस्, *मिल्टन फ्रिडम्यान र रोज फ्रिडम्यान, क्यापिटालिज्म एन्ड फ्रिडम*, युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो, आइएल, १९६२ ।

**प्रश्नः स्वतन्त्र समाजहरू केवल भौतिकवादी होइनन् र ?**

*होइनन् । आर्थिक स्वतन्त्रताले मान्छेलाई छनोट र अवसर दिन्छ । यसले गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकताको परिपूर्ति राम्रोसँग गर्दछ । यसले खुला व्यापार र बजार अस्तित्वमा आउनुअघि पहिले कहिल्यै कल्पना नगरिएका अवसर उपलब्ध गराउँछ । जनतालाई जीवनभरको कष्टकर र अपमानजनक काम गर्न बाध्य पार्नुको सट्टा यसले मानिसलाई यात्रा, सङ्गीत, कला, संस्कृति र सामाजिक गतिविधिबाट आनन्द लिने मौका प्रदान गर्छ । जनतालाई उचित स्वास्थ्य सेवा र शिक्षा प्राप्त गर्न सक्षम बनाउँछ ।*

*भौतिक सुविधाका साथै सामाजिक र सांस्कृतिक रूपमा हामीले मूल्यवान् ठानेका चीजसम्म हाम्रो पहुँच पुऱ्याउने साधन हो, सम्पत्ति । त्यसैले बढी धनी र स्वतन्त्र मुलुकमा धेरै खेलकुद मैदान, रङ्गशाला, थिएटर, विश्वविद्यालय, पुस्तकालय र सङ्ग्रहालयहरू हुन्छन् ।*

घरेलु जनशक्तिभित्रै पनि खुलाबजार अर्थतन्त्रले विभेदलाई हटाउँछ । उदाहरणका लागि महिलाले बाहिर काम गर्नेबारे सांस्कृतिक विरोध हुन सक्छ, जसले गर्दा महिलाहरूलाई रोजगारी पाउन कठिन हुन्छ । तर यस्तो विभेद गर्ने रोजगारदाताले विभेद नगर्ने उसका प्रतिस्पर्धीका तुलनामा थोरै प्रतिभावान् कामदार पाउँछ । अर्को रोचक उदाहरण भारतको जातीय विभेद हुन सक्छ । हैदारावाद जस्ता केन्द्रहरूमा भएको उच्च प्रविधियुक्त उद्योगहरूको विकासले तल्लो जातिका भनिने कामदारको रोजगारी सम्भाव्यता बढाएको छ । प्रतिस्पर्धी उद्योगहरूमा तीक्ष्ण बुद्धि भएका मान्छे

आवश्यक हुन्छन् । उद्योगीहरू जातीय वा अरू कुनै सांस्कृतिक आधारमा विभेद गरेर व्यवसायमा टिकिरहन सक्दैनन् । दशकौंदेखि विभेदविरोधी कानुनले गर्न नसकेको काम सरल निजी स्वार्थप्रेरित व्यवसायीले केही वर्षमै गरेका छन् ।

## स्वतन्त्र मान्छेका सिर्जनशीलता

बढी स्वतन्त्र समाजहरू धनी हुनुको एउटा कारण तिनले उपलब्ध सबै प्रतिभाहरूको उपयोग गरेकाले हो । आफूलाई रोक्ने विभेद थोरै हुने हुनाले नागरिक आफ्नो बुद्धि र क्षमतालाई काममा लगाउन स्वतन्त्र हुन्छन् । उनीहरूले जीवन सहज बनाउने वस्तु बनाएर उपलब्ध गराए भने मानिसले ती उत्पादन खरिद गरेर उनीहरूलाई पुरस्कृत गर्छन् । त्यसैले स्वतन्त्र समाज बढी सिर्जनशील हुन्छ । त्यसैकारण छिटो विकसित हुन्छ ।

आर्थिक स्वतन्त्रताले मान्छेका निजी स्वार्थलाई सामाजिक रूपमा उपयोगी हुने गरी निकास दिन्छ । अरूले चाहेको वस्तु उत्पादन गरेर उत्पादकले पैसा कमाउँछ । उसले उनीहरूले फेरिफेरि पनि त्यो वस्तु किनून्, आफ्ना साथीलाई त्यसका बारेमा बताऊन् भन्ने चाहन्छ । त्यसैले उत्पादकको ध्यान आफूमा होइन ग्राहकमाथि हुन्छ । स्वतन्त्र समाजका अधिकांश प्रसिद्ध व्यवसायीले ग्राहकबाट बढीभन्दा बढी नाफा लिने प्रयास गर्नेभन्दा पनि ग्राहकका चाहना र आवश्यकतामा ध्यान दिएकाले आफू सफल भएको बताउँछन् ।

यो वास्तविकता खुला अर्थतन्त्रमा घाँटी रेट्ने प्रतिस्पर्धा मात्रै हुन्छ भन्ने चित्रणभन्दा धेरै फरक छ । साँच्चैको खुला अर्थतन्त्र बृहत् सहकार्यमा आधारित प्रणाली हो । यो शोषणमा होइन, मान्छेबीचको स्वैच्छिक आदानप्रदान तथा विनिमयमा आधारित हो ।

## सम्पत्तिको सिर्जना

उपभोक्ताको सेवा तथा सिर्जनशीलतालाई प्रोत्साहन एवम् उत्पादनशील पुँजी निर्माण गर्दै खुला अर्थतन्त्र धनी बनेको हुन्छ । हातले माछा पक्रिनुभन्दा जालीले सजिलो हुन्छ । तर जाली बुन्दाको समयमा तपाईंले माछा समाउन सक्नुहुन्न । यसको अर्थ जाली बुन्नका लागि व्यस्त भएका बेला थोरै माछाले चित्त बुझाउनुपर्ने हुन्छ । तर उपभोगलाई स्थगित गरेर तपाईंले पुँजी निर्माण गर्न सक्नुहुन्छ र भविष्यमा उत्पादनलाई धेरै चुस्त बनाउन सक्नुहुन्छ ।

यो पुँजीवादको आधार हो । मान्छेले भवन, कारखाना, यन्त्रलगायत पुँजी निर्माण गर्छन्, यसले उनीहरूको दैनिकी सहज हुन्छ, उनीहरूको श्रम बढी उत्पादनशील बन्छ । धेरै नै उत्पादनशील बनेको उदाहरण हलो जोतेर खेती गर्नुभन्दा मेसिन प्रयोग गर्दा हुने उत्पादनको फरकबाटै थाहा पाउन सकिन्छ । यो प्रक्रिया थुप्रिँदै जाने खालको हुन्छ । प्रत्येक उत्पादनशील प्रविधिको प्रयोगले उत्पादन बढाउँछ भने मानवीय श्रमलाई घटाउँछ ।

खोसिएला वा चोरिएला भन्ने डरबिना भवन, कारखाना, मेसिन र अन्य पुँजीगत वस्तुको मालिक बन्ने अवसर आफ्ना नागरिकलाई दिने भएकाले स्वतन्त्र समाजले उत्पादनशील पुँजी सङ्कलन गर्दै र आफ्नो उत्पादकत्व तथा समृद्धिलाई बढाउँदै लैजान सक्छ । यसले सम्पत्ति अधिकारको रक्षा गर्छ । योसँग सम्पत्ति अधिकारसम्बन्धी यसको नैतिक तथा कानुनी नियम हुन्छ, जसले चोरीको सम्भावनालाई न्यून बनाउँछ ।

संस्कृति र कानुनका माध्यमबाट सम्पत्तिको सुरक्षा स्वतन्त्र समाज र खुला अर्थतन्त्रको असाध्यै महत्त्वपूर्ण विशेषता हो । आफ्ना उब्जनी डाँकाले लुट्छन् भन्ने लागेमा थोरै मात्र किसान खेतबारीमा बीउ छर्न, रोप्न वा गोडमेल गर्न जान्छन् । यसैगरी

आफ्नो आम्दानीको ठूलो हिस्सा कर तिर्नमै लगाउनुपर्ने अवस्थामा थोरै मान्छेले आफूलाई पुग्नेभन्दा धेरै काम गर्छन् । मुद्रास्फीति जस्तो नदेखिने करका माध्यमबाट ठगिने अवस्थामा सर्वसाधारणले धेरै बचत गर्दैनन् । बिनाक्षतिपूर्ति राष्ट्रियकरणका नाममा सम्पत्ति खोसिने अवस्थामा उद्यमीले व्यवसायमा धेरै लगानी गर्दैनन् । अभिजात वर्गको हितमा बजारलाई घुमाउने व्यवस्था गरियो भने नयाँ व्यवसाय स्थापना गर्ने प्रयास निकै थोरैले गर्छन् ।

चोरडाँका वा सरकारले यस्तो शोषण धेरै गरे भने जनतालाई बढी काम गर्ने, बचत गर्ने र प्रगति गर्ने प्रोत्साहन मिल्दैन । चौधौं शताब्दीका इस्लामिक विद्वान् तथा न्यायाधीश इबन खाल्दुनले यो कुरालाई राम्ररी बुझेका थिए । उनले लेखेका थिए–

*मान्छेको सम्पत्तिमाथिको आक्रमणले त्यस्तो सम्पत्ति प्राप्त गर्ने र बढाउने मान्छेको उत्साहलाई मारिदिन्छ । त्यसपछि मान्छेहरू सम्पत्ति जोड्नु भनेको कुनै दिन कसैले खोसेर लैजानका लागि हो भन्ने सोच्न थाल्छन् । जब सम्पत्ति जोड्ने प्रेरणा हुँदैन, मान्छेले त्यस्ता कुनै प्रयास नै गर्दैनन् । जुन हदसम्म सम्पत्तिमाथिका अधिकार उल्लङ्घन हुन्छन्, त्यही हदसम्म सम्पत्ति जोड्ने प्रयासको तीव्रता शिथिल हुन्छ ।*[९]

## सम्पत्ति र प्रगति

सम्पत्तिमाथिको अधिकार सुरक्षित भएमा त्यसले हामीलाई आफ्नो र परिवारको भविष्यप्रति निश्चित हुने आधार प्रदान गर्छ । उदाहरणका लागि तपाईं घरधनी हुनुभयो (जुन धेरै मुलुकमा सम्भव हुँदैन) भने तपाईंलाई आफ्नो जिन्दगी चलाउन सुरक्षित स्थल प्राप्त हुन्छ । त्यसलाई धितो राखेर ऋण लिन सकिन्छ अनि नयाँ

९. इबन खाल्दुन, मकादिमाह : *एन इन्ट्रडक्सन टु हिस्ट्री*, १३७७ ।

व्यवसाय थाल्न सकिन्छ । आफ्नै उत्पादनशील पुँजी निर्माण गर्न सकिन्छ । सधैं कुनै न कुनै साहुको कृपापात्र बनिरहन पर्दैन । यसले आर्थिक भरोसा प्रदान गर्छ, जसले तपाईंलाई एउटा काम छाडेर अर्कोमा जान वा अर्को व्यापार गर्न आँट दिन्छ ।

सुरक्षित सम्पत्ति अधिकारले विशिष्टीकरण र व्यापारमा सहयोग पुऱ्याउँछ, जसले मानवीय उत्पादकत्व तथा मानव पुँजी बढाउँछ । आफ्ना लागि आफैं खाद्यान्न उत्पादन गर्नुपर्ने, पानी ओसार्नुपर्ने, इन्धन उत्खनन गर्नुपर्ने, आफैं लुगा सिउनुपर्ने, आफैं घर बनाउनुपर्ने, आफ्नो रक्षा आफैं गर्नुपर्ने भए हाम्रो जीवन साह्रै विपन्न हुने थियो । हामीमध्ये थोरैसँग मात्रै यी सबै गर्ने सीप छ, यी सबै काम सहज र चुस्त ढङ्गले गर्न सही साधन आवश्यक हुन्छ । तर मान्छेको सम्पत्ति अधिकार सुरक्षित हुने हो भने हामीले यी सबै काम आफैंले गर्नुपर्दैन । तीमध्ये कुनै एक काम चुस्त ढङ्गले गर्न मान्छेले विशिष्ट किसिमका औजार बनाउन सक्छन् र तिनका उत्पादन बाँकी हामी सबैलाई बिक्री गर्न सक्छन् । किसानले हलो, ट्र्याक्टरमा लगानी गर्न सक्छ । घर बनाउनेले साबेल, भऱ्याङमा लगानी गर्छ । लुगा सिउनेले सिलाई मेसिनमा लगानी गर्छ । उनीहरू आफ्ना पेसामा दक्ष हुन्छन्, आफ्ना उत्पादनको उचित व्यवस्थापन गर्छन् । सबै क्षेत्रमा आत्मनिर्भर हुन खोज्ने सिकारूले त्यसो गर्न सक्दैनन् । यस किसिमको श्रम विभाजनबाट हामीलाई उच्च गुणस्तरको वस्तु उपलब्ध हुन्छ, सस्तो मूल्यमा र जीवन बढी परिपूर्ण हुन्छ ।

तथापि यो त्यति बेला मात्रै सम्भव हुन्छ, जति बेला मान्छेको उत्पादनशील पुँजी निर्माण गर्ने, व्यापार गर्ने अधिकार सुरक्षित हुन्छ, आफूहरू लुटिन, ठगिन पर्दैन भन्ने कुरामा मान्छे आश्वस्त हुन्छन् । इबन खाल्दुनले भने जस्तै "जब मान्छेले बाँच्नका लागि

काम गर्दैनन्, जब सबै लाभदायी कारोबार रोकिन्छन्, सभ्यताको गति सुस्त हुन्छ र सबथोक क्षय हुँदै जान्छ । जीविकाका लागि मान्छे चारैतिर भौंतारिन्छन्, आफ्नो सरकारको नियन्त्रण क्षेत्रभन्दा बाहिर जान्छन् ।" नियन्त्रितबाट खुला देशतर्फको बसाइँ सराइले यो कुरा वर्तमान समयमा अझ छर्लङ्ग भएको छ ।

## कसैको हानि नहुने गरी सम्पत्ति सिर्जना

केही मान्छे सोच्छन्, कसैले सम्पत्ति जोड्नका लागि अरू कसैले गुमाउनैपर्छ । कुरा यस्तो होइन । एउटा खुला अर्थतन्त्रले सम्पत्ति सिर्जना गर्छ र साविकको सम्पत्तिमा थप गर्छ ।

वस्तुको भौतिक गुण मूल्य होइन । यो मान्छेले उक्त वस्तुबारे राखेको मान्यताको उपज हो । खरिदकर्ताको हातमा भएको नगद बढी मूल्यवान् भएको ठानेमा मात्रै बिक्रेताले आफ्नो हातमा भएको वस्तु छाड्न तयार हुन्छ । आफूसँग भएको नगदभन्दा बिक्री गर्न राखिएको वस्तु मूल्यवान् लागेको अवस्थामा मात्रै ग्राहक पनि नगद त्याग्न तयार हुन्छ । स्कुले केटाकेटी पनि आफू खेल्दाखेल्दा थाकेको खेलौनासँग अर्काको हातमा भएको खेलौना राम्रो देखेर साट्न तयार हुन्छन् । उनीहरूको विनिमयले मूल्य सिर्जना गरेको हुन्छ । यस्तो विनिमयबाट कोही पनि नोक्सानमा परेको हुँदैन । आफूले गुमाउँछु भन्ने लागेको अवस्थामा कसैले पनि लेनदेन गर्दैन ।

यसैगरी सबैले छाडेको ठाउँमा कसैले बीउ रोप्छ, खेती गर्छ र त्यसलाई खरिद गर्न मान्छे तयार हुन्छन् भने त्यति बेला नयाँ धन रचना हुन्छ, पहिले अनुत्पादनशील क्षेत्र उत्पादनशील भएको हुन्छ । यसरी कोही पनि नलुटिईकनै सम्पत्तिको सिर्जना भएको हुन्छ ।

फेरि कुनै उद्यमीले जुत्ता, लुगा, मोटरकार वा मान्छेले खरिद गर्न चाहने कुनै नयाँ वस्तु बनाउने कारखाना खोल्छ र यसबाट पैसा कमाउँछ भने कोही लुटिएको हुन्छ र ? उद्यमीले धन

कमाएको हुन्छ । तर उसले कसैको केही चोरेको हुँदैन । बरू, उनीहरूले पहिले अस्तित्वमा नरहेको मूल्य सिर्जना गरेका हुन्छन् ।[१०]

## स्वतन्त्र समाज आसेपासे पुँजीवाद होइन

केही मान्छे तर्क गर्छन्, पुँजीवादी व्यवस्थामा धनी कम्पनीको स्वार्थल` गरिबको शोषण गर्छ, राजनीतिकर्मीहरूले आफ्ना व्यापारी साथीहरूलाई एकाधिकार, विशेषाधिकार, सहुलियत तथा अनुदान दिएर सर्वसाधारणको सम्पत्ति चोर्छन् ।

तर साँच्चिकैको स्वतन्त्र समाजमा प्रतिस्पर्धाले शोषण र 'आसेपासे पुँजीवाद'लाई असम्भव बनाएको हुन्छ । व्यवसायहरू आफ्नो अस्तित्वका लागि उपभोक्तामा निर्भर हुन्छन् । उनीहरूले राम्रो सेवा दिएनन् भने ग्राहकले अर्को सेवाप्रदायक खोज्छन् । त्यहाँ जहिल्यै अर्को सम्भावित आपूर्तिकर्ता हुन्छ । किनभने स्वतन्त्र समाजमा सरकारसँग एकाधिकार खडा गर्ने, निश्चित कम्पनीलाई रक्षा गर्ने वा अर्को व्यवसायीलाई प्रवेश गर्न नदिने अधिकार हुँदैन । वास्तविक स्वतन्त्र समाजले प्रतिस्पर्धा सिर्जना गर्छ, जसले आपूर्तिकर्ताभन्दा उपभोक्तालाई बलियो बनाउँछ । जनताले तिरेको मोल बराबरको वस्तु उत्पादन गर्न नसक्ने कम्पनी व्यापारबाट बाहिरिन्छन् । बढी लगानी आवश्यक हुने मोटरकार उत्पादन जस्ता क्षेत्रमा काम गर्ने कम्पनी धेरै ठूला बन्न सक्छन् । तर तिनले पनि आफूले राम्रो गर्न सक्छु भन्ने ठूला लगानीकर्तासँग सम्भावित वा वास्तविक प्रतिस्पर्धा गर्नुपर्छ । समस्या तब सुरू हुन्छ, जब सरकारी अधिकारीहरूले प्रतिस्पर्धालाई निमोठ्छन् र नयाँ प्रतिस्पर्धीलाई आउन दिँदैनन् ।

१०. यो तर्क 'ह्वाई फ्रिडम वर्क्स' शिर्षकमा बेलायती उद्यमी सर अर्नेस्ट बेनले प्रस्तुत गरेका हुन । सर अर्नेस्ट बेन लिमिटेड, लन्डन, १९६४ ।

साँचो अर्थमा खुला प्रतिस्पर्धालाई बचाइराख्न साँच्चिकै गाह्रो हुन्छ । आज संसारकै सबैभन्दा खुला समाजमा पनि राजनीतिकर्मीले प्रायः नियोजित होइन तर यस्ता नीतिनियम कार्यान्वयनमा ल्याउँछन्, जसले प्रतिस्पर्धालाई कमजोर बनाइदिन्छ अनि उपभोक्तामाथि उत्पादक हाबी हुन्छन् । यस्ता अवस्था ल्याउन प्रायः सबैजसो उत्पादक षड्यन्त्र बुनिरहेका हुन्छन् । उदाहरणका लागि, स्थापित कम्पनीहरूले कुन वस्तु कसरी उत्पादन गर्ने सम्बन्धमा उत्पादनका गुणस्तर र मापदण्ड तोकेर नियमावली ल्याउन राजनीतिकर्मीलाई दबाब दिन्छन् । उनीहरू सर्वसाधारणलाई गुणस्तरहीन वस्तुबाट जोगाउन यस्ता नियम आवश्यक हुन्छन् भन्ने तर्क गर्छन् । तर त्यसको वास्तविक उद्देश्य नियमावलीमा तोकिएभन्दा बाहिर गएर नवीन ढङ्गले नयाँ वस्तु उत्पादन गर्न सक्ने साना र नयाँ प्रतिस्पर्धीबाट उनीहरूको व्यवसाय जोगाउने हुन्छ । अथवा राजनीतिकर्मीले टाट पल्टिएका, विदेशी प्रतिस्पर्धाका कारण जोखिममा परेका उद्योग जनताको पैसाले चलाउनुपर्छ, रोजगारी सिर्जना गर्नुपर्छ भन्दै हस्तक्षेप गर्न सक्छन् । उनीहरूले स्वदेशी उद्योग बचाउन विदेशी आयातमा प्रतिबन्ध लगाउन सक्छन् । यसले ती उद्योगमा काम गर्नेहरूलाई अल्पकालीन राहत दिन सक्छ । तर करदाताले यसका लागि ठूलो मूल्य चुकाउनुपर्छ । उनीहरूलाई छनोटको सुविधा साँघुरिन्छ, गुणस्तरहीन वस्तुलाई चाहेको भन्दा बढी मोल तिर्नुपर्छ ।

समाज स्वतन्त्राबाट टाढियो भने, यसले आर्थिक शक्ति सत्तालाई दिँदै गयो भने उत्पादक र राजनीतिकर्मीहरूले जनताको शोषण गर्न षड्यन्त्रको जालो बुन्ने सम्भावना बढी हुन्छ । आसेपासे पुँजीवादका यस्ता दसीहरू सबैतिर फेला पर्छन् । तर नियन्त्रित अर्थतन्त्रमा यो समस्या अझ भयावह हुन्छ । सत्तामा हुनेहरू आफू र

आफ्ना साथीभाइलाई धनी बनाउने कुरालाई आफ्नो विशेषाधिकार ठान्छन् । त्यसो गर्न सकेनन् भने त्यसलाई कमजोरीको सङ्केत हो भन्ने मान्छन् ।

तर साँचो अर्थको स्वतन्त्र समाजमा विधायिकी अधिकार वा करदाताको पैसा प्रयोग गरेर आफ्ना आसेपासेलाई विशिष्ट आर्थिक सुविधा प्रदान गर्न सत्ताधारीहरूलाई रोक लगाइएको हुन्छ । सत्ताको निर्माण र सार्वजनिक कोषको खर्च कसरी गर्ने भन्ने सम्बन्धमा कडा कानुनहरू हुन्छन् । उत्पादकले सजिलै सत्तामा भएकाहरूबाट अनुदान वा संरक्षण पाउने गरी पैरवी गर्न सक्दैनन् । किनकि कसैलाई कृपा गर्ने शक्ति अस्तित्वमै हुँदैन ।

प्रतिस्पर्धात्मक पुँजीवादले होइन, स्वतन्त्रताको अभावले कम्पनी र राजनीतिकर्मीलाई जनताको शोषण गर्ने शक्ति दिन्छ ।

## स्वतन्त्रताको विजय

आर्थिक स्वतन्त्रता र व्यापार कहिलेकाहीँ मात्र पूर्ण रूपमा स्वतन्त्र हुने भए पनि तिनले सम्भवतः दुई अर्ब मान्छेलाई पछिल्लो ३० वर्षमा चरम गरिबीबाट माथि उठाउन सफल भएको छ । यो कुरा झन्डै आधा शताब्दी प्रयास गर्दा पनि रूस, चीन र दक्षिण पूर्वी एसियाका केन्द्रीकृत र शक्तिशाली सरकारहरूले गर्न सकेका थिएनन् । तर जब पर्खाल र व्यापारका व्यवधानहरू ढले र धेरैभन्दा धेरै मुलुक विश्व व्यापार प्रणालीमा आए, सम्पत्ति फैलियो । यो खासगरी अन्तर्राष्ट्रिय व्यापारलाई अँगाल्ने दरिद्रतम मुलुकका दरिद्रतम जनतासम्म फैलिएको छ । के संसारमा स्वतन्त्रताभन्दा अर्को सौम्य र उत्पादनशील सिद्धान्त हुन सक्छ र ?

# ३. स्वतन्त्र समाजका संस्थाहरू

## राज्यविहीन समाज

### स्वतन्त्रता र संस्कृति

पुरानो भारतीय चुट्किला "अर्थतन्त्र राति फैलिन्छ, जब सरकार निदाउँछ"ले सङ्केत गरेझैं एउटा स्वतन्त्र समाजमा अधिकांश मानिसको जीवन सरकारको पूर्ण अनुपस्थितिमा चलिरहेको हुन्छ । अनि जनताका लागि महत्त्वपूर्ण सबै गतिविधिहरूमा सरकारको कूनै भूमिका हुनुहुँदैन पनि ।

स्वतन्त्र समाजका मान्छेहरू एकलकाटे व्यक्ति होइनन्, तिनीहरू सामाजिक प्राणी नै हुन् । तिनीहरू अर्काको सङ्गत खोज्छन्, अर्कासँग मिल्ने प्रयास गर्छन् र विभिन्न किसिमले सहकार्य गर्न चाहन्छन् । उनीहरू कुनै धार्मिक समूहको सक्रिय सदस्य हुन सक्छन् । गाउने, पढ्ने, पकाउने, माछा मार्ने, खेल्ने, खेल हेर्ने, कुनै चीज सङ्कलन गर्नेलगायत गतिविधिमा रमाउने आफ्ना क्लब वा समूहका सदस्यसँग उठबस गर्छन् । उनीहरू आफूहरू जस्तैसँग हिँड्डुल गर्ने, समूह बनाउने गर्छन्, जाहे ती तन्नेरी हुन्, बूढा हुन्, स्कुले साथीहरू हुन्, नयाँ अभिभावक हुन् वा अपाङ्गता भएका हुन् । उनीहरूले घरवारविहीनलाई आश्रय दिने वा खाना खुवाउने व्यवस्था गर्न सक्छन् । यसैलाई नै नागरिक समाज भनिन्छ ।

बढी स्वतन्त्र समाजमा मानिसहरू आफूलाई मनपर्ने गतिविधि र आवतजावत गर्न स्वतन्त्र भए पनि उनीहरूले साझा मूल्य,

संस्कृति तथा परम्परालाई सम्मान गर्छन् । स्वतन्त्र व्यक्ति, खासगरी युवाले कहिलेकाहीँ पुरानो तौरतरिकालाई चुनौती दिन सक्छन् । वास्तवमा यसरी नै नयाँ बाटाहरू पहिल्याइन्छन् र उन्नति हुन्छ । तर स्वतन्त्रता संस्कृतिको शत्रु होइन । भिन्न संस्कृतिका आप्रवासीले पनि आफूलाई नयाँ समाजमा स्वीकार्य बनाउने हो भने त्यहाँ प्रचलित संस्कृतिलाई सम्मान गर्नुपर्छ । काम गर्ने हो भने उनीहरूले भाषा सिक्नुपर्ने हुन सक्छ । सुरूमा उनीहरूले नयाँ मुलुकको परम्परा र नैतिक आदर्शलाई नबुझ्न सक्छन् । तर वास्तवमै प्रगति गर्ने र कसैलाई नचिढाउने हो भने उनीहरूले ती कुरा बुझ्नुपर्ने हुन्छ । स्वतन्त्र समाजमा उनीहरूलाई प्रत्यक्ष रूपमा विभेद गरिँदैन, समान व्यवहार गरिन्छ । तर रैथाने हुन् वा अरू कुनै मान्छे, तिनीहरूले आफ्ना तौरतरिकालाई सम्मान नगर्ने, कुरा नमिल्ने वा ठीकसँग कुराकानी गर्न नसकिने मान्छेसँग सङ्गत गर्नैपर्छ भन्ने हुन्न ।

मानव जातिले साथ खोज्छ, अवसर प्राप्ति, आफ्नो हित प्रवर्द्धनका लागि । त्यसैले बाहिरिया हुनु भनेको बेफाइदाजनक स्थितिमा हुनु हो । स्वतन्त्र समाजमा सबै मान्छे एउटै मूल्यका लागि बाँचिरहेका हुँदैनन् । तर अरूप्रति सहिष्णु हुँदा फाइदै हुन्छ । स्वतन्त्र समाजमा सोच, अभिव्यक्ति तथा गतिविधि सञ्चालनमा उपलब्ध स्वतन्त्रताले प्रचलित संस्कृति, नैतिकता र परम्परालाई अनिवार्य रूपमा सम्मान गरेको हुन्छ ।

## सरकार कसलाई चाहिन्छ ?

आपसी हित, सहकार्य, दायित्व, विश्वास तथा अन्तर्निर्भरताको अनौपचारिक सञ्जालले हाम्रो जीवनलाई निकै उन्नत बनाएको छ । यसलाई सञ्चालन गर्न सरकार आवश्यक हुँदैन । कुनै सरकारी अधिकारीको संलग्नताबिना हामी विभिन्न समूहको सदस्य भई सहकार्य गर्न सक्छौं, उन्नति गर्न सक्छौं ।

निर्विवाद रूपमा सरकारकै काम हो भन्दै आएको न्यायको क्षेत्रमा समेत हामीले धेरै कुराको निर्णय मिलेरै गर्छौं । स्वतन्त्र समाजमा करारहरू राज्यले तर्जुमा गरेका र थोपरेका हुँदैनन् बरू सरोकारवाला पक्ष आफैंले बनाएका हुन्छन् । स्वैच्छिक रूपमा स्वीकार्य सहमतिका बुँदाहरू राखेर करारहरू बनाइएका हुन्छन् । कुनै विवाद भए सरकारी अदालतभन्दा स्वतन्त्र मध्यस्थकर्ताबाट सल्टाउन करारका पक्षधर राजी भएका हुन्छन् । निजी विकल्पभन्दा सरकारी अदालत सुस्त, बढी खर्चिलो र पक्षपाती हुन्छन् ।

जनसङ्ख्या समरूप भयो भने त्यस्ता अनौपचारिक तथा सहयोगी सामाजिक सम्बन्ध स्थापनामा सहयोगी हुन्छ । सबै मान्छे उस्तै जाति, धर्मका भए भने उनीहरूका मूल्यमान्यता उस्तै हुन्छन् र कुनै करारमा बढी आत्मविश्वासका साथ प्रवेश गर्छन् । औपनिवेशिक सत्ताहरूले र युद्धपश्चात्का अन्तर्राष्ट्रिय सम्मेलनहरूले कोरेका नयाँ सीमाहरूले त्यसो गर्न सकेका छैनन् । केही समयअघि युद्धले क्षत्रिग्रस्त भएका सिरिया, लिबिया, लेबनान वा इराक जस्ता मुलुक एक शताब्दी अघिसम्म अस्तित्वमा थिएनन् । ती मुलुक राजनीतिकर्मीका उपज हुन्, जनताका होइनन् । विभिन्न जातीय र साम्प्रदायिक समूहलाई एउटै प्रशासनिक एकाइमा ल्याएर बेलायतले यस्तै गल्ती अफ्रिका र भारतीय उपमहाद्वीपमा गरेको थियो ।

त्यसैले हामीसँग जोखिममा रहेका धेरै मुलुक छन्, जसका सरकारले जनताको जीवन र सम्पत्तिसमेतको रक्षा गर्न सक्दैनन् । यस्ता निर्जन भूमिमा स्वतन्त्र समाज र खुला अर्थतन्त्र हुर्किनुपर्छ । सहकार्यको संस्कृति एक पटक धुजाधुजा भएपछि पुनर्निर्माण गर्न कठिन हुन्छ, सहकार्यका लागि आवश्यक आपसी सम्मान र विश्वासनीय बन्धनको अभाव हुन्छ । यस परिस्थितिमा उत्तम विकल्प भनेको एकअर्कासँग उचित तबरले सहकार्य गर्न नसक्ने भए पनि

विविध समूह मिलेर सहअस्तित्वका लागि सहमतिको खाका बनाउने हो । स्वतन्त्र समाजका लागि आवश्यक सर्त स्थापित गर्न सकियो र परिणामस्वरूप सबै पक्षको हित हुने भयो भने विभिन्न समूहका मान्छेहरूबीचको सहअस्तित्व र सहकार्य सजिलै हात पार्न सकिन्छ ।

## किन सरकारलाई सीमित तुल्याउनुपर्छ ?

### सरकारले के गर्नुपर्छ ?

हाम्रा जीवनका सबै पक्षको नियन्त्रण सरकारले गर्नुपर्छ भन्ने मान्छे थोरै मात्र छन् । हामी सबै जना सरकारको भूमिकालाई केही हदसम्म सीमित बनाउनुपर्छ भन्नेमा विश्वास गर्छौं । हामीले सामूहिक रूपमा काम गर्नुपर्ने वा निर्णय गर्नुपर्ने कुराहरू सरकारले गरिदेओस् तर हामी आफैंले राम्ररी गर्न सक्ने काममा हस्तक्षेप नगरोस् भन्ने अधिकांशले स्वीकार गर्छन् । आफ्नो अधिकारको घेरालाई नेताहरूले नमिचून् भनेर उनीहरूलाई लगाम लगाउनुपर्छ भन्ने सोचविचार गर्ने मानिस धेरै छन् ।

सवाल सरकारको आकारको होइन, बरू निर्णय गर्नुपर्ने वा काम गर्नुपर्ने कुराहरू केके हुन् र उसले कसरी ती काम वा निर्णय गर्छ भन्ने हो । स्वतन्त्र समाज र अर्थतन्त्र विश्वासमा आधारित हुने भएकाले स्वतन्त्र समाजका नागरिकले सरकारले ठगीचोरीबाट आफूलाई जोगाओस् भन्ने आश गर्छन् । तर बस भाडा नतिरे आजीवन कारावास, इन्टरनेटका सेयरिङ साइटबाट अवैध रूपमा गीत डाउनलोड गर्छन् भनेर सबैका घरमा जासुसी क्यामेरा जडान गर्ने जस्ता काम सरकारी अधिकारीले गरून् भन्ने हामी चाहँदैनौं । सरकारको कदम समस्यासँग समानुपातिक हुनुपर्छ ।

कुनै खास वस्तु कोसँग कारोबार गर्ने भन्ने जस्ता निर्णयहरू नितान्त स्वैच्छिक हुने हुनाले पनि सरकारको कार्यक्षेत्रलाई सीमित

बनाइनुपर्छ भनिन्छ । तर कुनै वस्तु बिक्रीमा रोक लगाउने सरकारले कुनै निर्णयलाई प्रभावकारी बनाउन बल प्रयोग आवश्यक हुन्छ । कहिलेकाहीँ आवश्यकै भए पनि बलको प्रयोग नराम्रो हो । जब हामी राजनीतिक रूपमा कुनै निर्णय गर्छौं, त्यसबाट प्राप्त हुने प्रतिफललाई सँगै उत्पादन हुने नकारात्मक पक्षसँग सन्तुलन मिलाउनुपर्छ । हानि हुने कुराको विचारै नगरी फाइदाको पछि दौडनुहुँदैन ।

विकसित हुन आर्थिक तथा सामाजिक जीवन दुवै स्वतन्त्र हुनुपर्छ । यी दुवै ससाना परीक्षण र त्रुटिको क्रमिक प्रक्रियाबाट विकसित हुँदै जान्छन् । असङ्ख्य आविष्कारकले विभिन्न उपायहरू– उदाहरणका लागि नयाँ वस्तु वा नयाँ शिक्षण विधि परीक्षण गरिरहेका हुन्छन् । कुनै उपायले काम नगरे तुरून्तै परित्याग गरिन्छ, जीवनपयोगी भए त्यसको नक्कल गरिन्छ, सबैतिर फैलाइन्छ । तर सरकार नियन्त्रित आर्थिक तथा सामाजिक संस्थाले नवप्रवर्तनलाई स्थान दिंदैनन्, परीक्षण तथा त्रुटिको क्रमिक तथा निरन्तरको प्रक्रियालाई सुस्त बनाउँछ ।

अनि जब सरकारले हस्तक्षेप गर्छ, त्यो प्रायः ठूलो स्तरमा हुन्छ । कुन वस्तु उत्पादन गर्ने वा कुन शिक्षण विधि प्रयोगमा ल्याउने भन्ने विषयमा उनीहरूले पूरै जनसङ्ख्याका लागि निर्णय गर्छन् । स्पष्ट छ, यसले नवप्रवर्तनलाई सुस्त बनाउँछ र प्रगति ढिलो हुन्छ । जब सरकारले गल्ती गर्छ, जुन निश्चत छ, स्वाभाविक रूपमा त्यो निकै ठूलो हुन्छ र विपद् ल्याउँछ ।

## सरकारै किन चाहियो ?

सरकार चाहिन्छ भन्ने सवालमा केही खास कारण छन् । हामीले कस्तो व्यवहार गर्ने भन्ने सम्बन्धमा केही आधारभूत नियम कार्यान्वयनका लागि सरकार चाहिन्छ । उदाहरणका लागि सडकको

कुन किनाराबाट गाडी गुडाउने भन्नेबारे निर्णय गर्न वा हामीले गरेका करारको पालना सुनिश्चित गर्न सरकार आवश्यक हुन्छ ।

यसबाहेक सबैको हित गर्ने केही आयोजना हुन सक्छन् । तर ती कुनै निजी व्यक्तिले कार्यान्वयन गर्न (वा राम्ररी कार्यान्वयन गर्न) नसक्ने किसिमका हुन सक्छन् । तिनलाई सार्वजनिक वस्तु भनिन्छ । सेना वा प्रहरीलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । सुरक्षा व्यवस्था राम्रो हुँदा सबै लाभान्वित हुन्छन् । तर यसमा स्वयम् सेवा गर्न सबै तयार हुँदैनन् । अर्को उदाहरण, वायु प्रदूषणको हुन सक्छ, जसले धेरै विकासशील देशका सहरको हावालाई निसास्सिने बनाएको छ । तताउनका लागि धूवाँरहित इन्धनको प्रयोग, मोटरकारमा कन्भर्टरको प्रयोग, कारखानामा फिल्टरको प्रयोगले यो समस्या कम गर्न सक्छ र वरपरको जीवनलाई सहज बनाउन सकिन्छ । तर यसमा खर्च कसले गर्ने ? सबैलाई थाहा हुन्छ अरू सबै सित्तैमा स्वच्छ हावा प्रयोग गरिरहेका छन् भने मैले मात्र किन खर्च गरूँ भन्ने भावना व्याप्त हुन्छ । त्यसैले त्यस्ता मुद्दाको समाधान राजनीतिक हिसाबले खोजेर सबैलाई प्रदूषण घटाउन बाध्य पार्न सक्छौं वा प्रहरी र सेनाको खर्च पूर्ति गर्न सबैलाई कर लगाउन सक्छौं । तब मात्रै हामीले सबैको हित हुने कार्य गर्न सक्छौं, जुन बजारले गर्दैन ।

"लिबरटेरिएन"[१] भनिने स्वतन्त्रताका पक्षधरहरू हामीलाई सरकार आवश्यकै छैन भन्ने तर्क गर्छन् । स्वतन्त्र समाज सहकार्यका बाटो पत्ता लगाउन र सबैलाई त्यसको लाभ पुर्‍याउन पूर्ण रूपमा सक्षम हुने उनीहरू बताउँछन् । उदाहरणका लागि, परोपकारी कार्यका

---

१. अनुवादकको नोट : कसैकसैले यिनीहरूलाई नवउदारवादी भन्छन् । नवउदारवादले लिबरटेरियन अवधारणालाई सम्पूर्ण रूपमा समेट्दैन । थप जानकारीका लागि डेभिड बोआजको *इन्ट्रडक्सन टू लिबरटेरियनिज्म* हेर्न सकिन्छ :
https://www.libertarianism.org/guides/introduction-libertarianism.

माध्यमबाट होस् वा सित्तैमा उपयोग गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै भुक्तानी गर्ने मान्छेलाई मात्रै लाभ पुग्ने गरी वितरणको व्यवस्था मिलाउने जस्ता उपाय गर्न सकिने उनीहरूको तर्क हुन्छ । करार कार्यान्वयन गर्न वा कुनै आक्रमणबाट हाम्रो जीवन सुरक्षाका लागि तथा सम्पत्ति चोरी रोक्न पनि सरकार आवश्यक हुन्छ भन्नेमा उनीहरू विश्वस्त छैनन् । उनीहरूका अनुसार व्यक्ति आफैंले वा समूहले यी कार्यहरू राम्ररी गर्न सक्छन् ।

"शास्त्रीय उदारवादी" भनिने स्वतन्त्रका पक्षपातीहरू हाम्रो सुरक्षाका लागि वा करार कार्यान्वयनका लागि वा सार्वजनिक वस्तु उपलब्ध गराउन कम्तीमा पनि केही राजनीतिक निर्णय हुनुपर्छ, केही सरकारी शक्ति आवश्यक हुन्छ र यसलाई यत्तिमै सीमित गर्नुपर्छ भन्ने तर्क गर्छन् । लिबरटेरियनहरू भने हामीले सरकालाई एक इन्च दियौं भने उसले एक माइल लिन्छ भन्ने त्रास व्यक्त गर्छन् । उनीहरूका अनुसार अहिले संसारका सबैजसो सरकारले यी खास कामको सीमाभन्दा बाहिर जाने किसिमले आफ्नो भूमिका पहिल्याएका छन्, त्यो पनि जनताको खर्चमा ।

## व्यक्तिगत तथा आर्थिक स्वतन्त्रता

सरकारको भूमिका कुन हदसम्म हुनुपर्छ भन्ने विषय दायाँतिरबाट हेर्ने कि बायाँबाट भन्ने सामान्य कुरा होइन । निर्णय व्यक्तिगत तहमा गर्ने कि सामूहिक रूपमा गर्ने भन्ने मात्र होइन । त्यो हाम्रो व्यक्तिगत र आर्थिक निर्णय दुवैमा लागू हुन्छ कि हुँदैन भन्नेमा पनि मानिसहरू एकमत छैनन् ।

यसमा हामीले चार भिन्न दृष्टिकोण पहिल्याउन सक्छौं :

- पहिलो समूहलाई व्यक्तिवादी भन्न सक्छौं । उनीहरू आफ्नो व्यक्तिगत र आर्थिक जीवनबारे निर्णय लिन व्यक्ति स्वतन्त्र हुनुपर्छ भन्छन् ।

- यसको ठीक विपरीत अधिनायकवादीहरू पर्छन्, जसले मान्छेका व्यक्तिगत र आर्थिक व्यवहार सामूहिक नियन्त्रणमा हुनुपर्छ भन्छन् ।
- तेस्रो समूहले आर्थिक विषयमा व्यक्तिगत स्वतन्त्रताको वकालत गर्छ । तर मान्छेका व्यक्तिगत रूचिका सम्बन्धमा सामूहिक निर्णय हुनुपर्छ भन्छ । यिनीहरूलाई रूढीवादी भन्न सकिन्छ (यद्यपि यो शब्दले फरक सन्दर्भमा फरक अर्थ राख्छ) । आर्थिक स्वतन्त्रता र सामाजिक नियन्त्रणको यो मिश्रण धेरै एसियाली मुलुकहरूको विशेषता हो ।
- अन्तिम समूहकाले आर्थिक जीवनमा सामूहिक नियन्त्रण होस् तर आफ्ना व्यक्तिगत जीवन व्यक्तिहरू स्वयम्ले सञ्चालन गरून् भन्ने चाहन्छन् ।

**प्रश्न : सरकारले साँच्चिकै सुरक्षा जस्ता चीज उपलब्ध गराउनुपर्छ ?**

*पर्दैन । निश्चित रूपमा सामूहिक निर्णय गर्नुपर्ने कुराहरू हुन्छन्, जस्तो कि युद्धमा जाने कि नजाने ? तर निजी तवरले उपलब्ध गराउन नसकिने कुराहरू थोरै छन् । केही मुलुकले सुरक्षाका केही अंश मोटरगाडी, पानीजहाज, हवाईजहाज, ब्यारेकहरू बनाउने र मर्मत गर्ने, खाना र बन्दोबस्तीका सामान उपलब्ध गराउने निजी कम्पनीहरूलाई करार गरी दिएका छन् ।*

*केही वर्ष अघिसम्म हुलाक, दूरसञ्चार, रेलवे, पिउने पानी, बिजुली, सडक, अस्पताल, जेलको व्यवस्था सरकारले मात्र गर्न सक्छ भन्ने हामी सोच्थ्यौं । कतिपय मुलुकमा मोटरगाडी र स्टिल कारखाना सरकारले चलाउनुपर्छ भनिन्थ्यो । अहिले यी सबै निजी कम्पनीले गर्छन् । निजी कम्पनीले प्रतिस्पर्धा गर्नुपर्ने भएकाले यी वस्तु तथा सेवाको गुणस्तरमा सुधार पनि भएको छ ।*

सबभन्दा पछिल्लो समूहलाई नाम दिन गाह्रो छ । अमेरिकामा उनीहरूलाई उदारवादी भनिन्छ । तर यो शब्दको भ्रामक प्रयोग हो । अरू धेरै मुलुकमा उदारवादको अर्थ शास्त्रीय उदारवाद हुन्छ । शास्त्रीय उदारवादले केही सरकारी नियमका ढाँचा आवश्यक मान्छ तर अधिकांश आर्थिक तथा व्यक्तिगत निर्णय गर्न व्यक्तिलाई छाड्नुपर्छ भन्छ । यसको अर्थ व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्ने तर आर्थिक जीवनमा सरकारी नियन्त्रण बढी हुनुपर्छ भन्ने अमेरिकी राजनीतिकर्मी र प्राज्ञले यो शब्द चोरेका हुन् भन्न सकिन्छ ।

आर्थिक तथा सामाजिक सवालबारे धेरै दृष्टिकोणहरूलाई कुनै एउटा शब्दमा पूर्ण रूपमा व्यक्त गर्न सकिन्न । एउटै समूहभित्र पनि थुप्रै दृष्टिकोण छन् । उदाहरणका लागि, व्यक्तिवादीहरूमा लिबर्टेरियन पूर्ण स्वतन्त्रताको कुरा गर्छन् भने शास्त्रीय उदारवादी सीमित सरकारको पक्षमा छन् । अधिनायकवादीहरूमा पनि सर्वसत्तावादीले पूर्ण नियन्त्रणको कुरा गर्छन् भने राज्यवादीहरू निजी निर्णय प्रक्रियाका लागि सीमित भूमिका देख्छन् ।

यद्यपि समाजबारे विभिन्न विचार राख्ने मानिसलाई एउटै टोकरीमा हाल्ने लेफ्ट–राइटको स्पेक्ट्रमलाई राजनीतिक विचारधाराहरूले पूर्ण रूपमा व्याख्या गर्न सक्दैन भनेर सचेत हुनु राम्रो हुन्छ । त्योभन्दा राम्रो जीवनका आर्थिक तथा व्यक्तिगत पक्षमा स्वतन्त्रता कति हुनुपर्छ भन्ने मानिसलाई लाग्छ, त्यसकै सन्दर्भमा यसलाई सोच्नुपर्छ ।

## व्यक्तिगत रोजाइ किन आवश्यक छ ?

आर्थिक तथा व्यक्तिगत जीवनमा स्वतन्त्रता रोज्नुका पछाडि बलिया कारण छन् । सर्वप्रथम टाढाको सरकारलाई भन्दा व्यक्तिलाई आफ्नो आवश्यकता के हो भन्ने कुरा राम्ररी थाहा हुन्छ । उनीहरूले आफ्नो आशा, भय, सपना, इच्छा, आवश्यकता, चाहना तथा

महत्त्वाकाङ्क्षालाई अनुभूत गरेका हुन्छन् । उनीहरू आफ्नो र आफूले सहयोग गर्न खोज्ने र खुसी मिल्ने साथीभाइ, परिवार र समुदायको परिस्थितिबारे बढी जानकार हुन्छन् । आफूलाई उपलब्ध अवसर र विभिन्न क्रियाकलापले ल्याउन सक्ने समस्याबारे पनि उनीहरू बढी जान्दछन् । त्यसैले उनीहरू आफ्नो जीवन र भविष्यका लागि निर्णय गर्न सक्ने सबैभन्दा उपयुक्त स्थितिमा हुन्छन् ।

फेरि यस सन्दर्भमा आफ्ना लागि अरू कसैले निर्णय गरिदिनुपर्ने मान्छे पूर्ण मानव होइनन् केवल दास हुन् भन्ने नैतिक प्रश्न पनि आउँछ । कुनै कुरा घटित हुँदा व्यक्तिगत जिम्मेवारी लिनु नपर्ने भएकाले आफ्नो सफलता वा गल्तीबाट उनीहरूले केही सिक्दैनन् । उनीहरू सरकारले तर्जुमा गरेको गलत नीतिका कारण सिर्जित दुष्परिणाम भोग्न बाध्य हुन्छन् । तर त्यो गल्ती फेरि पनि नहोस् भनेर रोक्न सक्दैनन् । त्यसैले रोक्ने प्रयास गर्न कुनै कारण पनि देख्दैनन् । तर आफ्नो सफलताबाट लाभान्वित हुने र गल्तीका कारण भार बेहोर्ने व्यक्तिहरू फाइदा हुने काम फेरि गर्न र नहुने कामलाई पन्छाउन अभिप्रेरित हुन्छन् ।

## विविधताले प्रगति ल्याउँछ

विविधतामा धेरै फाइदा छन् । आफ्ना लागि आफैं निर्णय गर्न स्वतन्त्र मान्छेहरूले विभिन्न तरिकाले कार्य गर्छन् । आफ्नो परिस्थितिअनुरूप कुन काम कसरी गर्दा ठीक हुन्छ भन्ने उनीहरू आफैंले रोज्न सक्छन् । बेलायती दार्शनिक जोन स्टुआर्ट मिलले "अन लिबर्टी"[२] मा भने जस्तो मान्छेले विभिन्न खाले जीवनशैली अपनाउन सक्छन् । यीमध्ये केही सफल हुन सक्छन्, अरू सक्दैनन् । तर यी

---

२. जोन स्टुआर्ट मिल, *अन लिबर्टी १८५९*, *जोन स्टुआर्ट मिल*, अन लिबर्टी एन्ड अदर एसेज, अक्सफोर्ड युनिभर्सिटी प्रेस, अक्सफोर्ड, २००८ ।

सबैबाट हामी केही न केही सिक्न सक्छौं । काम लाग्ने जस्तो कुरालाई अँगाल्दै र नगर्नेलाई छाड्दै आफ्नो प्रगति गर्दै जान सक्छौं ।

तर अधिनायकवादी समाजमा काम गर्ने एउटै तरिका प्रचलनमा हुन्छ । किनभने यससम्बन्धी निर्णय सामूहिक रूपमा गरिन्छ । कुनै पनि गल्ती सबैका लागि प्रलयकारी हुन्छ । आधिकारिक प्रयास सफल भयो भने पनि अझ राम्ररी काम गर्न सक्ने अरू विकल्प प्रयोग गर्न दिइन्न । निर्णय प्रक्रिया सुस्त र बढी कर्मचारीतन्त्रीय हुन्छ । यस्तो समाजमा हाम्रो प्रगति सुस्त र प्रायः पीडादायी हुन्छ ।

एउटा स्वतन्त्र अर्थतन्त्रमा उत्पादकले उपभोक्ताबाट निरन्तर सुझाव पाइरहेको हुन्छ । हरेक दिन, प्रत्येक क्षण उपभोक्ताले एउटा वस्तुको सट्टा अर्को रोजिरहेका हुन्छन् । उनीहरू खरिद गर्ने प्रत्येक सामान निरन्तर तौलिरहेका हुन्छन्, विश्वसनीयता खोजिरहेका हुन्छन्, मूल्य, आकारप्रकार, रङलगायत विभिन्न गुण तुलना गरिरहेका हुन्छन् । यी विविध रोजाइ तुरून्त उत्पादककहाँ पुगेको हुन्छ र उसले थाहा पाउँछ कुन चीज बिक्छ र कुन बिक्दैन । आफ्ना प्रतिस्पर्धीले पनि त्यसै गरिरहेको ज्ञान उसलाई हुन्छ । त्यसैले अरूले भन्दा छिटो उपभोक्ताले रूचाएको वस्तु उत्पादन गर्न खोज्छ, नरूचाएको वस्तु कम गर्छ । उपभोक्ताले अझै बढी मन पराउँछन् कि भन्ने आशामा नयाँ र फरक खाले उत्पादन ल्याउने परीक्षण गर्न उनीहरू उत्प्रेरित हुन्छन् ।

यसलाई के उत्पादन गर्ने भनेर सरकारी अधिकारीले निर्णय गर्ने अर्थतन्त्रसँग तुलना गर्नुस् । पूरै वा आंशिक अर्थतन्त्र उनीहरूको नियन्त्रणमा होस् कि नहोस्, के उत्पादन गर्ने र कसरी उत्पादन गर्ने भन्ने निर्णय प्रायः सुस्त र झर्कोलाग्दो हुन्छ । यसमा उपभोक्ताले आफ्नो रोजाइ व्यक्त गर्न सक्ने भनेको केही वर्षको अन्तरालमा एक पटक मात्रै हो, चुनावमा । तापनि उनीहरूले

त्यति बेला कुनै निश्चित वस्तु तथा त्यसको गुणस्तरका सम्बन्धमा आफ्नो राय व्यक्त गरिरहेका हुँदैनन्, मौका पाएछन् भने पनि सुरक्षा, शिक्षा, स्वास्थ्य, सिँचाइ, कृषि ग्रामीण यातायातलगायत विषयमा लिइएको नीतिगत प्याकेजको विवेचना गरिरहेका हुन्छन् । बजार अर्थतन्त्रमा उत्पादकले पाउने जस्तो सरकारी अधिकारीले निरन्तर प्रेरणामूलक सुझाव पाइरहेका हुँदैनन् । सरकारी अधिकारीलाई नवप्रवर्तन गर्नुपर्ने ठूलो दबाब हुँदैन र उपभोक्ताले जे चाहिरहेका हुन्छन्, त्यो खासमा पाउँदैनन् ।

## सरकारी हस्तक्षेपको असर

अहिले संसारमा थोरै सरकार छन्, जसले मुलुकका लागि आवश्यक सबै उत्पादन गर्ने वा उत्पादनका लागि प्रयास गर्ने गर्छन् । बरू स्वास्थ्य, शिक्षा, कृषि सुरक्षा जस्ता अत्यन्तै आवश्यक ठानिएका क्षेत्रमा संलग्न हुने कुरा सामान्य जस्तै भएको छ । यसैगरी अनुदान, मूल्य सीमा तथा व्यवसायको नियमनमार्फत उत्पादन कार्यलाई निश्चित दिशा दिने प्रयास गर्छन् ।

सरकारले थोरै क्षेत्र सञ्चालन गर्ने प्रयास गरे पनि सुस्त र झर्कोलाग्दो निर्णय प्रक्रिया भने रही नै रहन्छ, जसको असर भयावह हुन सक्छ । सरकारले उदाहरणका लागि, खाद्यान्न उत्पादन मात्रै गर्‍यो र जनतालाई पुग्ने गरी पर्याप्त मात्रामा खाद्यान्न उत्पादन गरेन भने नतिजा व्यापक भोकमरी हुन जान्छ ।

यसैगरी सरकारले उत्पादनलाई निश्चित दिशा दिने प्रयास गर्दा सामान्यतया माग र आपूर्तिबीच सन्तुलन हुँदैन । उदाहरणका लागि, राजनीतिक नेतृत्वले मूल्य सीमा तोकेर वस्तु वा सेवाको मूल्य घटाउने प्रयास गर्न सक्छ । फलतः उत्पादकले त्यस्ता वस्तुको आपूर्तिबाट थोरै आम्दानी गर्छ । आफूले पाएको मूल्य उत्पादनमा खर्चिएको मिहिनेतभन्दा कम हुन हुनाले उनीहरूले कि

त थोरै उत्पादन गर्छन् वा त्यो क्षेत्र नै छाड्छन् । अनि अभाव सिर्जना हुन्छ । कानुनले कृत्रिम रूपमा स्थापित गरेको मूल्यमा आपूर्तिकर्ताले थोरै उत्पादन गर्छन् । तर उपभोक्ताले बढी माग गर्छन् । आधिकारिक रूपमा खाद्यान्न सस्तो हुन सक्छ । तर बजारमा उपलब्ध हुँदैन । ब्याजदर कम हुन सक्छ । तर ऋण पाइँदैन । स्वास्थ्य सेवा निःशुल्क हुन सक्छ । तर त्यसका लागि तपाईंले लामो लाइनमा बस्नैपर्छ ।

सरकारले अनुदानमार्फत कुनै वस्तु वा सेवाको उत्पादन नियन्त्रण गर्न खोज्दा पनि यस्तै समस्या आउँछ । उदाहरणका लागि, युरोपेली सङ्घले खाद्य आपूर्तिलाई सुदृढ र नियमित बनाउने नाममा लामो समयदेखि कृषिमा अनुदान दिएर किसानलाई सुरक्षा प्रदान गरिरहे तापनि उनीहरूको वास्तविक उद्देश्य अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अक्षम युरोपेली किसानलाई बचाइराख्नु र राजनीतिक रूपमा महत्त्वपूर्ण यो समूहको समर्थन किन्नु हो । अनुदानले व्यापक रूपमा अधिक उत्पादनलाई प्रोत्साहित गरिरहेको छ, नचाहिएका नौनीका पहाड र नबिकेका वाइनको तलाउ बनाइएका छन् ।

यसका प्रत्यक्ष नदेखिने अन्य परिणाम पनि छन् । युरोपको कृषि अनुदानबाट सबैभन्दा बढी फाइदा उठाउने ठूला जमिनदार हुन्, गरिब किसान होइनन् । कहिल्यै उत्पादन नगरेको वस्तुमा समेत अनुदान माग गरेर व्यापक भ्रष्टाचार गरिएको छ । यस्ता असङ्ख्य कथा संसारभर छन्, इतिहासमा पनि पाइन्छन् । सन् १७७६ को पुस्तक द *वेल्थ अफ नेसन्स*मा स्कटल्यान्डका अर्थशास्त्री एडम स्मिथले माछा मार्नभन्दा बढी अनुदान हात पार्नका लागि माछा मार्ने जहाजहरू तयार पारिएको गुनासो गरेका थिए ।[३]

---

३. एडम स्मिथ, द *वेल्थ अफ नेसन*, १७७६, चौथो ग्रन्थ, अध्याय-५ ।

कुनै पनि प्रकृतिको उत्पादनलाई अनुदान दिनु भनेको समय, मिहिनेत र पुँजीको राम्रो प्रयोग हुने क्षेत्रबाट स्रोत खिचेर अर्कोमा लैजानु हो । उदाहरणका लागि, धेरै सरकारहरूले महँगो वायु तथा सौर्य ऊर्जालाई अनुदान दिन जनताबाट पैसा उठाइरहेका छन् । तर त्यो पैसा जनता आफैंले अरू लागतप्रभावी क्षेत्रमा लगानी गर्न सक्थे । यस्तो कार्यले आर्थिक वृद्धिलाई सुस्त बनाउँछ र सर्वसाधारणको दीर्घकालीन समृद्धिमा क्षति पुऱ्याउँछ ।

## थोरै मान्छेबाट निर्णय

रोजाइ थोरै शक्तिशाली मान्छेले होइन, धेरै व्यक्तिहरूले गर्ने भएकाले सीमित सरकारी अधिकारीले भन्दा व्यक्तिहरूले निर्णय गर्नुपर्छ भन्ने तर्क गरिएको छ । सबैका लागि निर्णय गर्ने अधिकारीसँग अनिवार्य रूपमा त्यसलाई लागू गर्ने शक्ति पनि हुनुपर्छ । तर ती अधिकारी भनेका मान्छे नै हुन् । र उनीहरूले त्यस्तो शक्ति आफ्नो वा आफ्नो परिवार, साथीभाइ, छिमेकी, जाति वा राजनीतिक दलको स्वार्थ पूर्तिमा लगाउने प्रलोभन उनीहरूले थेग्छन् भनेर सोच्नु उनीहरूबाट अलि बढ्तै आश गर्नु हो । ठेक्कापट्टा तथा एकाधिकार आफ्नै सहयोगीलाई दिइन्छ । सार्वजनिक खर्चको ठूलो भाग वरिष्ठ नेताहरूको गृहजिल्लामा जान्छ । सरकारी नियुक्ति, प्रहरी, न्यायालय सक्षमभन्दा निकटवर्तीहरूको पक्षमा हुन्छन् ।

यी कुराहरूको निर्णय जति कम राजनीतिक रूपमा र जति बढी व्यक्तिहरूबाट हुन्छन्, उति नै कम यस किसिमका भ्रष्टाचार हुन्छन् । तब मात्र यस्ता कामबाट लाभ उठाउनेभन्दा शोषण न्यूनीकरण गर्ने आफ्नो प्राथमिक भूमिकामा सरकार केन्द्रित हुन सक्छ ।

कहिलेकाहीँ यस्ता लाभ देख्न नसकिने गरी मिहीन हुन्छन् । "जनताको खल्तीबाट पैसा रित्याउने काइदा एउटा सरकारले अर्कोबाट सबैभन्दा छिटो सिक्ने कला हो," आधुनिक अर्थशास्त्रका

पिता एडम स्मिथले भनेका थिए ।[४] उदाहरणका लागि लागत अरूले बेहोर्ने गरी उधारो लिएर सरकारले आफूलाई चुनाव जिताउने, आफ्ना समर्थकलाई धनी बनाउने परियोजनाहरूमा खर्च गर्न सक्छ । उनीहरूले लागत अर्को पुस्तामा पनि सार्न सक्छन् । ऋणको थुप्रो लाग्यो भने उनीहरूले धेरै नोट छपाएर अवमूल्यन भएको पैसाले ऋणदातालाई भुक्तानी गर्न सक्छन् । तर खुला होस् या लुकिलुकी गरिएको होस्, त्यस्तो चोरीले नागरिकलाई सम्पत्ति सिर्जना गर्न निरूत्साहित गर्छ । तिनीहरूले नयाँ व्यवसाय सुरू गर्न, उत्पादनशील पुँजी निर्माण गर्न जाँगर देखाउँदैनन् र पूरै समाज पछाडि पर्छ ।

वास्तविक स्वतन्त्र समाजको सरकारलाई विपद्को अवस्थामा मात्र ऋण उठाउन दिइन्छ । त्यो पनि एकदम सीमित । मुद्रामा सरकारको एकाधिकार हुँदैन र आवश्यक पऱ्यो भन्दैमा मनपरी पैसा छाप्न पनि पाउँदैन । स्वतन्त्र समाजमा करको दर न्यून हुन्छ र दायरा फराकिलो हुन्छ । अनि राजनीतिक विरोधी वा अल्पसङ्ख्यक धनीहरू माथि थोपरिँदैन । कर सरल, पारदर्शी, तिर्न सजिलो र अनुमान गर्न सकिने खालको हुन्छ । करदाताको कोषबाट लाभ लिन सक्ने र कर रकम बढाउँदा फाइदा लिन सक्ने निजी वा सार्वजनिक निकायले कर निर्धारण गर्दैनन् ।

## पैतृकवादी, (पितृवादी), (संरक्षकवादी) (अभिभावकवादी) तर्क

जनता भनेका साना केटाकेटी जस्ता हुन्छन्, उनीहरूले सही निर्णय गर्न सक्दैनन्, हामीले गरिदिनुपर्छ भन्ने सबै सत्तारूढ कुलीन वर्गको तर्क हुने गर्छ । यो विरोधाभासपूर्ण छ, यसले आफ्नो शक्तिको स्रोत जनताको अवमूल्यन गर्छ । जनतासँग सही

४. एडम स्मिथ, द *वेल्थ अफ नेसन्स*, १७७६, चौथो ग्रन्थ, अध्याय–५ ।

सरकार छनोट गर्ने सामूहिक विवेक हुन्छ । तर उनीहरूसँग आफ्नो व्यक्तिगत जीवन व्यवस्थित गर्ने बुद्धि हुँदैन भन्नु कुतर्क हो ।

मान्छेको व्यवहार अलि सुधारियो भने यसले समग्र समाजलाई लाभ पुऱ्याउन सक्ने केही अवस्था हुन्छन् । तर यी अधिकांश नैतिक सवाल हुन्, जसलाई कानुनले लागू गर्न सक्दैन । स्वतन्त्र समाजका सरकारले जनतालाई नैतिक व्यवहार गर्न अनुरोध गर्न सक्छ । तर बाध्य पार्न सक्दैन । अरूलाई फाइदा हुने गरी कसैलाई काम गर्न बाध्य पार्न सक्ने होइन, एउटा व्यक्तिले अर्कोलाई हानि नपुऱ्याओस् भनेर रोक्ने अधिकार सरकारसँग हुन्छ । सुरक्षा जस्ता सार्वजनिक वस्तुलाई उदाहरणका रूपमा अघि सारेर यसमा जनताले योगदान गर्नुपर्छ भन्ने तर्क गरिन्छ । तर त्यस्ता वस्तु धेरै कम हुन्छन् ।

राज्यले कसरी सेवा प्रदान गरिरहेको छ भन्नेबारे प्रायः अचम्मै लाग्ने गरी नागरिकले बेवास्ता गरिरहेका हुन्छन् । उनीहरूलाई लाग्दो हो, केही परिवर्तन नहुने भएपछि कुनै विषयमा गुनासो गर्नु भनेको समयको बर्बादी मात्र हो । जनताको संलग्नताबाट वास्तवमै केही परिवर्तन भयो भने धेरै मानिसले चासो दिन थाल्छन् ।

**हामी सबैको सरकारप्रति जिम्मेवारी छ ?**

*छैन । स्वतन्त्र समाजमा सरकारको जिम्मेवारी जनताप्रति हुनुपर्छ । धेरै मुलुकमा सरकार बलपूर्वक सत्तामा स्थापित हुन्छन् र रहिरहन्छन् । यो सरकारको वैधानिक स्वरूप होइन । स्वतन्त्र समाजको सरकार नागरिकलाई निर्णयकर्ता मानेर गठन भएको हुन्छ, सुरक्षा जस्ता विषयमा सामूहिक निर्णय गर्ने र न्यायका विषयमा निष्पक्ष निर्णय गर्ने उसको भूमिका हुन्छ । सरकार जनताको सेवाका लागि हुन्छ, यसको विपरीत होइन ।*

# सरकारलाई सीमित बनाउने उपायहरू

## प्रजातन्त्र

सामूहिक निर्णय अनिवार्य भएको दुर्लभ मामिलामा स्वतन्त्र समाजले सम्पूर्ण जनतासँग परामर्श गर्छ । किनभने त्यसको परिणामले सबै जनतालाई असर पार्छ । अर्को शब्दमा, त्यहाँ एक किसिमको प्रजातन्त्र हुन्छ ।

सम्पूर्ण जनसङ्ख्या प्रत्येक निर्णयमा सहभागी हुन्छन् भन्ने होइन । त्यसो गर्दा झन्झटिलो र समय लाग्ने हुन्छ । सामान्यतया समग्र जनसङ्ख्याले आफ्ना लागि निर्णय गर्न प्रतिनिधि छानेको हुन्छ । ती प्रतिनिधिहरूले दासले झैं आफूलाई भोट हाल्नेहरूको दृष्टिकोणको मात्रै प्रतिनिधित्व गर्दैनन्, बरू समग्र प्रक्रियामा आफ्नो विवेकको प्रयोग पनि गर्छन् ।

प्रजातन्त्र र लोकरिझ्याइँ एउटै होइनन् । बहुसङ्ख्यक जनताले धार्मिक तथा जातीय अल्पसङ्ख्यकको आमसंहार गर्नुपर्छ भन्ने मान्यता राख्न सक्छ । तर स्वतन्त्र समाजको सरकारले त्यसो गर्न सक्दैन । सरकार कसैलाई हानि पुऱ्याउने कुरा रोक्न बनेको हो, सहज बनाउनलाई होइन । एउटा पुरानो व्यङ्ग्योक्तिले प्रजातन्त्रलाई साँझको खानामा के खाने भन्ने सल्लाहमा जुटेका दुइटा ब्वाँसा र एउटा भेडोका रूपमा अर्थ्याउँछ । स्वतन्त्र समाजमा अल्पसङ्ख्यकको रक्षार्थ बहुमतले गर्न पाउने कुराहरूको सीमा कोरिएको हुन्छ ।

ठूलो समस्या सरकारहरूको छनोट कसरी गर्ने भन्ने होइन, बरू तिनलाई कसरी बाँध्ने भन्ने हो । तिनीहरू मान्छे नै हुन्, प्राप्त अधिकारले उनीहरूलाई भ्रष्ट बनाउन सक्छ । स्वतन्त्रताको रक्षा गर्ने हो भने हाम्रा नेताहरूलाई हटाउने कुनै विधि हुनैपर्छ ।

स्वतन्त्र समाजमा चुनाव भनेको नेता चुन्ने मात्रै होइन, उनीहरूबाट छुटकारा पाउने पनि हो ।

नितान्त भिन्न नीति भएका दलहरूलाई सत्तामा ल्याउने र हटाउने गर्दा चुनावले अस्थिरता मात्रै ल्याउँछ भन्ने तर्क केही अधिनायकवादी गर्छन् । तर स्वतन्त्र समाजमा सरकारको अधिकार नै सीमित हुने भएपछि अस्थिरताको अंशलाई ज्यादै न्यून गर्न सकिन्छ । यदि सरकार वैधानिक देखियो भने ध्वंसात्मक अस्थिरताको सम्भावना सानो हुन्छ । सैन्य शक्तिमार्फत अवैधानिक सरकार लामो समय सत्तामा रहिरहन सक्छ । यसको एक मात्र विकल्प आवधिक, शान्तिपूर्ण चुनाव वा कहिलेकाहीँ रक्तपातपूर्ण आन्दोलन हुन्छ । स्वतन्त्र समाजमा चुनाव रोजिन्छ, जसले शोषण र हिंसालाई रोक्छ अनि परिवर्तन तथा प्रगतिको मार्ग प्रशस्त गर्छ ।

चुनावहरूको वैधानिकता स्वीकार्य हुनका लागि केही सर्तहरू पूरा भएको हुनुपर्छ । उदाहरणका लागि, जनताले साँचो अर्थमा दलहरू रोज्न पाउनुपर्छ । एउटै मात्र उम्मेदवार हुने चुनावलाई स्वतन्त्र भन्न सकिँदैन, स्वतन्त्र समाजमा जहिल्यै वैचारिक विविधता हुन्छ । यसको अर्थ सबैखाले उम्मेदवारले आफ्नो विचार व्यक्त गर्न र प्रचारप्रसार गर्न, अर्को उम्मेदवार र दलको आलोचना गर्न पाउनुपर्छ भन्ने हो । अनि आफूले मन पराएको उम्मेदवारलाई भोट हाल्दा प्रतिशोध साँधिँदैन भन्ने त्रासबाट मुक्त भई जनताले गोप्य मतदान गर्न पाउने वातावरण हुनुपर्छ । धनी उम्मेदवार र दलहरूको वर्चस्व नहोस् भनेर केही मुलुकले चुनावी खर्चमा सीमा तोक्ने गरेका छन् । चुनावहरूबीच निश्चित अवधि तोकिएको हुन्छ, बहालवाला सरकारले मनलागी निर्वाचन मिति तोक्न नसकून् भनेर ।

## सार्वजनिक नीति निर्माण

अधिकांश नियन्त्रित मुलुकमा सरकारहरू बलका भरमा सत्तामा आउँछन् । तीमध्ये केही बलकै भरमा सत्तामा टिकिरहन्छन् । अरू थुप्रैले आफूलाई उदाहरणका लागि, धार्मिक तथा सांस्कृतिक परम्पराको एक मात्र संरक्षक भएको दाबी गर्दै देखावटी वैधानिकता हासिल गरेका छन् । यसको ठीक विपरीत स्वतन्त्र समाजमा जनताको सहमतिबाट सरकार ज्यादै सीमित उद्देश्यका लागि अस्तित्वमा आउँछ ।

तथापि जनतालाई क्षति हुन नदिने र व्यक्तिगत निर्णयबाट नहुने कुरा सामूहिक निर्णयबाट गर्ने भन्ने सीमित उद्देश्यभन्दा बाहिर सरकारहरू जान्छन् । उदाहरणका लागि, उनीहरू प्रायः सार्वजनिक वस्तुको आपूर्तिमा एकाधिकार राख्छन् । कुनै सार्वजनिक वस्तु उपलब्ध गराउन सामूहिक निर्णय आवश्यक पर्ला । तर तिनलाई निजी निकायबाट आंशिक वा सम्पूर्ण रूपमा उपलब्ध गराउन सकिन्छ । उदाहरणका लागि, परोपकारी संस्थामार्फत गरिब तथा बिरामीहरूलाई सेवा दिन सकिन्छ । र क्षतिको मात्रा मापन गर्न नसकिने हुनाले अरूलाई हुन सक्ने क्षति (उदाहरणका लागि प्रदूषणका असर) रोक्ने सवालमा पनि सरकारी हस्तक्षेपको औचित्य सावित गर्न सकिँदैन ।

कुनै निर्णय सामूहिक रूपमा गर्नुपर्ने छ भने त्यसको विधि के हुन सक्ला ? सबैभन्दा राम्रो सर्वसम्मति हुन्छ, सबैजनाले निर्णय प्रक्रियामा भाग लिन्छन्, सबैको सहमति नभई कुनै काम सुरू गरिँदैन । आफूलाई हानि हुने कुनै कुरा छ भने मान्छेले त्यस्ता सामूहिक कार्यका लागि सहमति जनाउँदैनन् । यस्तो अवस्थामा कुनै व्यक्ति वा समूहलाई सामूहिक कार्यले क्षति पुऱ्याउने सम्भावना कम हुन्छ ।

तर सहमति जुटाउन गाह्रो हुन्छ । पहिलो कुरा, सबै जनाले सबै प्रस्तावमा भाग लिन अध्ययन गर्नुपर्दा अत्यन्तै धेरै समय खर्च हुन्छ । त्यसैले यसको सट्टामा उनीहरूले प्रतिनिधि छानेका हुन्छन् । अनि कुनै सहमतिमा पुग्न कठिन हुन्छ । किनभने कुनै एक जनाले सम्पूर्ण योजनामा विमति राख्न सक्छ । त्यसैले सामान्यतया आम चुनावमार्फत होस्, जनमतसङ्ग्रह वा संसद्मा भोट हालेर होस्, बहुमतबाट सामूहिक निर्णय गरिन्छ, जुन सामान्य (५० जोड एक प्रतिशत) बहुमत वा विशेष (दुई तिहाइ)बाट पनि हुन सक्छ । यसले निर्णय गर्ने कठिनाइलाई कम गर्छ । अभिजातहरूको सानो समूहले नभई जनसङ्ख्याको ठूलो हिस्साले निर्णय गरेको हो भन्ने यसले निश्चित गर्छ ।[५]

## मतदाताको निजी स्वार्थ

रोमन सम्राट्बारे एउटा कथा छ । उनलाई एउटा गायन प्रतियोगिताको निर्णायक बन्न आग्रह गरिएको हुन्छ । उनले एउटाले गाएको सुनेर अर्कोलाई पुरस्कार दिन्छन् । दोस्रोले पहिलोभन्दा नराम्रो गाउन सक्दैन भन्ने आधारमा उनले त्यस्तो निर्णय गरेका हुन्छन् । अहिले हामी स्वतन्त्र समाज र खुला अर्थतन्त्रका कारण केही चित्त नबुझ्ने काम भइहाल्यो भने सुधारका लागि सरकार अघि बढ्नुपर्छ भन्न थाल्छौं । सुरक्षा वा कल्याणका अरू सार्वजनिक वस्तु बजारले उपलब्ध गराउन सकेन भने हामी सरकारले ती कुरा गरिदेओस् भन्छौं । अथवा कुनै कारखानाले वायु प्रदूषण गऱ्यो भने त्यसलाई रोक्न सरकारी कदम आवश्यक देख्छौं । तर त्यो त्यसरी नै हुनुपर्छ भन्ने छैन ।

---

५. यसको विस्तृत अध्ययन तथा थप अन्य तर्कहरूका लागि एमोन बटलर, *पब्लिक चोइस- अ प्राइमर*, इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स, लन्डन, २०१२ हेर्नुहोस् ।

कुनै बेला बजारले वास्तवमै हाम्रो आवश्यकता पूर्ति गर्न सक्दैन । तर जब हामी बजार असफलताको कुरा गर्छौं, त्यति बेला सरकार पनि असफल हुन्छन् भन्ने याद गर्नुपर्छ । तुलनात्मक रूपमा स्वतन्त्र समाजमा पनि सरकारहरू पूर्ण रूपमा वस्तुगत, धीर, तटस्थ, जनमुखी शक्ति हुन सक्दैनन् । सरकारको तलदेखि माथिसम्म निजी स्वार्थ चलिरहेको हुन्छ ।

मान्छेले चुनाव जनचासो पहिल्याउने र त्यसलाई कार्यान्वयनमा ल्याउने अवसर हो भन्ठान्छन् । तर स्वतन्त्र समाजमा धेरै किसिमका चासो हुन्छन् र कतिपय चासो बाझिने खालका हुन्छन् । केही मतदाताहरू करको दर कम होस् भन्ने चाहन्छन् भने अरू सार्वजनिक खर्च बढोस् भन्ने चाहन्छन् । नयाँ राजमार्ग बन्दा फाइदा हुनेहरू खुसी हुन्छन् भने त्यो राजमार्गमा घरजग्गा पर्नेहरू विरोधमा उत्रिन्छन् । चुनावले जनचासोलाई स्थापित गर्दैन । यसले केवल प्रतिस्पर्धी स्वार्थहरूलाई सन्तुलित बनाउँछ । यही द्वन्द्वको जगमा सामूहिक निर्णयहरू हुन्छन् ।

## राजनीतिकर्मीको निजी स्वार्थ

मतदाताको जस्तै राजनीतिकर्मीका पनि निजी स्वार्थ हुन्छन् । धेरैले सत्ता प्राप्तिलाई धनी बन्ने र शत्रु दमन गर्ने अवसरका रूपमा लिएका हुन्छन् । त्यसो नगरे उनीहरूलाई कमजोर ठानिन पनि सक्छन् । स्वतन्त्र समाजमा पनि भ्रष्टाचार ठूलो समस्या हुन सक्छ ।

वास्तवमै जनसेवा गर्छु भन्ने पवित्र उद्देश्य राख्ने राजनीतिकर्मी पनि पहिला त सत्तामा पुग्नैपर्छ । निर्वाचित हुनका लागि पर्याप्त मत बटुल्न सक्नुपर्छ । यसको अर्थ उनीहरूले बृहत् जनभावनाको प्रतिनिधित्व गर्छन् भन्ने होइन । तिनीहरूले समग्र जनभावनाको

प्रतिनिधित्व नगर्ने अल्पसङ्ख्यक समूहलाई आकर्षित गरेर पनि चुनाव जित्न सक्छन् ।

बलियो स्वार्थले बाँधिएको सानो समूह राजनीतिक प्रक्रियामा हाबी हुन्छन् । किनकि तिनीहरूले अनुकूल नीति भएको खण्डमा प्राप्त गर्न सक्ने लाभ (उद्योग व्यवसायलाई प्रदान गरिने अनुदान) स्पष्ट हुन्छ । सानो समूह र बलियो उत्प्रेरणा भएका कारण तिनीहरूलाई सङ्गठित गराउन हुन सजिलो हुन्छ र तिनीहरूले अभियान र पैरवीमा बढी मिहिनेत गर्न सक्छन् । तर कम विशिष्ट विचार भएका करदाता वा उपभोक्ता जस्ता बढी फराकिलो समूहलाई सङ्गठित गर्न गाह्रो हुन्छ । कुनै उद्योग विशेषमा प्रदान गरिने अनुदानबाट पर्न जाने लागत अत्यन्तै थोरै हुने भएकाले उनीहरूमा विरोधमा उत्रिने जाँगर कम हुन्छ ।

## गठबन्धन र सम्झौताहरू

अल्पसङ्ख्यकहरूको दृष्टिकोण त्यति बेला झन् बलियो बन्छ, जब ससाना स्वार्थ समूहले आफ्नो मतको शक्ति बलियो बनाउन एकआपसमा सम्झौता गर्छन् । एउटा उम्मेदवारमाथि कुनै एउटा ठूलो समूहको भन्दा चित्त नबुझे बाहिरिन सक्ने विभिन्न समूहका गठबन्धनको प्रभाव बढी हुन्छ ।

विशेष स्वार्थ भएकाहरूलाई रिझाउने काम संसदमा हुन्छन् । आफ्नो जिल्लामा कुनै सार्वजनिक खर्चका परियोजना ल्याउन चाहने सांसदले त्यस्तै परियोजना आफ्ना जिल्लामा ल्याउन चाहने अर्का सांसदसँग समर्थन लेनदेन गरेका हुन्छन् । "तिमी मलाई समर्थन गर, म तिमीलाई गर्छु" भन्ने यस किसिमको "लगरोलिङ" सफल भएको खण्डमा यस्ता धेरै प्रस्ताव पारित हुन्छन् अनि सरकार कसैले पनि चिताएकोभन्दा धेरै ठूलो हुन्छ ।

जब यी नियम कार्यान्वयनमा जान्छन्, थप निजी स्वार्थहरू सतहमा आउन थाल्छन् । तिनलाई कार्यान्वयनमा ल्याउन अख्तियारी पाएका अधिकारीहरूको पनि आफ्नै स्वार्थ हुन्छन् । उनीहरूको तलब र मातहतका कर्मचारीको सङ्ख्याले उनीहरूको प्रतिष्ठा जनाइरहेको हुन्छ । अनि धेरै सङ्ख्याका कर्मचारीको औचित्य पुष्टि गर्न उनीहरूले जानीनजानी प्रशासनिक प्रक्रिया जटिल बनाउन खोच्छन् । यो प्रक्रियालाई "इम्पाएर बिल्डिङ" भनिन्छ । आम मानिसले भन्दा बढी नै लबिइङ गर्दै साना स्वार्थ समूहरू उनीहरूसम्म आइपुग्छन् । र उनीहरूले ती स्वार्थ समूहहरूलाई आवश्यकताभन्दा बढी दिन्छन् र सायद घूस पनि लिन्छन् ।

## कानुन तर्जुमा

सारांशमा, सरकार रोज्ने, नियम तर्जुमा गर्ने, त्यसलाई कार्यान्वयन गर्ने कुरामा भिन्न स्वार्थ भएका तर छरिएका बहुसङ्ख्यकभन्दा समान स्वार्थ भएका ससाना समूह बढी महत्त्वपूर्ण हुन जान्छन् । राजनीतिक रूपमा गरिएका निर्णयहरू जनताको बृहत दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने सवालमा निकै कमजोर हुन्छन् । सरकारी क्षेत्रको प्रवृत्ति बहुसङ्ख्यक जनताले चाहेकोभन्दा बढी, सामान्य बुद्धिले जायज ठहऱ्याउन सकिनेभन्दा धेरै र स्वतन्त्र समाज व्यवस्थापनका लागि आवश्यकभन्दा धेरै फैलिने किसिमको हुन्छ । यो अवस्थाले वास्तवमै स्वतन्त्रतालाई क्षति पुऱ्याउँछ ।

बढी स्वतन्त्र समाजले यस्ता समस्यालाई सीमित गर्न धेरै किसिमका नियम अपनाएको हुन्छ । चुनाव यसको सबैभन्दा आधार भूत पक्ष हो । तर यसले राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई बलियो गरी बाँध्न सक्दैन । चुनाव कहिलेकाहीँ मात्र आउँछ र त्यसमा ठूला पार्टीको दबदबा हुन्छ र परिवर्तन सुस्त हुन्छ । बलिया बन्धनहरू आवश्यक देखिन्छन् ।

## संवैधानिक सहमति

राजनीतिक प्रक्रियालाई बाँध्ने एउटा प्रचलित तरिका सबैलाई मान्य वा अत्यधिक बहुमतबाट संविधानको निर्माण हो । यसले निर्वाचन विधि तथा राजनीतिक निर्णय प्रक्रियाका नियमहरू तय गर्छ । यस्ता नियमबारे सबैको सहमति आवश्यक भयो भने सरकार हरूलाई आफ्नो स्वार्थ पूर्ति गर्न बनाइएका नियमहरू लाद्न सम्भव हुँदैन । यस्ता नियम उदाहरणका लागि, विपक्षी उम्मेदवारलाई प्रतिबन्ध गर्ने वा तिनका मतदातालाई बढी कर लगाइदिने जस्ता हुन सक्छन् ।

शक्ति पृथकीकरणले पनि राजनीतिक प्रक्रियालाई अझ बाँध्न सकिन्छ । कुनै एक व्यक्तिमा विधि निर्माणका सबै शक्ति स्थापित गर्नुभन्दा त्यसलाई धेरै संस्थाहरूमा बाँडफाँट गर्नु बुद्धिमानी हुन्छ । ती संस्थाहरूले एकअर्काले ल्याउन सक्ने नियमलाई रोक्न, संशोधन गर्न वा छेक्न सक्छन् । यसैकारण शक्ति पृथकीकरण कहिलेकाहीँ नियन्त्रण र सन्तुलनको प्रणाली पनि भनिन्छ ।

पोलिटब्युरो वा विधान परिषद् जस्तो कुनै एउटा निकायलाई सबै किसिमका अधिकार दिइयो भने राजनीतिक बहुमतले वा क्षेत्रीय स्वार्थ समूहले त्यसलाई आफ्नो हितमा प्रयोग गर्ने गरी निश्चित रूपमा कब्जा गर्न खोज्छ । तर संविधानले यस्तो शक्तिलाई राज्यका विभिन्न निकायमा विभाजन गरिदियो भने स्वार्थ समूहलाई शक्ति हत्याउन गाह्रो हुन्छ । ती निकायहरू चुनिने विधि भिन्न भयो भने ती स्वार्थ समूहलाई हाबी हुन झन् कठिन हुन्छ । एउटा निकायले गरेको निर्णयलाई अर्कोले रोक्न वा फेर्न सक्ने स्थितिमा "लगरोलिङ" र अल्पसङ्ख्यक समूहको शोषण असम्भव जस्तै हुन्छ ।

नियन्त्रण र सन्तुलनको यो प्रणालीलाई जीवन्त राख्न धेरै स्वतन्त्र मुलुकहरूको संविधानमा राष्ट्रपतिको व्यवस्था गरिएको

हुन्छ । सम्पूर्ण जनताको प्रतिनिधि ऊ राजनीतिक दलभन्दा माथि उठ्छ र अल्पसङ्ख्यकहरूलाई क्षति पुग्ने कानुन रोक्छ भन्ने आश गरिएको हुन्छ ।

शोषणविरूद्धको यस्तै अर्को रक्षक स्वतन्त्र न्यायपालिका हो । यो स्वतन्त्र समाजका लागि अत्यावश्यक हुन्छ । न्यायाधीशहरूको राजनीतिक साँठगाँठ हुनुहुँदैन । राजनीतिकर्मीबाट हुन सक्ने प्रतिशोधको भयबाट मुक्त भई उनीहरूले असंवैधानिक कानुन र अल्पसङ्ख्यकहरूको शोषणलाई निस्तेज गर्नुपर्छ ।

संविधानले सरकारका गतिविधिलाई नियन्त्रण गर्ने अर्को व्यवस्था पनि गरेको हुन्छ, सन्तुलित बजेटको, जसअनुसार निश्चित अवधि (तीनदेखि पाँच वर्ष)का लागि बजेट सन्तुलित राख्नुपर्छ । वार्षिक ऋण तथा कुल सार्वजनिक ऋणका सीमाहरू तोकिएका हुन्छन् । ठूलो हुँदै जाने सरकारको स्वभावलाई नियन्त्रण गर्न केहीले त आम्दानीको कति अंश सरकारले खर्च गर्न पाउँछ भनेर समेत तोकिदिएका हुन्छन् । त्यसैगरी राजनीतिज्ञहरूले वर्षौं पद ओगटेर बस्न नसकून् भनेर उनीहरूको कार्यकालको सीमा तोकिएको हुन्छ र आफ्नो उपादेयता सकिइसकेपछि पनि सरकारी निकायहरू अस्तित्वमा नरहून् भनेर "सनसेट क्लज" राखिएको हुन्छ ।

## स्पष्ट बहुमत

अल्पसङ्ख्यकलाई जोगाउने अर्को उपाय स्पष्ट बहुमत हो । संसद्मा साधारण बहुमतले संवैधानिक प्रावधानहरूलाई सत्ताधारीहरूले सजिलै संशोधन गर्न सक्ने व्यवस्था गरियो भने स्वतन्त्र समाज असुरक्षित हुन्छ । त्यसैले स्वतन्त्र समाजले दुवै सदनबाट दुईतिहाइ बहुमतबाट मात्र पारित गर्न सकिने, कतिपय सवालमा सम्पूर्ण क्षेत्र र प्रदेशका मतदाताबाट प्रत्यक्ष मतदान गर्नुपर्ने अलि उच्च सीमाहरू खडा गरेको हुन्छ ।

अल्पसङ्ख्यकहरूलाई सजिलै नराम्ररी शोषण गर्न सकिने प्रावधानहरू परिवर्तन गर्दा अत्यधिक बहुमत अनिवार्य हुन्छ । उदाहरणका लागि, कर तर्जुमा गर्दा कुनै निश्चित समूहलाई निकै ठूलो भार पर्न सक्छ । त्यसैले कतिपय स्वतन्त्रता पक्षधरले करका नियम तर्जुमा गर्दा (करका दर होइन, कसले कुन कर तिर्ने भन्ने कुरा) सर्वसम्मतिबाट निर्णय हुनुपर्छ भन्छन् । यसबाट अत्यधिक बहुमत भए पनि अल्पसङ्ख्यकहरूको रक्षा हुन्छ भन्ने उनीहरूको तर्क छ ।

**बन्दी जनता**

बजार अर्थतन्त्रमा कुनै कारोबारीले ठगिरहेको छ वा मूल्य तिरेअनुसारको सामान पाइएको छैन भन्ने उपभोक्ता अन्तै कारोबार गर्न स्वतन्त्र हुन्छ । तर सरकारले नै ठगिरहेको छ, शोषण गरिरहेको छ भने जाने ठाउँ अर्को हुँदैन । देश छाड्न सकिएला । तर भाषा तथा अन्य अवरोधका कारण धेरैका लागि त्यो उपयुक्त विकल्प हुन सक्दैन । यसको उपचार भनेको नागरिकको स्वतन्त्रता रक्षा र प्रवर्द्धन गर्ने गरी सरकार तथा यसका अङ्गको भूमिका तथा प्रत्येक कामकारबाहीलाई सावधानीपूर्वक स्पष्ट पार्ने, सीमा निर्धारण गर्ने हो ।

# ४. समानता र असमानता

## स्वतन्त्र समाजमा समानता

स्वतन्त्र समाज साह्रै असमान हुनुपर्छ भन्ने धेरै मान्छेको अनुमान हुन्छ । किनभने त्यस्तो समाजमा मान्छेलाई सके जति धन सङ्कलन गर्ने छूट हुने मात्र होइन, त्यसो गर्न प्रेरित पनि गरिन्छ । यसैकारण त्यहाँ ठूलो आर्थिक असमानता हुनुपर्छ भन्ने तर्क गरिन्छ ।

तर यो तर्क गलत हो । किनकि स्वतन्त्र र नियन्त्रित दुवै मुलुकमा हामीले आय असमानता उस्तै देखेका छौं । बरू स्वतन्त्र समाज थोरै भए पनि समान हुन्छन् ।

यसबाहेक नियन्त्रित समाजमा गैरआर्थिक असमानता बढी हुन्छ, जुन अरू स्वतन्त्र समाजमा हुँदैन । स्वतन्त्र समाजका प्रत्येक नागरिकले नयाँ राम्रो जागिर खाएर वा नाफा कमाउने व्यवसाय गरेर आफ्नो सम्पत्ति तथा आय बढाउने चाहना राख्न सक्छन् । नियन्त्रित समाजमा यस्तो गर्न सधैं सम्भव हुँदैन । सरकारी जागिर सत्ताधारी दलका समर्थक वा शासकका साथीभाइ, नातेदारले मात्रै पाउने हुन सक्छ । कानुनी तथा अन्य पूर्वाग्रहका कारण महिला, जातीय अल्पसङ्ख्यकलगायत समूहलाई निश्चित पेसा गर्नबाट वञ्चित गरिएको हुन्छ । कुनै जातीय समूह वा जातिलाई शारीरिक श्रममा सीमित गरिएको हुन्छ । आप्रवासीलाई व्यवसाय

सञ्चालन गर्न, त्यसको मालिक बन्न वा बैङ्क खाता खोल्न रोक लगाइएको हुन्छ ।

काम गर्न पाएकाहरूबीच पनि असमानता हुन्छ । उदाहरणका लागि सोभियतकालीन मस्कोको रेड स्क्वायरस्थित जीयूएम डिपार्टमेन्ट स्टोरमा नगद बोकेर आउने पर्यटक र पार्टीका वरिष्ठ अधिकारीहरूलाई मात्र प्रवेश दिइन्थ्यो । जिल लिमोजिन चढ्ने वा जङ्गली स्पाहरूमा महिनौं लामो छुट्टी मनाउने कामना दोस्रो थरीका मान्छेले मात्रै गर्न सक्थे, उनीहरूको सवारीलाई सहज बनाउन अलग्गै व्यवस्था गरिएको हुन्थ्यो, विलासी अपार्टमेन्ट र सप्ताहान्तका लागि दाचा भनिने फार्म हाउस छुट्याइएका हुन्थे । यी यस्ता असमानता हुन्, जसबाट छुटकारा पाउन सकिन्न । यस्तो असमानताबाट पीडित हुनेसँग भोट हाल्ने वा नियमलाई परिवर्तन गर्ने अभियान चलाउने अधिकार पनि नहुन सक्छ । यसविपरीत स्वतन्त्र समाजका सदस्यहरू कम्तीमा पनि जागिर फेर्ने, नयाँ व्यवसाय गर्ने, आय तथा सम्पत्ति बढाउनेबारे सोच्न सक्छन् । तिनीहरू सबै सफल नहोलान् तर तिनलाई कसैले रोक्दैन ।

## समानताका प्रकार

स्वतन्त्र समाजमा समानताको अर्थ सबै मान्छेलाई उत्तिकै सम्पत्ति, आय वा जीवनस्तर प्रदान गर्ने भन्ने होइन । सबै मान्छेलाई समान व्यवहार गरिन्छ भन्नु नै समानता हो ।

स्वतन्त्र समाजले समानता चार किसिमले देखाउँछ ।[१] स्वतन्त्र समाजका नागरिकसँग नैतिक समानता हुन्छ, प्रत्येकसँग आफ्ना

१. यी बुँदाहरूको विस्तृत चर्चाका लागि निगेल एसफोर्डको *प्रिन्सिपल फर ए फ्रि सोसाइटी*, जार्ल जालमर्सन फाउन्डेसन, स्टकहोम, २००३ हेर्नुहोस् ।

लागि छनोट गर्ने अधिकार हुन्छ, उनीहरूलाई उचित व्यवहार गरिन्छ र सम्मान गरिन्छ । कानुनका अगाडि सबै समान हुन्छन्, कानुनले सबैको रक्षा गर्छ । जुनसुकै जाति, लिङ्ग, आय वर्ग वा पारिवारिक पृष्ठभूमिको भए पनि उस्तै व्यवहार गरिन्छ । सबै राजनीतिक रूपमा समान हुन्छन्, सबैले भोट हाल्न र उम्मेदवार बन्न पाउँछन् । सबैलाई समान अवसर उपलब्ध हुन्छ, व्यक्तिगत उन्नतिका लागि पढ्न वा काम गर्नका लागि स्वेच्छाचारी व्यवधानहरू खडा गरिएका हुँदैनन् ।

## नैतिक समानता

स्वतन्त्र समाजमा सबै मानिस उत्तिकै सम्मान गर्न लायक मानिन्छन् । अर्कालाई हानि नपुऱ्याईकन आफ्नो जीवनबारे निर्णय गर्ने अधिकार तिनीहरूसँग हुन्छ ।

यो हाम्रो प्राकृतिक स्वभावप्रतिको आस्थामा आधारित छ । जुनसुकै जाति, धर्म वा लिङ्गका भए पनि हामी सबै आफ्ना लागि आफैं छनोट गर्न चाहन्छौं र यसो गर्न पाउने आफ्नो अधिकारलाई अरूले सम्मान गरिदिऊन् भन्छौं । "आफूलाई गरिने जस्तै व्यवहार अरूलाई पनि गरौं" भन्ने स्वतन्त्र समाजको नियम हुन्छ ।

यसको अर्थ सबै मान्छे नैतिक गतिविधिका दृष्टिले समान हुन्छन् भन्ने होइन । अर्कालाई आक्रमण गर्नु, लुट्नु नैतिक व्यवहार होइन । केही मान्छेले सामाजिक तथा लिङ्गीय परम्परालाई उल्लङ्घन गर्न सक्छन् । तर उनीहरूको जीवनको अर्थ भने रहिरहन्छ । उनीहरूको कानुन उल्लङ्घन तथा अनैतिक व्यवहार दण्डनीय भए पनि उनीहरूलाई मनोमानी रूपमा क्रूर व्यवहार र बेइज्जत गर्न पाइँदैन ।

## कानुनी समानता

स्वतन्त्र समाजको कानुनले मानिसलाई निष्पक्ष रूपमा संरक्षण पनि दिन्छ, सजायँ पनि दिन्छ । धनसम्पत्ति, सम्पर्क, जाति, लिङ्ग, धर्म वा जातीयता जस्ता अपराधसँग नजोडिएका व्यक्तिगत विशेषताहरूका आधारमा प्रहरी, अदालत वा कारागारले अपराधीलाई भिन्न व्यवहार गर्दैन । सत्तामा भएका मान्छेलाई मन नपरेकै भरमा नागरिकलाई जथाभावी पक्राउ गरिँदैन, यातना दिइँदैन । न्यायमा सबैको समान पहुँच हुन्छ । लुट्ने वा हानि पुऱ्याउने मान्छे जोसुकै होस् वा जतिसुकै नाम चलेको होस्, नागरिकले उसको विरूद्ध उजुरी गर्न सक्छ ।

संसारभरि अदालतमा एक हातमा तराजु र अर्कोमा तरबार समाएको न्यायमूर्ति राखिएको हुन्छ । उसको आँखामा बाँधिएको पट्टी सबैभन्दा महत्त्वपूर्ण हो । स्वतन्त्र समाजमा न्यायले मुद्दासँग सम्बन्धित तथ्यबाहेक अरू कुरा देखेको हुँदैन ।

## राजनीतिक समानता

मानवीय स्वभावबाट उत्पन्न हुने समानताको अर्को स्वरूप राजनीतिक समानता हो । सबैको चासो र दृष्टिकोण विचारणीय हुन्छन् । त्यसैले स्वतन्त्र समाजमा हुने निर्वाचन तथा जनमतसङ्ग्रहमा सबैले भोट हाल्न पाउँछन् । तर कसैले पनि एक भोटभन्दा बढी हाल्न पाउँदैनन् । यसले उम्मेदवार वा निर्वाचित राजनीतिकर्मीले सबैको चासो सम्बोधन गर्ने कुराको सुनिश्चितता प्रदान गर्छ ।

यसमा केही सीमित अपवाद भने छन् । हामी सामान्यतया केटाकेटीलाई भोट हाल्न दिँदैनौं । उनीहरू वा अरूमाथि कसरी शासन गरिनुपर्छ भन्ने सम्बन्धमा उनीहरूले परिपक्व राय दिन सक्दैनन् भनेर त्यसो गरिएको हो । यसैगरी तीव्र मानसिक

अपाङ्गता भएकालाई भोट हाल्न दिइँदैन । तर यी अक्षमतालाई स्वतन्त्र रूपमा पहिचान गरिनुपर्छ, ता कि सत्ताधारीले यसैलाई आधार बनाएर विपक्षीलाई भोट हाल्नबाट रोक्न नसकून् ।

प्रमाणित अपराधीलाई भोट हाल्न दिने कि नदिने भन्ने सम्बन्धमा मत विभाजित छ । कसैले कानुन तोड्ने अपराध गरेको छ भन्ने उसलाई कानुन बनाउने प्रक्रियामा समावेश गराउन हुँदैन भनेर केही देशमा जेलमा भएका मान्छेलाई भोट हाल्न दिइँदैन । केही देशमा अत्यन्तै गम्भीर अपराध गरेकालाई मात्रै भोट हाल्नबाट वञ्चित गरिन्छ । तर केही मुलुकमा उनीहरू पनि हामी जस्तै मानवीय स्वभाव भएका व्यक्ति हुन भन्दै भोट हाल्न दिइन्छ ।

राजनीतिक समानताको अर्थ महिलालाई पुरूष जत्तिकै भोट हाल्ने अधिकार छ भन्ने हो तापनि तुलनात्मक रूपमा स्वतन्त्र मुलुकमा पनि यो अधिकार महिलालाई एक शताब्दीअघिबाट मात्र दिइएको थियो । बालिग महिलालाई भोट हाल्ने अधिकार दिने पहिलो मुलुक न्युजिल्यान्ड हो, उसले त्यस्तो अधिकार १८९३ मा दिएको थियो । सन् १९०२ मा अस्ट्रेलियाले पनि त्यस्तै गर्‍यो । तर आदिवासी महिलालाई भने १९६२ सम्म त्यो अधिकारबाट वञ्चित गर्‍यो । धेरैजसो युरोपेली मुलुकले पहिलो विश्वयुद्धपछि महिलालाई भोट हाल्ने अधिकार दिए पनि फ्रान्सले १९४४ मा र स्विट्जरल्यान्डले १९७१ मा मात्र दिए ।

मताधिकारबाट वञ्चित गराउने अवस्थाहरू सीमित पार्नुपर्छ । विपक्षीहरूलाई जेलमा हालेर वा उनीहरू मानसिक रूपमा सक्षम छैनन् भनेर वा अनेक बहाना बनाएर कम स्वतन्त्र समाजको अधिकारीहरूले सजिलै विपक्षीलाई भोट हाल्न नदिन सक्छन् । यसो गर्नु अधिकारको दुरूपयोग हो ।

सम्भव भएसम्म हेरक व्यक्तिको मत उत्तिकै महत्त्वपूर्ण हुनुपर्छ । उदाहरणका लागि, प्रत्येक निर्वाचन क्षेत्रमा बराबर मतदाताबाट प्रतिनिधि चुनिने गरी चुनाव हुनुपर्छ । कतै थोरै, कतै धेरै मतदाता हुनु भनेको धेरै मतदाता भएका निर्वाचन क्षेत्रका मतदाताको भोटलाई कम महत्त्व दिइनु हो । अत्यन्तै भिन्न आकारका निर्वाचन क्षेत्र बन्नुको एक मात्र कारण साह्रै नमिल्दो भौगोलिक बनोट हुन सक्छ । स्वतन्त्र निकायले निर्वाचन क्षेत्रको सीमा तोक्नुपर्छ । त्यसो गर्दा शासकवर्गले त्यसबाट फाइदा लिन सक्दैन ।

भोट हाल्न पाउने अधिकारसँगै सबैले निर्वाचनमा उम्मेदवार हुने र पदभार सम्हाल्ने अधिकार पनि पाउनुपर्छ । विधायिकीको कुनै पनि सिटमा जानका लागि कुनै जाति, लिङ्ग, धर्मको मान्छेलाई रोक लगाइनुहुन्न । शासक वर्गबाट धाकधम्की आउने वा उनीहरूको निशानामा परिने भयबाट मुक्त भई उम्मेदवार बन्न सकिनेलगायत अनुकूल वातावरण बनाई निर्वाचन प्रणालीले समानताको अधिकारलाई रक्षा गर्नुपर्छ । यसका अर्थ उनीहरू निर्वाचन अभियान चलाउन, बोल्न, आफ्ना विचारहरू प्रचारप्रसार गर्न, अर्को उम्मेदवार, दल, कानुन र संविधानको आलोचना गर्न स्वतन्त्र हुनुपर्छ भन्ने हो । चुनाव भनेको विचारहरूको प्रतिस्पर्धा हो । विचार तथा अभिव्यक्तिको दमन गरियो भने स्वतन्त्र चुनाव हुन सक्दैन । नियन्त्रित समाजमा सरकारको आलोचना गर्नु भनेको आपराधिक कार्य हुन्छ भने स्वतन्त्र समाजमा त्यसो गर्नु दैनिक राजनीतिक बहसको सामान्य पक्ष हो ।

## अवसरमा समानता

अवसरमा समानता भनेको शिक्षा, रोजगारी वा जीवनका कुनै पनि पक्षसँग सम्बन्धित महत्त्वाकाङ्क्षा पूर्तिमा व्यक्तिहरूले कुनै किसिमको व्यवधानको सामना गर्नुहुन्न भन्ने हो । उदाहरणका लागि

जातीयताकै कारण उनीहरूलाई कुनै विद्यालय वा कुनै खेलमा प्रवेश गर्न रोक लगाइनुहुँदैन । राजनीतिक लगाव वा लिङ्गीय आधारमा उनीहरूलाई कुनै निश्चित रोजगारीमा रोक लगाइनुहुँदैन। गरिबी वा सामाजिक वर्गलाई आधार बनाएर उनीहरूलाई कुनै अर्को समूहको मान्छेसँग विवाह गर्नबाट रोक्नुहुँदैन ।

यसको अर्थ विद्यालय वा रोजगारदाताले व्यक्तिको योग्यतालाई हेर्दै नहेरी कसैलाई कुनै पनि बेला प्रवेश दिनुपर्छ भन्ने होइन । विद्यालयले कुनै परीक्षा उत्तीर्ण गरेकालाई मात्र भर्ना लिन सक्छ, रोजगारदाताले कुनै सीप र अनुभव भएकालाई मात्र काममा लगाउन सक्छ। एक स्वतन्त्र महिलालाई कुनै पुरूषले मन पराएकै आधारमा विवाह गर्न पाउनुपर्छ भन्ने होइन। अवसरमा समानताको अर्थ केवल कसैको मार्गमा कसैले मनोमानी ढङ्गले अवरोध खडा गर्दैन, उसले गर्न नचाहेको कुरा गर्नलाई कसैले बाध्य बनाउन सक्दैन भन्ने हो । उदाहरणका लागि, दुवै पक्ष राजी भएको अवस्थामा मागी विवाह धेरैजसो स्वतन्त्र समाजमा पूर्ण रूपमा स्वीकार्य हुन्छ । तर मान्छेलाई उनीहरूको इच्छाविपरीत विवाहका लागि बाध्य बनाउन सकिँदैन, उनीहरूका अभिभावक तयार भए पनि । स्वतन्त्र समाजमा विवाहका लागि उमेर पुगेको व्यक्ति आफैंले जीवनसाथी रोज्न सक्छ। विवाह पनि एक प्रकारको करार नै हो। दुईमध्ये एक पक्षलाई चित्त नबुझे त्यो रद्द हुन सक्छ ।

जीवनका रोजाइमा व्यक्तिहरूले सामाजिक व्यवधान सामना गर्नुहुन्न भने पनि केही प्राकृतिक असमानता हुन्छन् नै। सुस्तश्रवण शक्ति लिएर जन्मिएको व्यक्ति सङ्गीतकार वा साङ्गीतिक टोलीको प्रमुख हुन सक्दैन (यद्यपि बिथोभनले जीवनको उत्तरार्द्धमा त्यसो गर्न सकेका थिए) । खुट्टा नभएको मान्छे हिमाल चढ्न सक्दैन । परिवारको परिस्थितिअनुरूप बालबालिकाले भिन्न ढङ्गले जीवनको

थालनी गर्छन्, कसैका अभिभावकले उनीहरूलाई पुस्तक ल्याइदिने वा विद्यालयको गृहकार्यमा सहयोग गर्ने गर्छन् भने कसैकाले पूरै बेवास्ता गर्छन् ।

**प्रश्न : लिमोजिन किन्नका लागि गरिब स्वतन्त्र हुँदैनन्, हुन्छन् र ?**

*हुन्छन् । स्वतन्त्र समाजमा सबै मान्छे विलासी सामान किन्न स्वतन्त्र हुन्छन् । तर थोरैले मात्र ती सामान किन्न सक्छन् । यो प्रश्न क्षमताको हो, स्वतन्त्रताको होइन । गरिबसँग ठूला सवारीसाधन किन्ने क्रयशक्ति हुँदैन । तर कुनै व्यक्ति वा अधिकारीले उसलाई रोक्न भने सक्दैन । मिहिनेत गरेर कमाएको पैसाले, बचत रकमले वा सापटी लिएर जोसुकैले विलासी कार किन्ने इच्छा गर्न सक्छ ।*

*केही दशकअघिसम्म विलासी मानिएका वातानुकूलित आवास, घरभित्र चौबीसै घण्टा चलिरहने पानी, बिजुली जस्ता सुविधा अहिले धनी तथा स्वतन्त्र मुलुकका गरिबले पनि उपयोग गरिरहेको कुरा मननीय छ । यसविपरीत नियन्त्रित समाजमा शासकले अनुमति नदिएसम्म ठूलो घर, खेतीयोग्य जमीनको कल्पना पनि गर्न सकिँदैन ।*

फरकफरक पारिवारिक पृष्ठभूमिमा केटाकेटी हुर्किए पनि पढाइ सकेर बालिग हुने बेलामा, कुनै जागिर सुरू गर्ने बेलामा उनीहरू सबै समान अवस्थामा पुग्ने सुनिश्चित गर्ने गरी विद्यालयले काम गर्नुपर्छ भन्ने तर्क पश्चिमा मुलुकमा केही मानिस गर्छन् । सोहीअनुरूप विद्यालयहरूले ठूलो स्रोत सुधारात्मक शिक्षामा पनि लगाउँछन् र प्रतिभावान् विद्यार्थीलाई आफ्नो पूर्ण क्षमता हासिल गर्न सहयोग गर्नुभन्दा समान स्तरमा धकल्ने प्रयास गर्छन् । सत्य हो,

हामीले प्राकृतिक रूपमा सिर्जित भिन्नतालाई क्षतिपूर्ति गर्न सक्दैनौं । जन्म दिने अभिभावकबाट अलग्याएर बालबालिकालाई समान तवरले हुर्काउने प्रयास राज्यले गऱ्यो भने नतिजा भयावह हुनेछ ।

## सकारात्मक विभेद

केही मुलुकले प्राकृतिक भिन्नता कम गर्ने, सकारात्मक विभेदका कार्यक्रममार्फत प्रतिकूलतालाई हटाउने प्रयास गरेका छन् । त्यस्तो प्रयास कुनै अवसर आफ्ना लागि पनि हो भन्ने (उदाहरणका लागि कुनै उत्कृष्ट विश्वविद्यालयमा भर्ना) कल्पनै नगरेका अल्पसङ्ख्यकहरूलाई उक्त अवसर प्राप्तिका लागि प्रोत्साहन गर्ने हुन सक्छ । यस्तो किसिमको प्रोत्साहन आपत्तिजनक हुँदैन । किनभने यसले त्यस्ता समूहलाई उपलब्ध हुने विकल्पहरूको सङ्ख्या बढाउँछ ।

सकारात्मक विभेदमा अल्पसङ्ख्यक समूहलाई बढी प्राथमिकता दिने कुरा पनि पर्छ । उदाहरणका लागि, विद्यालय तथा रोजगारदाताले अल्पसङ्ख्यक समूहका सदस्यलाई ठूलो सङ्ख्यामा नियुक्ति दिऊन् भनेर कोटा तोक्ने । कुनै बिन्दुसम्म यसले काम गर्छ । खासगरी संयुक्त राज्य अमेरिकामा काला जातिका पक्षमा १९६० देखि उनीहरूको प्रतिभा प्रस्फुटन हुने गरी विद्यालय तथा कार्यक्षेत्रमा गरिएको सकारात्मक विभेदले गोराहरूको पूर्वाग्रहलाई तोड्ने काम गरेको थियो । तर सकारात्मक विभेद स्वतन्त्र समाजमा मिल्दो कुरा होइन । यसले प्रतिकुलता तोड्न र स्वतन्त्रता बढाउन सहयोग गरे पनि सबैलाई समान व्यवहार गर्नुको सट्टा कुनै निश्चित समूहलाई कृपा गर्छ ।

केही मान्छे विगतमा अल्पसङ्ख्यकहरूलाई गरिएको नकारात्मक विभेदका कारण सिर्जित नतिजाको क्षतिपूर्ति गर्न

आरक्षण र प्राथमिकताको व्यवस्था हुनुपर्ने तर्क गर्छन् । तर बितेको कुरालाई भुल्नुपर्छ । वर्तमानमा अल्पसङ्ख्यक समूहलाई सकारात्मक विभेद गरेर विगतमा सोही समूहलाई कसैले गरेको अन्यायको उपचार हुन सक्दैन, क्षतिपूर्ति हुन सक्दैन । यस्तो नीतिले बहुसङ्ख्यकका लागि अन्यायपूर्ण हुन्छ । किनकि उनीहरूले त्यही विद्यालय वा रोजगारीमा प्रवेश गर्न तुलनात्मक रूपमा उच्च मापदण्ड पूरा गर्नुपर्ने हुन्छ । अनि अल्पसङ्ख्यक नयाँ विशेषाधिकार प्राप्त वर्गका रूपमा देखापर्नेछ र यस्तो नीति तथा त्यसबाट लाभ प्राप्त गर्ने समूहप्रति असन्तुष्टिका आवाज उठ्नेछन् र हिंसासमेत भड्किन सक्छ ।

## नकारात्मक विभेद

वास्तवमा विभेदले सधैं अल्पसङ्ख्यकलाई सहयोग गर्न खोजेको हुँदैन । प्रायः विभेद भनेको बहुसङ्ख्यकले आफैंलाई सही सावित गर्न खोज्ने, अल्पसङ्ख्यक समूहलाई उपलब्ध नभएका विशेषाधिकार तथा प्राथमिकताको रक्षा गर्ने उपाय पनि हुन सक्छ । मलेसिया र दक्षिण अफ्रिका यसका स्पष्ट उदाहरण हुन् । जाति, लिङ्ग, भाषा, राजनीति तथा धर्मका आधारमा अल्पसङ्ख्यक समूहलाई विभेद गर्ने गरी कानुन बनाइएका उदाहरण संसारभर पाइन्छ ।

यस किसिमको विभेदको स्थान स्वतन्त्र समाजमा हुँदैन । स्वतन्त्र समाजमा कानुनका अगाडि नागरिक समान हुन्छन् र कुनै पनि समूहले आफूलाई विशेषाधिकार प्राप्त हुने गरी उभ्याउन सक्दैन । प्रायः यस्तो खालको विभेद क्रमिक रूपमा अल्पसङ्ख्यक जनताको आमसंहारमा परिणत भएको छ । बहुसङ्ख्यकहरूले भोगिरहेको अधिकारबाट वञ्चित अल्पसङ्ख्यकसँग आफ्नो अवस्थाको सुधारका लागि कुनै विकल्प नै हुँदैन । उनीहरू तल्लो वर्गको वा

तल्लो दर्जाको प्राणीका रूपमा देखिन सक्छन् । जब अल्पसङ्ख्यकलाई मानवोचित व्यवहारबाट वञ्चित गरिन्छ, तब उनीहरूले भोग्ने अन्याय, हेपाइ र दुःखको सीमा रहँदैन ।

## नतिजामा समानता

समानताको कुरा गर्दा मान्छेहरूले प्रायः नैतिक समानता, कानुनी समानता, राजनीतिक समानता र अवसरको समानताको सिद्धान्तअन्तर्गतका समान व्यवहारको कुरा गरेका हुँदैनन् । उनीहरूले सम्पत्ति, आय तथा विलासी जीवनशैली जस्ता भौतिक प्राप्तिको समानताको कुरा उठाइरहेका हुन्छन् । पुनर्वितरणका पक्षपाती यस्तो समानता ल्याउन धनीबाट खोसेर गरिबलाई दिनुपर्छ भन्छन् ।

### आय असमानताको तथ्याङ्क

नतिजामा समानताको माग गर्नेहरू प्रायः इटालीका तथ्याङ्कशास्त्री तथा समाजशास्त्री कोराडो जिनीको नामसँग जोडिएको तथ्याङ्कीय सूचक "जिनी कोफिसियन्ट"तर्फ औंल्याउँछन् । यो परिसूचकले आय असमानतालाई मापन गर्छ । जिनी कोफिसियन्टको मान शून्य हुनु भनेको पूर्ण समानता र एक हुनु भनेको पूर्ण असमानता (एउटा मान्छेसँग सबै सम्पत्ति हुँदा जस्तो) हो भन्ने बुझिन्छ ।

विश्व बैङ्क, अमेरिकाको सेन्ट्रल इन्टेलिजेन्स एजेन्सीलगायत धेरै संस्थाले विभिन्न मुलुकहरूबीचको आय असमानता तुलना गर्दा यही सूचकको प्रयोग गर्छन् । यस्ता तुलनाहरूले विकसित मुलुकमा जिनी कोफिसियन्ट ०.२५ देखि ०.५ सम्म हुन्छ । अर्थात् समानताको स्तर उच्च छ भन्ने देखाउँछन् । तिनले सबैभन्दा

असमानता अफ्रिकी मुलुकमा भएको देखाउँछन् । ती देशहरूमध्ये सबैभन्दा धेरै असमानता कोफिसियन्ट ०.७ को वरिपरि रहेको दक्षिण अफ्रिकामा छ ।

तर यो सूचकको प्रयोग गर्दा वा यो सूचकले देखाए बमोजिमको उच्च आय असमानतालाई बलपूर्वक निमिट्यान्न पार्नुपर्छ भन्ने कुरामा हामी सतर्क हुनैपर्छ । त्यसका दुई कारण छन् । पहिलो, यो सूचक गणना गर्न थोरै मुलुकमा मात्र भरपर्दो तथ्याङ्क उपलब्ध हुन्छ, जसले गर्दा सूचक आफैंमा अविश्वसनीय हुन जान्छ । यसैकारण विभिन्न संस्थाले गर्ने जिनी कोफिसियन्ट गणनाको नतिजा फरकफरक आउँछन् । दोस्रो, उच्च आय असमानताले कहिलेकाहीँ सकारात्मक सामाजिक प्रवृत्तिलाई पनि प्रतिबिम्बित गरेको हुन्छ । यसले प्रविधिमा भएको तीव्र विकास वा सहरी क्षेत्रमा उन्नति भइरहेको तर ग्रामीण भेगमा पुगिनसकेको अवस्थालाई पनि जनाइरहेको हुन सक्छ । यस्तो बढ्दो समृद्धिलाई रोकेर सहरी क्षेत्रका सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिको आम्दानीलाई निर्वाहमुखी किसानको जति बनाउनु तर्कसङ्गत हुँदैन । बरू बसाइँ सराइमा बन्देज जस्ता अवरोधहरू हटाएर गरिब जनतालाई समृद्धिमा सामेल गराउने वातावरण बनाउनुपर्छ ।

यो सूचकको अर्को कमजोरी यसले कच्चा आयलाई तुलना गर्छ । अनि जनताले तिर्ने कर, प्राप्त गर्ने सरकारी लाभ (कल्याणकारी कार्यक्रमका सुविधा, पेन्सन, निःशुल्क स्वास्थ्य सेवा आदि)लाई बेवास्ता गर्छ । बेलायतमा माथिल्लो १० प्रतिशत आयवर्गको कच्चा आम्दानी तल्लो १० प्रतिशतको भन्दा ३० गुणा बढी हुन्छ, यो ठूलो असमानता जस्तो देखिन्छ । तर सोही आम्दानीबाट कर घटाउने र सर्वसाधारणले प्राप्त गरेको सरकारी अनुदानलाई जोड्ने हो भने त्यस्तो आम्दानी अन्तर मात्र छ गुणामा सीमित हुन्छ । तापनि केही

मान्छे यो सूचकलाई बारम्बार अघि सार्दै पुनर्वितरणका लागि जोड दिन्छन् । यो तथ्याङ्कको दुरूपयोग हो ।

## सम्पत्ति कि आयमा असमानता ?

समाजको सदस्य भइसकेपछि मान्छेलाई समान रूपमा पारितोषिक प्रदान गर्नुपर्छ भन्नु समतावाद (इगालिटेरिएनिज्म) हो । तर यसमा रहेको विरोधाभासले गर्दा पनि यो शब्दको खास अर्थ के हो भन्न गाह्रो छ ।

समतावादीहरू समानता सम्पत्तिमा हो या आयमा भन्नेबारे अस्पष्ट छन् । यदि आयमा समानता हुनुपर्छ भनेर उनीहरू भन्छन् भने उनीहरूले सम्पत्तिमा रहेको ठूलो असमानता निश्चित रूपमा कायमै रहन्छ भन्ने स्विकार्नुपर्छ । एउटाले आफ्नो आम्दानीबाट बुद्धिमत्तापूर्वक बचत गरी त्यसलाई लगानी गरेर थप पुँजी तथा सम्पत्ति जोड्न सक्छ भने उत्तिकै आम्दानी गर्ने अर्कोले जुवा खेल्ने वा तत्कालै कुनै अनुत्पादक क्षेत्रमा खर्च गर्न सक्छ । केही समयपछि ती दुईको सम्पत्तिमा पनि उल्लेख्य असमानता आउँछ ।

यसैगरी सबै किसिमका काममा समान ज्याला दिने हो भने सजिलो र रमाइलो कामका लागि अत्यधिक बढी माग हुन्छ भने अप्ठ्यारो र झर्कोलाग्दो कामका लागि न्यूनतम । समान पारिश्रमिकका लागि किन कसैले आफ्नो अल्छी सहकर्मीभन्दा कठिन र बढी काम गर्ने ?

भौतिक आम्दानीबाहेक कामसँग जोडिएको अर्को महत्त्वपूर्ण पक्ष पनि छ । यसलाई अर्थशास्त्रीहरू मनोवैज्ञानिक आम्दानी भन्छन् । यसअन्तर्गत उदारहणका लागि मिल्ने सहकर्मी पाउनु, देशको रमाइलो वा सुविधायुक्त र सजिलै पुग्न सकिने स्थानमा काम गर्नु जस्ता कुरा पर्छन् । यस्ता विशेषता मन पराउनेहरूका लागि तिनको धेरै महत्त्व हुन्छ तर ती समान बनाउन सकिने चीज होइनन् ।

अर्कोतिर समतावादीले सम्पत्ति समान हुनुपर्छ भन्ने तर्क गरे भने आम्दानी असमान हुन जान्छ । सम्पत्ति व्यवस्थापन गर्ने सीप र कौशलले त्यसबाट प्राप्त हुने आम्दानी फरक हुन जान्छ र कालान्तरमा सम्पत्तिमा पनि असमानता आउँछ । कसैले आफ्नो सम्पत्ति बचाउने वा अझ त्यसमा थप गर्दै लैजान्छ भने कसैले त्यसलाई खर्च गर्दै, घटाउँदै लैजान्छ र कालान्तरमा तिनीहरूको सम्पत्तिमा व्यापक अन्तर आउँछ । त्यस अवस्थामा के गर्ने ? १९५० दशकको लोकप्रिय बेलायती रेडियो कार्यक्रम "ह्याभ अ गो"का सञ्चालक विल्फ्रेड पिकलले श्रोताहरूलाई अन्य कुराका अतिरिक्त उनीहरूका महत्त्वाकाङ्क्षाबारे सोध्ने गर्थे । कार्यक्रममा एउटाले भन्यो, "म संसारभरको पैसा जम्मा पारेर सबैलाई बराबर हुने गरी बाँड्न चाहन्छु ।" त्यहाँ उपस्थित परोपकारी मन भएका सबैले चर्को ताली बजाए । तर आफूले जमाएको प्रभाव बिगार्दै उसले थप्यो, "जब मेरो भागको पैसा सकिन्छ हामी फेरि त्यसै गर्छौं ।" परिवर्तनशील संसारमा सबैको सम्पत्ति समान बनाइराख्न गाह्रो छ ।

त्यसकारण नतिजामा समानता, चाहे त्यो सम्पत्तिको होस् वा आयको अप्राकृतिक र अस्थिर हुन्छ । यी दुवैमा समानता ल्याउन र त्यसलाई कायम गर्न सम्पत्ति र स्वतन्त्रमा व्यापक क्षति पुऱ्याउनुपर्छ । पूर्ण समानताको स्थिति ल्याउन केही मान्छेबाट सम्पत्ति बलपूर्वक खोस्नुपर्छ र अरूलाई दिनुपर्छ र यो काम एक पटक गरेर हुँदैन पटकपटक गर्नुपर्छ ।

केही सम्पत्ति अविभाज्य हुन्छन्, पुनर्वितरण गर्न नसकिने खालका हुन्छन् । एउटा जटिल, कार्यशील, सम्पत्ति सिर्जना गर्ने कारखानालाई इँटा, काठ, मेसिनहरूमा टुक्राटुक्रा पार्न सकिएला । तर त्यसपछि त्यसले उत्पादन गर्न छाड्नेछ । प्राप्त हुने पैसालाई बराबरी बाँड्ने गरी कारखानालाई बिक्री गर्न पनि सकिन्न ।

किनभने सबै जना समान भएको मुलुकमा कसैसँग त्यसलाई खरिद गर्ने पर्याप्त धन हुँदैन ।

त्यस्ता पुनर्वितरण नीति दोहनकारी र अत्यन्तै सुस्त हुन्छ । तिनले जनतालाई मिहिनेतको फलबाट वञ्चित गर्छन् र काम गर्ने, बचत गर्ने प्रेरणा खत्तम पार्छन् । तिनीहरूले सम्पत्तिलाई पुनर्वितरण होइन, ध्वस्त पार्छन् । त्यसो गर्नलाई असीमित राजनीतिक शक्ति आवश्यक हुन्छ, जुन स्वतन्त्र समाजसँग मेल खाने कुरा होइन ।

## पुनर्वितरणको संयन्त्र

पुनर्वितरण प्रक्रियामा कसलाई समावेश गर्ने र कसलाई नगर्ने भन्ने अर्को समस्या छ । प्रायः धनी मुलुकका समतावादीले आफ्ना प्रस्तावहरू स्वदेशका जनतामा वा कम से कम आफू जस्तै मुलुकहरूको समूहमा सीमित गर्छन् । किनभने आफ्नो आम्दानी वा सम्पत्ति समान रूपमा संसारका अरू देशहरूलाई दिँदा (यदि त्यसो गर्न सम्भव हुन्छ भने) आफूहरूको जीवनस्तर व्यापक रूपमा खस्किने डर उनीहरूलाई हुन्छ । यस्तो नीतिलाई शान्तिपूर्वक स्विकार्ने सम्भावना हुँदैन ।

गरिब मुलुकका समतावादीहरूमा भने समान्यतया समानताको विश्वव्यापी दृष्टिकोण हुन्छ । धनी मुलुकको सम्पत्ति बाँडफाँट गरियो भने त्यसले गरिब देशका जनतामा ठूलो परिवर्नन ल्याउँछ भन्ने उनीहरू तर्क गर्छन् । यो एउटा असम्भव सपना हो । किनकि धनी मुलुक यसमा सहमत हुनै सक्दैनन् ।

त्यस्तो पुनर्वितरणले गरिबलाई सधैंभर पुग्ने सम्पत्ति प्रदान गर्ने पनि होइन । धन भनेको एउटाको क्षति अर्कोको प्राप्ति हुने शून्ययोग प्रतिफलवाला खेल पनि होइन । धनको सीमित घेरा हुँदैन, एउटा मान्छे धनी हुनलाई अर्को गरिब हुनैपर्दैन । धनको सिर्जना नवप्रवर्तन, उद्यम, व्यापार र पुँजी निर्माणबाट हुन्छ । कसैसँग

भएको उत्पादनशील पुँजीलाई नाश गरेर त्यस्तो केही पनि नभएका तन्नमलाई कुनै उपलब्धि हुँदैन । बरू गरिब मुलुकमा यसलाई सम्बोधन गर्ने राम्रो नीति लडाइँ झगडा र चोरीचकारी हुन नदिने र आफ्नै धन सिर्जना गर्ने कार्यलाई प्रेरित गर्ने हुन सक्छ ।

के बाँड्ने, कोबाट लिएर कसलाई दिने भन्नेलगायत प्रश्नको जवाफ सजिलो छैन, यसमा सहमति हुनै सक्दैन । पुनर्वितरणको सर्वसम्मत नीति बन्नै सक्दैन । पुनर्वितरणलाई कार्यशील बनाउने हो भने एउटा योजना हुनुपर्छ र त्यसमा सबैको सहमति हुनैपर्छ । सहमतिको अभावमा बाँकी रहने विकल्प भनेको बलको प्रयोग हो ।

बाध्यकारी भौतिक समानताले उन्नत उपलब्धि हुन्छ भनेर कुनै कार्यमा प्रयासरत हुनुको तुकलाई नै समाप्त पारिदिन्छ । नवप्रवर्तन, उद्यम र कडा मिहिनेतबाट प्राप्त हुने भौतिक लाभलाई खोसिन्छ भने किन कोही त्यसका लागि सङ्घर्ष गर्छ ? अझ गम्भीर क्षति त मानवताको हुन्छ । उद्यम सिर्जनशील हुन्छ, अझ राम्रो वस्तु तथा सेवा उत्पादन गर्ने ध्याउन्नमा लागेका मान्छेले नयाँ वस्तु, प्रक्रिया तथा प्रविधि पहिल्याउँछन् र सबैको जीवनमा सुधार ल्याउँछन् । यस्तो उद्यम र सिर्जनशीलतालाई खलबल्याएर समतावादीले सम्पूर्ण संसारको भौतिक जीवनमा निरन्तरको सुधार सम्भावनालाई समाप्त पार्छन् ।

## समानता र न्याय

### न्यायका दुइटा अर्थ

सम्पत्ति वा आयको पुनर्वितरण हुनुपर्छ भन्ने धेरै मानिस भन्छन्, कोही मान्छे असाध्यै धनी हुने र कोही असाध्यै गरिब हुने भनेको अन्याय हो । मान्छेको धनले उसको सामाजिक मूल्यलाई अनिवार्य रूपमा प्रतिबिम्बित गर्दैन भन्ने तर्कले सामाजिक अन्यायको कथनलाई अझ जटिल बनाउँछ ।

यो तर्कले हामी सबैले राम्रो र वाञ्छनीय हो भनेर स्वीकार गरेको र मानव भएको नाताले हामी सबैले पाउनुपर्ने न्याय शब्दलाई हत्याएर समानता वा निष्पक्षताको पूर्ण रूपमा अर्को अर्थ दिन्छ । न्यायको मूल अर्थ, हामीले एकअर्काबाट अपेक्षा गर्ने स्वीकार्य व्यवहार हो । कसैले करार तोड्छ अथवा चोरी गर्छ भने हामी भन्छौं उसले न्यायोचित काम गरेन । किनभने त्यस्तो व्यवहारलाई हाम्रो कानुन, अर्कालाई क्षति नपुऱ्याउने सिद्धान्त र नैतिकताले निषेध गरेको हुन्छ । अर्को शब्दमा भन्नुपर्दा, वितरण न्याय भनिने न्यायको अर्थ मानिसले कसरी व्यवहार गर्छ भन्ने हो । मान्छेले जानाजान गर्ने व्यवहारमा मात्र यो लागू हुन्छ । कोही विषम ज्वरो वा शारीरिक अपाङ्गताको सिकार हुन्छ भने त्यो अन्याय होइन, दुर्भाग्य हो । किनकि त्यहाँ अरू कसैले केही गरेकै हुँदैन ।

न्याय शब्दको दोस्रो प्रयोग वितरण न्यायका सन्दर्भमा हुन्छ । यो व्यक्तिहरूबीच हुने व्यवहार नभई उनीहरूबीच भएको चीजबिजको वितरणसँग सम्बन्धित छ । स्वतन्त्र समाजमा सम्पत्ति र आयको वितरण भनेको कानुनी र नैतिक नियम पालना गरेर गरिएका स्वैच्छिक आर्थिक क्रियाकलापबाट उत्पन्न परिणाम हो । यो अन्यायपूर्ण हुन सक्दैन । किनकि त्यहाँ कसैले पनि अन्यायी व्यवहार गरेको हुँदैन । कसैले पनि यस्तो नतिजा अपेक्षा गरेको हुँदैन, त्यो केवल जीवनको साधारण सत्य हो ।[२]

## समाजका लागि मूल्य

सामाजिक न्याय पदावलीको प्रयोगले आय तथा सम्पत्तिको संरचना कस्तो हुनुपर्छ भनेर निर्णय गर्ने व्यक्ति जस्तै हो समाज पनि भन्ने गल्ती गरिन्छ । तर समाजका आफ्ना इच्छा हुँदैनन् ।

---

२. यो बुँदाको विस्तृत व्याख्याका लागि एफए हायक, द *मिराज अफ सोसियल जस्टिस*, युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो, आइएल, १९७८ हेर्नुहोस्

व्यक्तिहरूले मात्र निर्णय गर्न सक्छन् र त्यसलाई कार्यान्वयनमा ल्याउन सक्छन् । अनि व्यक्तिहरू सामाजिक, आर्थिक नीतिका विषयहरूमा तीव्र रूपमा असहमत हुन सक्छन् । सामाजिक न्यायको अवधारणाले धेरैलाई आकर्षित गर्नुको एउटा कारण यो अत्यन्तै अस्पष्ट भएर पनि हो । यसले नतिजा ठ्याक्कै कस्तो हुनुपर्छ भन्ने केही बोल्दैन । तर असहमतिहरूमाथि अमूर्त लेप लगाएर पदावलीलाई चम्किलो बनाइदिन्छ ।

सामाजिक न्यायका हिसाबले वितरण कस्तो हुनुपर्छ भन्ने खोतल्ने प्रयास गऱ्यौं भने सहमतिमा पुग्ने सम्भावना शून्य हुन्छ । धेरै मान्छे आयमा पूर्ण समानता सही लक्ष्य होइन भन्नेमा सहमत हुन्छन् । किनभने जतिसुकै अल्छी वा काममा बाधा पुऱ्याउन खोज्नेलाई पनि मिहिनेती सरह समान ज्याला दिनुहुँदैन भन्ने उनीहरूको तर्क हुन्छ । पारितोषिक प्रदान गर्दा मिहिनेत र नतिजालाई पनि हेर्नुपर्छ । त्यसैले मानिसलाई पूर्ण समानताको सट्टा उसले समाजका लागि सिर्जना गरेको मूल्य बराबर पारितोषिक दिइनुपर्छ भन्ने प्रचलित अवधारणा छ ।

तर कसैले समाजका लागि सिर्जना गरेको मूल्य कति हो भन्ने कसले निर्णय गर्छ ? समाज कुनै व्यक्ति होइन र उसको आफ्नै मूल्य हुँदैन । जोसँग आफ्नै मूल्य हुँदैन, त्यसलाई मान्छेले कसरी मूल्य प्रदान गर्न सक्छ ? व्यक्तिहरूको मात्र मूल्य हुन्छ र यस्तो मूल्य प्रायः बाझिने खालको हुन्छ । एकथरी मान्छे बक्सिङ खेलाडीको प्रदर्शनीलाई महत्त्व दिने हुन सक्छन् भने अर्काथरीलाई भायोलिनवादकको प्रस्तुति मन पर्न सक्छ । मान्छेले प्राप्त गरेको आनन्दलाई मापन गर्न नसकिने त्यस्तो अवस्थामा ती दुईमध्ये समाजका लागि कसले बढी मूल्य सिर्जना गऱ्यो भन्न गाह्रो हुन्छ । हामीले समाजका लागि नर्स, कसाही, खानीको कामदार,

न्यायाधीश, गोताखोर, कर अधिकृत, जीवन रक्षक औषधि पत्ता लगाउने आविष्कारक वा गणितका प्राध्यापकले कति मूल्य सिर्जना गरे भन्ने निर्णय कसरी गर्न सकौंला ?

## गुणका आधारमा वितरण

समतावादीको अर्को सुझाव पारितोषिकको वितरण गुणका आधारमा हुनुपर्छ भन्ने छ । फेरि पनि विभिन्न मान्छेका गुणको तुलनात्मक मापन र त्यसैका आधारमा पारितोषिक वितरण गर्ने कठिन अवस्था आइलाग्छ । मान्छेले फरकफरक मान्छेको गुण कति प्रसंशनीय हो भन्ने कुरामा फरकफरक दृष्टिकोण राख्न सक्छन् ।

त्यहाँ कति गुण समावेश भएको छ भनेर परिमाणात्मक मापन गर्ने अर्को व्यावहारिक समस्या हो । कुनै मान्छेले वर्षभर पसिना बगाउँछ र अन्त्यमा असफल हुन्छ भने उसलाई कुनै जस दिने कि नदिने, उसलाई पारिश्रमिक प्रदान गर्ने कि नगर्ने ? अथवा कसैले लाखौं मान्छेको हित हुने काम गर्‍यो, उसलाई त्यो संयोगले भएको काम हो भनेर दण्डित गर्ने कि नगर्ने ? हामी प्रतिफलविहीन मिहिनेतलाई प्रोत्साहित गर्न चाहँदैनौं, आर्थिक प्रगति भनेको हामीले गर्ने उत्पादनको मूल्य अभिवृद्धि र त्यसका लागि गर्नुपर्ने त्यागको न्यूनीकरण हो । कसैलाई व्यक्तिगत बलिदानका लागि प्रोत्साहित गर्नुको अर्थ अन्य कसैलाई सेवा गर्न नभई फगत उक्त बलिदानलाई प्रोत्साहित गर्नु हो । यस्तो नियममा कुनै पनि अर्थतन्त्र चल्न सक्दैन ।

बजारले दिने पुरस्कारमा उत्पादकहरूको नैतिक तथा व्यक्तिगत गुण, बजारमा उक्त वस्तु वा सेवा ल्याउन गरिएको मिहिनेत वा खर्च गरिएको समय प्रतिबिम्बित हुँदैन । उनीहरूको उत्पादन वर्षौंको मिहिनेत र लगानीको परिणाम होस् वा भाग्यवश

भएको सुखद घटनाको नतिजा होस्, त्यसले कुनै अर्थ राख्दैन । तर बजारको पुरस्कारमा उक्त उत्पादन उपभोक्तामाझ पुऱ्याउँदा प्राप्त आनन्द र मूल्य प्रतिबिम्बित भएको हुन्छ । उपभोक्ताले उत्पादकलाई वस्तु तथा सेवाका लागि मूल्य भुक्तानी गर्छन् । किनभने तिनीहरूले ती उत्पादनलाई महत्त्व दिएका हुन्छन् । यस अर्थमा बजारले प्रदान गर्ने पुरस्कार उत्पादकले समाजका अन्य सदस्यलाई उपलब्ध गराएको मूल्यमा निर्भर गर्छ । बजारको पुरस्कारमा उत्पादकको प्रतिभा र अभाव पनि प्रतिबिम्बित हुन्छ । यसमा उक्त उत्पादनलाई चाहने उपभोक्ताको सङ्ख्या, आवश्यकताको तीव्रता वा उपभोक्ताले उक्त वस्तु आफूसँग हुनुपर्छ भन्ने कुरालाई कति महत्त्व दिन्छन् भन्ने पनि प्रतिबिम्बित हुन्छ ।

## आवश्यकताका आधारमा वितरण

समतावादीको अर्को सुझाव स्रोतको वितरण आवश्यकताका आधारमा हुनुपर्छ भन्ने छ । यसमा पनि आवश्यकता के हो भन्ने कुरा कसले निर्णय गर्ने भन्ने कुरा आउँछ । आवश्यकता भएका र नभएका मान्छेलाई स्पष्ट विभाजन गर्ने रेखाको अभाव हुन्छ । मान्छेका परिस्थितिमा विविधता हुन्छ, उनीहरूको धन तथा आयमा पनि विविधता हुन्छ । तर यसमा तीव्र उतारचढाव आउन सक्छ । उनीहरू राम्रा वा अत्यन्तै नराम्रा क्षेत्रमा बसोवास गरेका हुन सक्छन्, उनीहरूको शारीरिक तथा मानसिक क्षमता फरक हुन सक्छ र फरक किसिमका मान्छेसँग फरक किसिमका काम गरिरहेका हुन सक्छन् । फेरि मिलनसार सहकर्मीसहितको मन पर्ने काम गर्न पाउनु जस्तो गैरवित्तीय लाभहरूको परिमाणात्मक मापन गर्न असम्भव हुन्छ ।

त्यसैले मान्छे अभावमा छ कि छैन भनेर भन्नु नितान्त मनोगत कुरा हुन आउँछ । फरकफरक मान्छेले फरकफरक किसिमले

यसको निर्क्योल गर्छन् । कुनै शासकलाई कसैको आवश्यकताबारे निर्णय गर्ने पूर्ण राजनीतिक अधिकार र त्यसलाई कार्यान्वयन गर्ने शक्ति दिइयो भने मात्रै आवश्यकताका आधारमा वितरण गर्न सम्भव हुन्छ । तर स्वतन्त्र समाजका सदस्यहरू त्यस्तो अधिकार कुनै अधिकारीलाई दिन तयार हुँदैनन् । भए भने उनीहरूको जीवनमाथि शासकको पूर्ण नियन्त्रण हुन्छ । उनीहरू कोही पनि स्वतन्त्र मान्छे रहन्नन् । उनीहरू त्यो शासकका  दास हुन्छन् ।

आवश्यकताको उपस्थितिले अरूको दायित्वको सिर्जना गर्दैन । एउटा व्यक्तिको मिर्गौला बिग्रियो भने उसलाई सद्दे मिर्गौला आवश्यक हुन्छ । यसको अर्थ अर्को व्यक्ति उसलाई मिर्गौला दान गर्न बाध्य हुन्छ भन्ने होइन । नजिकका नातेदारलाई दान गर्ने पारिवारिक र नैतिक दायित्व हुन सक्छ अथवा कुनै पराइले करूणावश दान गर्न पनि सक्छ । तर ती सबैका लागि त्यो रोजाइको विषय हुन्छ । दान गर्ने कामलाई हामी प्रसंशा गर्न सक्छौं । तर स्वतन्त्र समाजमा हामी कसैलाई सहयोग गर्ने नाममा दान गर्न बाध्य पार्न सक्दैनौं ।

स्वतन्त्र अर्थतन्त्रमा चीजहरूको वितरण अनिवार्यका आधारमा हुँदैन । बरू बजार अर्थतन्त्रले उत्पादन गरेको विभिन्न वस्तु तथा सेवालाई खरिदकर्ताले दिने मूल्यका आधारमा हुन्छ । उदाहरणका लागि, मानिसहरू फार्ममा पालिएकाभन्दा खोलाका माछा मन पराउँछन् वा चप्पलभन्दा जुत्ता मन पराउँछन् भने त्यसैअनुसार उत्पादन गरिन्छ । त्यहाँ स्रोतको वितरण पनि मान्छेले अर्कालाई उपहार दिन खोज्ने गरी व्यक्त गरेको मूल्यका माध्यमबाट हुन्छ । यस्ता निर्णय गर्ने जिम्मा व्यक्तिहरूलाई दिइन्छ । कुनकुन कुरामा सहयोग दिने भन्ने राज्यलाई मात्र थाहा हुन्छ भन्ने विचारलाई स्वतन्त्र समाजमा अस्वीकार गरिन्छ ।

## समतावादजन्य विनाश

सामाजिक न्यायमाथि समतावादी जोडको नराम्रो परिणाम के हो भने यसले वास्तविक विनिमेय न्यायको विचार र यथार्थलाई ओझेलमा पर्छ । यसले स्वतन्त्र समाजको आधारशिला मानिएको कानुनी समानतालगायत आधारभूत सिद्धान्तलाई अवमूल्यन गर्छ । पुनर्वितरणले व्यवहारमा समानता ल्याउन सक्दैन । बरू सबैलाई एउटै व्यवहार गर्न खोज्दा लिनुपर्ने प्रत्येकबाट फरकफरक परिमाण लिने र दिनुपर्ने प्रत्येकलाई फरकफरक परिमाण दिनुपर्ने अवस्थामा पुगिन्छ ।

### भौतिक चाहना कायमै रहन्छ

द्वन्द्वलाई सम्बोधन गर्न वास्तविक न्याय उपस्थित हुन्छ भने सामाजिक न्यायले द्वन्द्व सिर्जना गर्छ । जब सरकारले गुण, आवश्यकता वा सामाजिक मूल्यका आधारमा आयको पुनर्वितरण गर्ने प्रयास गर्छ, तब उसले आफ्नो भाग बढाउनुपर्छ भन्दै आउने विभिन्न स्वार्थ समूहहरूको सामना गर्नुपर्छ । त्यहाँ निर्णय गर्ने खास उपाय नहुने भएकाले राजनीतिक द्वन्द्वले मनोमानी निर्णयलाई प्रेरित गर्छ । अन्तिम निर्णय क्रूर शक्तिले गर्छ, जुन स्वतन्त्र समाजलाई सुहाउने कुरा होइन ।

मान्छेहरू आफू र आफ्नो परिवारको लाभ अधिकतम बनाउन शासन व्यवस्थालाई छल्ने उपाय खोज्न थाल्छन् । निश्चित रूपमा यस्तै अनुभव सोभियत सङ्घमा गरिएको थियो । त्यहाँको अधिकांश जनसङ्ख्या आफ्नो जीवनस्तरमा सुधारका लागि कुनै न कुनै किसिमको अवैधानिक क्रियाकलापमा संलग्न भएको थियो । लादिएको भौतिक समानताले कानुनसम्मत व्यवहार गर्न खोज्ने जनतालाई अपराधीहरूको झुन्ड बनाउँछ ।

## धनीको भूमिका

सम्पत्ति र आय असमानताको सकारात्मक पक्ष पनि छ ।

मान्छेहरूमा बढी कमाउने र धनी बन्ने चाहना एउटा शक्तिशाली प्रेरणा हो । यसले उनीहरूलाई राम्रो काम खोज्न, नवसिर्जना गर्न, अरू मान्छेका जीवनमा सुधार ल्याउने अझ राम्रा वस्तु तथा सेवा उत्पादन र वितरण गर्न लगाउँछ । यस्ता नयाँ उत्पादनको परीक्षकका रूपमा धनी मान्छेको महत्त्वपूर्ण भूमिका हुन्छ ।

अधिकांश नयाँ वस्तु ठूलो बजार नबनाईकन विलासी साधनका रूपमा आउँछन् । अनि त्यस्ता वस्तु थोरै परिमाणमा, उच्च लागतमा उत्पादन हुन्छन् । ती वस्तु धनी मान्छेहरूले खरिद गर्छन् र प्रयोगमा ल्याउँछन् । तिनीहरूको सुझावले उत्पादकलाई ती वस्तुमा सुधार ल्याई अधिक माग सिर्जना गर्न सहयोग पुर्‍याउँछ । ठूलो परिमाणमा उत्पादन गर्नुअघि दोषयुक्त वस्तुलाई त्याग गर्ने अवसर उत्पादकले पाउँछन् र त्यसमा सुधार गरी आम उपभोक्ताका लागि उत्पादन गर्न थाल्छन् । यसरी धनी र अग्रणी उपभोक्ताको अनुभवबाट सबै जना लाभान्वित हुन्छन् ।

समाजमा धेरै सम्पत्ति र उच्च आय भएका मानिसका अरू पनि महत्त्वपूर्ण भूमिका हुन्छन् । उनीहरूसँग नयाँ वस्तु तथा सेवा उपलब्ध गराउन आवश्यक पर्ने परीक्षण गर्न स्रोत हुन्छ । यस परीक्षणले छनोटलाई फराकिलो बनाउँछ र सुधारको प्रक्रियालाई सम्भव तुल्याउँछ । उनीहरूले सरकारबाट उपेक्षा भएको ठानिएका कला, शिक्षा तथा अनुसन्धान परियोजनालाई प्रायोजन गर्न सक्छन् । शोषक सत्तालाई चुनौती दिन सक्ने, सरकारी अधिकारी त्रस्त हुने राजनीतिक अवधारणालाई प्रोत्साहन गर्ने वित्तीय स्रोत पनि उनीहरूसँग हुन्छ । हामीलाई स्वतन्त्र समाजको संवर्द्धन गर्नु छ भने यी सबै महत्त्वपूर्ण विचारणीय पक्ष हुन् ।

## पुँजीको विनाश

उत्पादनशील स्रोतको व्यवस्था गर्ने सीप सबैसँग बराबरी हुँदैन । आफ्नो उद्यमबाट नाफा कमाउन जोखिम व्यवस्थापन कसरी गर्ने, राम्रो र सस्तो वस्तु उत्पादनका लागि उत्पादनशील स्रोत कसरी जुटाउने भन्ने कुरा उद्यमीका रूपमा आफूलाई उभ्याउन चाहनेले थाहा पाएको हुनुपर्छ । तर पुनर्वितरणले यी क्षमतावान् हरूको हातबाट स्रोत खोसेर अरू धेरै मान्छेहरूमा छरिदिन्छ । यसको अर्थ पुँजीको क्षति र पुँजी निर्माणमा ह्रास हो । पुँजीले अर्थतन्त्रलाई उत्पादनशील बनाउँछ । थोरै पुँजी निर्माण हुने तर धेरै उपभोगमा खर्च हुन थाल्यो भने समाजको दीर्घकालीन समृद्धिमा ह्रास आउन थाल्छ ।

असमानताले पनि आर्थिक सुधारलाई डोऱ्याउँछ । सफल उत्पादकले प्राप्त गरेको उच्च उपलब्धिले चुम्बकको काम गर्छ, कम उत्पादनशील र महत्त्वहीन क्षेत्रबाट धेरै मान्छे तथा स्रोतहरूलाई आफूतिर तान्छ र अझ बढी मूल्य सिर्जना गर्न सक्छ । यसरी मान्छे र स्रोतहरू भविष्यमा बढी आम्दानी हुने क्षेत्रतर्फ आकर्षित हुन्छन् । यो निरन्तर, गतिशील अभिवृद्धिको प्रक्रिया हो । धेरै मान्छेले आलोचना गर्ने असमानताले वास्तवमा मान्छे र स्रोतहरूलाई सबैभन्दा उच्च उत्पादनशील प्रयोगतर्फ डोऱ्याउँछ र सबैतिर प्रगति ल्याउँछ । यदि हामीले समानता कायम गर्ने नाममा आयको पुनर्वितरण गऱ्यौं भने, त्यो चुम्बकीय शक्तिलाई रोक्ने काम हुन्छ, भविष्यमा सिर्जना गर्न सक्ने मूल्य, उत्पादन तथा वृद्धिको नाश हुन्छ । वृद्धि उन्मुख अर्थतन्त्रमा धेरै जना गरिब हुन्छन् । यस अवस्थामा पुनर्वितरणमा जोड दियौं भने गुमाउने अरू कोही नभएर गरिब नै हुन्छन् । यसलाई हामी कसरी सामाजिक न्याय भन्न सक्छौं ?

## कर र कल्याण

सम्पत्ति र आयमा पूर्ण समानता असम्भव उद्देश्य भए पनि धेरैजसो सरकारहरू प्रगतिशील करका माध्यमबाट त्यसको नजिक पुग्ने प्रयास गर्छन् । धनी मान्छेहरूलाई उच्च दरमा लगाइने प्रगतिशील कर हो । तर यी करहरू विनाशकारी हुन सक्छन् । उद्यमी र मिहिनेतीहरूको पारितोषिकलाई घटाएर ती करले उत्पादनशील क्रियाकलापलाई निरूत्साहित गर्छन्, रोजगारी सिर्जना र सुधारको प्रक्रियालाई सुस्त बनाउँछन् ।

अझ नराम्रो त यस्तो कर बचत र पुँजीमा लगाइन्छ । बचतमा कर लगाउँदा समग्र समाजको प्रगतिमा सघाउ पुर्‍याउने उद्यमशील गतिविधिमा लगानी गर्न कम पुँजी उपलब्ध हुन्छ । पुँजीमा कर लगाउनु भनेको उत्पादनशील सम्पत्तिको निर्माणमा कम स्रोत उपलब्ध हुनु हो । यसले समग्र समाजको प्रगतिमा ह्रास ल्याउँछ ।

स्वतन्त्र समाजमा व्यापार र विनिमय पूर्ण रूपमा स्वैच्छिक हुन्छ । उपभोक्ताले चाहेको र भुक्तानी गर्न तत्पर भएको वस्तु तथा सेवा उत्पादन गरेर मात्रै उत्पादकले पैसा कमाउँछन् । मान्छे जो धनी बन्छन्, अरूलाई लुटेर बनेका हुँदैनन् । उनीहरू कुनै अन्यायका दोषी होइनन् । भौतिक असमानता कम गर्ने नाममा हामीले कुनै लुटेरालाई लुट्ने अनुमति दिन सक्दैनौं भने सरकारलाई किन यस्तो छूट दिने ?

# ५. स्वतन्त्र उद्यम तथा खुला व्यापार

## खुला बजार अर्थतन्त्र

स्वतन्त्र समाजको आर्थिक प्रणाली खुला बजार अर्थतन्त्र हो । मान्छेहरूबीच कहिलेकाहीँ प्रत्यक्ष तर प्रायः मुद्राका माध्यमबाट वस्तु तथा सेवाको स्वैच्छिक विनिमयबाट यो प्रणाली सञ्चालित हुन्छ । मान्छेहरू कहाँ, कसरी, कहिले र कोसँग काम गर्ने, खर्च गर्ने, लगानी गर्ने तथा व्यापार गर्ने भन्ने छनोट गर्न स्वतन्त्र हुन्छन् । यस्तो कारोबारमा कसैले कसैलाई बाध्य पार्न सक्दैन ।

### सहकार्य प्रवर्द्धनका नियम

खुला बजार अर्थतन्त्र कानुनविहीन हुँदैन । यसमा अर्कालाई पर्ने असरबारे विचारै नगरी मनलागी गर्न पाइँदैन । अर्कालाई क्षति नपुऱ्याउने सिद्धान्त सधैं लागू हुन्छ । नयाँ सम्पत्ति प्राप्त गर्ने, स्वामित्व कायम गर्ने तथा विनिमय गर्ने, आफ्नो श्रममाथिको अधिकार, करार कार्यान्वयनलगायत विषय समेट्ने गरी कानुनी रूपरेखा तयार पारिएको हुन्छ । ती कानुनले व्यक्तिगत व्यवहारलाई मात्रै होइन, साझेदारी व्यवसाय, कम्पनी तथा परोपकारी कार्य जस्ता समूहलाई पनि समेट्छन् । सरकारको भूमिका जनताको सम्पत्ति तथा स्वतन्त्रता रक्षा गर्ने नियमकानुनको संवर्द्धन र करार कार्यान्वयन गराउने हुन्छ ।

तथापि सरकारको यस्तो भूमिका पनि सीमित हुन्छ । ती कानुन व्यवसायलाई नियन्त्रण गर्न होइन, बरू प्रवर्द्धन गर्न

बनाइएका हुन्छन् । ती कानुन भनेका अग्निपात्र (मकल) जस्तै हुन्, जसले आगोलाई अनावश्यक भड्किन दिँदैनन् । अत्यधिक नियमकानुनले बजार अर्थतन्त्रको शक्तिलाई निमोठ्दैन भन्ने सुनिश्चित गर्न आवश्यक हुन्छ । सम्पत्ति, विनिमय तथा करारका आधारभूत नियमले मान्छेलाई उनीहरूले चाहे जसरी विश्वास तथा सुरक्षा प्रत्याभूतिसहित आपसी हित हुने गरी सहकार्य गर्न मार्ग प्रशस्त गर्छ । यसले बृहत् आर्थिक सहकार्यलाई प्रवर्द्धन गर्छ र यसबाट प्राप्त हुने विविध लाभलाई गुणा गर्दै लैजान्छ ।

## स्वैच्छिक विनिमयका लाभ

व्यापारबाट बिक्रेताले मात्र लाभ पाउँछन् भन्न सजिलो छ । किनभने कारोबार गरेपछि उनीहरूसँग धेरै पैसा हुन्छ, खरिदकर्तासँग भएको पैसा त घट्छ । यसबाट केही मान्छेले बिक्रेताहरू लोभी हुन्छन् र आफ्नो फाइदाको मात्र कुरा गर्छन्, अर्कालाई वास्तै गर्दैनन् भन्ने निष्कर्ष निकाल्ने गरेको पाइन्छ ।

यो गलत हो । आखिर पैसा साथमा हुनुको अर्थ के हो ? कुनै बेला सुनचाँदीलाई मुद्राका रूपमा व्यवहार गरिन्थ्यो । त्यति बेला कम्तीमा ती धातुलाई गहना बनाउने काममा प्रयोग गर्न सकिन्थ्यो । तर कागज वा अन्य सस्ता धातुका मुद्राको अन्य प्रयोग हुन सक्दैन । यसबाट गर्न सकिने उपयोगी कुरा भनेकै अरू वस्तु वा सेवासँग विनिमय हो । अर्को शब्दमा मुद्रा विनिमयको माध्यम हो । क्रेताले वस्तु तथा सेवा खरिद गर्न यसको प्रयोग गर्छ र बिक्रेताले प्राप्त गरेको मुद्रा फेरि अरू कसैबाट कुनै वस्तु तथा सेवा प्राप्त गर्नमा खर्च गर्छ । दुवै पक्ष उक्त कारोबारबाट लाभान्वित भएको अनुभव गर्छन् । त्यसो नहुँदो हो त कारोबार नै हुँदैनथ्यो ।

## कारोबारले कसरी मूल्य सिर्जना गर्छ ?

मूल्यहीन वस्तु प्राप्त हुने गरी कसैले पनि विनिमय गर्दैन । तापनि कारोबार कसरी सम्भव हुन्छ ? यसको कारण सुन्दरताझैं मूल्य पनि हेर्नेको आँखामा हुनु हो । यो कुनै वस्तुको वैज्ञानिक आकार वा तौल होइन बरू उक्त वस्तुबारे प्रत्येक व्यक्तिले के सोच्छ भन्ने हो । पर्याप्त वर्षा हुने मुलुकमा मान्छेले एक कप पानीको मूल्य थोरै लगाउलान् । तर मरूभूमिमा बस्नेका लागि त्यो बहुमूल्य हुन्छ । एउटा किशोरका लागि नयाँ फेसनको कपडा लिनैपर्ने वस्तु हुन सक्छ । तर उसका अभिभावकलाई त्यो भद्दा लाग्न सक्छ ।

मानिसहरूले वस्तुको मूल्य निर्धारण फरकफरक तरिकाले गर्ने भएकाले नै सबैले विनिमयबाट लाभ लिन सक्छन् । बजारमा कुखुरा किन्न जाँदा कुनै उपभोक्ताले आफूसँग भएको पैसाभन्दा कुखुरा बढी मूल्यवान् ठानेको हुन्छ । तर पसलेले कुखुराभन्दा पैसालाई बढी महत्त्व दिएको हुन्छ । पसलेले कुखुरा बेचेको पैसा पाउरोटी किन्न प्रयोग गर्ने बेलामा पनि यस्तै हुन्छ । पसलेले पैसाभन्दा पाउरोटीलाई मूल्यवान् ठान्छ भने पाउरोटी बेच्नेले पैसालाई महत्त्व दिन्छ । यी तीनैले लाभ प्राप्त गर्ने हुनाले उनीहरू स्वैच्छिक रूपमा विनिमय गर्न राजी भएका हुन् ।

वास्तवमा उनीहरूले पैसा, कुखुरा र पाउरोटीमा लगाएको मूल्यमा जति धेरै भिन्नता हुन्छ, त्यति धेरै लाभ उनीहरूले विनिमयबाट प्राप्त गर्छन् । खालि उनीहरूले विनिमय नियमलाई भने सम्मान गर्नुपर्छ । व्यापारका नियम भनेको सम्पत्ति, इमानदारी र करार जस्ता खुलाबजार अर्थतन्त्र सञ्चालन हुने ढाँचाबाट निःसृत हुन्छन् । त्यसबाहेक प्रत्येक कारोबारका पक्षधरहरू सबै पूर्ण रूपमा स्वहितबाट प्रेरित हुनुपर्छ । प्रत्येकले अरूलाई होइन, आफैंलाई फाइदा हुने गरी विनिमय गर्छन् ।

यद्यपि यी नियम पालना गर्दा प्रत्येकले थाहै नपाईकन अरूलाई लाभ पुऱ्याउँछन्, एडम स्मिथको अदृश्य हातले काम गरेझैं ।[१] आफ्नो निजी स्वार्थबाट प्रेरित भएकै भए पनि उनीहरू सहर्ष एकअर्कासँग सहकार्य गर्न इच्छुक हुन्छन् ।

मुद्राका माध्यमबाट अहिले हामी सबैले व्यापार गर्न र सहकार्य गर्न सक्छौं । स्थानीय बजारका अन्य व्यक्तिसँग मात्र होइन, संसारका सबै देशका मानिससँग पनि । कहिल्यै भेट्दै नभेटेको वा कहिल्यै नभेटिने करौडौं मान्छे, जो हाम्रो भाषा बुझ्दनैन् तथा हाम्रो संस्कृति एवम् राजनीति मन पराउँदैनन्, तिनीहरूसँग पनि लेनदेन गर्न सकिने भएको छ । दैनिक हुने यस्ता असङ्ख्य लेनदेनमा दुवै पक्षलाई लाभ भएको हुन्छ । मान्छेहरूले एकआपसमा सहयोग गरेका हुन्छन् । मूल्य सिर्जना भएको हुन्छ । मानव जातिको हित भएको हुन्छ । मानव समुदायले समृद्धि हासिल गरेको हुन्छ ।

## गरिब सबैभन्दा लाभान्वित

खुला विनिमय प्रणाली यति स्वाभाविक र लाभदायक छ कि यो सबैतिर फैलिएको छ । सिद्धान्तका रूपमा अस्वीकार गरिएका मुलुकमा पनि खुला बजार प्रणाली सह्य हुन्छ, अवैधानिक रूपमै भए पनि अस्तित्वमा आएको हुन्छ । थोरै व्यक्तिगत र सामाजिक स्वतन्त्रता प्रदान गर्ने धेरै मुलुक (एसियाका सहित)ले पनि उल्लेख्य आर्थिक स्वतन्त्रता दिएका छन् ।

वास्तवमा इस्लाम साम्राज्यको सुरूवात र पछिल्लो फैलावटमा व्यापार व्यवसायको महत्त्वपूर्ण भूमिका थियो । व्यापार मार्गको

---

१. एडम स्मिथ, *द वेल्थ अफ नेसन*, १७७६, चौथो ग्रन्थ, दोस्रो अध्याय, परिच्छेद ९ ।

विस्तारले पुनर्जागरणकालीन युरोपमा अथाह धन सञ्चय भएको थियो । यसै क्रममा ज्ञान, कला र संस्कृतिको पनि विकास भयो । अमेरिकाले पहिला युरोप र पछि चीनसँगको व्यापार सम्बन्धका कारण धेरै प्रगति गरेको हो ।

मानव जातिको यो उन्नतिबाट सबैभन्दा बढी लाभ उठाउने धनीहरू होइनन् । जहाँ आर्थिक स्वतन्त्रता फैलिएको छ, त्यहाँ सबैभन्दा धेरै गरिबको जीवनस्तरमा वृद्धि भएको छ । अमेरिकी अर्थशास्त्री मिल्टन फ्रिडम्यानले भने जस्तै रोमन साम्राज्यमा समेत घरभित्र पानीको धारा अकल्पनीय विलासी साधन हुन्थ्यो । तर रोमन सिनेटरलाई त्यसको आवश्यकता थिएन । किनकि ऊसँग पानी ल्याउनका लागि घरेलु कामदार थिए ।[२] शाही रोमका गरिबहरूले फोहोरमा जीवन बिताए । तर आधुनिक रोमका गरिबले घरका धारामा चौबीसै घण्टा तातो र चिसो पानी दौडिरहनुलाई सामान्य रूपमा लिन्छन् ।

हालै अन्तर्राष्ट्रिय व्यापारको थालनी तथा बजार अर्थतन्त्रको अवलम्बनबाट परेको प्रभावलाई चीन र भारत जस्ता मुलुकको उदाहरणबाट अझ स्पष्ट रूपमा बुझ्न सकिन्छ । त्यसैको प्रभावस्वरूप केवल तीन दशकको छोटो अवधिमा एक अर्बभन्दा बढी मान्छे चरम गरिबीबाट उठेका छन् । करोडौं मान्छे मध्यमवर्गमा उक्लिने प्रयास गरिरहेका छन् । मोबाइल फोन, टेलिभिजन, मोटरकारलगायत सुविधा प्रयोग गर्न थालेका छन् । रूखो मौसममा बाह्रै महिना खुला आकाशमुनि काम गर्न छाडेर शीतल, सफा, आरामको कार्यालय र कारखानामा काम गरेका छन् ।

---

२. मिल्टन फ्रिडम्यान एन्ड रोज फ्रिडम्यान, *फ्री टू चुज*, हार्कोर्ट ब्रेस जोभानो भिच, न्युयोर्क, १९८०, पृ. १४७ ।

## धनी कसरी बन्ने ?

### उत्पादकले उपभोक्तालाई सेवा गर्नुपर्छ

स्वतन्त्र समाजमा उपभोक्तालाई छनोटको सुविधा हुन्छ । उनीहरू सरकार वा उसका आसेपासेको स्वामित्वमा रहेको कुनै निश्चित उत्पादकबाट वस्तु तथा सेवा खरिद गर्न बाध्य हुँदैनन् । उत्पादकहरूले गठबन्धन गरेर मूल्य बढाउन खोज्छन् । तर त्यसो गर्न धेरै गाह्रो हुन्छ । किनभने केहीले लुकिछिपी मूल्य घटाएर बढी उपभोक्ता आकर्षित गर्न खोज्छन् । यसैबीचमा महँगो मूल्यमा बेच्न खोज्ने फर्मसँग प्रतिस्पर्धामा उत्रन अरू उत्पादक पनि बजार छिर्न स्वतन्त्र हुन्छन् ।

त्यसकारण साँच्चिकैको प्रतिस्पर्धात्मक खुलाबजार अर्थतन्त्रमा उत्पादकले आफ्ना उपभोक्तालाई शोषण गर्न सक्दैनन् । उनीहरूले उपभोक्ताले खोजे जस्तो वस्तु, उनीहरूले चाहेको गुणस्तर र आकर्षक मूल्यमा उपलब्ध गराउन सकेनन् भने व्यवसाय धराशायी हुन सक्छ । व्यक्तिगत उपभोक्ता ठूला कम्पनीको शक्तिसामु बन्दी हुँदैनन् । यसविपरीत उत्पादकहरूले उपभोक्ताका परिवर्तनशील मागलाई सम्बोधन गर्दै आफ्नो अस्तित्व जोगाउँछन् ।

कुनै कम्पनी ठूलो हुन सक्छ । तर पनि उसले प्रतिस्पर्धाको सामना गर्नुपर्छ । एउटा ठूलो कम्पनीले धेरै किसिमका वस्तु उत्पादन गर्न सक्छ र धेरै किसिमका व्यवसायमा संलग्न हुन सक्छ । उसले आफू जस्तै ठूला कम्पनीसँग प्रतिस्पर्धाको सामना गर्नुपर्ने मात्र होइन, अरू धेरै साना कम्पनीले व्यवसायका खास पक्षमा दिन सक्ने चुनौतीको पनि सामना गर्नुपर्ने हुन्छ । शिरोभार खर्च कम हुने साना कम्पनीले ठूलाले भन्दा राम्रा र सस्ता सामान बनाउन पनि सक्छन् । नयाँ र सिर्जनशील कम्पनीले नयाँ उत्पादन

ल्याउन सक्छन्, जसले ठूला कम्पनीको एक वा धेरै उत्पादनलाई बेकम्मा पारिदिन सक्छ ।

त्यसैले पुँजीवादी व्यवस्थामा कम्पनीहरू दिनप्रतिदिन ठूला बन्दै जान्छन्, एकाधिकारको दुरूपयोग गर्छन्, आकारको लाभ उठाउने प्रयास गर्छन् भन्नु मिथ हो । ठूलो आकारको हुँदाका पनि लागत हुन्छन्, ठूला कम्पनीको व्यवस्थापन कठिन हुन्छ र ढिलासुस्ती हुन्छ । पश्चिमा मुलुकका ५० वर्षयताका म्यागेजिनहरू पल्टाउने हो भने यससम्बन्धी रोचक तथ्य देख्न सकिन्छ । त्यति बेला विज्ञापन गर्ने ठूला कम्पनीहरू अहिले पनि छन् । तर तिनलाई पहिलेका साना, सिर्जनशील र न्यून लागतमा सञ्चालित प्रतिस्पर्धी कम्पनीले समाहित गरिसकेका छन् ।

## आर्थिक शक्तिमा पकड

त्यसैले कम्पनीहरू वा तिनका सञ्चालकहरूको आर्थिक शक्तिमाथि पुस्तौं पुस्तासम्म पकड हुँदैन । स्वतन्त्र समाजमा व्यक्ति त्यतिन्जेल धनी हुन सक्छ, जतिन्जेल उसले सर्वसाधारणको सेवा गर्न सक्छ र उपभोक्तालाई आकर्षित गर्न सक्छ । वास्तवमा धन तीन पुस्ताभन्दा बढी बाँच्दैन भन्ने उक्ति स्वतन्त्र समाजमा लागू भएको हुन्छ । मान्छेले कम्पनी बनाउँछन्, व्यवसाय गर्छन् र आफ्नो परिवारका लागि धनसम्पत्ति कमाउँछन् । तर त्यो व्यवसाय नाति पुस्तासम्म पुग्दा अरू कम्पनी पनि आइपुग्छन् र प्रतिस्पर्धामा पछार्न थालिसकेका हुन्छन् ।

आफू र आफ्नो परिवारलाई मात्र लाभ हुने गरी केही सभ्रान्त समूहले आर्थिक तथा राजनीतिक शक्ति नियन्त्रण गर्नेभन्दा बढी निष्पक्ष प्रणाली हो यो । स्वतन्त्र समाजमा प्रतिभा, सीप र अठोट भएका जोकोहीले पनि सम्पत्ति आर्जन गर्न सक्छन् । यसका

लागि केवल उनीहरूले अर्कालाई सेवा गर्नुपर्छ । धनी बन्न सक्ने अवसरहरू सत्तामा भएका मानिसका साथी, परिवार वा कुनै जातीय धार्मिक समूहमा सीमित भएको हुँदैन । बरू कतिपय स्वतन्त्र समाजका समृद्ध मानिस आप्रवासी छन् । तिनीहरू भिन्न अनुभव र उपाय लिएर आउँछन् अनि उपभोक्ताले किन्न चाहने नयाँ वस्तु र सेवा उत्पादन गर्छन् ।

**प्रश्न : प्रतिस्पर्धा, नाफा र विज्ञापन बेकारका होइनन् र ?**

*होइन । नाफाले मान्छेलाई केही गर्न, नयाँ अवसर खोज्न र अरू मान्छेले खरिद गर्न तत्पर हुने वस्तु तथा सेवा उत्पादन गर्न प्रोत्साहित गर्छ । कच्चा स्रोतभन्दा पनि समुदायले मूल्यवान् ठानेकै वस्तु तथा सेवा उत्पादन भइरहेको छ भन्ने सुनिश्चित नाफाले गर्छ ।*

*विज्ञापन पनि महत्त्वपूर्ण कुरा हो । किनभने यसले मान्छेलाई नयाँ वस्तु तथा सेवाबारे, त्यो चलनचल्तीमा रहेका अन्य वस्तु तथा सेवाभन्दा गुणस्तरीय हो भन्ने तुलनात्मक जानकारी दिन्छ । प्रतिस्पर्धाले उपभोक्तालाई विभिन्न आपूर्तिकर्ताहरूमध्येबाट छनोट गर्ने अवसर दिन्छ । आपूर्तिकर्तालाई सिर्जनशील हुन, उत्पादनको गुणस्तर बढाउन र लागत घटाउन दबाब दिन्छ । प्रतिस्पर्धाबिना उपभोक्ता शक्तिहीन बन्छन् । एकाधिकारी आपूर्तिकर्ताले जे उपलब्ध गराउँछ, त्यही उपभोग गर्न वा उपभोगै नगरी बस्न बाध्य हुन्छन् ।*

आफ्ना साथीभाइलाई कृपा गर्न सक्ने शक्तिशाली सरकार छ भने व्यवसायीले त्यसलाई आफ्नो लाभका लागि प्रयोग गर्न खोज्छन् । सरकारले आफ्ना प्रतिस्पर्धीलाई रोक्ने गरी वा आफूले

पूर्ण एकाधिकार पाउने गरी कानुन बनाइदेओस् भन्ने चाहना राख्छन् । यसले गुणस्तरहीन वस्तुबाट जनतालाई जोगाउँछ भनेर तर्क गरे पनि उनीहरूको भित्री उद्देश्य बजारमा आफ्नो वर्चस्व कायम गर्ने नै हुन्छ । यसबाट उनीहरूलाई दोहनकारी शक्ति उपलब्ध हुन्छ, जुन स्वतन्त्र समाजसँग मेल खाने कुरा होइन । सरकारसँग बजारलाई बिगार्ने, एकाधिकार सिर्जना गर्ने शक्ति हुनुहुँदैन, बरू उसको भूमिका प्रतिस्पर्धा तथा स्वतन्त्रता अभिवृद्धि गर्ने हुनुपर्छ ।

**उद्यम**

स्वतन्त्र समाजमा मिहिनेत गरे सधैं सफल भइन्छ भन्ने सुनिश्चित हुँदैन । यद्यपि त्यसले प्रायः काम गर्छ । अरू मान्छेले खरिद गर्न चाहने वस्तु तथा सेवा हामीले उत्पादन गर्नुपर्छ । मान्छेले कुन नयाँ वस्तु माग गर्छन् भन्ने अनुमान गर्नु, अन्य आपूर्तिकर्ता, कामदार तथा वितरकहरूलाई समेत समेट्ने गरी उत्पादन शृङ्खलालाई व्यवस्थित गर्नु जोखिमपूर्ण हुन सक्छ । तुलनात्मक रूपमा थोरै मान्छेले मात्रै यस्तो जोखिम तथा जिम्मेवारी उठाउँछन् । तर मागको सही आकलन गर्न सक्ने र उत्पादन प्रणाली तथा सञ्जालको व्यवस्थापन एवम् पहलकदमी नै उद्यमीहरूको वास्तविक योगदान हो । उनीहरूले ठूलो जोखिम उठाएका हुन्छन्, सर्वसाधारणले उनीहरूका उत्पादन खरिद गरेको अवस्थामा उद्यमी पुरस्कृत हुन्छन् ।

यसले उत्पादकत्व र नवप्रवर्तनलाई प्रोत्साहन गर्छ । यसले अग्रज उद्यमीले जसरी सम्पत्ति आर्जन गर्न सफल हुने गरी मान्छेलाई नयाँ र राम्रा वस्तु तथा विधि रचना गर्न लगाउँछ । निरन्तरको यस्तो सुधार र नवप्रवर्तनले उपभोक्ताहरू लाभ प्राप्त

गर्छन् र प्रकारान्तले समग्र समाज लाभान्वित हुन्छ । मानवीय श्रम घटाउने किसिमका आविष्कारले मान्छेको जीवनलाई समृद्ध बनाउँछ र कुनै सरकारी कल्याणकारी कार्यक्रमले भन्दा बढी सम्पत्तिको फैलावटलाई प्रोत्साहित गर्छ ।

आफैंले प्राप्त गर्न नसक्ने वा कहिल्यै उत्पादन गर्न नसक्ने वस्तु तथा सेवाबाट उपभोक्ता लाभान्वित हुन्छन् । प्रभावकारी औषधिको उत्पादन र आपूर्ति गर्न पर्याप्त अनुसन्धान र विशेषज्ञताको खाँचो पर्छ । एउटा व्यक्तिसँग रासायनिक, जैविक र उत्पादनसँग सम्बन्धित विशेषज्ञता हुन सक्दैन । तर औषधि कम्पनीसँग भने हुन्छ । स्थानीय औषधि बिक्रेताले पनि आफूसँग भएका पाँच सयभन्दा धेरै थरीका औषधिको प्रयोग, प्रभावकारिता र दुष्प्रभावबारे विशिष्ट ज्ञान हासिल गर्न सक्छ । उपभोक्ताले सम्भवतः त्यस्तो विज्ञता हासिल गर्न सक्दैन । खाना, पेय पदार्थ, कपडा, जुत्ता र आफ्नौ दैनिक जीवनमा आवश्यक पर्ने कुराहरूबारे पनि विज्ञता हासिल गुर्नुपर्‍यो भने त झन् सक्दै सक्दैन ।

उद्यमीहरूले धन थुपार्न सक्छन् । तर उनीहरूलाई हानि हुने गरी त्यसो गर्दैनन् । उपभोक्ताले स्वैच्छिक रूपमा तिरेको पैसा मात्रै उनीहरूको धन हुन आउँछ । उनीहरूले अर्कालाई मद्दत गरेर मात्रै धनी बन्न सक्छन्, कसैलाई कर लगाएर वा शोषण गरेर होइन । उनीहरूले जनतालाई सेवा गरून्जेल मात्र धन कमाइरहन सक्छन् । कमाइरहनका लागि उत्पादकले उपभोक्तालाई बुझ्नुपर्छ र उनीहरूका आवश्यकता थाहा पाइरहनुपर्छ । त्यसैले उद्यमीहरू सधैं अरू कसैले नल्याएको भिन्न किसिमको वस्तु बजारमा ल्याउने र आफ्नो स्थिति मजबुत बनाउने प्रयास गरिरहेका हुन्छन् । यो उपभोक्तालाई सन्तुष्ट बनाउने निरन्तरको प्रक्रिया हो ।

## नाफा र सट्टेबाजी

सानो वा ठूलो जस्तोसुकै भए पनि जोखिम उठाउने, आविष्कार गर्ने, व्यवसायलाई सङ्गठित गरी सञ्चालनमा ल्याएर उपभोक्ताको सेवा गर्दा मात्रै उत्पादकले नाफा पाउने सम्भावना हुन्छ ।

खुला अर्थतन्त्रका धेरै आलोचकले नाफा अवधारणाको निन्दा गर्छन् । तर वास्तवमा हामी सबै नाफा खोज्ने प्राणी हौं । हामीले मूल्यवान् ठानेका केही कुरा प्राप्त गर्न अर्को केही चीज त्याग गर्छौं । उदाहरणका लागि, घरलाई सफा एवम् सुन्दर बनाउन हामी सरसफाइमा समय र श्रम खर्च गर्छौं । त्यति बेला हामीले श्रम र समयभन्दा सफा सुन्दर घरलाई मूल्यवान् ठानेका हुन्छौं । यी दुईबीचको भिन्नता नै नाफा हो । यो प्रत्यक्ष वित्तीय लाभ होइन । तर कुनै उत्पादकले कच्चापदार्थ खरिद गर्दा लागेको लागत र तयारी वस्तु बिक्री गर्दा प्राप्त गरेको मूल्यबीचको भिन्नता जस्तै हो । जब हामी सामुदायिक वा परोपकारी कार्यमा संलग्न हुन्छौं, उदाहरणका लागि, विद्यालयको सञ्चालक बन्छौं, हाम्रो उद्देश्य समुदायका सबै केटाकेटी शिक्षित बनून् भन्ने हुन सक्छ । त्यो पनि हामीले हाम्रै लागि गरेका हुन्छौं । त्यो हाम्रा लागि गैरवित्तीय लाभ हो । तर आलोचकहरूले वित्तीय लाभलाई मात्र ध्यान दिने र त्यसको मात्रै आलोचना गर्ने गरेको भेटिन्छ । यो तर्कहीन र असङ्गत छ ।

सट्टेबाजीलाई निन्दा गर्ने सन्दर्भमा पनि यही लागू हुन्छ । दुनियाँमा सट्टेबाजी वित्तीय बजारमा मात्र हुने होइन । हामी सबै सट्टेबाज हौं । भोलि बजारमा लगेर बिक्री गर्न सकिन्छ भन्ने आशामा किसानले खेती गरेको हुन्छ । रोजगारयोग्य क्षमता हासिल गर्न सकिन्छ भन्ने आशामा हामी विद्यालय जान्छौं । यी सबै सट्टेबाजी क्रियाकलाप हुन् ।

वित्तीय संसारमा सट्टेबाजी महत्त्वपूर्ण तत्त्व मात्रै हो । बिमा कम्पनी र प्रत्याभूतिकर्ताले जोखिम उठाएर सट्टेबाजी नगर्ने हो भने समुद्रमा जहाजहरू होर्मिंदैनन् । आधुनिक उत्पादन विधिमा आपूर्ति र कारखाना निर्माण तथा मर्मत सम्भारसम्बन्धी बढीभन्दा बढी दीर्घकालीन करारहरू प्रयोगमा आउन थालेका छन् । यसमा एउटा व्यक्तिगत उत्पादनकर्ताले सबै किसिमका जोखिम उठाउन सक्दैन । त्यसैले उनीहरू सेयर बिक्रीमार्फत आफ्नो उद्यममा लगानी गर्न अरूलाई पनि आह्वान गर्छन् । यो अर्को किसिमको सट्टेबाजी हो । सेयर बजारमा सट्टेबाजहरूले नाफा कमाउने आशाले सेयर किनबेच गर्छन् । यसो गर्न आफूले सेयर कारोबार गरिरहेको कम्पनीको व्यवसाय के हो र भविष्यको सम्भावना के छ भन्नेबारे उनीहरूले राम्रो विज्ञता हासिल गरेको हुनुपर्छ । यस खालको विज्ञताले बजारमा उपयोगी सूचना प्रवाह गर्छ । छिट्टै सेयरको उचित मूल्य कायम गर्न सहयोग पुऱ्याउँछ, समग्र बजारलाई प्रभावकारी र कुशल बनाउँछ ।

लोभी हुनु र नाफाको आश गर्नु एउटै कुरा होइन । मान्छेले स्वहितका लागि नाफा खोजेको हुन्छ, यसलाई लोभ भन्न मिल्दैन । आफ्नो अस्तित्व रक्षाका लागि, क्षति न्यूनीकरणका लागि र शारीरिक वृद्धिका लागि एउटा तहको स्वहित आवश्यक हुन्छ । तर लोभ नैतिक अवधारणा हो । यसको अर्थ अरूलाई कम हुने गरी आफ्नो हिस्सा बढाउने भन्ने हुन्छ । स्वतन्त्र समाजमा उत्पादकले अरूलाई सहयोग गरेर मात्रै आफ्नो लाभलाई बढाउन सक्छ ।

**व्यवसाय र सम्बन्ध**

व्यवसाय धेरै थोक हो, तापनि यो जीवनको सबैथोक होइन । स्वतन्त्र समाजमा सबैभन्दा कडा मिहिनेत गर्ने उद्यमीको पनि

परिवार हुन्छ । खेलकुदलगायतमा उसको रूचि हुन्छ, आफ्नो जस्तै चासो भएको समूह तथा संस्था हुन्छ । सदृढ परिवार र बजार अर्थतन्त्र सजिलै सँगसँगै अघि बढ्न सक्छन् भन्ने उदाहरण पुँजीवादी मुलुक इटाली हो । यहाँको अत्यन्तै बलियो पारिवारिक सम्बन्धलाई युरोपकै आदर्श मानिन्छ ।

व्यवसाय गर्नु भनेको अरूसँग निर्दयी व्यवहार गर्नुपर्छ भन्ने होइन । अरूलाई हानि गर्ने त हुँदै होइन । सबैभन्दा खुसी प्रदान गर्ने सम्बन्धहरू वास्तवमा आफूसँग काम गर्ने सहकर्मीहरूसँग हुन्छ । खुलाबजार अर्थतन्त्रले अरू किसिमले पनि सामाजिक सम्बन्धलाई प्रोत्साहित गर्दछ । यसले मान्छेलाई सम्पत्ति प्रदान गर्छ र धार्मिक, सामुदायिक एवम् परोपकारलगायत रूचिका अन्य विषयमा खर्च गर्न समय उपलब्ध गराउँछ ।

## बजारले कसरी काम गर्छ ?

### मूल्यको दूरसञ्चार प्रणाली

धेरैजसो बजारले पैसाका माध्यमबाट काम गर्छन् । प्रत्यक्ष वस्तु विनिमय वा साटासाटका अन्य विकल्प पनि हुन सक्छन् । तर पैसाका माध्यमबाट हुने व्यापार सजिलो हुन्छ । एउटा बिक्रेताले पैसा लिएर वस्तु तथा सेवा बिक्री गर्न सक्छ र उक्त पैसा आफूलाई आवश्यक अन्य वस्तु तथा सेवा सकेसम्म सस्तोमा खरिद गर्न प्रयोग गर्न सक्छ । यसको अर्थ भोकाएको हजामले कुन चाहिँ पाउरोटी बनाउनेलाई कपाल काट्नुपरेको छ भनेर खोजिरहनुपर्दैन ।

मूल्य प्रायः मुद्रामा अभिव्यक्त हुन्छन् । बजार भाउ कुनै वस्तुको वास्तविक मूल्य कति हो भन्ने मापदण्ड हुन सक्दैन । किनभने वस्तुको मूल्य यसमा संलग्न पक्षको दिमागी उपज हो,

एउटै वस्तुलाई फरकफरक मान्छेले फरक मूल्य लगाउँछन् । तर बजार मूल्यले कुनै वस्तुको माग कति छ र त्यसको उपलब्धताको स्थिति के छ भन्ने बताउँछ । मूल्यले कुनै वस्तु प्राप्त गर्न मान्छेले अर्को वस्तु कुन दरमा त्याग्न तयार छन् भन्ने जानकारी दिन्छ ।

दुर्लभताको सबैभन्दा राम्रो सूचक मूल्य हो ।[३] यसले माग कहाँ बलियो छ भन्ने मात्रै देखाउँदैन । चर्को मूल्यले आपूर्तिकर्तालाई माग पूरा गर्न प्रोत्साहित गर्छ । उच्च मूल्य देखेर उत्पादक बजारमा प्रवेश गर्छ सम्भावित नाफा कमाउन र श्रम तथा पुँजी जस्ता स्रोतलाई माग पूर्तिमा लगाउँछ । त्यसैगरी कम मूल्यले माग कमजोर छ भन्ने बताउँछ र स्रोतहरूलाई अन्तै प्रयोग गर्नुपर्छ भन्ने सङ्केत गर्छ ।

यसरी मूल्यले खुला अर्थतन्त्रमा मुख्य भूमिका खेलेको हुन्छ, स्रोतहरूलाई बचत क्षेत्रबाट निकालेर त्यसलाई सबैभन्दा अभाव क्षेत्रमा पुऱ्याउँछ । मूल्यले स्रोतलाई खेर जानबाट जोगाउँछ । किनभने नाफा अधिकतम गर्न कमभन्दा कम लागतको उत्पादन विधि पहिल्याउनैपर्छ । यसले स्रोतको संरक्षण र तिनको अधिकतम प्रयोग हुन्छ भन्ने कुराको सुनिश्चित गर्छ ।

यो प्रभाव एउटा बजारबाट अर्कोमा सर्दै पूरै अर्थतन्त्र र संसारमा फैलिने किसिमको हुन्छ । उदाहरणका लागि, टिनलाई नयाँ ढङ्गले प्रयोग गर्न सकिने उपाय पत्ता लाग्यो भने उत्पादकहरूले

३. यो बुँदामाथि एफए हायकको *इन्डिभिजुआलिज्म एन्ड इकोनोमिक अर्डर*, युनिभर्सिटी अफ सिकागो प्रेस, आइएल, १९४९ मा विस्तृत चर्चा गरिएको छ । सङ्क्षिप्त चर्चाका लागि एमोन बटलर, *फ्रेडरिक हायक : द आइडियाज एन्ड इन्फ्लुएन्स अफ द लिबर्टेरियन इकोनोमिस्ट*, हारिमन हाउस, पिटर्स फिल्ड, २०१२ हेर्नुहोस् ।

धेरै टिन माग गर्छन् । उनीहरू पहिलेको भन्दा बढी मूल्य तिर्न तयार हुन्छन् । बढ्दो मूल्यले खानी सञ्चालकलाई बढी उत्पादन गर्न र थोक बिक्रेतालाई सोहीअनुरूप बिक्रीको व्यवस्था मिलाउन प्रोत्साहन प्राप्त हुन्छ । यसैगरी साविकका प्रयोगकर्तालाई बढी मूल्य तिर्नुभन्दा टिनको विकल्प खोज्नु बढी बुद्धिमानी हुन्छ । फलस्वतरूप तिनीहरूले प्रतिस्थापन वस्तुको माग र मूल्य बढाउँछन् । त्यसले मान्छेलाई प्रतिस्थापन वस्तुको उत्पादन र आपूर्ति बढाउन प्रोत्साहित त गर्छ नै प्रतिस्थापन वस्तुको पनि प्रतिस्थापन खोज्न प्रयोगकर्तालाई प्रेरित गर्छ ।

यसरी मूल्यले दुर्लभतासम्बन्धी सूचना समग्र आर्थिक प्रणालीमा पुऱ्याउँछ । नोबेल अर्थशास्त्री एफए हायकले यसलाई बजारको बृहत् दूरसञ्चार प्रणाली भनेका छन् । यसैका माध्यमबाट मान्छेलाई निरन्तर रूपमा कहाँ बचत छ, कहाँ अभाव छ अनि आफ्नो स्रोत र मिहिनेतलाई कहाँ लगाउने भन्ने जानकारी भइरहन्छ ।

## बजार पूर्ण हुन सक्दैन

अर्थशास्त्रका पाठ्यपुस्तक पढ्यौं भने धेरै बिक्रेताहरूले उस्तै वस्तुहरूलाई उस्तै खरिदकर्ताहरूमाझ बिक्री गरिरहेको पूर्ण प्रतिस्पर्धामा बजार निर्भर हुन्छ भन्ने प्रभाव हामीमा पर्न सक्छ । तर त्यस्तो हुँदैन । यी त सैद्धान्तिक अमूर्तता मात्रै हुन् । यथार्थमा वस्तु तथा मानिसमा विविधताकै कारण बजारले काम गर्छ ।

सबैले समान मूल्य साझेदारी गरे भने त्यहाँ विनिमय हुँदैन । दुवै पक्षले वस्तुलाई समान मूल्यको ठान्छन् भने साटफेर गर्नुको तुक नै हुँदैन । जब हामी कुन वस्तुलाई कति मूल्य प्रदान गर्ने भन्ने विषयमा भिन्न मत राख्छौं, तब मात्रै किनबेच सम्भव हुन्छ । यसैगरी

सबै आपूर्तिकर्ताले उपलब्ध गराउने वस्तुको मूल्य, आकारप्रकार र गुणस्तर समान भयो भने उपभोक्ताले छनोट गर्नुपर्ने वस्तु बाँकी नै हुँदैन । कुनै पनि आपूर्तिकर्ताले प्रतिस्पर्धामा जित्न र नाफा कमाउन सक्दैन ।

उच्च नाफाले उद्यमीलाई प्रतिस्पर्धामा सबैभन्दा अगाडि हुन प्रोत्साहित गर्छ । उत्पादनलाई सुव्यवस्थित पार्दै आफ्नो उत्पादनलाई सस्तो बनाएर वा अझ महत्त्वपूर्ण, आफ्नो उत्पादन राम्रो बनाएर प्रतिस्पर्धामा उनीहरू अघि बढ्न सक्छन् । उनीहरूले अनुसन्धान गर्छन् र आफ्नो उत्पादनलाई अरूभन्दा भिन्न बनाउन खोज्छन् । उपभोक्ताले उपभोग गरिरहेको पुरानो उत्पादनभन्दा केही नयाँ दिन्छन् । अरूको होइन, आफ्नो वस्तुमा उपभोक्ता आकर्षित होऊन् भनेर ती वस्तुमा गरिएको परिवर्तनहरूलाई प्रचारप्रसार गर्छन् ।

यसले खुला बजारलाई आश्चर्यजनक रूपमा गतिशील बनाउँछ । पाठ्यपुस्तकको माग र आपूर्तिका रेखा जस्तो बजार नचलमाउने, स्थिर हुँदैन । उत्पादकहरू निरन्तर रूपमा नयाँ आकर्षक उत्पादन बजारमा ल्याउन अनुसन्धान गरिरहेका हुन्छन् र उपभोक्ताले निरन्तर सुधार खोजिरहेका हुन्छन् ।

## असम्भव केन्द्रीय योजना

अर्थतन्त्रलाई निश्चित दिशामा डोऱ्याउन खोज्ने, उपभोक्ताले चाहेको वस्तु तथा सेवा उत्पादन गर्न खोज्ने सरकारी प्रयास बजार प्रणालीको गतिशीलतासँग मेल खाँदैन ।

सरकारी एकाधिकारलाई सिजर्नशील हुने दबाब हुँदैन । राज्यको कर्मचारीतन्त्रलाई सर्वसाधारणले के माग गरिरहेका छन् र कुन कुरालाई महत्त्व दिन्छन् भन्ने जानकारी पनि हुँदैन ।

तिनीहरूले कहिलेकाहीँ जनताको सुझाव लिने प्रयास गर्लान् । तर ती सुझाव अटुट प्रतिस्पर्धात्मक बजारमा उपभोक्ताको खरिदको चाहनामार्फत उत्पादकले छिनछिनमा पाउने मागसम्बन्धी सूचनाभन्दा फरक हुन्छन् ।

व्यवसायमा सफलता प्राप्त गर्न उद्यमीले आफ्ना उपभोक्तालाई बुझेको हुनुपर्छ । सरकारले चुनावमा ल्याउने घोषणापत्रको प्याकेज जस्तो गरी उद्यमीले उपभोक्ताको राय बुझ्नलाई वर्षौं पर्खिरहन सक्दैन । उनीहरू उपभोक्ताको चाहना, कच्चापदार्थको लागत तथा उपलब्धताबारे हर क्षण चनाखो हुनुपर्छ । उदाहरणका लागि घरजग्गा कारोबारीले बजारमा के भइरहेको छ तुरून्तै थाहा पाउनुपर्छ । कुन ग्राहकले कस्तो घर खोजिरहेको छ भन्ने कुरा मासिक, दैनिक रूपमा होइन, घण्टाघण्टामा पत्ता लगाउनुपर्छ । कुनै केन्द्रीय निकायले यति छिटोछिटो परिवर्तन भइरहने सूचना त सङ्कलन गर्न सक्दैन भने ती सूचना परिवर्तन हुनुभन्दा अघि नै त्यसैअनुरूप काम गर्छ भन्ने कुराको कल्पनै नगरौं ।

केही मान्छेहरूलाई खुला अर्थतन्त्र केन्द्रबाट नियोजित नहुने भएकाले अव्यवस्थित र अविवेकी हुनुपर्छ भन्ने लाग्छ । यथार्थमा बजार सुव्यवस्थित ढङ्गले चलेको हुन्छ । सम्पत्ति तथा विनिमयको नियमलाई पछ्याएर सुनिश्चयका साथ मान्छेले एकअर्कासँग सहकार्य गर्न, अर्काको व्यवहारको पूर्वानुमान गर्न सक्छन् । बजार विवेकी पनि हुन्छ । यसले करोडौं व्यक्तिको ज्ञान तथा अनुभव प्रयोग गर्छ । ती व्यक्तिहरूले आआफ्नो योजना बनाएका हुन्छन् र निरन्तर एकअर्काको योजनासँग मिलान गर्ने प्रयास गर्छन् । केन्द्र नियन्त्रित योजनामा भन्दा खुला अर्थतन्त्रमा धेरै योजना बन्छन् । राज्यको तहमा होइन, व्यक्तिको तहमा योजना बन्ने गर्छन् ।

**प्रश्न : वातावरण संरक्षण गर्न खुलाबजार अर्थतन्त्र असफल भएको छैन र ?**

*छैन । बजार असफल भएको होइन । वातावरणीय वस्तुका लागि बरू बजार अस्तित्वमै छैन । वस्तु तथा सेवा दुर्लभ भएको अवस्थामा, भुक्तानी नगर्नेलाई अलग्याउन सकिने अवस्थामा बजारले राम्ररी काम गर्छ । जब चीजहरू पर्याप्त हुन्छन् र भुक्तानी नगर्नेहरूलाई अलग्याउन सकिँदैन, त्यतिबेला बजारले काम गर्दैन ।*

*तर मान्छेहरूले वातावरणीय वस्तुका लागि पनि बजार देख्न थालेका छन् । उदाहरणका लागि, समुद्री माछाको भण्डारलाई रित्याउन दिनुको सट्टा धेरैजसो मुलुकले माछा मार्न सकिने परिमाणको सीमा तोक्न थालेका छन् । माछा मार्न दिइने परिमाणको सीमा खुकुलो बनाइएको छ, जसले गर्दा माछा भण्डार पनि रित्तिँदैन र बजारको माग पनि पूरा हुन्छ ।*

*जब खुलाबजारले मान्छेलाई धनी बनाउँदै लैजान्छ, तब उनीहरू पहिलेभन्दा बढी वातावरणको रेखदेख गर्न सक्ने हुन्छन् । चीनलाई औद्योगिक प्रदूषणले आक्रान्त बनाए पनि त्यहाँका मान्छेले स्वच्छ वायुको विलासितालाई भन्दा आधार भूत आर्थिक वृद्धिलाई मूल्यवान् ठान्छन् । धनी हुँदै जाँदा उनीहरूको स्तर पनि बढ्दै जान्छ र उनीहरू कम प्रदूषण गर्ने स्वस्थ औद्योगिक विधि प्रयोग गर्न सक्षम हुन्छन् ।*

## सरकार प्रायोजित उद्यम

राज्यले प्रभावकारी रूपमा मुलुकको समग्र उत्पादन गतिविधिको स्वामित्व लिन र व्यवस्थापन गर्न सक्छ भन्ने कुरामा हाल धेरै कम मुलुकले मात्रै विश्वास गर्छन् । विश्वका धेरै अर्थतन्त्र

मिश्रित छन् । सरकारले थोरै उद्योगमा मात्रै पूर्ण स्वामित्व लिन्छ र योजना, नियमन, अनुदान, कर तथा राज्यको सेयर स्वामित्वमार्फत गैरसरकारी उत्पादनलाई दिशानिर्देश र व्यवस्थापन गर्छ ।

बीसौं शताब्दीमा धेरै मुलुकले खास रणनीतिक महत्त्वको ठानिएका औद्योगिक क्षेत्रलाई मात्र राष्ट्रियकरण गरेका थिए भने अरू धेरै मुलुकले दूरसञ्चार, यातायात, बैङ्किङ, जनउपयोगी, खानीलगायत उद्योगलाई स्वामित्वमा लिने र सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिएका थिए ।

दुर्भाग्य, त्यस्ता उद्योगको सरकारी स्वामित्वले सधैं सरकारी एकाधिकार कायम गर्छ । त्यस्ता एकाधिकार कसैले प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सकिनेभन्दा निकै ठूला हुन्छन् । तर एकाधिकार निजी होस् वा सरकारी, त्यसले कुनै अर्थ राख्दैन । त्यो भद्दा र अल्छी हुन्छ अनि त्यसले उच्च लागतमा न्यून गुणस्तरको सेवा प्रदान गर्छ ।

उद्योगलाई राज्यले आफ्नो स्वामित्वमा लिनुको कारण तिनको रणनीतिक महत्त्व हुन सक्दैन । संसारका सबैभन्दा धनी मुलुकमा बैङ्कहरू निजीक्षेत्रबाट सञ्चालित छन् । तिनलाई राज्यको एकाधिकारमा ल्याइयो भने ती बैङ्क र तिनमा निर्भर परिवारको विनाश हुनेछ । सरकारलाई सामान आपूर्ति गर्ने वा उपभोक्तासँग प्रत्यक्ष कारोबार गर्ने व्यावसायिक कम्पनीहरूले हाल संसारभर अधिकांश दूरसञ्चार, यातायात र जनउपयोगी क्षेत्रमा काम गरिरहेका छन् । धेरै यस्ता महत्त्वपूर्ण सेवामा निजी क्षेत्रको पुँजी र कौशल भित्र्याएर वा निजी क्षेत्रका प्रतिस्पर्धी कम्पनीहरूले बढी प्रभावकारी ढङ्गले प्रदान गर्न सक्ने ठानेर धेरै मुलुकले राज्यनियन्त्रित कम्पनीहरूलाई निजीकरण गरेका छन् ।

तर सरकारहरूले स्वामित्व नलिईकनै उद्योगहरूलाई नियन्त्रण गर्न सकिन्छ भन्ने पाठ सिकेका छन् । तिनीहरूले महत्त्वपूर्ण ठानिएका (सामान्य हिसाबले निजी क्षेत्रको स्वामित्वमा भएका) कम्पनीको सेयर खरिद गर्न सक्छन्, सेयरधनीका रूपमा कम्पनीमाथि नियन्त्रण गर्न सक्छन् र सञ्चालक समितिमा आफ्नो मान्छे चुन्न सक्छन् । कुनैकुनै अवस्थामा उनीहरूले आफ्नो निर्णय अन्तिम हुने गरी कम्पनीको "गोल्डेन सेयर" लिएका हुन्छन् ।

यस खालका अप्रत्यक्ष नियन्त्रण स्वतन्त्र समाजमा मान्य हुँदैनन् । प्रकारान्तले यो विधिबाट राज्यको स्वामित्व र अधिग्रहणको यात्रा सुरू हुन्छ, उद्योगलाई खरिदै नगरी सरकारले निर्णय गर्न थाल्छ । आफ्नो बचत तथा पेन्सनको रकम लगाएका सर्वसाधारण लगानीकर्तासहित कम्पनीका सञ्चालकहरूबाट सम्पत्ति खोसिने अवस्था बन्छ । भ्रष्टाचारको अवसर खुल्छ, आसेपासेलाई कम्पनी सञ्चालक बनाइन्छ, आफूअनुकूलका क्षेत्रमा कारखाना खोलिन्छ र यसका उत्पादनलाई आफ्ना समर्थकहरूलाई लाभ हुने गरी बाँडाफाँट गर्ने सम्भावना उच्च हुन्छ ।

सरकारले नियमनमार्फत पनि निजी कम्पनीहरूलाई नियन्त्रण गर्न सक्छ । कम्पनी कसरी सञ्चालन गर्ने, के उत्पादन गर्ने, कति उत्पादन गर्ने, कति शुल्क लिने, रोजगारी सिर्जनाका लागि कहाँ लगानी गर्ने, कामदारलाई कति तलब दिनेलगायत कुरालाई नियमनले सीमित पार्न वा निर्देशित गर्न सक्छ । निजी स्रोतहरूलाई राज्यले नियन्त्रण गर्ने यस खालको अभ्यास स्वतन्त्र भनिने मुलुकहरूमा पनि व्याप्त छ । यो निजी सम्पत्ति अधिकारको सिद्धान्तभन्दा विपरीत छ, जुन वास्तविक स्वतन्त्र समाजको अत्यावश्यक आधारशिला हो ।

## अन्तर्राष्ट्रिय व्यापार

### व्यापार तथा संरक्षणवाद

मुलुकभित्रै दुई व्यक्तिबीच खुला व्यापार गर्दा जुन फाइदा प्राप्त हुन्छ, त्यो अन्तर्राष्ट्रिय कारोबारबाट पनि सम्बद्ध मुलुकका जनताले प्राप्त गर्न सक्छन् । व्यापारले मुलुकहरूलाई आफूले विशेषज्ञता हासिल गर्न सक्ने वस्तुको उत्पादन गरी बचेको वस्तु अरू नै कुरा राम्ररी उत्पादन गर्न सक्ने मुलुकतर्फ निर्यात गर्न सकिने अवसर प्रदान गर्छ । उदाहरणका लागि अधिकांश मात्रामा फुलको उत्पादन केन्यामा हुन्छ । त्यहाँ त्यसका लागि उपयुक्त माटो र अनुकूल हावापानी छ । त्यसैगरी उपयुक्त भौगोलिक बनावट, मौसम र प्रविधिका कारण चिली, अस्ट्रेलिया र फ्रान्स वाइन उत्पादनका लागि प्रख्यात छन् । तुलनात्मक रूपमा सस्तो तर शिक्षित श्रमशक्ति भएको भारत सूचना प्रविधिसम्बन्धी सेवा तथा उत्पादनका लागि महत्त्वपूर्ण मुलुक बनेको छ । अन्तर्राष्ट्रिय व्यापारले मान्छेलाई विशिष्टीकरण गर्ने र आफ्ना उत्पादनलाई सबैभन्दा सस्तो बनाउन सहयोग पुऱ्याउने औजार तथा उपकरण जस्ता पुँजी निर्माण गर्ने अवसर प्रदान गर्छ ।

एउटै मुलुकका बासिन्दाले विभिन्न वस्तुलाई दिने मूल्य र अरू मुलुकका बासिन्दाले उक्त वस्तुलाई प्रदान गर्ने मूल्यमा ठूलो भिन्नता हुने भएकाले व्यापार विनिमयबाट हुने सम्भावित आपसी लाभको मात्रा उच्च हुन्छ । उदाहरणका लागि, मध्यकालमा चीन र भारतमा सजिलै र धेरै उत्पादन हुने चिया वा मध्यपूर्वमा सस्तोमा पाइने मसलालाई युरोपेली यात्रुहरूले धेरै मूल्य तिर्थे । अहिले मान्छेहरू भेनिसको वास्तुकला वा थाइल्यान्डको संस्कृति हेर्न आधा विश्वको फन्को मार्छन् ।

स्वतन्त्र समाज सबै मुलुकका उत्पादनका लागि खुला हुन्छ । यसले व्यापारको गतिशीलताबाट प्राप्त हुने लाभ र व्यापारका माध्यमबाट फैलिने समृद्धिलाई मान्यता दिएको हुन्छ । यसको विकल्प संरक्षणवाद हो, जसले विदेशी आयातलाई रोकेर आफ्ना उत्पादकहरूलाई संरक्षण गर्ने प्रयास गरेको हुन्छ । यसले घरेलु उत्पादकलाई सजिलो बनाइदिन्छ । यसको अर्थ घरेलु उपभोक्ताले विदेशबाट आयात हुने सस्तो तथा गुणस्तरीय वस्तुबाट वञ्चित बन्नुपर्ने हुन्छ । उपभोक्ताले संरक्षित स्वदेशी उत्पादकलाई बढी पैसा तिर्नुपर्छ, थोरै छनोटको सुविधा पाउँछन् र कम गुणस्तरीय वस्तुमै चित्त बुझाउनुपर्छ ।

## फजुलखर्ची संरक्षणवाद

जब कुनै मुलुकले विदेशमा राम्ररी र सस्तो गरी उत्पादन गर्न सकिने वस्तु आफैं उत्पादन गर्छ, तब उसले आफ्ना स्रोतहरू (प्राकृतिक स्रोतसमेत)को फजुल खर्च गर्छ । एडम स्मिथले चिसो र वर्षा भइरहने मौसमी विशेषता भएको स्कटल्यान्डको ग्रिनहाउस र त्योभन्दा ३० गुणा सस्तो गरी फ्रान्सको प्राकृतिक घमाइलो वातावरणमा उत्पादन गर्न सकिने अङ्गुरको उदाहरणबाट यसलाई प्रस्ट्याएका छन् । अरू कसैले राम्रो र सस्तोसँग गर्न सक्ने काममा आफ्नो समय र स्रोत किन बर्बाद गर्ने ?[४]

सक्षम उत्पादकले प्रतिबन्ध, कोटा वा उच्च भन्सार महसुलमार्फत बाह्य वस्तुलाई भित्रन नदिने प्रयास गर्ने देशहरूप्रति दक्ष उत्पादकहरू क्षुब्ध हुनु अनौठो कुरा होइन । उनीहरूले पनि वाधाहरू खडा गरेर प्रतिकार गर्न सक्छन् । यस्तो व्यापार युद्धले

---

४. एडम स्मिथ, *वेल्थ अफ नेसन*, १७७६, चौंथो ग्रन्थ, अध्याय-२ ।

कसैलाई फाइदा गर्दैन । सबै अवरोध हटाइए र मान्छेले चाहेको कारोबार गर्न दिइयो भने सस्तो आयातबाट सबैभन्दा बढी फाइदा उठाउने दुवै मुलुकका गरिबका लागि राम्रो हुन्छ ।

आप्रवासनका सम्बन्धमा पनि यही लागू हुन्छ । स्वतन्त्र समाजमा सरकारले मानवीय आवतजावतका लागि कुनै अवरोध खडा गर्दैन । आप्रवासीले गन्तव्य मुलुकमा नयाँ उपाय र ऊर्जा लिएर आएका हुन्छन् । युरोप र उत्तरी अमेरिकामा आप्रवासीहरूको लहरले व्यापक समृद्धि ल्याएको थियो । दशकौंदेखिको नियन्त्रणलाई हटाउन सजिलो नहुन सक्छ, अल्पकालमा ठूलो समस्या देखा पर्न सक्छ, तापनि स्वतन्त्र समाजमा विश्वास राख्नेले खुला आप्रवासनलाई अन्तिम लक्ष्य बनाउनैपर्छ ।

## व्यवहारमा खुला व्यापार

खुला व्यापार प्रणाली अवलम्बन गरेका देशहरूले अन्य देशको तुलनामा छिटो आर्थिक विकास गरेका छन् । उदाहरणका लागि, सिङ्गापुर तथा हङकङ जस्ता साना सहरी मुलुकलाई लिऊँ, अगाडि बढ्न यी दुवैसँग प्राकृतिक स्रोतको अभाव थियो । सन् १९६० को दशकमा यी दुवै मुलुक पर्याप्त स्रोत भएका अफ्रिका र क्यारेबियाका मुलुक जत्तिकै गरिब थिए । अहिले व्यापार र खुला अर्थतन्त्रका कारण दुवै मुलुक धेरै गुणा धनी छन् ।

व्यापारको विस्तारले ठूलो परिमाणमा गरिबी घटाएको छ । विदेशी लगानी र आयातलाई खुला छाड्ने हो भने कपडा तथा जुत्ता कारखाना जस्ता अत्यन्त न्यून ज्यालामा काम लगाइने प्रवृत्ति प्रोत्साहित भई स्थानीय बासिन्दा शोषणमा पर्छन् भन्ने डर केही मान्छेहरूलाई छ । तर सत्य के हो भने कसैले पनि कसैलाई कारखानामा काम गर्न बाध्य पार्न सक्दैन । खुला आकाशमुनि चर्को घाममा ढाड सेकिने गरी अनिश्चित र सस्तो ज्याला लिएर खेतमा

काम गर्नुको सट्टा कारखानामै काम गर्न धेरै मान्छे रूचाउँछन् । विदेशी लगानी भित्रिएको भियतनाम जस्तो मुलुकमा हाल कामदार हरूले स्कुटर, टेलिभिजनलगायतका कुनै बेला विलासी ठानिने वस्तुहरू राख्न सक्ने भएका छन् ।

अहिले हामीले प्रयोग गर्ने मोबाइल, ल्यापटपलगायत सबैजसो जटिल औजारको उत्पादन गर्न आवश्यक स्रोत, सीप तथा विज्ञता संसारभरबाट सङ्कलित हुन्छन् । यी सामग्रीको डिजाइनर क्यालिफोर्नियामा बसेको हुन सक्छ भने उत्पादन कार्यको व्यवस्थापन हङकङबाट र उत्पादनचाहिँ चीनमा भएको हुन सक्छ । ती सामग्रीमा प्रयोग हुने धातु र अन्य खनिज एसिया, अस्ट्रेलिया वा दक्षिण अमेरिकाका खानीबाट निकालिएको हुन सक्छ । ग्रिसमा मुख्यालय भएका पानीजहाज कम्पनी वा नेदरल्यान्ड्सलाई केन्द्र बनाएको वायुसेवा कम्पनीले ती सामग्रीको ढुवानी गरेका हुन सक्छन् । ती सामग्रीका उपभोक्ता भने संसारभर नै हुन सक्छन् ।

जब मानिसले अर्को मुलुकका मानिससँग व्यापार गर्न थाल्छन्, उनीहरूले एकअर्कालाई राम्ररी बुझ्छन् वा कम्तीमा पनि एकअर्कालाई सम्मान गर्न थाल्छन् । व्यापारीले कहिल्यै पनि आफूलाई अर्को मुलुक र जाति समुदायको मान्छेभन्दा श्रेष्ठ ठान्ने घमण्ड गरेर टिकिरहन सक्दैन । आफूलाई लाभान्वित बनाउन उनीहरूले आपूर्तिकर्ता, साझेदार वा उपभोक्ताका रूपमा अरूसँग शान्तिपूर्वक कारोबार गर्नुपर्छ । अन्तर्राष्ट्रिय व्यापारले समझ र शान्ति पैदा गर्छ र यसको आफ्नै बृहत् फाइदा छ । तसर्थ सबैभन्दा स्वतन्त्र र खुला व्यापार भएका मुलुक नै स्वतन्त्र र खुला समाज हुन भन्ने कुरा अनौठो होइन ।

# ६. सम्पत्ति र न्याय

अध्याय ४ मा हामीले न्यायको खास अर्थ हुन्छ भन्ने देख्यौं, जसले मानिसहरूको गतिविधिबाट सिर्जित फलको वितरण उनीहरूबीच कसरी गर्ने भन्नेसँग होइन, उनीहरूले एकअर्कासँग कसरी व्यवहार गर्नुपर्छ भन्ने कुराको निर्धारण गर्छ। तर व्यक्तिहरूले एकअर्कासँग गर्ने व्यवहारलाई निर्धारण गर्ने नियम जटिल छन्। ती व्यवहारलाई जगेर्ना गर्न र प्रयोगमा ल्याउन सम्पत्ति, विधिको शासन तथा एकअर्काको अधिकारको सम्मान जस्ता केही निश्चित आदर्श र सामाजिक संस्था आवश्यक हुन्छन्।

## निजी सम्पत्ति

### निजी सम्पत्तिको अर्थ

स्वतन्त्र समाज सञ्चालनका लागि सबैभन्दा आधारभूत कुरा सम्पत्तिमाथिको स्वामित्व हो। सम्पत्तिको स्वामी हुनु भनेको हामीले केही चीज राख्न सक्छौं, नियन्त्रण गर्न सक्छौं र त्यसबाट अरू कसैलाई अलग्याउन सक्छौं भन्ने हो। यस्तो सम्पत्तिलाई हामी आफैं उपयोग गर्न सक्छौं, अरू कसैलाई भाडामा दिन सक्छौं, बिक्री गर्न सक्छौं, अरू कसैलाई सित्तैमा दिन सक्छौं, अझ यसलाई नष्ट गर्न सक्छौं। तर अरू कसैले हाम्रो अनुमतिबिना त्यसको उपयोग गर्न सक्दैनन्। हाम्रो सम्पत्तिलाई वैधानिक रूपमा हामीबाट कसैले खोस्न सक्दैन।

व्यक्तिले सम्पत्ति राख्न सक्छ, त्यसैगरी विवाहित जोडीले, व्यापार साझेदारले, ठूला कम्पनीले, सरकार र अरू सार्वजनिक संस्था जस्ता समूहले पनि राख्न सक्छन् ।

जमिनको टुक्रा वा भवन जस्तो सम्पत्ति सधैं भौतिक र अचल हुँदैनन् । यो पशुचौपाया, ट्रक वा कपडा जस्ता एक ठाउँबाट अर्कोमा लैजान सकिने चल पनि हुन सक्छ । यो अभौतिक पनि हुन सक्छ । यसमा ट्रेडमार्क वा प्रतिलिपि अधिकार, हामीले लेखेका वा अभिलेख गराएका वा डिजाइन गरेका पेटेन्ट जस्ता बौद्धिक सम्पत्ति पर्छन् । यसैगरी कुनै कम्पनीको सेयर, हामीले कसैलाई दिएको ऋण वा बचत पनि सम्पत्ति हो । कसैको जग्गा निश्चित समयका लागि प्रयोग गर्ने, रेडियो स्टेसनले प्रयोग गर्ने फ्रिक्वेन्सी पनि सम्पत्ति हो । त्यसकारण सम्पत्ति स्थिर र भौतिक हुनैपर्छ भन्ने छैन ।

सम्पत्ति सिर्जना गर्न सकिन्छ । एउटा ट्रक वा लगाउने लुगा विभिन्न सामग्रीहरू जोडेर बनाइएका हुन्छन् र नयाँ सम्पत्ति सिर्जना भएको हुन्छ । पशुचौपाया जन्माइन्छन्, हुर्काइन्छन् र पाको बनाइन्छन् । मान्छेले नयाँ किताब लेख्छन् वा बचतका नयाँ योजना ल्याउँछन् । सूचना प्रविधिले मोबाइल फोनमा नयाँनयाँ प्रयोग सम्भव बनाएको छ । यसरी पूर्ण रूपमा नयाँ खालको सम्पत्ति सिर्जना भएको हुन्छ ।

हाम्रो शरीरमाथिको हाम्रो आफ्नै अधिकार पनि सम्पत्तिमा समावेश भएको हुन्छ । शारीरिक श्रमबाट पाइने फलको भोक्ता हामी आफैं हुन्छौं । स्वतन्त्र समाजमा हामीलाई बलियो प्रमाण नभई कसैले पक्राउ गर्न वा थुन्न सक्दैन । बलपूर्वक कसैलै हामीलाई काममा लगाउन सक्दैन । हाम्रो मिहिनेत, ज्ञान, सीप तथा प्रतिभाबाट सिर्जित कुनै सिर्जना कसैले चोर्न सक्दैन ।

## सम्पत्ति र प्रगति

मानवता जत्तिकै पुरानो सम्पत्तिको संस्था छ । तर पनि यसलाई सबै कालखण्डमा सम्मान गरिएको छैन । प्राचीन स्पार्टामा व्यक्तिगत सम्पत्तिको अवधारणालाई कुल्चिइएको थियो । पछिल्लो कालखण्डमा रूस तथा चीनलगायत मुलुकले सामूहिक स्वामित्वमा जमिन तथा कारखाना चलाउने परीक्षण गरेका थिए । तर क्रमिक रूपमा व्यक्तिगत सम्पत्तिलाई स्वीकार गरिएको तथा त्यसको रक्षा भएकाले आधुनिक व्यापार सम्भव भएको हो । यसले कारोबार पक्षधर मुलुकहरूमा प्रचुर सम्पत्ति सिर्जना गरेको हो ।

यो बुझ्नलाई त्यति गाह्रो छैन । पर्यावरणविद् ग्यारेट हार्डिनले द ट्रेजिडी अफ कमन्स[1] लेखेका थिए । जब मान्छे स्रोतको मालिक हुन्छ, उसले त्यसलाई संवर्द्धन तथा प्रवर्द्धन गर्ने कुरामा बढी चासो दिन्छ, अन्यथा दिँदैन । सामूहिक स्वामित्वको जग्गामा भन्दा निजी स्वामित्वको जग्गामा राम्रो खेती हुन्छ । सामूहिक आवासका भऱ्याङ प्रायः फोहोर हुन्छन् । यद्यपि त्यहाँ बस्ने प्रत्येकका अपार्टमेन्ट भने चिटिक्क परेका सफासुग्घर हुन्छन् । आफ्नो भागमा नपरेको चीजबिजमा समय तथा पैसा खर्च गर्न मान्छे चाहँदैनन् । किनभने त्यसमा कसैले लगानी नगरे पनि त्यसबाट प्राप्त हुने लाभ सबैको हुन्छ ।

सम्पत्तिको रक्षा र सम्पत्तिमा स्वामित्वको सम्मानले मान्छेलाई उत्पादनशील पुँजी निर्माण गर्ने अवसर दिन्छ । खेती गरेपछि उब्जनी आफैं राख्न पाउने अवस्थामा मात्रै किसानले मल, बीउ, ट्र्याक्टरलगायत औजारमा बढी लगानी गर्छन् । आफ्नो सम्पत्ति केमा प्रयोग गर्ने भन्ने निर्णय आफैं गर्न सकिने र गरिएको

---

१. ग्यारेट हार्डिन, द *ट्रेजिडी अफ कमन्स*, *साइन्स* १६२ (३८५९), १९६८, पृष्ठ १२४३–८ ।

लगानी खोसिँदैन भन्ने अवस्थामा मात्रै उद्यमीले कारखाना, औजार, उत्पादन सञ्जाल आदिमा लगानी गर्छन् । सम्पत्ति अधिकारको रक्षा र सम्मान भयो भने मान्छेले उत्पादनशील पुँजी निर्माण गर्छन्, आर्थिक वृद्धि हुन्छ र समग्र समाज लाभान्वित हुन्छ । अरू कसैले सम्पत्ति विनाश गर्ने, चोर्ने वा सम्पत्तिको प्रतिफल अरू कसैले लैजाने अवस्थामा मान्छेले आफ्नो श्रम, सीप, समय, पुँजी तथा विज्ञता त्यसमा लगाउँदैनन् र समग्र समाज दुर्गति उन्मुख हुन्छ ।

## सम्पत्ति र अन्य अधिकार

स्वतन्त्र समाजमा जनताले उपयोग गर्ने अधिकार र स्वतन्त्रता सम्पत्ति प्रणालीसँग जोडिएको हुन्छ । निजी सम्पत्तिबिना अधिकार र स्वतन्त्रता दुवै प्राप्त गर्न सकिँदैन ।

उदाहरणका लागि, मान्छेको बोल्न, सङ्गठित हुन र राजनीतिक प्रक्रियामा भाग लिन पाउने अधिकारलाई हेरौं । निजी सम्पत्तिको अधिकार नहुने, सबै स्रोत सरकार नियन्त्रित हुने हो भने कुनै उम्मेदवारले चुनावी अभियान कसरी सञ्चालन गर्न सक्ला ? आफ्ना कुराहरू राख्न उनीहरूलाई सभा हल आवश्यक हुन्छ, पर्चाहरू छपाउनुपर्छ, प्रसारण गर्नुपर्छ । तर सबै सभास्थल सरकारको स्वामित्वमा हुने, छपाइसम्बन्धी सबै सामग्री सरकारले आपूर्ति गर्ने, रेडियो तथा टिभी सरकारले नै चलाउने अवस्थामा कुनै पनि उम्मेदवारले प्रभावकारी रूपमा चुनावी अभियान सञ्चालन गर्न सक्दैन ।[२] सरकार र उसका नीतिहरूको आलोचना गर्ने उम्मेदवार भएको खण्डमा (यस्तो सम्भावना बढी हुन्छ) चुनावी अभियान झन् बढी प्रभावित हुन्छ । आफ्नो सम्पत्ति नभएका

---

२. यो बुँदाको विस्तृत व्याख्याका लागि एफए हायक, *द रोड टू सर्फडम*, रूटलेज, लन्डन, १९४४, मोरल बेनेफिट्स अफ प्रोपर्टी हेर्नुहोस् ।

व्यक्तिलाई चुप लगाउने, पक्राउ गर्ने वा हत्या गर्नबाट सरकारलाई रोक्ने कुनै शक्ति हुँदैन । यी डरलाग्दा कुरा हुन । तर संसारभर यस्ता घटना भएका छन् ।

सम्पत्ति नभई न्याय हुँदैन । आफ्नो शरीर, श्रम र अरू सम्पत्तिमाथि अधिकार नभएपछि यी चीज कुनै पनि बेला मुआब्जा नदिई खोसिन सक्छ । हाम्रो शरीरमाथि हाम्रो आफ्नै अधिकार नभए हामी कुनै पनि बेला पक्राउ पर्न, थुनामा राखिन वा मारिन सक्छौं । हाम्रो आफ्नो श्रममाथि अधिकार नभए दास बनाइन सक्छौं, अरू सम्पत्तिमाथि अधिकार नभए लुटिन सक्छौं । अन्यायबाट हामीलाई संरक्षण हुँदैन ।

## सम्पत्तिको नैतिक फाइदा

सम्पत्ति र सम्पत्तिमाथिको अधिकारले व्यक्तिलाई सरकार र अन्य दोहनकारी शक्तिबाट हुन सक्ने आक्रमणबाट रक्षा कवचको काम गर्छ । सम्पत्तिको स्वामित्वले व्यक्तिलाई आफ्नो रक्षा गर्न सक्षम बनाउँछ, आफ्नै रोजाइमा चल्ने, योजना बनाउने, आफ्ना महत्त्वाकाङ्क्षालाई पछ्याउने, भनाइ राख्न सक्ने बनाउँछ । यसो गर्दा सरकार वा कुनै व्यक्तिको गलत अभिप्रायको सिकार हुनुपर्दैन ।

सम्पत्ति र यसबाट हुर्किने व्यापार तथा विनिमयका नियमले व्यक्तिहरूलाई आपसी हितका क्षेत्रमा शान्तिपूर्ण ढङ्गले सहकार्य गर्ने सुविधा दिन्छ । यसले सँगसँगै जीवन यापन गर्ने, प्राकृतिक स्रोत तथा श्रमबाट सिर्जित प्रतिफल सहमति गरिएका सर्तअनुरूप बिनाहिंसा, बिनाशोषण एवम् विवादरहित ढङ्गले बाँडफाँट गर्न सकिने अनुकूल परिस्थिति निर्माण गर्छ ।

सम्पत्तिले शान्तिपूर्ण सहकार्यलाई प्रोत्साहित गर्ने मात्र होइन, यसले आफ्नो परिस्थितिलाई सुधार्न चाहने जोकोहीलाई सहकार्य

गर्न बाध्य बनाउँछ । मान्छेले आफूलाई चाहिएको कुरा सजिलै बलपूर्वक लिन सक्दैनन् । सम्पत्ति हस्तान्तरण गर्न सकिन्छ, मालिकले सहमति दिएमा बेच्न, भाडामा लगाउन वा कसैलाई दिन सकिन्छ । समाज जति स्वतन्त्र भयो, त्यति नै धेरै ऋण तिर्ने वा करार कार्यान्वयन गर्ने जस्ता सम्पत्ति अधिकारसँग जोडिएका नियमन संयन्त्र बनेको हुन्छ । स्वतन्त्र मान्छेहरूले यसलाई स्रोत हस्तान्तरण गर्ने नैतिक उपायका रूपमा मनन गरेका हुन्छन् । उनीहरूलाई बलपूर्वक खोसिने वा चोरिने कुरा स्वीकार्य हुँदैन ।

## समाजमा अंशियारी

यसबाट समाजमा सम्पत्ति भएकाहरू मात्रै लाभान्वित हुन्छन् भन्ने होइन । पुँजी निर्माण, लगानी तथा व्यापारलाई प्रोत्साहन गर्दा समग्र समाज लाभान्वित हुन सक्छ । उदाहरणका लागि, खेतबारी नहुने सहरवासीलाई ग्रामीण भेगमा किसानले गरेको खेतीपाती स्वैच्छिक रूपमा विनिमय गरी खाद्य उपलब्ध गराएका हुन्छन् । यो किसानलाई प्राप्त जमिन र त्यसको उब्जनीमाथिको स्वामित्वले सम्भव बनाएको हो । यस्तो स्पष्ट अधिकार नभएका मुलुकमा नतिजा विपरीत हुन्छ । उदाहरणका लागि, जिम्बाबेमा रोबर्ट मुगाबेले स्थापित किसानहरूको जमिन खोसेर आफ्नो बनाउन जनतालाई प्रोत्साहित गरे । अधिकांश गोरा किसानले मुलुक छाडेर भागे । नतिजा राम्रो आएन, जमिनमाथिको स्वामित्व प्रस्ट नभएकाले खेतीपाती घट्यो सहरवासीलाई खाद्यान्न अभाव भयो ।

त्यसैले स्वतन्त्र समाजमा जनताको सम्पत्ति अधिकार रक्षा गर्ने सरकारको महत्त्वपूर्ण कर्तव्य हो । यसले सर्वसाधारणलाई कुनै अपराधी, धनी तथा शक्तिशाली व्यक्तिको शोषणमा पर्ने वा लुटिनुपर्ने स्थितिबाट जोगाउँछ । निजी सम्पत्तिको संस्थाले सबैलाई

समाजको अंशियार बनाउँछ र शान्तिपूर्ण सहकार्यमा चासो बढाउँछ । स्रोतहरूलाई स्वामित्वमा लिन, चुस्त र प्रभावकारी व्यवस्थापन गर्न, उत्पादनशील पुँजी निर्माण र सम्भार गर्न प्रोत्साहित गर्ने सम्पत्तिको अधिकारबाट सबैले लाभ प्राप्त गर्छन् । स्वतन्त्र समाजमा सम्पत्तिमाथिको अधिकार कुनै सानो समूहको विशेषाधिकार हुँदैन । यो सबैका लागि खुला हुन्छ र सबै यसबाट लाभान्वित हुन्छन् ।

## न्यायका नियम

### न्याय प्राप्ति

दण्ड तथा पुरस्कार प्रदान गर्ने पद्धतिलाई न्याय भनिन्छ । मान्छेका क्रियाकलापले कस्तो नतिजा दिन्छ, त्यसैका आधारमा उनीहरू केका लागि योग्य छन् भन्ने हाम्रो साझा सोचमा न्याय आधारित हुन्छ । उदाहरणका लागि, कसैले जानाजान अर्कालाई हानि पुऱ्याउँछ भने त्यस्तो अपराधीलाई दण्ड र पीडितलाई क्षतिपूर्ति दिनुपर्छ भन्ने कुरामा हामी सहमत हुन्छौं ।

न्यायका नियमहरू हामी यत्तिकै बनाउन सक्दैनौं । ती हाम्रा प्रकृतिका हिस्सा हुन् । सृष्टिकर्ताले प्राकृतिक नियम बनाएका हुन्छन् । धर्मका माध्यमबाट ती नियम हाम्रा सामु प्रकट हुन्छन् भन्ने सोच केही मान्छेहरू राख्छन् । नोबेल अर्थशास्त्री तथा दार्शनिक एफए हायकलगायत अरू मान्छे यसमा क्रमिक विकास भएको ठान्दछन् । उनीहरूका अनुसार मानव सभ्यतासँगै ती नियम हुर्किंदै आएका हुन् । किनभने तिनले हामीलाई सामाजिक प्राणीका रूपमा शान्तिपूर्वक बाँच्न सहयोग पुऱ्याउँछन् । जेहोस्, सहकार्य र मानव समाजको सुसञ्चालनलाई जोड दिनुपर्छ भन्ने प्राकृतिक भावना हामीसँग छ । हामीसँग त्यस्तो भावना हुँदैनथ्यो र अन्याय भएको हामीलाई लाग्दैनथ्यो भने वा कोही लुटिंदा वा कसैको हत्या हुँदा

हामी केही कारवाही गर्दैनथ्यौं भने हाम्रो समाज यति लामो समय बाँच्दैनथ्यो ।

त्यसैले स्वतन्त्र समाजमा व्यवस्थापिका र न्यायपालिकाले न्याय कस्तो हुनुपर्छ भनेर निर्देशन दिन सक्दैनन् । उनीहरूले कल्पना गरेको तर हाम्रो स्वभावभन्दा नितान्त भिन्न नियमले काम गर्ने सम्भावना अत्यन्तै न्यून हुन्छ । उनीहरूले न्यायका नियम कस्ता हुन्छन् भन्ने सोधखोज मात्र गर्न सक्छन् ।[३]

यसलाई हामी मुलुकी ऐन वा स्थानीय कानुन प्रणालीको सञ्चालनबाट पनि बुझ्न सक्छौं । उदाहरणका लागि, साँधसीमासम्बन्धी दुई छिमेकीको विवादलाई अदालत ल्याइन्छ । त्यस्तो परिस्थितिमा अदालतले कस्तो फैसला गर्दा न्याय हुन्छ भन्ने विचार गर्नुपर्छ । साँधसीमासम्बन्धी यस्तै अर्को मुद्दा उस्तै हुन सक्छ । तर ठ्याक्कै एउटै हुँदैन, अदालतले फेरि न्याय दिलाउने प्रयास गर्नुपर्छ । न्यायाधीशले तजबिजीका आधारमा फैसला गर्दैनन् । उनीहरूले लामो समयदेखि पालना हुँदै आएको सिद्धान्तलाई नयाँनयाँ परिस्थितिमा लागू गर्छन् । यस्तै क्रमिक परीक्षणहरूबाट छिमेकीको कस्तो व्यवहारलाई न्यायसङ्गत मान्ने र कस्तोलाई नमान्ने भन्ने साझा सोचको विकास हुन्छ ।

## न्यायिक कानुन, नैतिकता वा समानता होइन

स्वतन्त्र समाजमा न्यायका नियमको आधारभूत विशेषता भनेको ती नियम सबैमा समान तबरले लागू हुन्छन् भन्ने हो । एउटै परिस्थितिमा फरकफरक मान्छेलाई समान किसिमले व्यहार गरिनुपर्छ भन्ने हो ।

---

३. यो बुँदाको विस्तृत व्याख्याका लागि एफए हायक, द *मिराज अफ सोसियल जस्टिस*, युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो, आइएल, १९७८ हेर्नुहोस् ।

न्याय र नियम सधैं एउटै चीज हुँदैनन् । उदाहरणका लागि, कानुनले सबै मान्छेलाई सधैं समान व्यवहार गर्न सक्दैन । आफ्ना मित्रलाई सहयोग गर्ने र शत्रुलाई दुःख दिने गरी अभिजात वर्गले नियम बनाउन सक्छ । ती न्यायोचित नियम होइनन् ।

त्यसैगरी न्याय र नैतिकता पनि एउटै चीज होइनन् । धेरै मान्छेलाई विवाहअघिको यौन सम्बन्ध अनैतिक लाग्न सक्छ । त्यसो भन्दैमा यसलाई अन्यायी भन्न मिल्दैन । सहमतिमा हुने त्यस्ता क्रियाकलापबाट अरू कसैलाई पनि हानि भएको हुँदैन । त्यसैले अर्कोलाई हानि नगर्ने सिद्धान्तअनुरूप त्यस्ता काम गर्नेलाई दण्ड दिनु न्यायोचित हुँदैन । बरू त्यस्ता क्रियाकलापलाई दण्डित गर्ने नियमहरू न्यायसङ्गत होइनन् । अरू कसैलाई त्यस्ता व्यवहार अनुचित लागेकैले कानुनले दण्डित गर्छ भने हामी कसैलाई पनि स्वतन्त्रता भन्ने कुनै चीज उपलब्ध हुँदैन ।

त्यसैगरी समानता न्याय जस्तै होइन । केही मान्छे धनी हुनु र केही गरिब हुनुको अर्थ समाज अन्यायी छ भन्ने होइन । असमान समाज पनि समान भनिएको समाज जत्तिकै न्यायपूर्ण हुन सक्छ । मान्छेले वैधानिक तबरबाट, कसैलाई शोषण नगरी सम्पत्ति सञ्चय गरेका छन् भने त्यो पूर्ण रूपमा न्यायोचित हुन्छ ।

निजी सम्पत्तिका केही आलोचक धन आर्जन चोरीबाट मात्र गर्न सकिन्छ भन्छन् । यो सत्य होइन । पहिलो मान्छेले फालिएको, जङ्गली, कसैले प्रयोगमा नल्याएको जमिन पहिल्याएर आफ्नो हक दाबी गरेको हुन सक्छ । त्यो जमिनमा खेती गरेर वा बहुमूल्य खानी चलाएर उसले लाभ प्राप्त गरेको हो भने त्यो उनीहरूको भाग्य हो । त्यसबाट अरू कसैलाई हानि भएको हुँदैन, कसैमाथि अन्याय भएको हुँदैन । त्यसैगरी कुनै उद्यमीले नयाँ वस्तु वा विधि पत्ता लगायो र त्यसलाई इच्छुक खरिदकर्तालाई बिक्री गरेर धनी

बन्यो भने पनि कसैलाई हानि हुँदैन । बरू त्यस्तो नवसिर्जनाबाट सारा संसार लाभान्वित भइरहेको हुन्छ ।

## न्याय कार्यान्वयन

स्वतन्त्र समाजको मुख्य ध्येय बलको प्रयोग अत्यन्तै कम गर्ने हुनुपर्छ । तर कुनै उपायले न्यायको कार्यान्वयन गरिनैपर्छ । मान्छेले कसैलाई हानि पुऱ्याउँछ भने त्यसलाई थुनामा राखेर वा जरिवाना गरेर दण्डित गर्नैपर्छ भन्ने हाम्रो अपेक्षा हुन्छ । यसको अर्थ अपराधीमाथि बल प्रयोग गर्नुपर्छ भन्ने हो । न्यायलाई चलनमा ल्याउन केही बलको प्रयोग अपरिहार्य हुन्छ ।

स्वतन्त्र समाजले बल प्रयोगको एकाधिकार गैरसैनिक अधिकारी लाई प्रदान गरेर उल्लिखित द्विविधाको समाधान गरेको हुन्छ । न्याय कार्यान्वयनका लागि आन्तरिक तथा बाह्य शत्रुबाट नागरिकको रक्षाका लागि मात्रै ती अधिकारीले बलको प्रयोग गर्न सक्छन् । अन्य व्यक्तिलाई बलको प्रयोग गर्न रोक लगाइएको हुन्छ ।

बल प्रयोग गर्ने सरकारलाई एकाधिकार दिइयो भने पनि त्यो अत्यन्तै सीमित हुनुपर्छ । सरकार भनेको मान्छेहरू मिलेर बन्ने हो र कुनै पनि मान्छेले दोहनकारी शक्ति निरपेक्ष ढङ्गले प्रयोग गर्छ भन्ने विश्वास गर्न सकिँदैन । यस्तो शक्ति निजी स्वार्थमा प्रयोग गर्ने लोभ सधैं उच्च हुन्छ ।

त्यसैले अधिकारीहरूले प्रयोग गर्न सक्ने दोहनकारी शक्तिलाई सीमित बनाउने गरी स्वतन्त्र समाजको न्याय प्रणालीले कडा नियमहरू बनाएको हुन्छ । उदाहरणका लागि, कसैलाई पकाउ गर्न सक्ने, छानबिन गर्ने, मुद्दा चलाउने र दण्डसजाय तोक्नेसम्बन्धी नियम बनाइएका हुन्छन् । यी प्रक्रियागत नियमहरूले कसरी निर्णय गर्ने भन्ने निर्धारण गर्छन्, के निर्णय गर्ने भन्ने होइन । न्यायिक

प्रक्रिया न्यायसङ्गत र निष्पक्ष छ भन्ने सुनिश्चित गर्न यी नियम पालना गर्नुपर्छ ।

## न्यायलाई खतरा

शासकहरूको दोहनकारी शक्तिले जनतालाई गैरन्यायिक तवरले दण्डित गर्न सक्छ । यसबाट बचाउन फराकिलो कानुनी ढाँचा आवश्यक हुन्छ । जनताको पक्षमा काम गरिरहेको छु भन्ने मान्यता राख्नेहरूले पनि यसलाई सजिलै भत्काउन सक्छन् । उदाहरणका लागि, प्रक्रियागत विधिलाई पछ्याउनुको सट्टा कहिलेकाहीँ न्यायाधीशहरूले फैसला न्यायोचित हुनुपर्छ भन्छन् । न्यायाधीशहरूको यस किसिमको सक्रियताका कारण न्यायभन्दा माथि उनीहरूको निजी विचार हुन जान्छ । यसले न्यायालयको प्रक्रियालाई अनुमान गर्न नसकिने अनिश्चयी बनाइदिन्छ, एउटै अपराधमा पनि न्यायाधीशअनुसार फरक सजाय हुन सक्छ । यस्तो स्थितिमा शक्तिशालीहरूले अदालती फैसलाहरूमा ठूलो प्रभाव पार्न सक्छन्, उनीहरूले न्यायाधीशलाई घूस दिएर वा अरू कुनै तरिकाले धम्क्याएर आफ्नो पक्षमा फैसला गराउन सक्छन् । तर सबै मुद्दामा सुदृढ न्यायिक विधिलाई अवलम्बन गर्ने हो, त्यस किसिमका हस्तक्षेपहरूलाई नियन्त्रण गर्न सकिन्छ । यो न्यायालयमा आउने सबैका लागि महत्त्वपूर्ण सुरक्षा कवच हुनेछ ।

न्याय कार्यान्वयनलाई अवमूल्यन गर्ने अर्को अवधारणा सामाजिक न्यायको हो । नियोजित रूपमा सम्पत्ति तथा आयको समान वितरणसँग सम्पत्ति अधिकार तथा न्यायको सिद्धान्त एकआपसमा बाझिने कुरा हुन । समान वितरणका लागि केही मान्छेहरूबाट सम्पत्ति लिएर अरू मान्छेलाई दिनुपर्छ । त्यति बेला मान्छेलाई सम्पत्ति राख्ने र हस्तान्तरण गर्ने अधिकार प्रदान गर्ने

स्वामित्वको नियम खण्डित हुन्छ । शासकहरूलाई त्यस्तो अधिकार दिइयो भने कोही पनि सुरक्षित हुँदैनन् । उद्यम नष्ट हुन्छ, सरकारले खोसेर लैजान सक्ने भएपछि किन कसैले जोखिम मोल्छ वा सम्पत्ति जोड्ने प्रयास गर्छ ?

सम्पत्ति अधिकारको कार्यान्वयन भने त्यति प्रस्ट छैन । कुनै टुक्रा जमिनमा मेरो स्वामित्वको अर्थ त्यसमुनि रहेको खानीको मालिक पनि मै हुँ भन्ने हुन्छ कि हुँदैन ? मेरो जग्गामाथि कुनै वायुयानलाई उड्नबाट मैले रोक्न सक्छु कि सक्दिनँ ? मेरो छिमेकको कारखानाले गर्ने वायु प्रदूषणलाई मैले रोक्न सक्छु कि सक्दिनँ ? यी कुराहरूलाई विस्तारित रूपमा निर्धारण गर्नुपर्छ ।[४] र स्वतन्त्र समाजमा त्यो निर्धारण गर्ने काम वास्तवमा न्यायका नियमहरू के हुन् भनेर किटान गर्ने तटस्थ न्यायाधीशहरूले गर्छन्, अदालतमा तिनलाई निरन्तर परीक्षण र परिष्कृत गरिन्छ ।

## प्राकृतिक न्याय

स्वतन्त्र समाजमा कानुन तर्जुमा गर्ने र कार्यान्वयन गर्ने सबै निकायले न्यायको सिद्धान्तलाई पछ्याउनुपर्छ । यो सिद्धान्तले मानवतासँग गहिरो जरा गाडेको हुन्छ । त्यसैले यसलाई प्राकृतिक न्याय भनिन्छ ।

पहिलो, कानुन स्पष्ट, निश्चित र सबैको जानकारीमा हुनुपर्छ । कानुन गोप्य हुन्छ, फेरिएको फेरियै गर्छ भने मान्छेलाई कानुन पालना गरेको छु कि छैन भनेर थाहा हुँदैन, उसले आफूलाई दण्डित हुनबाट जोगाउन सक्दैन ।

---

४. यसको चर्चा मिल्टन फ्रिडम्यान र रोज फ्रिडम्यानले क्यापिटालिज्म एन्ड फ्रिडम, युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो, आइएल, १९६२, मा गरेका छन् ।

कानुन अनुमानयोग्य हुनुपर्छ । कहाँ कानुन लाग्छ, कहाँ लाग्दैन र उल्लङ्घन गर्दा के सजाय हुन्छ भन्ने मान्छेलाई थाहा हुनुपर्छ । स्वतन्त्र समाजमा पनि कानुनहरू कुनै निश्चित उद्देश्यका लागि जारी गरिएका हुन्छन् । उदाहरणका लागि, सङ्गठित अपराध र आतङ्कवादी क्रियाकलाप नियन्त्रण गर्न । तर कहिलेकाहीँ तिनलाई नितान्त फरक उद्देश्यमा प्रयोग गरिन्छ । यस्तोमा नागरिकले ससाना गल्तीमा पनि कडाभन्दा कडा सजाय पाउने सम्भावना उच्च हुन्छ ।

दोस्रो, कानुन भूतकालदर्शी हुनुहुँदैन । कानुनले भविष्यमा हुने क्रियाकलापलाई मात्र चिन्नुपर्छ । अन्यथा मान्छेले कानुन नबन्दै गरेका कामकारबाहीमा सजायको भागीदार बन्नुपर्छ । यसमा पनि स्वतन्त्र भनिएका मुलुकहरू चुकेका छन् । उदाहरणका लागि, २००८ मा बेलायतमा कर व्यवस्थापनका केही प्रावधानलाई संशोधन गरी अवैध बनाइयो, त्यसो गर्दा तीन हजार मान्छेमा कर दायित्व थपियो । कानुन संशोधन हुनअघि उनीहरूको कर व्यवस्थापनसम्बन्धी कार्य वैध नै थियो ।

न्यायको तेस्रो नियमले मान्छेलाई असम्भव काम गर्न कानुनले बाध्य बनाउन सक्दैन भन्छ । त्यसो गर्न खोजियो भने कानुन पालना नै असम्भव हुन्छ । यसमा पनि स्वतन्त्र भनिने मुलुक चुकेका छन् । खासगरी बेलायतमा सबै घरधनीले अनिवार्य रूपमा आगलागीका बेला बाहिरिने निकासको व्यवस्था गर्नुपर्ने कानुन बनाएर यस्तै गरिएको थियो । पुराना घरमा उक्त कानुनबमोजिमको व्यवस्था गर्नु असम्भव थियो । सरकारहरूले विपक्षीलाई तह लगाउन बनाउने यस्ता कानुन योभन्दा गम्भीर विषय हुन् ।

न्यायको अर्को प्राकृतिक सिद्धान्तअनुसार सुरूमा सबैलाई निर्दोष मानिनुपर्छ । प्रमाणित नभएसम्म कसैलाई पनि अपराधीझैं व्यवहार गरिनुहुँदैन, अपराधी हो भन्ने छर्लङ्ग हुँदा पनि त्यसो गर्न

पाइँदैन । यसको अर्थ आफूलाई निर्दोष सावित गर्ने काम उसको होइन । बरू उसको अपराध सावित गर्ने काम अधिकारीहरूको हो । यसो भएको खण्डमा अधिकारीहरूले आफ्ना विपक्षीलाई झूटा आरोपमा सजिलै दुःख दिन सक्दैनन् । कसैलाई सजाय गर्नुअघि अदालतबाट आरोप प्रमाणित हुनैपर्छ ।

अर्को मुख्य सिद्धान्त अदालत र न्यायाधीश राजनीतिक अधिकारीबाट स्वतन्त्र हुनुपर्छ भन्ने हो । कानुन बनाउने र कार्यान्वयन गर्नेहरूबीच शक्तिको पृथकीकरण हुनुपर्छ । न्यायाधीशहरू राजनीतिक अधिकारीका प्रतिनिधिमा सीमित हुनुहुँदैन, उनीहरूका राजनीतिक दृष्टिकोण र न्यायसम्पादनबीच कुनै साइनो हुनुहुँदैन । न्यायाधीशहरू राजनीतिकर्मीसँग अत्यन्तै नजिक भए भने उनीहरू सजिलै प्रभावित हुने र हस्तक्षेपमा पर्न सक्छन् । त्यस अवस्थामा अदालतले राजनीतिक चासोलाई मात्रै सम्बोधन गर्छ, न्याय सम्पादन गर्दैन । बढी स्वतन्त्र समाजहरूमा प्रायः न्यायाधीश नियुक्त गर्ने स्वतन्त्र समिति हुन्छ वा तिनीहरूलाई जीवनभरका लागि नियुक्त गरिन्छ, जसले राजनीतिकर्मीले न्यायाधीशहरूमाथि पार्ने प्रभाव घटाउँछ ।

## विधिको शासन

### विधिको शासनको अर्थ

विधिको शासनबाहेक अरू कुनै चीजले स्वतन्त्र र नियन्त्रित समाजको भिन्नतालाई राम्ररी छुट्याउन सक्दैन । यो राजा वा राजनीतिकर्मीका सनकभन्दा कानुनका स्पष्ट र सर्वप्रचलित नियमहरूबाट नागरिकहरू शासित हुनुपर्छ भन्ने अवधारणा हो । विधायिकीले आफ्नो मनपरी गर्न पाउँदैन । उनीहरूले बनाएका कानुन उनीहरूलगायत सबैलाई समान रूपमा लागू हुनुपर्छ ।

विधिको शासनको उद्देश्य नागरिकलाई शक्तिको मनलाग्दी प्रयोगबाट जोगाउने हो । सरकारलाई बलप्रयोग गर्ने एकाधिकार प्रदान गर्नुको अर्थ त्यस्तो अधिकार तोकिएको उद्देश्यका लागि अनुमानयोग्य तथा जवाफदेही ढङ्गले समाजको बृहत् हितमा प्रयोग गरिन्छ, सीमित सम्भ्रान्तका लागि होइन भन्ने हो ।

सर्वसाधारणले जस्तै सत्तामा हुनेहरूले पनि अपराध गरेको खण्डमा सजायको भागीदार हुनुपर्छ भन्ने सुनिश्चित विधिको शासनले गर्छ । धेरै मुलुकहरूले आफ्ना वर्तमान र पूर्वनेताहरूलाई कानुनी सजायबाट उन्मुक्ति प्रदान गरेका छन् । फलस्वरूप ती मुलुकका धेरै नेताले न्यायलाई छलेका छन् । सार्वजनिक पदधारण गरेका व्यक्ति वा सर्वसाधारणलाई पनि आधारहीन (राजनीतिक उद्देश्यले प्रेरित) मुद्दाहरूबाट जोगाउनुपर्छ भनिए पनि अपराध कर्मलाई नै उन्मुक्ति दिनु गलत हो ।

विधिको शासन परिवर्तनीय र शासकको तजबिजी निर्णयमा भन्दा सर्वव्यापी तथा दिगो सिद्धान्तमा अडिएको हुन्छ । यसले हामीलाई कानुनको नजरमा सबैलाई समान व्यवहार, न्यायिक प्रक्रिया, स्वतन्त्र न्यायालय, निष्पक्षता, बन्दी प्रत्यक्षीकरण (लामो समयसम्म मुद्दा नचलाई थुनामा राख्न नपाइने), यातनाबाट मुक्ति (एउटै अभियोगमा पटकपटक पक्राउ गरी यातना दिने), निर्दोषी पूर्वमान्यता (अपराध प्रमाणित नभएसम्म निर्दोषीसरह व्यवहार गर्ने) र कानुनको निश्चितता, स्थायित्व र सम्भाव्यताको ग्यारेन्टी गर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा कानुन बनाउनेहरू पनि सर्वसाधारणसरह यसबाट बाँधिएको हुनुपर्छ । माथिल्लो ठाउँमा पुगेका मान्छेहरूलाई उनीहरूले गरेका कामकारबाहीमा कानुन नलाग्ने हो भने त्यस्तो समाज स्वतन्त्र हुन सक्दैन ।

## विधिको शासनको रक्षा

सत्तामा भएका मान्छेहरूले विधिको शासनमा दख्खल नपुऱ्याऊन् भन्न विभिन्न देशहरूमा विभिन्न उपाय अवलम्बन गरिएको छ । लिखित संविधान, नजिर तथा मुलुकी ऐनमा आधारित न्यायिक प्रक्रिया र प्राकृतिक न्याय सिद्धान्तप्रतिको आधारभूत प्रतिबद्धता यसमा पर्छन् ।

लिखित संविधानले विधिको शासनलाई बल पुऱ्याउँछ । नयाँ मुलुक जन्मिँदा यस्तो संविधान बनाउन सजिलो हुन्छ, त्यति बेला सबै नागरिक पहिलो पटक एक ठाउँमा आएका हुन्छन् । पुराना मुलुकमा सभ्रान्त र स्वार्थी समूह सत्तामा हाबी हुन्छन्, उनीहरूले नयाँ संविधानलाई आफ्नो हुने गरी चलखेल गर्न सक्छन् ।

अदालतमा आएका थुप्रै मुद्दाहरूबाट स्थापित पुराना नजिर हरूले पनि विधिको शासनलाई बलियो बनाउँछन् । विधायकहरूले जारी गरेको आदेशलाई सर्वसाधारणले चुनौती दिन सक्छन्, त्यस्ता आदेशहरूको न्यायिकता र वैधानिकताको परीक्षण अदालतमा हुन सक्छ । यसरी क्रमिक रूपमा नजिरहरूबाट सत्तासीनहरूको शक्तिलाई सीमित गर्न सकिन्छ ।

विधिको शासनलाई बलियो बनाउन सकिने तेस्रो उपाय न्यायका नियम र सामाजिक सहिष्णुता कायम गर्ने सिद्धान्तबारे छलफललाई प्रोत्साहित गर्ने हो । वाक् स्वतन्त्रता हुने हो र यी अवधारणाहरूबारे खुला छलफल गर्न दिइने हो भने शासकहरूले नियमकानुनसम्बन्धी बुझाइलाई आफ्नो हितमा बङ्ग्याउन सक्दैनन् ।

मान्छेहरू आफू कसरी शासित हुने भन्ने थिति बसाउन पहिलो चोटि एकजुट भएर छलफल गर्दै छन् भने चोरी, लुटपाट जस्ता अपराधमा दिइने सजायबाहेक कसैले पनि कसैलाई दमन गर्न हुँदैन भन्ने विषयमा सहमत हुन्छन् । यसो गर्दा आफ्नो दीर्घकालीन

हित हुने उनीहरूले देखेका हुन्छन् । यो विधिको शासनबारे हुने छलफलबाट निस्कने एक प्रमुख अवधारणा हो । यसबाट हामी के निष्कर्ष निकाल्न सक्छौं भने सबै स्वतन्त्र समाजहरू दोहनलाई रोक्ने र एउटा समूहले अर्कोलाई शोषण गर्न नपाउने सामान्य नियमहरूमा आधारित हुनुपर्छ ।

**न्याय कार्यान्वयन**

विधिको शासनको रक्षा गर्न जुनसुकै बाटो समाइए पनि केही खास मापदण्डहरू छन्, जसले निश्चित रूपमा सहयोग पुऱ्याउँछन् ।

न्यायाधीशहरू व्यक्तिगत र राजनीतिक रूपमा स्वतन्त्र हुनुपर्छ । अन्यथा न्याय प्रणालीप्रतिको सम्मान बाँकी रहँदैन । र न्यायका नाममा धेरै अन्यायका काम हुन्छन् । धेरै मुलुकहरूमा न्यायाधीशहरूलाई थोरै तलब दिइन्छ, उनीहरू जवाफदेही हुँदैनन् र अनुगमन पनि कमै गरिन्छ । त्यसैले कानुनका आधारमा भन्दा पनि घूसका भरमा उनीहरू फैसला गर्छन् । यसविपरीत न्यायाधीशहरूलाई राम्रो तलब दिइनुपर्छ र उनीहरूका कामकारबाहीको नियमित अनुगमन हुनुपर्छ । त्यसो गर्दा भ्रष्टाचार गर्न आवश्यक पनि हुँदैन, त्यसलाई सहनु पनि पर्दैन ।

न्याय प्रणालीलाई सुव्यवस्थित अदालती प्रशासनले पनि सहयोग पुऱ्याउनुपर्छ । धेरै मुलुकहरूमा ठूलो कर्मचारीतन्त्र र मुद्दा सल्टाउने विषयमा अधिकारीहरूले चासो नदिने भएकाले ससाना विवाद पनि अदालतमा पुग्न महिनौं र कतिपयमा वर्षौं लाग्ने गर्छ । नजिरहरूमा आधारित कानुनी व्यवस्थाका लागि पुराना मुद्दा र न्यायाधीशसम्म तुरून्त पहुँच आवश्यक हुन्छ । यसो भयो भने पुराना नजिरहरूको अभिलेख नभएकैले मुद्दाहरू अनावश्यक रूपमा अदालतमा आइरहन्नन् ।

धेरै मुलुकहरूमा प्रहरी समाधानभन्दा पनि समस्याको एक अङ्ग हुन्छ । उनीहरूलाई पक्राउ गर्न सक्ने र थुनामा राख्न सक्ने अधिकार भएकाले त्यसको प्रयोगबाट मान्छेलाई अन्याय गर्ने र भ्रष्टाचारमार्फत लाभ उठाउने गर्न सक्छन् । ससाना ट्राफिक नियम उल्लङ्घनमा लगाइने जरिवानाको प्रहरीबाट हुने दुरूपयोग सबैले जानेको एउटा उदाहरण हो । यो बिस्तारै प्रचलित संस्कृतिको अङ्ग बन्न जान्छ, जब जनमानसले यसलाई सामान्य हो भनेर स्वीकार गर्न थाल्छन्, भ्रष्टाचारजन्य अरू ठूला क्रियाकलापलाई रोक्न कठिन हुन्छ । प्रहरीलाई राम्रो तालिम दिनुपर्छ र अनुगमन पनि गरिनुपर्छ । कुनै स्वायत्त निकायबाट तिनीहरूविरूद्ध गरिएका गुनासो सुन्ने र छानबिन गर्ने व्यवस्था मिलाउनुपर्छ ।

यसैगरी कर्मचारीतन्त्रमा राजनीतिक कृपाका आधारमा भन्दा गुणका आधारमा नियुक्ति गरिनुपर्छ । उनीहरूलाई सही ढङ्गले जवाफदेही बनाइनुपर्छ । राजनीतिक तथा व्यक्तिगत लाभका लागि निर्णय गर्नेहरूलाई दण्डित गर्नुपर्छ ।

न्याय र विधिको शासन कायम गर्न चुनाव स्वतन्त्र ढङ्गले हुनुपर्छ । सत्ताधारीहरूको आलोचना गर्ने उम्मेदवारहरू चुनावमा उठ्न पाउने र उनीहरूको आलोचनात्मक दृष्टिकोण राख्न पाउने गरी वाक् स्वतन्त्रता हुनुपर्छ । चुनावी घेरा न्यायोचित ढङ्गले खिचिएको छ र इमानदारीसाथ चुनाव सम्पन्न भएको छ भन्ने सुनिश्चित गर्न गोप्य मतदान र स्वतन्त्र निर्वाचन आयोगको व्यवस्था हुनुपर्छ ।

## न्याय र आर्थिक उन्नति

विधिको शासन आर्थिक तथा सामाजिक रूपले महत्त्वपूर्ण हुन्छ । प्रत्येक वर्ष विश्व बैङ्कले व्यवसाय सञ्चालनको सहजताका आधारमा मुलुकहरूको श्रेणीकरण गरी सूची निकाल्दै आएको छ ।

विदेशबाट व्यवसाय तथा लगानी आकर्षित गर्ने तथा आन्तरिक रूपमै पनि नागरिकले सजिलै व्यापार गर्न सक्ने वातावरण वास्तवमै आर्थिक विकास र समृद्धिका लागि अपरिहार्य तत्त्व हो । विश्व बैङ्कको उक्त परिसूचकमा कर सङ्कलन तथा नियमनमा पारदर्शिता, भ्रष्टाचारको स्थिति, जनताले व्यापार थाल्न सक्ने स्थिति, सम्पत्ति दर्ता गर्न सक्ने अवस्था, वैदेशिक व्यापारमा सहजता, व्यवसाय टाट पल्टिँदाको अवस्थालगायत विषयलाई समेटिएको हुन्छ ।

आर्थिक रूपमा अत्यन्त स्वतन्त्र (सामाजिक रूपमा नियन्त्रित) मानिएको सिङ्गापुर उक्त सूचीमा सात वर्षसम्म शीर्ष स्थानमा छ, उसलाई तुलनात्मक रूपमा स्वतन्त्र मानिएका हङकङ, न्युजिल्यान्ड, डेनमार्क, बेलायत र अमेरिकाले पछ्याउने गरेका छन् । यसैगरी आर्थिक रूपमा स्वतन्त्र तर सामाजिक रूपमा नियन्त्रित गणतन्त्र कोरिया पनि सूचीको शीर्ष स्थानमा पर्ने गरेका छन् । सूचीको पुछारमा न्याय तथा विधिको शासन अत्यन्तै कमजोर भएका कङ्गो, भेनेजुएला, जिम्बाबे, इराक, क्यामरून, बोलिभिया उज्बेकिस्तान जस्ता मुलुक हुन्छन् ।

## विधिको शासनलाई खतरा

धेरै मुलुकमा खासगरी विकासशील मुलुकमा न्यायका धेरै प्रणाली चलनमा हुन्छन् । राज्यस्तरको कानुन र न्याय प्रणालीबाहेक स्थानीय, समुदायिक तथा धार्मिक कानुनका साथै निजी तथा व्यक्तिहरूबीच हुने करार पनि प्रचलनमा हुन्छन् ।

राज्य प्रणालीमा भ्रष्टाचारको सम्भावना बढी हुन्छ । स्थानीय, समुदायिक तथा धार्मिक कानुनका साथै निजी तथा व्यक्तिहरूबीच हुने करारहरू प्राकृतिक न्यायका सिद्धान्तसँग गहिरो गरी जोडिएका

हुन्छन् । त्यसैले तिनको स्वीकार्यता व्यापक हुन्छ । राज्य प्रणाली प्रायः औपनिवेशिक शक्तिले लादेका हुन्छन् । ती प्रणालीहरूको स्वीकार्य व्यापक नभए पनि तिनीहरूको शक्ति र संरक्षकत्व भ्रष्ट व्यक्तिले दोहन गर्न सक्ने गरी उपलब्ध हुन्छ ।

सत्तामा भएका तथा राज्य सञ्चालित न्याय प्रशासनमा भएका मान्छेहरूले राज्य शक्तिको दोहनलाई सामान्यतया गलत देख्दैनन् । सेना, प्रहरी तथा प्रशासकहरू घूस लिन्छन् । अधिकांश राजनीतिकर्मीहरूबाट उनीहरूको व्यक्तिगत वा सानो समुदायको लाभका लागि राज्य लुटिएकै हुन्छ भन्ने मान्यता व्यापक छ । तर व्यक्तिगत जीवनमा जुन कुरालाई गलत भनिएको हुन्छ, सार्वजनिक क्षेत्रमा पनि त्यसलाई गलतै भनिनुपर्छ ।

आवतजावत गर्न तथा सञ्चारको सुविधा नभएका क्षेत्र र स्थानीय मुद्दा बढी महत्त्वपूर्ण एवं जरूरी भएका स्थानहरूमा मिश्रित प्रणाली उपयुक्त हुन्छ । तर न्यायका सबै किसिमका प्रणालीको लक्ष्य स्थानीय कानुनबाट अधिकार तथा सहमति प्राप्त गर्ने, राज्यका कानुनमा स्पष्टता र निष्ठा हुने र विधिको शासन वस्तुगत हुने गरी बनाइएको हुनुपर्छ ।

## मानवअधिकार

### मावनअधिकारको परिभाषा

न्यायसम्बन्धी सम्यक् ध्यानदृष्टिबाट मानवअधिकारको अवधारणा प्रकट हुन्छ ।[५] यो अवधारणा मानवताका नाताले मान्छे आधारभूत स्वतन्त्रताको अधिकारी हुन्छ भन्ने हो । समाजको सहज

५. यसको विस्तृत अध्ययनका लागि निगेल एसफोर्ड, *प्रिन्सिपल फर अ फ्रि सोसाइटी*, जार्ल जालमर्सन फाउन्डेसन, स्टकहोम, २००३ हेर्नुहोस् ।

सञ्चालनलाई सहयोग पुऱ्याउने प्राकृतिक कानुन अर्थात् सर्वव्यापी (सबैलाई र सबैतिर लागू हुने), अविभाज्य (त्याग्न नसकिने वा अरूले अस्वीकार गर्न नसक्ने) कानुनबाट मानवअधिकार निःसृत हुन्छ भन्ने हो ।

यस्ता मानवअधिकारलाई बरू मानवीय स्वतन्त्रता भन्नु राम्रो हुन्छ । यसमा सम्पत्ति राख्न पाउने, आत्मनिर्णय, आफ्नो शरीर र श्रममाथिको स्वामित्व, हिँडडुल गर्न र रोजेको ठाउँमा बस्न पाउने र रोजेको धर्म मान्न पाउने स्वतन्त्रता पर्छन् । फलस्वरूप यसबाट राज्यले नागरिकलाई गर्न सक्ने व्यवहार निर्धारण हुन्छ ।

दुर्भाग्य, मानवअधिकारलाई राजनीतिक संरचनामार्फत उपलब्ध हुने कानुनी अधिकार वा सामाजिक तथा सांस्कृतिक मान्यताका रूपमा बुझिएको छ । उदाहरणका लागि, कामदारहरूलाई दिइने तलबी बिदा मानवअधिकार होइन । किनकि त्यो सर्वव्यापी हुँदैन । त्यस्तो सुविधा केही मुलुकमा काम गर्ने वर्गलाई मात्र दिइन्छ, सबैलाई होइन । यस्तो सुविधा कटौती पनि हुन सक्छ, बिदाको सट्टा कामदार आफैले पैसा लिएर काममा आउन पनि सक्छ । त्यसो गर्दा उसको स्वतन्त्रता गुमेको हुँदैन । यसैगरी महिला र पुरूषका लागि समान ज्यालासम्बन्धी कानुन पनि मानवअधिकार होइन । यो मानवीय स्वतन्त्रतासँग जोडिएको विषय नभई रोजगारदातासँग कामदारले मागेको हकको विषय हो ।

सामूहिक अधिकारको विषय पनि मानवअधिकार होइन । यी अधिकार पनि सर्वव्यापी हुँदैनन् । उदाहरणका लागि, अमेरिकाका आदिवासीलाई प्रदान गरिएको विशेषाधिकार मात्र एउटा कानुनी प्रावधान हो; सबैले त्यसको उपयोग गर्न पाउँदैनन् । मान्छेको मानवतासँग जोडिएको विषय नभई कुनै समूहको सदस्य हुनुको नाताले प्राप्त अधिकार मानवअधिकार होइन ।

## स्वतन्त्रता, अधिकार र कर्तव्य

यी विषयहरूमा स्पष्ट हुनु जरूरी छ । मानवअधिकारलाई कुनै सामाजिक मान्यताका रूपमा बुझिँदा पछिल्लो अवधारणा (सामाजिक मान्यता)ले कृत्रिम बल प्राप्त गर्छ भने अघिल्लो अवधारणा (मानवअधिकार)को पूरै अवमूल्यन हुन जान्छ । समान ज्याला, तलबी बिदा अथवा कुनै वञ्चित समूहलाई प्रदान गरिने विशेष सुविधा आदिलाई ग्राह्य मान्न सकिन्छ । तर ग्राह्य भनिएका यी सबै सुविधा मानवअधिकार होइनन् ।

मानवअधिकारले हाम्रो स्वतन्त्रता सुनिश्चित गर्छ, यसले अरू कसैलाई हाम्रा माग पूरा गर्न बाध्य बनाउँदैन । उदाहरणका लागि, वाक् स्वतन्त्रताले अरू कसैमाथि कुनै किसिमको दायित्व सिर्जना गर्दैन । हामीले खालि उक्त स्वतन्त्रतालाई सम्मान गर्नुपर्छ, त्यो हाम्रो कर्तव्य हुन आउँछ । कसैले पनि हामीलाई रेडियो कार्यक्रममा समय उपलब्ध गराउने वा अखबारमा स्थान उपलब्ध गराउन बाध्य बनाउन सक्दैन वा स्वतन्त्रतापूर्वक बोल्नका लागि कुनै किसिमले सहयोग पुर्‍याउनुपर्छ भन्ने छैन वा कोही बोलिरहेको छ त्यसलाई सुनिरहनुपर्छ भन्ने हुँदैन ।

यसविपरीत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार घोषणाले निःशुल्क शिक्षालाई अधिकारको सूचीमा राखेको छ । तर निःशुल्क शिक्षा मानवअधिकार होइन । किनभने यसको कार्यान्वयनका लागि अरू कसैले भुक्तानी गर्नुपर्छ । शिक्षाको प्रबन्ध मिलाउँदा समय, मिहिनेत, सामग्री, पैसालगायत लागत सिर्जना हुन्छ । निःशुल्क शिक्षाको अधिकार उपयोग गर्दा अरू कसैले लागत बेहोर्नुपर्ने दायित्व सिर्जना हुने किसिमको परिपाटी वास्तविक स्वतन्त्र समाजमा हुँदैन । कोही मान्छे स्वैच्छिक रूपमा त्यस्तो दायित्व बेहोर्न तयार हुन सक्छ । तर कसैलाई पनि त्यसो गर्न बाध्य बनाउन सकिँदैन ।

मान्छेले अधिकारको कुरा गर्दा त्यसबाट सिर्जना हुने दायित्वको चर्चा गर्न बिर्सिन्छन् । मानवअधिकारलाई कार्यान्वयनमा लैजाँदा आइलाग्ने बाध्यकारी व्यवस्थाले पुऱ्याउने क्षतिलाई मान्यता दिँदैनन् ।

यसैगरी कल्याण प्राप्त गर्ने अधिकार पनि स्वतन्त्र समाजमा हुँदैन । त्यस्तो हुनु भनेको अरू कसैलाई सहयोग गर्ने दायित्व सिर्जना गर्नु हो । जब कि दायित्व त खालि कसैलाई हानि नपुऱ्याउने मात्र हो । यसको अर्थ कल्याणको संस्कृति नभए गरिब र अशक्तको अवस्था खस्किन्छ भन्ने होइन । कल्याणकारी कार्यक्रमको कर लागत उच्च हुँदा उद्यमशीलता, कडा परिश्रम निरूत्साहित हुन्छ । यसले समग्र समाजलाई गरिबीतर्फ धकेल्छ । कल्याणकारी कार्यक्रमबाट प्राप्त हुने सुविधाले परनिर्भरता बढाउँछ । बरू स्वतन्त्र र धनी समाजमा परोपकारी संस्थाले सरकारी कर्मचारीतन्त्रले भन्दा राम्ररी गरिब र अशक्तको सेवा गर्न सक्छन् ।

# ७. स्वचालित समाज

## आदेशरहित व्यवस्था

कुनै पनि स्वतन्त्र समाज भीमकाय राज्यबिना सञ्चालन हुन सक्छ । यो सुन्दा अनौठो लाग्न सक्छ । तर मानवीय जीवनमा यस्ता प्रशस्त उदाहरण छन् । अमेरिकी अर्थशास्त्री डानियल बी क्लेइनले प्रस्तुत गरेको रोलर स्केटिङ गर्ने ठाउँको उदाहरण लिऊँ । त्यहाँ कडा चट्टानी भुइँमा बच्चादेखि बूढासम्म सयौं मान्छे घुँडामा प्याड र खुट्टामा पाङ्ग्राजडित जुत्ता लगाएका तर हेल्मेट नलगाएका, स्केटिङ गर्ने सीप भएका अनि नभएका पनि फरकफरक गतिमा यताउति गरिरहेका हुन्छन् । हेर्दा उनीहरू एकअर्कासँग ठोकिएर लड्लान् कि जस्तो हुन्छ । तर त्यहाँ खेल्नेहरू एकअर्कालाई छल्दै आआफ्नो बाटोमा मज्जाले कुदिरहेका हुन्छन् । त्यहाँ ट्राफिक लाइट तथा सङ्केतहरू हुँदैनन्, गति सीमित गरिएको हुँदैन, कसैले यता जाऊ, उता जाऊ भनेर सिकाइरहेको पनि हुँदैन ।[१] उनीहरूलाई कहाँ र कति छिटो स्केट गर्ने भन्न कुनै योजनाकार वा नीति निर्माण गर्ने निकाय आवश्यक हुँदैन । सबैले आफूलाई सम्हालिरहेका हुन्छन् र एकअर्काप्रति विनयी हुन्छन् । यसरी सबैले स्केटिङ गर्नुको मज्जा लिइरहेका हुन्छन् । र एकअर्कासँग ठोक्किनबाट जोगिइरहेका हुन्छन् ।

---

१. डानियल बी क्लेइन, *रिङ्कोनोमिक्स : अ विन्डो अन स्पन्टनिअस अर्डर*, अनलाइन लाइब्रेरी अफ लिबर्टी (आर्टिकल्स), २००६ ।

अझै चित्ताकर्षक कुरा त कुशल संरचनायुक्त मानव भाषा हो । र यो कुनै अधिकारीले नियोजित रूपमा नबनाएको भए तापनि हाम्रा लागि एकदम लाभदायक छ । भाषालाई कामकाजी बनाउने व्याकरणका नियम शताब्दियौंदेखि परिष्कृत बन्दै गएका छन् र हामीले एक अर्कालाई बुझ्न अझ सजिलो भएको छ । ज्यादै मिहीन र जटिल भए पनि, ती नियम लेख्नलाई गाह्रो नै किन नहोस्, हामीले पछ्याइरहेका छौं । सरकारले गठन गरेको कुनै परिषद्ले यस किसिमको मिहीन, जटिल र प्रभावकारी नियम बनाउन सक्दैनथ्यो । ती नियम हामीसँगै सरल ढङ्गले विकसित हुँदै आएका हुन् ।

मानवीय समाजका धेरै पक्षले यसरी नै काम गर्छन् । कुनै सरकारी अधिकारीले कसरी व्यवहार गर्नुपर्छ नभनीकनै सुसङ्गठित, नियमित र अनुमानयोग्य ढङ्गले हामी जन्मिँदै लिएर आएका र हुर्कंदै सिक्दै आएका आधारभूत नियमहरूलाई पछ्याउँदै आएका हुन्छौं । तिनलाई पछ्याएर हामीले विशाल र फलदायी सामाजिक व्यवस्था निर्माण गरेका छौं । उदाहरणका लागि, शान्तिपूर्वक सँगसँगै कारोबार गर्न पाइने अन्तर्राष्ट्रिय बजार अर्थतन्त्र बनाएका छौं, यसमा सारा संसारले सहकार्य गरेको छ ।

## नियममा आधारित समाज

स्वतन्त्र समाजका पारस्परिक नियमहरूले जनतालाई सरकार नियन्त्रित समाजमाभन्दा बढी स्वतन्त्रता प्रदान गर्छ । स्पष्टसँग निषेधित नभएका कुनै पनि कुरा स्वतन्त्र व्यक्तिले गर्न पाउँछ । यसको अर्थ स्वतन्त्र समाज लचिलो र अनुकूल हुन सक्छ । आदेश पर्खिबस्नु नपर्ने भएकाले यसले बदलिँदो परिस्थितिलाई सजिलै सम्बोधन गर्न सक्छ । बजार अर्थतन्त्रका स्वामित्व तथा सम्पत्ति अधिकारसम्बन्धी नियम कुन चीजले काम गर्छ र कुनले गर्दैन भन्ने वर्षौंदेखि आर्जित ज्ञानले परिपूर्ण हुन्छन् । काम गर्दा

सिकिएका पाठ, वर्षौंसम्म करोडौं मान्छेले एकअर्कासँग गरेका अन्तर्क्रिया प्रतिबिम्बित हुने गरी परिस्थितिमा आउने परिवर्तनसँगै ती नियम परिवर्तन हुन्छन् । तिनमा अरू मान्छेसँग कस्तो व्यवहार गर्ने भन्ने व्यवहारगत मापदण्ड, नैसर्गिक नियमलाई प्रतिबिम्बित गर्ने कानुनी मापदण्ड र धेरै मुद्दाहरूबाट स्थापित नजिरहरूमार्फत निर्मित नियमहरू समावेश हुन्छन् ।

नियममा चलेको स्वचालित समाज बढी सिर्जनशील र घुलनशील मात्र हुँदैन, केन्द्रबाट निर्देशित समाजभन्दा बढी जटिल पनि हुन्छ । भाषा जस्तै यो यति जटिल हुन सक्छ कि हामी कसैले पनि यसका सबै नियम व्याख्या गर्न सक्दैनौं । तैपनि यो राम्रैसँग चल्छ । कसैको आदेशमा चल्ने समाज आदेशकर्ताको सोचको वरिपरि घुम्ने भएकाले यसको आकार तथा प्रकृति अनिवार्य रूपमा साँघुरो हुन्छ । तर वर्षौंसम्म करोडौं मान्छेका अन्तर्क्रियाको जगमा बनेका नियममा आधारित समाजले फराकिलो र गहिरो मानवीय ज्ञानलाई अङ्गीकार गरेको हुन्छ । केन्द्रको आदेशमा चल्ने समाज थोरै मान्छेको सीमित ज्ञानमा निर्भर हुन्छ, नियममा चल्ने समाजले बहुसङ्ख्यकको प्रज्ञालाई पछ्याउँछ ।

त्यसैले समाज र अर्थतन्त्रका दैनिक व्यवहारभन्दा अझ राम्रो र विवेकशील ढङ्गले समाज वा अर्थतन्त्रका लागि योजना बनाउन सक्छौं भनेर सरकारी अधिकारीले प्रायः गल्ती गर्छन् । समाजको जटिल नियम पद्धतिमा समाहित प्रज्ञालाई नकारेर र बङ्ग्याएर उनीहरूले परिस्थितिलाई झन् खराब बनाउँछन् ।

## फैलिएको ज्ञान र शक्ति

स्वचालित, नियमबद्ध समाजमा अन्तर्निहित ज्ञानको अवस्थिति कुनै एक केन्द्रमा हुँदैन । यो सामान्य दैनिक जीवनमा लागेका करोडौं मान्छेमा बसेको हुन्छ । यस्तो समाजमा शक्ति पनि वितरित

अवस्थामा हुने भएकाले सर्वसाधारणले जीविकाका ससाना परीक्षण आफैं गर्न सक्छन् । उनीहरूले अवसरको परख गर्न वा जोखिम उठाउन सक्छन् । त्यसो गर्दा उनीहरूबाहेक अरू कसैलाई हानि हुँदैन । ती जोखिमले सकारात्मक प्रतिफल दिए भने प्रयोगका लागि सबैलाई उपलब्ध हुन्छ र सबै जना लाभान्वित हुन्छन् । यसले परीक्षण र बदलिँदो परिस्थितिसँग अनुकूलनलाई प्रोत्साहित गर्छ अनि स्वचालित समाजले परिवर्तनशील संसारमा सफलता प्राप्त गर्ने सम्भावनालाई बढाउँछ । यसविपरीत सरकारी अधिकारीले सबैका लागि निर्णय गरे भने सबैको सम्पत्ति र जीवन जोखिममा पार्छन् । त्यसैले उनीहरूले स्वतन्त्र व्यक्तिभन्दा सावधानीपूर्वक कदम चलाउनुपर्छ वा व्यापक गल्ती गर्ने जोखिम उठाउनुपर्छ । फलस्वरूप नियन्त्रित समाज ढिलो गरी र कम सफलतापूर्वक अनुकूलित हुन्छ ।

हो, स्वचालित समाज वा अर्थतन्त्र कहिल्यै पूर्ण हुन सक्दैनन् । तिनीहरू मान्छेको व्यवहारका परिणाम हुन्, योजनाका होइनन् र मानव जाति कहिल्यै पूर्ण हुँदैन । उदाहरणका लागि, हामी भविष्यको प्रक्षेपण गर्न सक्दैनौं अनि त्यससँग आफूलाई अनुकूलन गराउने प्रयासमा गल्ती गर्छौं । र हामी सबैसँग भएको सूचना स्वाभाविक रूपमा आंशिक र स्थानीय हुन्छ । तर खुला मानव अन्तर्क्रिया हुने संसारमा आंशिक र स्थानीय सूचनाले असाधारण रूपमा तीक्ष्ण र ग्रहणशील समाज र अर्थतन्त्रतर्फ डोऱ्याउँछ ।

स्वतन्त्र समाजमा मानिस आफैंले अरूसँग सकेसम्म कसरी राम्ररी मिल्ने भन्ने कुरा पहिल्याउनुपर्छ । यो एक हिसाबले व्यस्त रेल स्टेसन जस्तो हो । एकथरी मान्छे त्यहाँ भएका अनेकौं निकासमध्ये आफूलाई उपयुक्त हुनेबाट बाहिरिने प्रयास गरिरहेका हुन्छन् भने अर्काथरी धेरै प्रवेशद्वारमध्ये एउटाबाट छिरेर आफ्नो

रेल कहाँनिर छ भन्ने खोजिरहेका हुन्छन् । उनीहरूको मार्ग सोझो नहुन सक्छ । तर सबैसँग आफ्नो गन्तव्य पहिल्याउने आँखा हुन्छ । आफ्नो बाटो पहिल्याउन खोजिरहेका अरू मान्छेसँग जेलिने अवस्था पनि आउन सक्छ, अरू कसैले छेकिदिँदा आफ्नो बाटो परिवर्तन गर्नुपर्ने पनि हुन सक्छ । कुनै निकायले त्यहाँ आउने हजारौं मान्छेलाई कहाँ जाने र कसरी जाने भन्ने निर्देशन दिन थाल्ने हो भने घण्टौं वा दिन पनि लाग्न सक्छ । र कोही पनि आफ्नो गन्तव्यमा नपुग्न सक्छन् । तर स्वचालित समाजले यो समस्यालाई तत्कालै सुल्झाउँछ ।

## सहिष्णुता

### सहिष्णुताको अर्थ

यसरी स्वतन्त्र समाजका मानिसले एकअर्काको व्यवहारसँग आफूलाई मिलाउनुपर्छ । त्यसैले अर्काको क्रियाकलाप वा जीवनशैली मन नपरे पनि वा एकदमै अनौठो लागे पनि एकअर्कासँग सहिष्णु बन्नु आवश्यक हुन्छ ।

स्वतन्त्र समाजमा आफूलाई केही मन पर्दैन भन्दैमा मानिसहरूलाई त्यो कार्य गर्न हामीले निषेध गर्न सक्दैनौं । कसैको व्यवहारले हामीलाई असर गर्छ वा अरू कसैलाई क्षति पुऱ्याउने सम्भावना छ भने मात्रै हामीले हस्तक्षेप गर्न सक्छौं । जोन स्टुआर्ट मिल यस्तो हानिलाई भौतिक हुनुपर्छ भन्नेमा स्पष्ट थिए । यदि क्षोभ प्रकट गर्नुपर्ने, नैतिक रूपमा अपाच्य, लज्जास्पद ठानिएका कार्यलाई पनि हानिमा समावेश गर्ने हो भने सबैखाले कार्यलाई रोक लगाउनुपर्ने अवस्था आउन सक्छ र स्वतन्त्रता समाप्त हुन्छ । कसैको व्यवहारले नैतिक रूपमा क्षुब्ध बनायो भनेर त्यसलाई

रोक्न खोज्ने हो भने त्यसरी रोक्न खोज्नेको कुनै व्यवहारले अर्कालाई अप्ठ्यारो पारेको हुन सक्छ र त्यसलाई पनि रोकिनुपर्छ। दुवै पक्षसँग त्यस्ता थुप्रै व्यवहार हुन सक्छन् र त्यसमा गहिरो भावनात्मक सम्बन्ध हुन पनि सक्छ। तर त्यसलाई वस्तुगत रूपमा छुट्याउन कठिन हुन्छ। स्वतन्त्र समाजमा बल प्रयोगलाई निषेध गरिने भएकाले सबै पक्षले एकअर्काको विचार, व्यवहार वा जीवनशैलीलाई सहनुपर्छ।

तर यसलाई नैतिक तटस्थता भन्न मिल्दैन। कुनै अभिभावकले आफ्नो बच्चाको खराब आनिबानीलाई सच्याउने प्रयास गर्दैन भने त्यसलाई सहिष्णुता मान्न सकिँदैन। बरू बच्चाको नैतिक शिक्षामा हेलचेक्र्याइँ गरेको मान्नुपर्छ। कुनै बालिग मान्छेले अपाच्य व्यवहार गरिरहेको छ भन्ने लाग्छ भने हामी त्यसो नगर्न आग्रह गर्न सक्छौं। तर उसलाई बलपूर्वक रोक्न सक्दैनौं।

नैतिकताबारे मानिसहरू सहमत नहुने भएकाले र तिनीहरूलाई चयन गर्ने कुनै निश्पक्ष माध्यम नभएकाले सबै नैतिकता बराबर हो भन्ने मान्यता नैतिक सापेक्षतावाद र सहिष्णुता एकै कुरा होइनन्। हाम्रो नैतिक तथा धार्मिक आचरण अरूको भन्दा असल छ भनेर सोच्न हामी सक्छौं। तर हाम्रो मान्यता अरूमाथि थोपर्न सक्दैनौं।

## सहिष्णुता, बहुलता र छनोट

जनसङ्ख्या बहुल हुँदै जाँदा सहिष्णुता कठिन बन्ने सम्भावना हुन्छ। विदेश यात्रा सजिलो हुँदै जाँदा, आप्रवासनसम्बन्धी बाधाहरू कम हुँदा र आर्थिक भूमण्डलीकरण जस्ता कारणले धेरै देशहरूको जनसङ्ख्या केही दशकअघिको भन्दा अहिले बढी विविधतायुक्त बनेका छन्।

धेरै छनोटले विभिन्न जातीय, सांस्कृतिक, राष्ट्रिय, भाषिक तथा धार्मिक समूहहरूलाई अलग्याउँछ, द्वन्द्व बढाउँछ र मानिसलाई

कम सहिष्णु बनाउँछ भन्ने तर्क केही मानिसको छ । उदाहरणका लागि, अभिभावकहरू आफ्ना बच्चा आफू जस्तै जातीय समुदायका बालबालिकासँगै हुर्किऊन् भन्ने चाहना राख्न सक्छन्, केटाकेटीलाई सरकारले तोकेको अवस्थामा बाहेक अलग्गै विद्यालयमा पठाउन सक्छन् ।

यथार्थमा विद्यालयहरू प्रायः समावेशी हुँदैनन् । सरकारले निश्चित स्थानमा विद्यालय स्थापना गरेको हुन्छ, केटाकेटीहरूलाई सामान्यतया नजिकैको विद्यालयमा पठाइन्छ । एउटै जाति समूहका मान्छेहरू प्रायः एकै ठाउँमा बसेका हुन्छन् र विद्यालयमा पनि जनसङ्ख्याको त्यही जातीय संरचना प्रतिबिम्बित हुन्छ । तर अभिभावकहरूले विद्यालय छनोट गर्न सक्ने भए भने उनीहरूले अर्कै ठाउँमा भएको अर्कै किसिमको विद्यालय छान्न सक्छन् । त्यस्ता विद्यालय छान्ने आधार निश्चित जाति समुदायभन्दा पनि पढाइको विषय, सङ्गीत, भाषिक क्षमतालगायत हुन सक्छन् ।

जातीय पृथकीकरण एकदमै प्राकृतिक हो । मानिसहरूले आफ्ना साथी र सहकर्मी आफ्नै समूहकालाई बनाउँछन् । तर त्यसो गर्नु भनेको अन्य समुदायप्रति असहिष्णु हुनु होइन । एउटा समुदायलाई अर्कोलाई भन्दा बढी अधिकार तथा सुविधा प्रदान गरिएका, अर्को शब्दमा भन्दा स्वतन्त्र समाजको आधारभूत सिद्धान्त उल्लङ्घन भएका क्षेत्रमा सबैभन्दा खराब जातीय द्वन्द्व हुन्छ ।

## सहिष्णुतामाथि जडसूत्रवादी खतरा

सहिष्णुतामाथि सबैभन्दा ठूलो खतरा नैतिक, वैचारिक तथा धार्मिक जडसूत्रवाद हो । उदाहरणका लागि, धार्मिक हिसाबले कडा दृष्टिकोण राख्ने धेरै मान्छेले समलिङ्गी सम्बन्ध वा विवाहपूर्वको यौन सम्बन्धलाई घृणा गर्न, लज्जास्पद, दिक्क लाग्ने र अनैतिक मान्न सक्छन् । उनीहरू ईश्वर निन्दालाई दण्डित गरिनुपर्छ,

देवताका मूर्ति बनाउनुपर्छ, अर्को धर्मको पुस्तकमा रोक लगाउनुपर्छ, आफ्नो धर्मले भनेका कुरा नगर्नु वा अर्को धर्म अँगाल्नु पाप हो भन्न सक्छन् । यिनै आधारमा त्यस्ता गतिविधिलाई रोक लगाउने कानुन बनाउने र दण्डित गर्ने माग गर्न सक्छन् ।

तर कुनै मान्छेको व्यवहार अर्कालाई जतिसुकै आपत्तिजनक लागे पनि, धार्मिक हिसाबले पाप हो भन्ने भए पनि त्यस्तो व्यवहारले अरू कसैलाई भौतिक क्षति नपुऱ्याएसम्म र पुऱ्याउने स्पष्ट सम्भावना नभएसम्म स्वतन्त्र समाजमा कसैले पनि त्यसलाई रोक्ने अधिकार राख्दैन ।

यसको अर्थ धार्मिक समुदायका मान्छेले त्यस्तो व्यवहारको आलोचना गर्नै पाउँदैनन् वा कसैलाई भौतिक क्षति नहुने गरी त्यस्ता मान्छेलाई आफ्नो समुदायबाट निष्कासन गर्न पाउँदैनन् भन्ने होइन । फेरि यसको अर्थ कुनै व्यक्ति वा समूहले आफ्नो दृष्टिकोण राख्दा वा व्यवहार प्रदर्शन गर्दा सरकार वा अरू कसैले प्रतिबन्ध लगाउन, सेन्सर गर्न पत्राउ गर्न, यातना दिन, देश निकाला गर्न, अङ्गभङ्ग गर्न वा मृत्युदण्द दिन पाउँछ भन्ने हुँदैन ।

कुनैकुनै अवस्थामा धर्माधिकारीहरूले आफ्नो फाइदाका लागि अलग व्याख्या गरे तापनि संसारका धेरै धार्मिक ग्रन्थहरू सहिष्णु छन् । विदेशी शक्तिले कुनै देश कब्जा गर्दा त्यहाँको धर्ममा पनि कब्जा गरेर त्यो समाजको नैतिक तथा न्यायिक संहितालाई आफ्नो सत्ताको स्वार्थ र औचित्य स्थापित गर्न प्रयोग गरेको पाइन्छ । केही सर्वसत्तावादी सरकारले आफ्नो आदर्श र सत्ताको विरोधी ठानेर धर्मलाई पूर्ण रूपमा दबाउने प्रयास गरेका छन् । तर स्वतन्त्र समाजमा धार्मिक वा वैचारिक जडसूत्रवादलाई विशेष व्यवहार गरिँदैन । धार्मिक, नैतिक वा वैचारिक जुनसुकै हिसाबले फरक व्यवहार गर्नेहरूलाई कसैले पनि दमन गर्ने अधिकार राख्दैन ।

## राजनीतिक अनुकूलन

सहिष्णुताका लागि अझ मिहीन खतरा छ, राजनीतिक अनुकूलनको । केही सम्भ्रान्तहरूले चलाएको चल्तीको विचार तथा शैली स्वीकार गर्नुपर्ने राजनीतिक तथा सामाजिक दबाब व्यक्तिहरूमा लादिएको हुन्छ । सामान्यतया चल्तीको विचारलाई स्वीकार नगर्ने व्यक्तिलाई मानसिक सन्तुलन गुमाएको, पापीलगायत लाञ्छना लगाइन्छ र उनीहरूको विचारलाई अशुद्ध तथा त्याज्य हो भन्ने प्रमाणित गर्न खोजिन्छ । यसले ती विचारलाई छलफल गर्न होइन, खारेज गर्न सजिलो बनाउँछ । यसले सम्भ्रान्तहरूको विचार यथार्थभन्दा स्थिर छ भन्ने सङ्केत दिन्छ ।

यो प्रक्रिया दमनको सूक्ष्म रूपमा निर्भर हुन्छ, जहाँ फरक विचार राख्नेहरूलाई दाग लगाइदिएपछि उनीहरूलाई समाजमा अघि बढ्न गाह्रो हुन्छ । उदाहरणका लागि जलवायु परिवर्तन मानव सिर्जित समस्या होइन, यसको प्रमाण भेटिँदैन भन्ने प्राज्ञलाई विश्वविद्यालयहरूले रोजगारी नदिन वा बढुवा नगर्न सक्छन् । स्वतन्त्र समाजमा आफूसँग सहमत नहुनेलाई रोजगार दिन रोजगारदाता बाध्य हुँदैनन्, मिडियाले पनि विवादास्पद सिद्धान्तलाई स्थान दिनुपर्छ भन्ने हुँदैन । तर जहाँ शैक्षिक संस्था र सञ्चारमाध्यममा सरकारको एकाधिकार हुन्छ वा एकाधिकार जस्तै हुन्छ, त्यहाँ अल्पसङ्ख्यक विचार भएकाहरूलाई बहिष्कार गर्नु दमन जस्तै हो ।

## सहिष्णुता र सत्यको खोजी

स्वतन्त्र समाजमा सहिष्णुताको अर्थ धार्मिक तथा वैचारिक मतभिन्नताप्रति सहिष्णु हुनुमा मात्र सीमित नभई व्यापक हुन्छ । उदाहरणका लागि, यसमा बोल्ने, लेख्ने वा कुनै पनि माध्यमबाट प्रचारप्रसार गर्न पाइने वाक् स्वतन्त्रता समावेश हुन्छ, यसको अर्थ कुनै पनि किसिमको सेन्सरसिप हुँदैन भन्ने हो ।

केही मान्छेलाई सेन्सरसिपबिनाको संसार साँच्चिकै भयानक हुन्छ भन्ने लाग्न सक्छ । कसैलाई स्वतन्त्र समाजमा प्रयोगमा आउने शब्द, चित्र, तर्क तथा विचारहरू आपत्तिजनक लाग्न सक्छन् । तर स्वतन्त्र समाजमा कसैले जे भनिरहेको छ, त्यसमा सहमति नभए पनि, त्यो आपत्तिजनक र अनैतिक हो भन्ने हामी सबैलाई लागे पनि उसको बोली तथा विचारलाई रोक्ने अधिकार हामीलाई हुँदैन ।

तर कसैले बोलिरहेको कुराले (जस्तै मान्छेलाई तर्साउन रङ्गमञ्चमा "आगो लाग्यो" भन्दै चिच्याउने काम) अरूलाई खतरा निम्त्याउँछ भने त्यसलाई रोक्नैपर्छ । त्यस्तो गैरजिम्मेवार काम गरेर अरूलाई चोटपटक लाग्न सक्ने गतिविधि गर्नेलाई हामीहरू पक्कै पनि वैधानिक तवरले दण्डित गर्दछौं । यसैगरी हामीहरू केटाकेटीलाई भ्रष्ट बनाउन सक्ने ठानिएका शब्द तथा चित्रहरू हेर्न दिंदैनौं । विद्यालय वरपर लागुऔषधहरूको प्रचारप्रसार गर्ने काम पनि गर्न दिंदैनौं । यसैगरी सर्वसाधारणलाई पर्याप्त सूचना दिनुपर्ने अवस्थाहरू पनि हुन्छन् । जस्तो कि चलचित्रहरूको वर्गीकरण । यस्तो वर्गीकरणले गर्दा आफूलाई ननिको लाग्ने दृश्य थाहै नपाईकन हेर्न पुगिंदैन ।

यो निश्चित शब्द, चित्र, तर्क तथा विचारहरूलाई प्रसारण गर्नबाट रोक्ने सेन्सरसिपभन्दा नितान्त फरक कुरा हो । असली स्वतन्त्र समाजमा त्यस्तो कुनै सेन्सरसिप हुँदैन । किनभने स्वतन्त्र समाज पारदर्शिता र छनोटमा आधारित हुन्छ । सबैको भविष्य सुधार गर्न नयाँनयाँ उपाय परीक्षण गर्ने हो भने विवेकसम्मत छनोट गर्न मान्छेलाई उपलब्ध विकल्पहरूबारेथाहा हुनुपर्छ । सेन्सरसिपले यस्ता विकल्प र छनोटको बाटो छेक्छ र हामीलाई उन्नतिबाट वञ्चित बनाउँछ ।

हामी सेन्सरसिपलाई विश्वास गर्न पनि सक्दैनौं । सत्ता र सत्य दुई फरक कुरा हुन् । सत्तामा भएकाहरूले आत्मनियन्त्रणका लागि वा निश्चित विचारहरूको प्रचारप्रसारमा रोक लगाउन आफ्नै तर्क प्रस्तुत गर्न सक्छन् । सेन्सर बोर्डमा भएकाहरूको नियत असल हुन सक्छ, तापनि खोटरहित हुन सक्दैन । उनीहरूसँग के सत्य हो, के होइन भन्ने कुरामा ज्ञानको एकाधिकार वा विशेष प्रज्ञा हुँदैन । छलफल, विवाद, तर्क र अनुभवले मात्र सत्यलाई सिद्ध गर्न सकिन्छ । सेन्सरले सत्यलाई सामान्य भूलवश दबाउन सक्छ । उनीहरूले कहिल्यै पनि आफूले रोकेका विचार भविष्यमा गएर असत्य नै सावित हुन्छन् भन्ने सुनिश्चित गर्न सक्दैनन् । केही विचार मूलतः गलत हुन सक्छन् तापनि तिनमा सत्यताको केही मात्रा हुन सक्छ र त्यसलाई तर्कले निफन्न सकिन्छ । केही विचारहरूको सत्यता कालान्तरमा प्रकट हुन सक्छ ।

त्यसैले सत्य र उपयोगी विचारलाई नदबाइयोस् भन्ने सुनिश्चित गर्नका लागि सबै विचारलाई प्रचारप्रसारको मौका दिनुपर्छ र तिनका बारेमा पर्याप्त छलफल भई सकारात्मक र नकारात्मक पक्ष बाहिर आउनुपर्छ । यसको अर्थ बहुसङ्ख्यकले निश्चयका साथ भन्न सक्ने कुराहरूमा पनि मान्छेलाई तर्क गर्न दिइनुपर्छ भन्ने हो । यस्तै स्पर्धाबाट सत्यलाई बलियो बनाउन सकिन्छ । यही कारणले सन् १५८७ देखि १९८३ सम्म रोमन क्याथोलिक चर्चले सन्त बन्नका लागि मनोनयन भएकाहरूको परीक्षण गर्न 'डेभिल्स एडभोकेट' नियुक्त गर्ने गरेको थियो । हाम्रो विश्वासमाथि प्रश्न गर्नु उपयोगी हुन्छ । हामी अरूहरूका विचार गलतै हुन् भन्ने विश्वास गर्छौं भने पनि त्यस्ता विचारलाई ठाउँ दिनुपर्छ र गलत सिद्ध गर्नुपर्छ, रोक्नु हुँदैन ।

शुकरातको समयदेखि अहिलेसम्म इतिहासमा निश्चित विचार राखेकै कारण हत्या गरिएका धेरै उदाहरण छन् । यस्तो दण्डका कारण भविष्यमा आफ्नो विचार सत्य सावित हुन सक्ने भए पनि मान्छे मौन बस्छन् । रोमन क्याथोलिक चर्चको क्रोधको भयले निकोलस कोपेर्निकसले ग्रहहरूले सूर्यलाई फन्को मार्छन् भन्ने क्रान्तिकारी सिद्धान्तलाई सन् १५४३ मा आफ्नो मृत्यु हुँदासम्म पनि प्रकाशनमा ल्याएका थिएनन् । पछि उनका उनका चेला ग्यालिलियो ग्यालिलीलाई प्रकाशनमा ल्याएबापत धर्माधिकारीहरूले केरकार गरे र जीवनभर गृहबन्दी बनाएर राखे । यस खालको हस्तक्षेपले सत्यको दमन गर्छ, छलफल र प्रगतिलाई रोक्छ । यसले अधर्मी ठानेर दण्डित गरिएकालाई सहित समग्र समाजलाई हानि पुऱ्याउँछ ।

बिनाकुनै छलफल हामीले सजिलै प्रचलित विचारलाई स्वीकार गऱ्यौं भने ती विचार निकै कमजोर धरातलमा टिकिरहेका हुनेछन् । ती विचारहरूको सम्यक् समीक्षा भएको हुँदैन । ती अर्थपूर्ण सत्यभन्दा पनि सामान्य उक्ति बन्न जान्छन् । अनि जब नयाँ विचार आउँछन्, ती हिंस्रक र विध्वंसक हुने सम्भावना हुन्छ ।

हामीले आधारभूत रूपमै गलत भनेका कुराहरू मान्छेले गर्न थाले भने, हामीले गम्भीर गल्ती मानेका विचारहरू व्यक्त गर्न थाले भने, हामीलाई आपत्तिजनक लाग्ने कामहरू गर्न थाले भने अथवा हाम्रो धार्मिक तथा नैतिक विश्वासलाई आलोचना गर्न थाले भने बेचैनी पैदा हुन्छ । तर ती कुराहरूमा हामी सहिष्णु भयौं भने स्वतन्त्रताप्रतिको हाम्रो प्रतिबद्धता झल्किन्छ । नयाँ विचारहरूलाई दबाउनुको सट्टा तिनीहरूमाथि छलफल चलायौं भने हामी अझै उन्नति गर्न सक्छौं भन्ने विश्वास दृढ हुन्छ, छिटोछिटो नयाँ सत्य पहिल्याउन सक्छौं ।

**प्रतिबन्ध**

हामीले दैनिक गर्दै आएका कुरामा प्रतिबन्ध लगाइयो भने हामी क्रुद्ध हुनेछौं । दुर्भाग्य, तीमध्ये अधिकांश पहिल्यै प्रतिबन्धित छन् ।[२]

अरूलाई क्षति नपुऱ्याउने नियमले कसैको गतिविधिले हानि गर्दैन वा गर्ने सम्भावना छैन भने त्यस्ता गतिविधिलाई रोक्ने अधिकार हामीलाई हुँदैन भन्छ । कर्ता स्वयम्लाई नै हानि गरिरहेको छ भन्ने आधारमा धेरै गतिविधिमाथि रोक लगाइएको छ । यही कारणले लागुऔषध, धूमपान, मदिरापानलगायत धेरै कुरालाई प्रतिबन्धित गरिएको छ । यसरी मान्छेको जीवन बचाउने नाममा गरिएका प्रतिबन्धले कुनै पनि गतिविधिमा रोक लगाउन सकिने अवस्था सिर्जना भई समस्या खडा गर्छ । मान्छेले गुलिया पेय पिए, चिल्ला खानेकुरा खाए वा कुनै खतरनाक खेल खेले, वेश्यावृत्ति वा समलिङ्गी सम्बन्धमा लागे, अर्कै धर्म अँगाले वा अधिकारीहरूलाई प्रश्न गर्न थाले भने हानि हुन्छ भनेर तर्क गर्न सजिलो छ । यस खालको तर्क गर्ने मान्छेको सङ्ख्या बढ्दै जाँदा, हानि नपुऱ्याउने नियम ओझेलमा पर्छ र क्रमिक रूपमा स्वतन्त्रता नै गुम्ने खतरा हुन्छ ।

प्रतिबन्धको परिणाम प्रायः विनाशकारी हुन्छ । सर्वसाधारणले माग गरिरहेको कुनै चीजलाई प्रतिबन्ध लगाएर भूमिगत बनाइयो भने त्यसमाथि अनुगमन र नियन्त्रण गर्न कठिन हुन्छ र अपराधीहरूले त्यस्ता चीजको आपूर्ति गर्न थाल्छन् । शताब्दीअगाडि अपराध कर्म भनी संयुक्त राज्य अमेरिकाले मदिरा

---

२. यससम्बन्धी रोचक छलफलका लागि जोन मिडोक्रोफ्ट (सं), *प्रोहिबिटिसन*, इन्स्टिच्युट अफ इकोनोमिक अफेयर, लन्डन, २००८ हेर्नुहोस् ।

आपूर्तिलाई प्रतिबन्ध लगाउँदा बढेको आपराधिक माफिया शक्तिको असर अझै देखापरिरहेको छ । अमेरिकाका अधिकांश भागमा जुवा, वेश्यावृत्तिलाई अझै पनि अवैध घोषणा गरिनुले आपराधिक तत्त्वले प्रोत्साहन पाइरहेको छ । यस्ता चीजहरूको मागलाई आपूर्तिकर्ताले खुसीखुसी पूर्ति गरिरहेका छन् ।

प्रतिबन्धले मान्छेलाई आफ्नै गतिविधिको असर बुझ्नलाई पनि अप्ठ्यारो पारिरहेको हुन्छ । मान्छेले लागुऔषधको माग गरिरहेकै हुन्छन्, प्रतिबन्ध लगाइयो भने त्यसका नकारात्मक असरबारे सूचना पाउन झन् कठिन हुन्छ । मान्छे आफैंले खरिद गरिरहेको वस्तुको गुणस्तर के हो, पहिल्याउन सक्दैनन् । लागुऔषधमा निर्भर मान्छेलाई अरूसँग स्वास्थ्योपचार वा सामाजिक सहयोग खोज्न अझ कठिन हुन्छ । किनभने यसका लागि उनीहरूले आफ्नो अपराध स्वीकार गर्नुपर्ने हुन्छ । सुरक्षित तरिकाले लागुऔषध सेवन गर्ने अवस्था नहुँदा, अरूले प्रयोग गरेको सुई प्रयोग गर्दा त्यस्ता मान्छे एड्स जस्ता अझ डरलाग्दो रोगको जोखिम हुन्छ । फलस्वरूप लागुऔषध सेवनलाई अवैध बनाउँदाको खतरा झन उच्च हुन्छ ।[३] अरूलाई कत्ति पनि असर नपर्ने गरी आफ्नो घरमा साथीभाइसँग रमाइलो गर्न लागुऔषध सेवन गर्ने, तास खेल्ने वा मदिरापान गर्ने व्यक्तिलाई यस खालको प्रतिबन्धले निर्दोष भए पनि अपराधी बनाउँछ । यस खालका ससाना गल्तीलाई कानुन उल्लङ्घन भएको मान्ने हो भने उनीहरू अझै गम्भीर र हानिकारक अपराध कर्मतर्फ डोरिन्छन् ।

---

३. यससम्बन्धी विस्तृत चर्चाका लागि हेर्नुहोस् मिल्टन फ्रिडम्यान र रोज फ्रिडम्यान, *क्यापिटालिज्म एन्ड फ्रिडम*, युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो, आइएल, १९६२ ।

**प्रश्न : हामीले मान्छेलाई उनीहरूबाटै जोगाउनुपर्दैन र ?**

*पर्दैन । हामी आफैंलाई आफैंबाट जोगाउन चाहन्छौं र ? हामी हाम्रो जीवन कसरी बाँच्ने भन्ने निर्णय हामी आफैंले गर्ने होइन र ? सरकारलाई के चीज हाम्रा लागि ठीक हो, के ठीक होइन भन्ने निर्णय गर्न दिनु कुशल कार्य होइन । टाढाको कुनै अधिकारीले हाम्राबारे निर्णय गर्नेभन्दा हामी आफैं आफ्नो परिस्थिति अनुकूल उचित जोखिम उठाउने निर्णय गर्ने अवस्थामा हुन्छौं । सरकारले प्रतिबन्ध लगाउन थाल्दा खतरा सुरू हुन्छ । एक पटक यस्ता कुरामा हामी सिद्धान्ततः सहमत भयौं भने पछि सरकारले धेरै कुरामा प्रतिबन्ध लगाउन सक्छ ।*

*हामीलाई कोकिन सेवन गर्न, चुरोट पिउन, मदिरा सेवन गर्न, चिल्लो खानेकुरा खान, गुलियो पेय पिउन सरकारले रोक्नुपर्छ ? कानुनले हामीलाई शारीरिक व्यायाम गर्न, खतरनाक खेल नखेल्न वा मन्दिर जानैपर्छ भन्नुपर्छ ? हामीलाई खतरनाक पुस्तक पढ्न वा शासकहरूको आलोचना गर्नबाट रोक लगाउनुपर्छ ? स्वतन्त्र समाजमा यी सबै प्रश्नको उत्तर पर्दैन/हुँदैन भन्ने हुन्छ । कुनै मान्छेले हाम्रो नैतिकताअनुकूल व्यवहार गरिरहेको छैन वा कुनै डरलाग्दो काम गरिरहेको छ भने उसलाई केवल त्यसो नगर्न भन्न सक्छौं । तर अरूलाई चोट नपुऱ्याएको अवस्थामा उसलाई रोक्ने अधिकार हामीसँग हुँदैन ।*

प्रतिबन्धले कहिल्यै काम गर्दैन भन्दा हुन्छ । अमेरिकामा मदिरामाथि लगाइएको प्रतिबन्धले यसलाई भूमिगत बनायो, जहाँबाट त्यसको नियन्त्रण हुनै सक्दैनथ्यो । संसारभर बनाइएको

लागुऔषधसम्बन्धी कडा कानुन र लागुऔषध कारोबारमा भारी जरिवानाले त्यसलाई रोक्न सकेको छैन, बरू रोक्नका लागि अर्बौं डलर खर्च हुने गरेको छ ।

सार्वजनिक स्थलमा गरिने व्यवहारलाई पूर्णतया रोक लगाउन खोज्नु व्यर्थ हो । यो स्वतन्त्रताका लागि खतरा पनि हो । किनभने त्यसको प्रभावकारी कार्यान्वयनका लागि व्यापक अनुगमन र नियन्त्रण आवश्यक हुन्छ । यसले कानुन कार्यान्वयनका स्रोतहरूलाई गम्भीर प्रकृतिका खास अपराध कर्मलाई नियन्त्रणबाट अलग्याएर अनावश्यक छानबिन तथा केरकारतर्फ लैजान्छ । यसले प्रहरी र अदालतलाई भ्रष्टाचारको बाटो पनि खोलिदिन्छ । घरमै बसी तास खेल्दा वा रक्सी पिउँदा कसैलाई हानि नहुन सक्छ । तर त्यसमाथि लगाइएको ठूलो जरिवानाका कारण सरकारी अधिकारीले फाइदा उठाउँछन्, त्यसमा संलग्न मान्छेबाट घूस लिन्छन् ।

## निजी र सार्वजनिक व्यवहार

स्वतन्त्र समाजको कानुनले एउटा व्यक्तिले अर्कोसँग गर्नुपर्ने सार्वजनिक व्यवहारलाई निर्देशित गर्छ । तर निजी व्यक्तिलाई मात्रै प्रभाव पार्ने व्यक्तिगत व्यवहार निजी दायरामै सीमित हुन्छ । त्यसले अरूलाई हानि पुर्‍यायो भने मात्रै त्यो कानुनी चासोको विषय बन्छ ।

तथापि स्वतन्त्र समाजमा हानि वा हानिको जोखिम सही हो कि होइन भन्ने कुरा सावधानीपूर्वक छुट्याउन आवश्यक हुन्छ । मान्छेलाई विषको कारोबार गर्न दिनुपर्छ ? मान्छेलाई हानि नगर्ने गरी विषका काम धेरै हुन्छन् । यसको कारोबार खुला गर्दाभन्दा रोक लगाउँदा नोक्सानी बढी हुन सक्छ । बरू विष किन्ने र बेच्नेहरूको नाम अभिलेख राख्न सकिन्छ । विषको दुरूपयोग गरे

पत्राउ पर्न सकिन्छ भन्ने जानकारी प्रयोगकर्ताहरूलाई दिन सकिन्छ । यसभन्दा बढी गर्नहुँदैन ।[४]

सार्वजनिक मदिरालय, वेश्यालय वा जुवाघर सञ्चालनका लागि नियमकानुन बनाइनुपर्छ ? तिनीहरूले हिंसा बढाउँछन् भने कानुन बनाइनुपर्छ । त्यसैले धेरै देशले यसका लागि इजाजतपत्र जारी गर्ने गरेका छन् । यसो गर्दा प्रायः यस्ता गतिविधिमा संलग्नहरूलाई मात्र प्रभावित गरिरहेको हुन्छ । ती गधिविधिबारे सोच्दा मात्रै कतिपयको मनमा घृणा जाग्न सक्छ । तर अरूलाई मन पर्दैन भन्दैमा प्रतिबन्ध लगाउँदै जाने हो भने कुनै पनि मानवीय क्रियाकलाप नैतिकतावादीहरूबाट सुरक्षित हुन सक्दैन ।

मान्छेलाई पवित्र दिनहरूमा कारोबार गर्न दिनु हुन्छ कि हुँदैन ? बहुविवाह गर्न दिने कि नदिने ? यी सबै उनीहरूका व्यक्तिगत कुरा हुन् । यसले अरू कसैलाई हानि गर्दैन । स्वतन्त्र समाजमा कानुन व्यक्तिको स्वतन्त्रता संवर्द्धन र प्रवर्द्धनका लागि बनेको हुन्छ, कसैको नैतिकता कसैमाथि थोपर्नका लागि होइन ।

स्वतन्त्र समाजमा मान्छेहरूले आफ्नो सम्पत्तिमाथि आफ्नै नियम लगाउन पाउँछन्, यसको एक मात्र पूर्वसर्त अरूलाई चोट नपुऱ्याउने हुन्छ । धेरैजसो मुलुकमा केही सार्वजनिक स्थल (सपिङ मल) पनि राजनीतिक नेतृत्वका अधिनमा भन्दा निजी स्वामित्वमा हुन्छन् । त्यसैले २००५ मा दक्षिणपूर्व बेलायतस्थित ब्लुवाटर सपिङ सेन्टरले आफ्नो परिसरमा अपशब्द बोल्न, चुरोट पिउन, पर्चा बाँड्न, मुख छोपिने गरी हुड लगाउन नपाइने नियम बनायो । यसैगरी मध्य बेलायतस्थित चकलेट उत्पादक जर्ज

---

४. यो र अरू बुँदाको विस्तृत व्याख्या जोन स्टुआर्ट मिल, *अन लिबर्टी* १८५९, जोन स्टुआर्ट मिल, *अन लिबर्टी एन्ड अदर एसेज*, अक्सफोर्ड युनिभर्सिटी प्रेस, अक्सफोर्ड, २००८ मा गरिएको छ ।

क्याडबरी निर्मित र उनकै निजी गुठीमा चलेको नगर बोर्नभिलमा मदिराको खुला व्यापारमा रोक लगाइएको थियो । ब्लुवाटर र बोर्नभिल निजी सम्पत्तिमा निर्मित भएकाले त्यस्तो नियम बनाउने पूर्ण अधिकार उनीहरूलाई हुन्छ ।

## निःस्वार्थवादको समस्या

स्वतन्त्र समाज र खुला अर्थतन्त्र सञ्चालनको आधार व्यक्तिगत स्वार्थ हो भन्ने कुराले धेरै मान्छेलाई दिक्क बनाउँछ । यसको सट्टा उनीहरू संसार निःस्वार्थवादमा चलोस् भन्ने चाहना राख्छन् । अर्काको चासो र कल्याणलाई निःस्वार्थ ढंगले सम्बोधन गरियोस् भन्ने चाहन्छन् । यसले समस्या सुल्झाउँदैन, झन् बल्झाउँछ ।[५]

### परोपकार निर्देशिकाको अभाव

हामीले अर्काको रूचि केमा छ भन्ने कसरी थाहा पाउन सक्छौं भन्नेबाट कुरा थालौं । हामीलाई कसैको सोच तथा आदर्शमा प्रत्यक्ष पहुँच हुँदैन । उनीहरूको हितमा के हुन्छ भन्ने कुरा हामीले गर्न थाल्यौं भने निश्चित रूपमा ठूलो गल्ती गर्नेछौं । जन्मदिनको उपलक्ष्यमा मिल्दो उपहार नपाएका हामीमध्ये जोसुकैले भन्न सक्छौं कि आफ्नै परिवार र नजिकका साथीभाइसमेत हाम्रा रूचिबारे कति कम जानकार हुन्छन् भनेर । यसरी दिइने संस्कृति समाज सञ्चालनका लागि एउटा अदक्ष व्यवस्था हो भन्ने प्रतीत हुन्छ ।

कसैले हामीलाई दिन्छ भने त्यसको आलोचना पनि गर्न सकिँदैन । घृणा गर्न लायक नै किन नहोस् हामी उपहारहरू

५. विस्तृत चर्चाका लागि माओ युसी, द *प्याराडक्स अफ मोरालिटी* हेर्नुहोस् । टम जी पाल्मर (सं) द *मोरालिटी अफ क्यापिटालिज्म*, द स्टुडेन्ट फर लिबर्टी एन्ड एटलस फाउन्डेसन । एर्लिङ्टन, भिए, २०११ ।

देखावटी भए पनि कृतज्ञतासाथ ग्रहण गर्छौं । यसको अर्थ परोपकारी समाजमा मान्छेले कहिल्यै पनि एकअर्काको वास्तविक रूचि पहिल्याउन सक्दैनन् भन्ने हो । यो निजी स्वार्थमा आधारित अर्थतन्त्रभन्दा ठीक विपरीत कुरा हो, यहाँ उपभोक्ताले चाहेको कुरा फेला पारेनन् भने आपूर्तिकर्तालाई खुलेर भन्छन् र आफूले अन्तै कारोबार गर्न सक्ने जनाउ दिन्छन् । निजी स्वार्थका कारण उत्पादकको ध्यान उपभोक्ताले चाहेको उत्पादन सकेसम्म सस्तोमा उपलब्ध गराउनेमा हुन्छ ।

## निःस्वार्थवादले द्वन्द्व निम्त्याउँछ

व्यावसायिक कारोबारको मूल उद्देश्य अर्कालाई सहयोग गर्ने बनाइयो भने वर्तमान निजी स्वार्थप्रेरित विश्वमा क्रेता र बिक्रेताबीच जति बढी तनाव छ, त्यो अझ बढी हुनेछ । बिक्रेताको हित गर्न क्रेता झन् महँगो सामानको माग गर्नेछन् । क्रेताको हित गर्न बिक्रेताले सस्तोमा सामान बेच्न खोज्नेछन् । यो अहिले भइरहेको भन्दा ठीक विपरीत अवस्था हो ।

बजार अर्थतन्त्रमा निजी स्वार्थप्रेरित व्यक्तिहरूबीच द्वन्द्व हुन्छ । तर मोलतोल गरेर त्यसलाई सल्टाइन्छ । तर एक मात्र उद्देश्य अर्कालाई लाभ पुऱ्याउने हो भने निकास निस्किन गाह्रो हुन्छ । प्रत्येक परोपकारवादीले अर्काको हितलाई जोड दिनैपर्छ । कसैले पनि आफ्नो लाभ बढाउन नचाहिरहेको अवस्थामा आफ्नो आवश्यकता पूर्ति हुने गरी सम्झौता गर्ने हतार गर्दैनन् ।

## निजी स्वार्थ र लागत लाभ

निजी स्वार्थले उत्पादक र उपभोक्तालाई कारोबारको लागतभन्दा लाभ उच्च बनाउनेतर्फ एकाग्र बनाउँछ । कुनै फलको आशा नराख्ने परोपकारी उत्पादकले उसको समय र विज्ञता शून्य

लागतको हो भन्ने किसिमको गलत सङ्केत सबैलाई दिइरहेको हुन्छ । यस्तो सङ्केतलाई सतही रूपमा (अङ्कित मूल्यमा) बुझ्ने उपभोक्ताले आफ्नो मागमार्फत उत्पादकलाई हायलकायल बनाइदिन्छन् । लाभ नगण्य भए पनि वा लागतलाई मुस्किलले थेग्ने खालको लाभ भए पनि उत्पादकले कसैगरी त्यस्तो मागलाई नकार्न सक्दैनन् ।

उदाहरणका लागि, छालाको कामलाई लिऊँ, त्यहाँ आफ्नो वस्तु मर्मत गर्न खोज्नेको अन्त्यहीन लाइन लाग्न सक्छ । निजी स्वार्थप्रेरित अर्थतन्त्रमा भने सेवाप्रदायकले कुनै वस्तु मर्मत गर्न लायक छ कि छैन, मर्मत गर्ने हो भने त्यसको खर्च कति लाग्ने हो सोझै भन्न सक्छ । अनि सेवाप्रदायकले भनेको मूल्यमा मर्मत गर्ने कि नगर्ने सेवाग्राही आफैं विचार गर्छ । बजारले माग व्यवस्थापन गर्छ, कुनै चीज गर्न योग्य छ कि छैन खुट्याउँछ ।

परोपकारी समाजमा मान्छेहरू छिमेकीलाई घर बनाउनेलगायत सबै खालका काममा सहयोग गर्न हतारिन्छन् । तर लागत प्रभावकारिताका हिसाबले हामीलाई आफ्ना अदक्ष साथीभाइको भर पर्नुभन्दा दक्ष कामदारलाई घर बनाउन लगाउनु उचित हुन्छ । छिमेकीहरूका दक्षतालाई उपयुक्त क्षेत्रमा प्रयोग गर्न नसकिए नोक्सानी अझ बढ्छ । बजारले मान्छेको समय र सीपलाई जहाँ सबैभन्दा बढी मूल्यवान् ठहर गरिन्छ, त्यही क्षेत्रमा प्रयोग गर्न प्रेरित गर्छ ।

**प्रश्न : गरिबले किन्न सक्ने गरी मूल्य नियन्त्रण गर्नुपर्ने होइन र ?**

*होइन । मूल्य भनेको अभाव जनाउने सूचक हो । मूल्यले हामीलाई कुन क्षेत्रमा बचत छ र कहाँ अभाव छ भन्ने बताउँछ । यसले उत्पादकलाई कुनै चीज बढी उत्पादन गर्नुपर्छ भन्छ भने उपभोक्तालाई खपत घटाउन वा विकल्प खोज्न लगाउँछ । मूल्य नियन्त्रणले यस्तो सङ्केतलाई दबाउँछ र आपूर्तिभन्दा माग बढी भई अभाव सिर्जना हुन्छ । यसले प्रायः मान्छेलाई सङ्ग्रह गर्न लगाउँछ र अभाव झन् चर्किन्छ ।*

*यसको एउटा उदाहरण सबैलाई आवास उपलब्ध गराउने गरी ल्याइएको घरभाडा नियन्त्रणको नीति हो । यसले आवास सुविधालाई झनै बिगार्‍यो, घरधनीले सस्तो दरमा आफ्नो घरभाडामा दिन खोजेनन् र आफ्नो घरलाई भाडामा दिने सूचीबाट हटाए ।*

*कुनै मान्छेले अत्यावश्यक चीज किन्न सक्दैन भने त्यति बेला बजार संयन्त्रमा हस्तक्षेप गर्ने होइन, बरू उनीहरूलाई किन्नका लागि सक्षम बनाउने हो । यसका लागि निजी परोपकारी संस्था वा करदाताको कोषबाट न्यूनतम ज्याला प्रदान गर्ने गरी स्थापित संयन्त्रमार्फत नगद प्रदान गर्न सकिन्छ । त्यो अवस्थामा उनीहरूले अरूले जस्तै प्रतिस्पर्धी बजारबाट आफ्ना लागि आवश्यक वस्तु खरिद गर्न सक्छन् ।*

## बजारको नैतिकता

खुलाबजार अर्थतन्त्र निजी स्वार्थमा आधारित हुन्छ भन्ने तथ्यले यसलाई अनैतिक बनाउँदैन । बजारमा मान्छेले अरूसँग सहकार्य गरेर, अर्काले चाहेको वस्तु उपलब्ध गराएर मात्रै उन्नति

गर्छन् । बजारले असामाजिक व्यवहारलाई दण्डित गर्छ । बजारमा धेरै विकल्प उपलब्ध हुन्छन्, जोसँग आफूलाई अनुकूल हुने गरी कारोबार गर्न सकिन्छ उसैसँग गरिन्छ । किन कुनै अभद्र अमानवसँग कारोबार गर्ने भन्ने स्वाभाविक प्रश्न हुन्छ ।

बजारमा कसैको शोषण नहुने गरी कारोबार हुन्छ भन्ने सुनिश्चित गर्न नियमहरू बनाइएका हुन्छन् । तर औपचारिक नियमहरूले सबै परिस्थितिमा काम नगर्न सक्छन् । बजार स्वभावतः विश्वासमा आधारित हुन्छ र यसले विश्वसनीय, भरोसायोग्य भनेर प्रतिष्ठा कमाएकालाई पुरस्कृत गर्छ । बजारलाई परिचालित गराउने शक्ति निजी स्वार्थ भए पनि यसले आपसी हितमा आधारित नैतिकतालाई प्रवर्द्धन गर्छ ।

## निगमहरूको सामाजिक दायित्व

धेरै मान्छे व्यावसायिक संस्था नैतिक रूपमा चल्नुपर्छ र संस्थागत सामाजिक दायित्व प्रवर्द्धन गर्नुपर्छ भन्छन् । धेरै बहुराष्ट्रिय कम्पनीले हिजोआज वार्षिक प्रतिवेदनमा एउटा असल नागरिक बन्न उनीहरूले केके गरे भन्ने व्याख्या गरेका हुन्छन् ।

तर व्यक्ति मात्रै जिम्मेवार वा गैरजिम्मेवार, नैतिक वा अनैतिक बन्न सक्छन् । समूहको आफ्नो अलग्गै नैतिकता हुँदैन । कुनै मुलुक, नगर, जाति, सम्प्रदाय, क्लब वा कम्पनी नैतिक वा अनैतिक हुन सक्दैन, तिनका व्यक्तिगत सदस्य मात्र हुन सक्छन् । निश्चित रूपमा हामी व्यावसायिक नेतृत्वले सङ्गठनमा नैतिक संस्कृति विकास गरोस् भन्ने चाहन्छौं । तर नैतिकता तथा जिम्मेवारी काममा झल्किन्छ र काम व्यक्तिले गर्छ, समूहले गर्दैन ।

संस्थागत सामाजिक दायित्वको अभियान वास्तवमा नागरिक तथा कल्याणको कार्यलाई व्यवसायतर्फ सार्ने प्रयास हो ।

व्यावसायिक प्रतिष्ठानले स्थानीय विद्यालय तथा समुदायका विभिन्न समूहलाई वित्तीय सहयोग गरी आफूहरू जिम्मेवार भएको देखाउन खोज्छन् । यसो गर्नु व्यावसायिक दृष्टिले उपयुक्त हुने उनीहरूको ठहर हुन्छ । भविष्यमा कम्पनीमा रोजगारीका लागि आउने स्थानीय विद्यालयकै उत्पादन हुनेछन् । त्यसैले स्थानीयसँग राम्रो सम्बन्ध बनाइराख्नु लाभकारी हुन्छ । तर यो नितान्त व्यावसायिक निर्णय हुनुपर्छ, कम्पनीका कार्यकारी तथा सेयरधनीहरूले गरेको हुनुपर्छ, नैतिकताका नामका कसैले दबाब दिएको हुनुहुँदैन ।

व्यवसाय कडा प्रतिस्पर्धामा चलिरहेको छ भने कम्पनीको व्यावसायिक उद्देश्यलाई प्रत्यक्ष सहयोग नपुऱ्याउने स्थानीय परियोजनाहरूमा खर्च गर्न अतिरिक्त नगदको अभाव नै हुन्छ । कम्पनीसँग यस्ता परियोजनामा खर्च गर्न पर्याप्त नगद छ भने बजारले राम्ररी काम गरेको छैन भन्ने बुझ्नुपर्छ । (उदाहरणका लागि, सरकारी नियमनका कारणले कम्पनीहरूले प्रतिस्पर्धा गरिरहेका छैनन्) भन्ने बुझ्नुपर्छ । यस्तो अवस्थामा साँच्चिकै प्रतिस्पर्धा भयो भने स्थानीय परियोजनाहरूमा खर्च गरे जस्तो गर्ने कम्पनीहरूले असली व्यवसाय गर्ने कम्पनीहरूलाई हराउँछन् र यसबाट प्राप्त हुने नाफा कुम्ल्याउँछन् ।

समुदायिक परियोजनालाई प्रदान गरिएको सहयोग राम्ररी सदुपयोग भएको सुनिश्चित गर्ने कुरामा व्यावसायिक क्षेत्रका व्यक्ति दक्ष हुँदैनन् । उनीहरू त मान्छेले वास्तवमा मन पराउने वस्तु तथा सेवा प्रदान गर्ने आफ्नो मुख्य भूमिकामा केन्द्रित हुनुपर्छ । त्यसले क्रमिक रूपमा सम्पत्ति सिर्जना गर्छ र परोपकारी कार्यलाई सम्भाव्य बनाउँछ ।

# ८. निजीकरण तथा भूमण्डलीकरण

## आप्रवासन तथा प्रविधि

### खुल्दै छ संसार

कुनै बेला संसारको दुर्गमा मानिने भागहरू अहिले दुर्गम छैनन् । टेलिभिजन, रेडियो, इन्टरनेट तथा अन्य सञ्चारका माध्यमले अरूका संस्कृति, जीवनशैली, जाति, मान्छे, मुलुक, शासन पद्धतिसँग हामीलाई नजिक बनाएको छ । हवाई यात्रा तथा द्रुत यातायातका अरू धेरै साधनले धेरै ठाउँको प्रत्यक्ष अवलोकनलाई सम्भव बनाएको छ ।

यसले सरकारहरूलाई आफ्नो गल्ती लुकाउन कठिन बनाएको छ । अब सरकारले उसका कमीकमजोरी नागरिकले थाहा नपाऊन् भनेर वरिपरि पर्खाल बनाउनुको अर्थ छैन । सामाजिक सञ्जाल तथा स्याटलाइट डिसमार्फत आउने विदेशी टेलिभिजन च्यानलबाट नागरिकले संसारमा कहाँ आकर्षक अवसर छन् भन्ने कुरा सम्भवतः पहिल्यै थाहा पाइसकेका हुन्छन् ।

त्यसैले धेरै मुलुकहरूले बाहिरी संसारबाट बन्द रहिरहने आफ्नो प्रयासलाई त्यागेका छन् । उनीहरू विदेशी पर्यटक तथा अन्य आगन्तुकका लागि खुला हुँदै गएका छन् । विगत केही दशकमा खासगरी रूस, चीन, भियतनाम, बर्मा र अरू धेरै मुलुकहरू अन्तर्राष्ट्रिय समुदायसँग खुल्दै गएका छन् । अहिले अफगानिस्तानको २० प्रतिशत जनसङ्ख्या जीवनको कुनै खालखण्डमा विदेशी मुलुकमा बसेका छन् ।

## विचार विनिमय

नयाँ संसारमा मान्छे मात्र यात्रा गरिरहेको छैन, उनीहरूसँगै विचार पनि सहयात्री बनेको छ । पर्यटकहरू भिन्न संसारको नितान्त फरक कथा बोकेर आएका हुन्छन्, जहाँ कुनै कार्य गर्ने, विचार गर्ने तथा बोल्ने स्वतन्त्रता हुन्छ । स्थानीयहरू बाहिर जान्छन् र विदेशी पर्यटकले भनेका कथाहरू साँच्चिकै रहेछन् भन्ने थाहा पाएर अचम्भित हुन्छन् । इन्टरनेट वा स्याटेलाइट टिभीको पहुँच भएका मान्छेहरू आफूले सुनेका कुरा काँचका पर्दामा देखेर पक्का गर्न सक्छन् ।

व्यापारको प्रभाव पनि उस्तै हुन्छ । कुनै मुलुक अन्तर्राष्ट्रिय व्यापारका लागि खुला भएपछि यसका नागरिक व्यापार गर्न थाल्छन्, अर्का संस्कृतिका मान्छेसँग साथी बन्छन् र जिउने अन्य तरिकाबारे थाहा पाउँछन् ।

यसले सरकारलाई अझ खुला हुन दबाब दिन्छ । स्वतन्त्रतालाई राम्ररी देखेका र प्रत्यक्ष अनुभव गरेका मान्छेले उन्नतिलाई प्रोत्साहित गर्ने र समृद्धिलाई फैलाउन सक्ने यसको असीमित शक्तिलाई बुझेका हुन्छन् । उनीहरू त्यस्तो उन्नति र समृद्धिको अंशियार आफू पनि हुन पाउनुपर्छ भन्ने माग गर्न थाल्छन् । प्रविधि, व्यापार, आप्रवासन, पर्यटन तथा विश्वबजार सबै स्वतन्त्र समाजका सन्देशदूत हुन् ।

# स्वतन्त्र समाजको विकास

## माथिबाट तल आउने होइन पुँजीवाद

पहिले हुँदै नभएको ठाउँमा स्वतन्त्र समाजको स्थापना गर्नु सजिलो कुरा होइन । नयाँ सरकार र अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू प्रायः समग्र प्रशासनिक यन्त्रलाई बदल्ने वा सरकारका

ठूला उद्योगलाई निजीकरण गर्ने जस्ता बृहत् तथा चामत्कारिक परिवर्तन खोजिरहेका हुन्छन् । यस खालका उपायहरू प्रायः विनाशकारी हुने गरेका छन् । सत्तालाई आफ्नो व्यक्तिगत लाभमा प्रयोग गर्ने प्रवृत्ति रहेसम्म, बजार तथा प्रतिस्पर्धासम्बन्धी स्थानीय ज्ञानको अभावमा निजीकरणका धेरै प्रयासले (१९८० को उत्तरार्द्धमा मेक्सिकोको जस्तै) राज्यको एकाधिकारलाई आसेपासेको हातमा पुऱ्याएका छन् । जनताका लागि यो आसेपासे पुँजीवाद पुरानो आसेपासेतन्त्रभन्दा कुनै अर्थमा फरक हुँदैन । न्याय प्रणालीलाई सुधार्न धेरै दशक लाग्न सक्ने भएकाले त्यस्ता आसेपासेतन्त्रलाई अदालतमा चुनौती दिन पनि सकिँदैन । त्यसैले मानिसहरू राज्यकेन्द्रित समस्याप्रति जति निन्दा गर्छन्, त्यति नै निन्दा निजी उद्यमले दिने समाधानप्रति गर्छन् । सम्भ्रान्तको भन्दा जनताको हित गर्ने ताजा प्रस्ताव क्रान्तिकारीहरूले मात्रै ल्याउन सक्छन् भन्ने विश्वास धेरै मानिसले गर्न पुग्छन् ।

## तलदेखि माथिसम्म स्वतन्त्रता

"माथिदेखि तलसम्मको पुँजीवादी" अवधारणा विफल हुन्छ । किनभने यसले सामाजिक संस्थाहरू सिर्जना गर्ने र टिकाउने आधारभूत शैली, गतिविधि तथा प्रोत्साहनलाई परिवर्तन नगरी त्यसको रूप मात्रै बदल्न खोज्छ ।

मान्छेहरूले एकअर्कासँग स्वतन्त्र रूपमा कसरी सहकार्य गर्ने र बाँच्ने भनेर निर्धारण गर्ने कानुनी तथा नैतिक ढाँचाबाट स्वतन्त्र समाजको सिर्जनात्मकता तथा उन्नति विकसित भएको हुन्छ । हामीले कार्यविधिको त्यस्तो ढाँचा प्रयोगमा ल्याउन सक्यौं र मान्छेहरूलाई ती नियमभित्र रहेर आफ्नो जीवन बाँच्न स्वतन्त्र छोडिदियौं भने उनीहरूको स्वाभाविक ऊर्जा र महत्त्वाकाङ्क्षाले समग्र प्रणालीमा व्यवस्थित परिवर्तन ल्याउँछ ।

उदाहरणका लागि, हामीले नयाँ उद्योग स्थापना गर्न, उद्योगको स्वामित्व लिन तथा आत्मविश्वासका साथ सञ्चालन गर्न, सम्पत्तिको स्वामित्वलाई सुरक्षित बनायौं र उत्पादनशील पुँजीको विकास तथा व्यापार गर्न सजिलो बनायौं । यसो गर्दा हामीले नियम र प्रोत्साहन सिर्जना गर्छौं, जसले द्रुत गतिमा आर्थिक वृद्धि र व्यवस्थित सामाजिक सुधारलाई प्रोत्साहित गर्छ । मान्छेले ससाना व्यवसाय सुरू गर्छन्, व्यवसाय कसरी गर्ने, कसरी सफलता हात पार्ने भन्ने सिक्छन् र उन्नति गर्छन् । उनीहरूले आर्थिक लाभ मात्रै होइन, आत्मविश्वास पनि प्राप्त गर्छन् । आत्मविश्वास उँचो भएको समाजले कर्मचारीतन्त्र तथा सरकारी स्वामित्वका उद्योगलाई कसरी सुधार गर्ने भन्ने बृहत् संस्थागत सवालहरूलाई सम्बोधन गर्न सक्छ ।

त्यसैले सम्पूर्ण राज्य संयन्त्र सुधारका लागि हामीले समष्टिगत तहबाट सुरू गर्नुहुँदैन । हामीले समग्र संस्थागत बनोटमा परिवर्तन गर्नका लागि सूक्ष्म तहमा उत्प्रेरणाहरूलाई खोल्दै लैजानुपर्छ ।[१]

## सम्पत्ति अधिकारको अभ्यास

### पेरूमा सम्पत्ति अधिकार

अर्थशास्त्री हर्नान्डो डे सोतोको नेतृत्वमा १९९० दशकको पूर्वाद्धमा पेरूमा थालिएको सम्पत्ति अधिकारको सुधार एउटा रोचक उदाहरण हुन सक्छ । पेरूको कर्मचारीतन्त्र र भ्रष्टाचारका कारण कसैलाई नयाँ व्यवसाय सुरू गर्नुपर्‍यो भने झन्डै एक वर्ष लाग्न सक्ने डे सोतोले पहिल्याएका थिए । सम्पत्तिको स्वामित्व सम्बन्धमा

१. यसका लागि म एडम स्मिथ इन्टरनेसनलका पिटर यङ र स्टेफन जे मास्टीबाट प्राप्त विज्ञ दृष्टिकोणप्रति कृतज्ञ छु ।

पनि यस्तै कठिनाइ थिए । परिणामस्वरूप लाखौं उद्यमीको घरजग्गा तथा साना व्यवसायमाथि वैधानिक स्वामित्व थिएन । यसले उनीहरूलाई उद्योग विस्तारका लागि आवश्यक ऋण प्राप्त गर्न कठिन बनाएको थियो । उनीहरू आफ्नो घर वा व्यवसाय बिक्री गर्न सक्दैनथे । सम्पत्ति तथा व्यवसायसम्बन्धी कुनै विवाद निस्किए समाधानका लागि अदालत जान पाउँदैनथे ।

पेरूमा दुई अर्थतन्त्र थिए– एउटा कानुनको दायरामा भएको र सबै खालका वैधानिक आर्थिक लाभ तथा कानुनी सुरक्षा प्राप्त गरिरहेको । अर्को, गरिबीमा पिल्सिएको, घरजग्गा तथा व्यवसायलाई कानुनले नचिनेका लाखौं साना उद्यमीहरू भएको । सरकारले कानुनको दायरामा नआएका ती लाखौं साना उद्यमीको कर निर्धारण गर्न वा सङ्कलन गर्न सक्दैनथ्यो र राज्यले करोडौं राजस्व गुमाइरहेको थियो । कानुनी सुरक्षा नभएका यी लाखौं उद्यमीलाई अपराधीहरू र कम्युनिस्ट साइनिङ पाथका गुरिल्लाहरूले सजिलै शोषण गरिरहेका थिए ।

यसको समाधानका लागि डे सोतो र अन्यले नयाँ व्यवसाय दर्तासम्बन्धी सम्पूर्ण प्रशासनिक नियमन खारेज गर्न र ती व्यवसाय सञ्चालनका लागि लाइसेन्स लिनुपर्ने प्रावधान हटाउन सुझाएका थिए । त्यसै बेला भूमि सुधारका काम पनि भए, पेरूका १० लाखभन्दा बढी परिवारको पहिलो पटक जमिनमा अधिकार स्थापित भयो । यसबाट साना व्यवसायको दक्षता बढ्यो, सञ्चालकहरूले ऋण लिन सक्ने, व्यवसाय विस्तार गर्न सक्ने तथा सम्पत्ति बिक्री गर्न सक्ने भए । मान्छेले पुँजी प्राप्त गर्ने तथा बचत गर्न सक्ने भएपछि आवास सुविधामा सुधार आयो, आफ्ना केटाकेटीको पढाइमा आमाबाबुले बढी खर्च गर्न सक्ने भए ।

यस्तो सुधारको आलोचना नभएको होइन । जमिनमाथि स्वामित्वको वितरण न्यायोचित भएन भन्ने केहीले गुनासो गरेका थिए । यसरी जग्गा वितरण गर्दा खासमा कसले के पाएको हो भन्ने तर्क उनीहरूले गरेका थिए । कतिपयले यसबाट साना भूमिहीनभन्दा ठूला जमिनदार लाभान्वित भएको, भूमि अधिकारले साना गरिब किसान निर्भर रहँदै आएको साझा जमिन निलेको, अधियाँ खेती गर्ने व्यवस्थालाई भत्काएको जस्ता तर्क गरे । वास्तवमा ती तर्क र आलोचनाभन्दा फरक किसिमले सकारात्मक अवस्था बनेको थियो । कतिपयले भूमिसुधार रामवाण नभएको र आर्थिक विकासको प्रमुख अवरोध जनताका आकाङ्क्षामाथि संस्कृतिले लादेको सीमितता हो भन्ने तर्क गरे ।

बजार नै स्थापित नभएको ठाउँमा राम्रोसँग चलेको बजार स्थापना गर्न सजिलो छैन । अक्वारियमबाट माछाको सुप बनाउन सजिलो होला । तर माछाको सुपबाट अक्वारियम बनाउन सकिँदैन । तापनि धेरै मुलुकले पेरूको सिको गर्न खोजेका थिए । डे सोतो आफैँले ल्याटिन अमेरिका र अफ्रिकाका धेरै मुलुकहरूलाई सुझाव दिएका थिए ।

## सुधारमा जोड

सुदृढ सम्पत्ति अधिकार सबैभन्दा महत्त्वपूर्ण भए पनि अरू सुधारका कार्य पनि आवश्यक हुन्छन् । उदाहरणका लागि, कर्जा तथा लघुकर्जाको बजार पनि सुसञ्चालित हुनुपर्छ । यसलाई कष्टदायी नियमन र कर्मचारीतन्त्रले सजिलै दबाउन सक्छ । बङ्गलादेशको ग्रामीण बैङ्क एक चाखलाग्दो उदाहरण हो । यसले ग्रामीण भेगका गरिब तथा भूमिहीन महिलालाई तारविहीन फोन सेवा सञ्चालन जस्ता आयमूलक कार्य गर्न ससानो कर्जा दिन्छ ।

जनताका विवादहरू छिटो एवम् विश्वसनीय ढङ्गले समाधान गर्न भरोसायोग्य र कुशल न्याय प्रणाली अत्यावश्यक हुन्छ । हामीले हाम्रा विधायकहरूले यसबारे सोच्नेछन् र राज्यको न्याय प्रणाली सुधारका कदम चाल्नेछन् भनेर पर्खिरहनुपर्दैन । विभिन्न मुद्दाहरूबाट बनेको सामान्य विधि बढी द्रुत गतिको हुन्छ । यसैगरी स्थानीय जनताको भावनाअनुरूपको न्याय सम्पादन तथा नजिरहरूका आधारमा स्थानीय न्याय प्रणाली पहिल्यै अस्तित्वमा आइसकेको हुन सक्छ । तर व्यवसायको स्वामित्व संरचना, व्यक्तिगत दायित्व, सेयरधनीको अधिकार तथा टाट पल्टिँदाको अवस्थालगायतलाई परिभाषित गर्ने गरी व्यवसाय सञ्चालन कसरी गर्ने भन्ने थप आधारभूत कानुन हामीलाई आवश्यक हुन्छ ।

हामीले बजारमा नयाँ व्यवसायीलाई प्रवेशमा रोक लगाउने गरी बनाइएका कानुन घटाउनुपर्छ । उदाहरणका लागि, नेपालमा निजी क्षेत्रको दूरसञ्चार सेवाप्रदायकलाई प्रवेश दिइयो भने बर्बाद हुन्छ भन्ने सोचिन्थ्यो । पछि नयाँ सेवाप्रदायकलाई पनि इजाजतपत्र प्रदान गरियो । हाल नेपालमा अरूलाई ईर्ष्या लाग्ने गरी दूरसञ्चार सेवाको विस्तार भएको छ ।

साना व्यवसायी तथा नवप्रवेशीको बढ्दो सङ्ख्याले रोजगारी सिर्जना गरेको, समृद्धि बढाएको र उपभोक्ता सेवा सुधार गरेको जति उदाहरण धेरै भए, त्यति नै धेरै मानिसले रोजगारी तथा सम्पत्ति सिर्जना गर्ने सन्दर्भमा स्वतन्त्रताको बृहत् सम्भावनालाई बुझ्छन् । यसले जति बढी समर्थन बटुल्दै जान्छ, त्यति नै कम मान्छेले क्रान्तिकारी तर दोहनकारी विकल्पहरूलाई रोज्छन् ।

## कृषि सुधार

सम्पत्ति अधिकारको शक्ति बुझ्न सोभियत सङ्घ, चीन र भियतनाममा भएका कृषि सुधारलाई उदाहरणका रूपमा लिन

सकिन्छ । त्यहाँका कम्युनिस्ट सरकारले सामूहिक (कम्युन) अधिनमा हुने गरी खेती तथा कृषि उद्यम सञ्चालन गरेका थिए । समूहले जमिनको प्रयोग र कृषिकर्म निर्धारण गरेको हुन्थ्यो र त्यसको उब्जनी समान तवरले वितरण गरिन्थ्यो । तर त्यो व्यवस्था काम लाग्ने थिएन । कम्युन निकै ठूला, भारी र कर्मचारीतन्त्री हुन्थे । आफ्नो श्रम र मिहिनेतले कमाएको उब्जनी नचिनेका अरू थुप्रै मान्छेसँग बराबरी बाँड्नुपर्ने भएकाले अझ बढी मिहिनेत गर्ने र उत्पादनशील हुने प्रेरणा कम्युनका सदस्यमा कम हुन्थ्यो ।

नचाहेरै पनि चीनले सामूहिक स्वामित्वको उक्त काम नलाग्ने सोभियत मोडललाई १९७० दशकको उत्तरार्द्धमा परित्याय गऱ्यो । त्यसपछि प्रत्येक परिवारले आआफ्नो भागको ससाना जमिनमा खेती गर्ने घरधुरी जिम्मेवारी प्रणाली आयो । यसले श्रम र पुरस्कारबीच प्रत्यक्ष सम्बन्ध स्थापित गरिदियो । चीनको कृषि उत्पादनमा उछाल आयो । सन् १९८० दशकको पूर्वार्द्धमा खाद्यान्न पाँच प्रतिशत, कपासको आठ प्रतिशत र तेलहनको १४ प्रतिशतका दरले उत्पादन बढ्यो ।[२]

तर त्यो प्रगति दिगो भएन । त्यो प्रणालीमा अझै पनि कमजोरी थिए । जमिनको गुणस्तर समान बनाउन सरकारी अधिकारीले स्थानीय बासिन्दालाई एउटै ठूलो जग्गाको सट्टा ससाना टुक्रा दिएका थिए । एउटै परिवारले पाँचछ ठाउँमा खेती गर्नुपर्ने भएपछि बढी उब्जनी हुने गरी नयाँ विधि अपनाउने र प्रविधि प्रयोगमा ल्याउन कठिन थियो । ती जग्गाहरूको बीचमा पनि थुप्रै खेतीयोग्य जमिन बाटोले खाएको थियो । जग्गा

---

२. विस्तृत जानकारीका लागि वोल्फग्याङ कास्पर, द *सिचुआन एक्सपेरिमेन्ट*, *अस्ट्रेलियन जर्नल अफ चाइनिज अफेयर्स*, ७ फेब्रुअरी १९८१, पृष्ठ १६३–७२, हेर्नुहोस् ।

वितरण प्रणालीले परिवारहरूका बीचमा हुन सक्ने उत्पादकत्व भिन्नतालाई विचार पुऱ्याइएको थिएन ।

पछि जमिनको प्राविधिक स्वामित्वलाई कायमै राखी प्रयोगको अधिकारमा परिवर्तन गरियो । किसानले जमिनमा लामो समयसम्म काम गर्न पाउने भए, उब्जनी प्राप्त गर्ने, त्यसलाई बिक्री गरी आम्दानी गर्ने वा त्यस्तो अधिकार अरूलाई दिन सक्ने भए ।

सम्पत्तिमाथिको अधिकारसम्बन्धी खुला बजारको दृष्टिले यो प्रणाली पनि पूर्ण थिएन । राज्यको खरिद र मूल्यनिर्धारण पद्धतिले किसानको आफ्नै निर्णय गर्ने र आफ्नो श्रमको फलको अधिकतम उपयोग गर्न पाउने क्षमताको अवमूल्यन गरेको थियो । जमिनको वास्तविक बजार नहुँदा ससाना जग्गाको एकीकरण सम्भव थिएन । तर पछि क्रमिक रूपमा जमिन प्रयोगको बजार खुल्न थाल्यो ।

उदाहरणका लागि, उत्तरी गुइझाओ प्रान्तको मेइतान काउन्टीमा गाउँले र सरकारी अधिकारीले जमिन उपयोग गर्न पाउने अधिकार २० वर्ष निर्धारण गरे । यसले किसानलाई लामो अवधिको योजना बनाउन सहयोग पुऱ्यायो । किसानले जग्गा एकीकरण गर्ने तथा खेती गर्ने अधिकार हस्तान्तरण गर्न सक्ने भए । उनीहरूलाई बाँझो जमिनमा खेती गर्ने प्रेरणा पनि प्राप्त भयो । फलस्वरूप धेरैभन्दा धेरै जमिनमा खेती हुन थाल्यो, किसानले बढी हेरचाह गरेकाले जमिनको गुणस्तरमा सुधार आयो र आधुनिक औजारको प्रयोग हुन थाल्यो । सन् १९९५ मा राष्ट्रिय सरकारले नै अरू गाउँहरूलाई मेइतानको उदाहरण पछ्याउन आग्रह गऱ्यो अनि सम्पत्ति अधिकार जस्तै प्रणाली चीनभर फैलियो ।

## जल अधिकार

सरकारले भन्दा सम्पत्ति अधिकारले राम्रोसँग व्यवस्थापन गर्न सक्ने अर्को दुर्लभ स्रोत पानी हो । संयुक्त राज्य अमेरिकाको

पश्चिमी राज्यहरूमा सुक्खाको जोखिम उच्च थियो, त्यो जोखिम पानी दुर्लभ नभई सरकारको धेरै नियमनले निम्त्याएको थियो । उदाहरणका लागि, स्रोतबाट पहिले जसले पानी निकाल्यो उसले पछि आउनेले भन्दा बढी प्राथमिकता पाउँथ्यो र उसले यस्तो विशेषाधिकार सुरक्षित गर्न पानी निकालिरहन पर्थ्यो । त्यसकारण पानी आवश्यक नभए पनि उसले निकालिरहन्थ्यो ।

सन् १९९० को पूर्वार्द्धतिर मोन्ताना तथा एरिजोनालगायत राज्यले जल अधिकार हस्तान्तरण गर्न पाइने नियम ल्याए । अझै पनि जलस्रोतलाई नियमन गर्ने धेरै कानुन छन् । तर पहिलेभन्दा अहिले पानी अत्यावश्यक क्षेत्रमा जाने गरेको छ । जल अधिकार बिक्री गर्न पाइने भएपछि थोरै पानी पर्याप्त हुने उपभोक्ताले बढी भएको पानी अर्कालाई बेच्न सक्ने हुँदा स्रोतमा बढी भार नपर्ने भएको छ । जल अधिकारको यस्तो लाभले गर्दा यो प्रणालीलाई हाल संयुक्त राज्य अमेरिकाभर पछ्याइएको छ ।

## निजीकरणको संयन्त्र

सरकारी स्वामित्वका प्रायः सबै उद्योग एकाधिकारी हुन्छन् । तिनले उपभोक्तालाई छनोटको सुविधा दिँदैनन् । तिनीहरूले कमसल वस्तुका लागि बढी मूल्य लगाउन सक्छन्, लगाइरहेका छन् । शासकहरूको हातमा भएका ती संस्थानलाई कुनै निकायले व्यवस्थापन गरेको हुन्छ, तापनि तिनीहरू सत्ताधारी शासकका आसेपासेबाट मुक्त हुँदैनन् ।

उदाहरणका लागि, इरानको बोन्याडहरूलाई लिऊँ । तिनीहरू खासमा परोपकारी गुठी हुन् । तिनले जग्गा विकास, कृषि, उत्पादन तथा सामुद्रिक ढुवानीलगायत व्यवसाय गरी इरानी अर्थतन्त्रको २० प्रतिशत हिस्सा ओगट्छन् । शाहहरूले सुरू गरेका

यी बोन्याडहरूले परोपकारी काम नगर्ने बरू शासकहरूको लाभ सुनिश्चित गर्ने गरेको भन्दै आलोचना हुने गरेको थियो । सन् १९७९ क्रान्तिपछि सत्तामा आएका शासकहरूले पनि असाध्यै लाभकारी ती बोन्याडहरूलाई त्याग्न सकेनन् । ती कायमै रहिरहे, कर छूट तथा सरकारी अनुदान पाइरहे । त्यति मात्र होइन, निजी व्यक्तिबाट खोसिएका सम्पत्ति पनि तिनीहरूलाई नै जिम्मा लगाइए । गरिबका नाममा खुलेका बोन्याडहरूले सरकारी अधिकारीको सेवा गरिरहे ।

राज्य सञ्चालित व्यवसायहरूमा रहेको कर्मचारीतन्त्रीय एकाधिकारभित्र निजी स्वामित्व र प्रतिस्पर्धा जस्ता गतिशील प्रभावहरूलाई प्रवेश गराइनुपर्छ अनि भ्रष्टाचारलाई व्यावसायिक खुलापनले प्रतिस्थापित गर्नुपर्छ, तब मात्र यिनीहरूबाट पुँजी पुनः सर्वसाधारणमा फिर्ता गराउन सकिन्छ । तर यी सबै गर्न दीर्घकालीन दृष्टिकोण, इच्छाशक्ति र सुविचारित नीतिगत ढाँचा आवश्यक हुन्छ ।

यसका लागि कुनै एक उपयुक्त निर्विवाद विधि छैन । सार्वजनिक संस्थाको निजीकरण भनेको अर्थशास्त्र मात्र होइन, राजनीति पनि हो । सरकार मातहतका सबै व्यवसाय एकै हुँदैनन् । त्यसैले प्रत्येकका लागि भिन्नभिन्न तरिका अपनाउनुपर्छ । भिन्न आकार र प्रकृतिका उद्योगमा चासो राख्ने र सुधार रोक्न खोज्ने भिन्न स्वार्थ समूह हुन्छन् । सम्पूर्ण जनसङ्ख्या प्रभावित हुने जनउपयोगी भनिने बिजुली वा खानेपानी आपूर्ति सेवाका लागि अपनाइएको विधि तुलनात्मक रूपमा कम मान्छे प्रभावित हुने उत्पादनमूलक क्षेत्रका लागि सही नहुन सक्छ ।

नयाँ तरिका र पुँजी भएका विदेशीलाई साना उद्योगहरू बिक्री गर्न उपयुक्त हुन सक्छ । तर सरकारी स्वामित्वको कम्पनी विदेशीलाई बेच्नु विवादास्पद हुन सक्छ ।

ठूला उद्योगको सेयर सर्वसाधारणमा बिक्री गरेर यसको स्वामित्वलाई फैलाउन सकिन्छ । यसका लागि बृहत् सचेतना आवश्यक हुन्छ । कतिपय मुलुकमा पुरातन स्टक एक्सचेन्ज हुन्छन्, अधिकांश सर्वसाधारणलाई सेयर भनेको के हो थाहा नहुन सक्छ । सोभियत सङ्घको विघटनपछि रूसमा सरकारी कम्पनीका सेयर सबै जनतालाई बराबर दिने गरी "भौचर प्राइभेटाइजेसन" गरियो । तर धेरै मान्छेले ती सेयरहरू सस्तोमा अरूलाई बिक्री गरे, घुमिफिरी सरकारी कम्पनी सभ्रान्त व्यवसायीकै नियन्त्रणमा पुग्यो ।

## कार्यान्वयनमा बजार सिद्धान्त

निजीकरण प्रक्रियाबाट एकाधिकारी व्यवस्थाको अन्त्य गर्न आवश्यक हुन्छ । सरकारले एकाधिकार कायमै रहने गरी आफ्ना उद्योगधन्दा बिक्री गर्न पाए बढी राजस्व सङ्कलन हुन्थ्यो भन्ने सोच राख्न सक्छ । तर सर्वसाधारणका लागि एकाधिकारी शक्ति सधैं हानिकारक हुन्छ । एकाधिकारी शक्तिलाई समाप्त गरियो र प्रतिस्पर्धालाई स्थान दिइयो भने दीर्घकालमा सरकार र जनता दुवैलाई लाभ प्राप्त हुन्छ । नयाँ उद्योग पहिलेको एकाधिकारीभन्दा बढी सुदृढ, गतिशील र सिर्जनशील हुन्छ ।

सन् १९९६ मा ग्वाटेमालामा भएको दूरसञ्चार सेवाको निजीकरणले प्रतिस्पर्धाको महत्त्वलाई झल्काउँछ । त्यहाँ दूरसञ्चार एकाधिकारीलाई निजीकरण गरिनुअघि उक्त क्षेत्रलाई प्रतिस्पर्धाका लागि खुला गरिएको थियो । सँगसँगै वायुतरङ्गहरूलाई पनि निजीकरण गरी इलेक्ट्रोम्याग्नेटिक स्पेक्ट्रममा सम्पत्ति अधिकार स्थापित गरिएको थियो, यसलाई टेलिकम कम्पनीहरू किनबेच गर्न सक्थे । यसले प्रतिस्पर्धामा व्यापक विस्तार भयो, छनोटका लागि धेरै

विकल्प उपलब्ध भए, दूरसञ्चार सेवा फैलियो । सेवाशुल्क ल्याटिन अमेरिकामै सबभन्दा सस्तो भयो, मोबाइल फोन प्रयोगकर्ताको सङ्ख्या एक दशकमै सयौं गुणा बढ्यो ।[३]

## निजीकरणलाई सच्च्याउने तरिका

धेरै अन्तर्राष्ट्रिय तरिका र विशेषज्ञता छन्, जसले सुधारकहरूलाई निजीकरणको राजनीति र प्रक्रियालाई सच्याउन ठूलो सहायता गर्छ ।

यसमा मुख्य कुरा प्रक्रिया पारदर्शी हुनुपर्छ र सर्वसाधारणले सहभागी हुनुपर्छ भन्ने हो । अन्यथा सुधार सामान्यतया स्वीकार्य हुँदैन । उदाहरणका लागि, अफ्रिकाका केही सरकारले खानेपानी जस्तो जनउपयोगी क्षेत्र र बैङ्किङमा विदेशी लगानीलाई निम्ता दिए । तर स्थानीयले स्वामित्व ग्रहण गर्न सक्ने अवसर दिएनन् । यो राजनीतिक दृष्टिले मात्रै मुर्ख्याइँ थिएन बरू सबैलाई समान व्यवहार गरिनुपर्छ भन्ने स्वतन्त्र समाजको मान्यताविपरीत थियो ।

यसैगरी यदि स्वामित्वलाई फराकिलो बनाउनुको सट्टा साँघुरो बनाइयो भने निजीकरण गरिएका उद्योग घुमिफिरी सरकारका आसेपासेको हातमा पुग्ने खतरा हुन्छ । यसले निजीकरणको अवधारणालाई विषाक्त बनाइदिन्छ र सरकार नियन्त्रित क्षेत्रमा बजार सिद्धान्तलाई प्रवेश गराउने अभियानलाई घात गर्छ । संरचनागत परिवर्तनले भ्रष्ट शासकहरूलाई होइन, उपभोक्तालाई फाइदा पुऱ्याउँछ भन्ने सर्वसाधारणलाई विश्वस्त पार्नुपर्छ । त्यो गर्ने सबैभन्दा राम्रो उपाय भनेको छिट्टै धेरै प्रतिस्पर्धालाई प्रवेश गराउनु हो ।

---

३. वायन ए लिटन, *गेटिङ प्राइभेटाइजेसन राइट : अ केस स्टडी*, इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स ब्लग, लन्डन, २०१३ ।

## सरकारबिना मानव सेवा

केही सार्वजनिक सेवा सरकारले मात्रै उपलब्ध गराउन सक्छ भन्ने मान्यता व्याप्त छ, खासगरी शिक्षा, स्वास्थ्य तथा कल्याण जस्ता मानव सेवा ।

केही मान्छे ती अत्यावश्यक सेवालाई बजारको हातमा छाड्न हुँदैन भन्छन् । वास्तवमा ती सेवा सरकारको हातमा छाड्न नहुने अत्यन्तै महत्त्वपूर्ण कुरा हुन् । जब सेवाप्रदायक करको पैसाबाट चल्छन्, उनीहरूले निजी सेवाप्रदायकले जस्तो प्रतिस्पर्धामा खरो उत्रिएर आफ्नो गुजारा चलाउन उपभोक्तालाई खुसी पार्नुपर्दैन । राजनीतिकर्मीसँग मागेर उनीहरूले आफ्नो बजेट बढाउँछन्, आफ्ना माग पूरा नभए सेवा रोक्ने धम्की दिन्छन् । उनीहरूको ध्यान सरकारमा हुन्छ जनतामा हुँदैन ।

निजी कम्पनीले सरकारी सेवाप्रदायकले भन्दा बढी प्रतिस्पर्धाको सामना गर्नुपर्छ । प्रायः सरकारी सेवाप्रदायकसँगको प्रतिस्पर्धालाई गैरकानुनी बनाइएको हुन्छ । त्यसैले सरकारी क्षेत्रका सेवाप्रदायकले नयाँ सिर्जना गर्ने कुरा परै जाओस्, सेवामा सुधार पनि गर्नै पर्दैन । किनभने उसका उपभोक्तालाई अन्त जाने विकल्प हुँदैन । तर सरकारले जतिसुकै सार्वजनिक सेवामा आफैं सुधार ल्याउने प्रयास गरे पनि मान्छेले त्यस्तो एकाधिकारलाई तोड्ने बाटो पहिल्याएकै हुन्छन् । संसारभर गैरसरकारी र अनौपचारिक क्षेत्रका सेवाप्रदायकले अझ राम्ररी महत्त्वपूर्ण सेवा प्रदान गरेका यस्ता थुप्रै उदाहरण छन् ।

## सरकारबिना शिक्षा

निजी क्षेत्रको शिक्षा भनेको धनीलाई मात्र हो भन्ने धेरैले सोच्छन् । तर भारत, घाना, नाइजेरिया र केन्यामा दुई वर्षसम्म

शिक्षाविद् प्राध्यापक जेम्स टलीले गरेको अध्ययनले ठीक विपरीत तथ्य फेला पारेको थियो । ती मुलुकमा सबैभन्दा गरिब क्षेत्रमा अधिकांश केटाकेटी गैरसरकारी विद्यालयमा गएका थिए । हैदारावाद, अक्कडा र लागोसका विपन्न क्षेत्रमा एकतिहाइ मात्र सरकारी विद्यालय थिए । दुईतिहाइभन्दा बढी विद्यार्थी सरकारले नचिनेका अनौपचारिक शिक्षालयमा पढ्ने गरेका थिए । निजी व्यवसायीहरूले ती गैरसरकारी विद्यालय सञ्चालन गरेका थिए । तीमध्ये केहीले परोपकारी संस्थाबाट वित्तीय सहायता पाएका थिए । तर कुनैले पनि राज्यबाट सुविधा पाएका थिएनन्, अभिभावकहरूबाट प्राप्त हुने थोरै शुल्क तिनीहरूको एक मात्र आम्दानीको स्रोत थियो ।[४]

यति हुँदा पनि टलीले त्यहाँका निजी विद्यालयहरूको नतिजा उल्लेख्य रूपमा उच्च भएको फेला पारेका थिए । हैदारावादका निजी विद्यालयका शिक्षकले सरकारी विद्यालयका शिक्षकको तुलनामा एक चौथाइदेखि आधा मात्र तलब पाए तापनि त्यहाँको निजी विद्यालयको गणितको औसत प्राप्ताङ्क सरकारी विद्यालयको भन्दा २० प्रतिशतभन्दा बढी थियो । निजी विद्यालयको शिक्षा अरू मापदण्डमा पनि राम्रो थियो । टलीले सरकारी विद्यालयका शिक्षक कक्षाकोठामा सुतिरहेको फेला पारेका थिए । सरकारी विद्यालयमा शिक्षक धेरैजसो बिदामा बस्थे । निजी विद्यालयमा कालोपाटी, खेल मैदान, डेस्कबेन्च, पानी तथा शौचालयको (शौचालय ५० प्रतिशत सरकारी विद्यालयमा मात्र थियो भने यो अनुपात निजी विद्यालयमा ९६ प्रतिशत थियो ) राम्रो व्यवस्था थियो । विद्यार्थी शिक्षक अनुपात सरकारी विद्यालयको तुलनामा आधा थियो ।

---

४. जेम्स टली, द *ब्युटिफुल ट्री : अ पर्सनल जर्नी इन्टू हाउ द वर्ल्ड्स पुरेस्ट पिपल आर एजुकेटिङ देमसेल्भ्स*, केटो इन्स्टिच्युट, वासिङ्टन डिसी, २००९ ।

विपन्न क्षेत्रमा निजी शिक्षाको महत्त्वबारे सरकार अनभिज्ञ जस्तै देखिन्छ । सरकारी आँकडाअनुसार चीनको हिमाली प्रान्त गान्सुमा निजी विद्यालयको सङ्ख्या मात्र ४४ थियो, टलीले त्यस्ता विद्यालयको सङ्ख्या छ सय ९६ फेला पारेका थिए, तीमध्ये पाँच सय ९३ ले अति दुर्गम भेगमा ६१ हजार विद्यार्थीलाई पढाइरहेका थिए । ती विद्यालय धेरैजसो अभिभावक र गाउँलेहरूले सञ्चालन गरेका थिए । गान्सुको वार्षिक औसत आम्दानी एक सय ५० अमेरिकी डलर भए पनि ती विद्यालय राम्ररी चलेका थिए । सात लाख ५० हजार जनसङ्ख्या भएको अफ्रिकाकै सबैभन्दा ठूलो सुकुमवासी क्षेत्र केन्याको किबेरामा टलीले ७६ ओटा निजी विद्यालय फेला पारेका थिए, जसमा १२ हजार विद्यार्थी पढ्थे ।

यसको अर्थ विश्वकै गरिबतम क्षेत्रमा पनि निजी क्षेत्रको पहलबाट राज्यले प्रदान गर्नेभन्दा उच्च गुणस्तरको शिक्षा उपलब्ध भएको देखिन्छ । अनि यसको लागत गरिब परिवारले थेग्न सकेको पाइन्छ । शिक्षाका लागि सरकार आवश्यकै छैन भन्ने यी दृष्टान्त हुन् ।

सरकार सञ्चालित बृहत् विद्यालय कार्यक्रम भएका प्रायः धनी मुलुकहरूले पनि शिक्षा क्षेत्रमा यस्ता केही प्रतिस्पर्धा र संरक्षणकारी छनोट प्रवेश गराउन खोजिरहेका छन् । सन् १९९१ मा स्विडेनले शिक्षामा नयाँ प्रणाली कार्यान्वयनमा ल्यायो, जसमा सरकारले विद्यालयका लागि आधारभूत लागत मात्र बेहोर्थ्यो भने निजी नाफामुखी तथा गैरनाफामुखी संस्थाले आफ्नै किसिमको व्यवस्था गर्न सक्थ्यो । यो प्रणालीमा निजी क्षेत्रका संस्थाले जति विद्यार्थी भर्ना गर्थे, त्यति नै मात्रामा सरकारी अनुदान पाउँथे । सुरूमा यो प्रणालीको विरोध गरेका शिक्षकहरूको युनियनले अहिले समर्थन गरिरहेका छन् । यो प्रणाली कौशल, सिर्जनशीलता तथा

गुणस्तर प्रवर्द्धनका लागि यति प्रभावकारी भयो कि सबैभन्दा कठिन र गरिब क्षेत्रमा पनि हजारौं नयाँ विद्यालय स्थापना भए । अहिले अरू मुलुकले पनि यो ढाँचालाई पछ्याइरहेका छन् ।

## सरकारबिना स्वास्थ्य सेवा

धेरै मुलुकमा सरकारी प्रावधान हाबी भएको अर्को महत्त्वपूर्ण सेवा स्वास्थ्य हो । यो क्षेत्रमा कर, अनुदान र नियमनमार्फत प्रतिस्पर्धीहरूलाई प्रवेश गर्न रोक लगाइएको छ । यसका कारण सरकारी सेवाप्रदायकहरूको ध्यान सेवाग्राहीलाई गुणस्तरीय सेवा दिनेमा भन्दा राज्यबाट बढी आर्थिक सुविधा तथा अधिकारहरू प्राप्त गर्नेमा हुन्छ ।

संयुक्त राज्य अमेरिकामा महँगो भनिएको खुलाबजार स्वास्थ्य सेवा प्रणालीको चर्को आलोचना हुँदै आएको छ । यो वास्तवमै महँगो छ । तर संसारमै सबैभन्दा बढी नियमन भएको प्रणालीमध्ये पर्छ । स्वास्थ्यमा सरकारको प्रतिव्यक्ति खर्च संसारको तेस्रो (नर्वे र लक्जेम्बर्गपछि) नम्बरमा पर्छ । कर तथा नियमनकारी प्रावधानलाई कार्यस्थलको स्वास्थ्य बिमासँग जोडिएको छ, जसले गर्दा मान्छे एउटा रोजगारी छाडेर अर्कोमा नपुगुन्जेलसम्मको अवधिमा स्वास्थ्य बिमाबाट वञ्चित हुन्छन् ।

रोजगारदाताले लागत बेहोर्ने भएकाले चिकित्सकको उक्साहटमा कामदारले उपचारका क्रममा आवश्यकै नभएका परीक्षणको माग गर्छन् । नियमनले स्वास्थ्य बिमासम्बन्धी करारमा के कुरा राख्ने र त्यसलाई कसरी बिक्री गर्ने (उदाहरणका लागि, बिमा कम्पनी सम्बद्ध राज्यकै हुनुपर्ने प्रावधानले ठूलो आकारमा फैलिएर आकारको लाभ लिनबाट बिमकलाई वञ्चित गर्छ) जस्ता कुरालाई निर्देशित गर्छ । यसैगरी चिकित्सकीय अभ्यासलाई लाइसेन्सबाट नियमन गरिएको छ । र चिकित्सकको आपूर्तिलाई रोक्ने र

आफ्नो तलब, सुविधा उच्च राखिराख्ने गरी लाइसेन्सका मापदण्ड चिकित्सकहरूले बनाउँछन् । यी सबै कुराले अमेरिकामा स्वास्थ्य सेवालाई महँगो बनाएको छ ।

यसविपरीत सानो र वास्तविक रूपमा अमेरिकाभन्दा धनी मुलुक सिङ्गापुरले सरकारी लगानीको स्वास्थ्य कार्यक्रममा अमेरिकाको प्रतिव्यक्ति स्वास्थ्य खर्चको छ भागको एक भाग मात्र खर्चिन्छ । सिङ्गापुरको परिवारले भविष्यको स्वास्थ्य सेवा, अवकाश तथा आवास सुविधाका लागि आम्दानीको २० प्रतिशत मात्र बचत गरे पुग्छ । यद्यपि त्यहाँ गम्भीर प्रकृतिका असाध्य रोगहरूमा सरकारी सहायताका अरू कार्यक्रम छन् । मान्छेलाई स्वास्थ्य सेवा प्राप्त गर्न आफैंले बचत गरिरहेको छु भन्ने तथ्य बोध भयो भने उसले फजुल खर्च गर्दैन, निजी क्लिनिक र चिकित्साकर्मीहरू पनि सस्तो लागतका लागि प्रतिस्पर्धा गर्छन् ।

स्विट्जरल्यान्डमा सरकारी स्वामित्वको बिमा कम्पनी छैन, जनताले निजी कम्पनीबाट बिमा र स्वास्थ्य सेवा लिन्छन् । सरकारको भूमिका सेवाप्रदायकलाई अनुदान दिने होइन, आधारभूत स्वास्थ्य सेवा बेहोर्न नसक्नेलाई सहयोग उपलब्ध गराउनेमा सीमित गरिएको छ । त्यसैले अमेरिकीहरूभन्दा फरक स्विस नागरिकले स्वास्थ्य सेवामा खर्च गर्नुपरेको प्रत्येक पैसाको हिसाब राख्छन् । धेरै युरोपेलीले स्विट्जरल्यान्डलाई समग्रमा खुलाबजार व्यवस्था मान्छन् र यो सम्भवतः संसारमै सबैभन्दा श्रेष्ठ स्वास्थ्य सेवा उपलब्ध गराउने मुलुक हो ।

## सरकारबिना कल्याण

गरिबका लागि सबैभन्दा उत्तम कल्याण तलब पाइने रोजगारी हो । तर सरकार सञ्चालित कल्याण कार्यक्रमले रोजगारी नाश गर्छ । युरोपका सबैजसो मुलुकमा काम गरिरहेका मान्छेहरूलाई

विशेष कर लगाएर उठाइएको पैसाबाट "सामाजिक बिमा" सञ्चालित हुन्छ । यसले रोजगारदातालाई आर्थिक भार पार्ने भएकाले उनीहरू नयाँ कामदार भर्ना गर्न चाहँदैनन् । यसको अर्थ बढीभन्दा बढी मान्छे बेरोजगार भत्तामा निर्भर हुनुपर्छ । यसका लागि सरकारले फेरि कर बढाउनुपर्छ, रोजगारदाताले झन् कम कर्मचारी भर्ना गर्छन् । यसबाट नकारात्मक चक्र सुरू हुन्छ ।

बीसौं शताब्दीको मध्यसम्म स्विडेन आर्थिक रूपमा खुला र समृद्ध मुलुक थियो । सन् १९७० देखि दुई दशकसम्म उसले बृहत् कल्याणकारी कार्यक्रममा लगानी गर्न उच्च दरमा कर लगाउन थाल्यो (सन् १९७६ मा एक जना स्विडिस लेखकले सीमान्त कर एक सय दुई प्रतिशत पुऱ्याइएको गुनासो गरेका थिए) । यो उच्च दरको करले काम र उद्यमलाई सबैभन्दा बढी निरूत्साहित पारेको थियो । उच्च करलाई स्विडेनमा दुई दशकसम्मको न्यून आर्थिक वृद्धिको प्रमुख कारक मानियो र १९९० को दशकमा यसलाई फिर्ता गरियो ।

स्वतन्त्र मुलुकहरू धनी हुने गरेका छन् र धनी मुलुकमा दुःखी गरिबहरूका लागि परोपकारी कार्यहरूमा बढी खर्च हुने गरेको छ । सरकारले करका माध्यमबाट जनताबाट पैसा खोस्ने र कल्याणकारी कार्यक्रममा खर्च गर्नेभन्दा निजी परोपकारी कार्यलाई नैतिक हिसाबले स्वस्थकर मान्न सकिन्छ । यसो भन्नुको कारण सरकारको आफ्ना मान्छेलाई सुविधा दिन्छन् र शत्रुलाई कर लगाउँछन् भनेर मात्रै होइन । खास परोपकारी कार्य एउटा मान्छेले अर्कोलाई स्वैच्छिक रूपमा दिने कार्य हो, बलपूर्वक दिने होइन ।

सरकारको कल्याणकारी कार्यक्रमको अर्को समस्या परनिर्भरताको संस्कृतिलाई बढावा दिनु हो । असली परोपकारी कार्यक्रममा हितग्राहीको आवश्यकता मूल्याङ्कनलाई जोड दिइन्छ । ठूला आकारका सरकारी कार्यक्रमहरू भने

कर्मचारीहरूले चलाउने भएकाले अनिवार्य रूपमा लिखित नियमहरूका आधारमा हितग्राहीहरूको व्यक्तिगत आवश्यकता के हो भन्ने मूल्याङ्कन नगरीकनै चल्छन् । यसले मान्छेहरूलाई तोकिएको नियमभित्र पर्न चलखेल गर्न प्रोत्साहित गर्छ । कहिलेकाहीँ गरिब परिवारले कल्याणकारी कार्यक्रमबाट अधिकतम लाभ प्राप्त गर्न जानाजानी आफ्नो अवस्थालाई बिगार्छन् । यो कार्यक्रमले राखेको उद्देश्यविपरीतको कार्य हो । बेलायत जस्तो पुरानो र ठूलो कल्याणकारी राज्यमा हजुरबुबा, बुबा र नाति गरी परिवारको तेस्रो पुस्ता पनि सामाजिक कल्याण कार्यक्रममा निर्भर रहेको अधिकारीहरूले फेला पारेका छन् ।

स्वतस्फूर्त रूपमा आएका निजी परोपकारी कार्यक्रम बढी मानवीय, उद्देश्यमूलक र प्रभावकारी विकल्प हुन् । बेलायतमा १९४० अघि श्रमिक वर्ग लक्षित त्यस्ता प्रभावकारी कार्यक्रम थिए, जसलाई राज्यको कल्याणकारी कार्यक्रमले बढारेर लग्यो । त्यति बेला परोपकारी संस्थाका सदस्यले साप्ताहिक रूपमा बेरोजगारी भत्ता, स्वास्थ्य बिमादेखि लिएर क्रिया खर्चसम्मका लागि कोषमा पैसा जम्मा गर्ने गर्थे । ती कोषहरू निश्चित पेसासँग सम्बन्धित हुन्थे र कुनै कामदारलाई आवश्यक पर्‍यो भने रकम निकासा दिने गरिन्थ्यो । लाखौं परिवार, खासगरी गरिब परिवार त्यस्ता कुनै एक परोपरकारी संस्थाको सदस्य हुन्थे । त्यसैले सबैका लागि सामाजिक कल्याण सरकारबिना पनि प्राप्त गर्न नसकिने कुरा होइन ।

## परोपकार क्षेत्रको पुनःस्थापना

राज्य प्रवर्द्धित अत्याधुनिक सामाजिक कल्याण कार्यक्रम भएका मुलुकमा बस्ने धेरैले करबाट चल्ने अत्यन्तै उदार सरकारी सामाजिक लाभ तथा पेन्सनका कार्यक्रमलाई निजी परोपकारी तथा गुठीहरूले प्रतिस्थापित गर्न सक्दैनन् भन्ठान्छन् । अर्काको पैसामा

उदार हुन सरकारलाई निकै सजिलो हुन्छ । र जन्मिँदै नजन्मिएको पुस्ताले भार बेहोर्नुपर्छ भन्ने थाहा पाउँदापाउँदै ठूला लाभका वाचाहरू गरिदिँदा राजनीतिकर्मीहरूलाई फाइदै हुन्छ । सरकारी कल्याणकारी कार्यक्रम सङ्कटमा परे ऋण लिएर चलाइन्छ । सार्वजनिक ऋण भनेको सधैं अघिल्लो पुस्ताले उपभोग गर्ने र पछिल्लोले तिर्ने हो । यो पनि राजनीतिकर्मीहरूलाई सामाजिक कल्याणका कार्यक्रमबाट टाढै राख्नुपर्ने यो आफैंमा एउटा गतिलो कारण हो । फेरि राज्यले प्रदान गर्ने लाभ धेरै भयो भने व्यक्ति वा परिवारामा आत्मनिर्भर हुने, काम खोज्ने प्रेरणा कम हुन्छ । उनीहरू सरकारी लाभमै रमाउँछन् अनि काम गरे कल्याणकारी कार्यक्रमका लागि बढी कर तिर्नुपर्छ भन्ने सोच्छन् । यो कार्यक्रमको उद्देश्य पवित्र भए पनि यसले जनताको आशा र महत्त्वाकाङ्क्षामा ह्रास ल्याउँछ र परनिर्भर जीवनतर्फ उन्मुख गराउँछ ।

स्वतन्त्रता उन्मुख मुलुकहरूले राज्य प्रायोजित भीमकाय सामाजिक कल्याण कार्यक्रमहरूलाई तोडेर ससाना स्थानीय प्रणालीहरूमा जानुपर्छ । अझ तिनलाई व्यक्तिगत खातामार्फत पृथकीकरण पनि गर्न सकिन्छ । यसले परिवारहरूलाई आफ्नो दायित्व महसुस गराउन र वास्तविक करदाताको पैसाका कारण आफूहरूले सहयोग पाइरहेको बुझाउन मद्दत गर्छ । सरकारी कार्यक्रमलाई विघटन गरी अझ चुस्त ढङ्गले निजी सेवाप्रदायकहरूबाट सञ्चालन गर्न सकिन्छ ।

यसको एउटा उदाहरण चिलीको पेन्सन प्रणाली हो । सन् १९८१ मा चिलीले ढल्नै लागेको अनुचित पेन्सन प्रणालीलाई ससाना व्यक्तिगत खातामा टुक्र्याएको थियो । कामदारले अनिवार्य रूपमा बचत गर्नुपर्थ्यो । तर उनीहरूले निजी क्षेत्रका सेवाप्रदायकहरूमध्ये कुनै एउटा रोज्न सक्थे । यो प्रणालीले बचत गर्ने व्यक्तिगत

जिम्मेवारीलाई प्रोत्साहित गऱ्यो र हितग्राहीलाई उच्चतम प्रतिफल दियो । त्यसैले विभिन्न महादेशका धेरै मुलुकहरूमा यसको सिको गरिएको छ ।

अर्को उदाहरण सिङ्गापुरको व्यक्तिगत स्वास्थ्य खाता (माथि उल्लेख गरिएको) हो । यसमा व्यक्ति तथा परिवारलाई आफ्नो स्वास्थ्य सेवा तथा आवश्यकतालाई पूर्ति गर्ने गरी उल्लेख्य रूपमा जिम्मेवार बनाइन्छ । बेलायतको पुरानो मैत्री परोपकारी संस्था अर्को मोडल हो । यसलाई राज्यले दिने लाभहरूलाई व्यक्तिगत तथा निजी खाताहरूमा विभाजन गरी पुनःस्थापना गर्न सकिन्छ ।

यी तरिकाहरूबाट गिर्दो सरकारी कार्यक्रमहरूमा सुधार गरियो भने व्यक्तिलाई बढी काम गर्ने प्रेरणा मिल्छ । र राज्यको सट्टा उनीहरू आफू प्रयत्न गर्छन् र आफ्नो परिवारको सहयोगमा भर पर्छन् । तैपनि त्यहाँ निजी परोपकारी संस्था र गुठीको आवश्यकता हुन सक्छ । तर ती सजिलै व्यवस्थापन गर्न सकिने खालका हुन्छन् । हामीले पहिल्यै चर्चा गरे जस्तो स्वतन्त्रता र न्यून करदानी बन्न आवश्यक इच्छा र धन सर्वसाधारणलाई दिने उत्तम उपाय हुन् । यो यस्तो उद्देश्य हो, जसलाई भीमकाय सरकार र उच्च दरको करले नाश गर्छ ।

## भूमण्डलीकरण तथा व्यापार

### भूमण्डलीकरणका लाभ

बढ्दो बजार भूमण्डलीकरणले आफूलाई कस्तो असर गर्ला भनेर नेपाल जस्तै धेरै मुलुकलाई पिरोलेको छ । तर यी धेरै चिन्ता गलत छन् । भूमण्डलीकरणबाट सकारात्मक तथा धेरै उपलब्धि हासिल भएका छन् ।

बजार मूल्य संयन्त्रका कारण हामी संसारका करोडौं मान्छेसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा व्यापार गर्न सक्ने भएका छौं । हामीले लगाउने लुगा, खाने खाना, घरायसी सामग्री, कार्यालय तथा कारखानाका औजारहरू अचम्म लाग्ने गरी ठूलो सङ्ख्यामा सुदूर मुलुकहरूका उत्पादन हुन्छन् ।

तर बजारको भूमण्डलीकरणले दुवैतर्फ काम गर्छ । यसले संसारभरकै सामान खरिद गर्न धनी मुलुकहरूलाई सजिलो मात्र बनाउँदैन, कुनै बेला दुर्गम मानिएका मुलुकका जनतालाई आफ्ना उत्पादन विश्व बजारमा जोडेर आफ्नो अवस्थामा सुधार ल्याउने मौका दिन्छ ।

उदाहरणका लागि, स्थानीय किसानले कुन बाली लगाउने भन्ने सूचनाको एक मात्र आधार पहिला स्थानीय आवश्यकता वा सरकारले निर्धारण गरेबमोजिम हुने गर्थ्यो । मौसमलगायत कारणले स्थानीय मूल्यमा व्यापक उतारचढाव आउन सक्थ्यो । स्थानीय बजार सुसङ्गठित पनि हुँदैनथे । अहिले किसानले आफ्नै मोबाइलमा धेरै वेबसाइट हेर्न सक्छन् र आफ्ना उत्पादनको वा अरू कुनै उत्पादनको संसारका सबै बजारमा मूल्य के छ पहिल्याउन सक्छन्, भविष्यको मूल्य पनि । सबैतिरका किसानले सुसङ्गठित अन्तर्राष्ट्रिय बजारमा अनुमानयोग्य मूल्यमा आफ्ना उत्पादन बिक्री गर्न सक्छन् ।

## खुलेको न्युजिल्यान्ड

व्यापार तथा वाणिज्यका नियमहरूलाई खुकुलो बनाएर मुलुकलाई समृद्ध बनाएको एउटा उदाहरण न्युजिल्यान्ड हो । सन् १९८० को पूर्वार्द्धमा मन्दीका कारण यो मुलुक अप्ठ्यारो आर्थिक अवस्थामा थियो । यसका पछाडि व्यापार तथा वाणिज्यका

तिनै कडा नियम कारक थिए । तर सन् १९८४ मा उसले संरक्षणवादलाई परित्याग गऱ्यो र विश्वभर प्रतिस्पर्धा गर्ने गरी अन्तर्राष्ट्रिय व्यापारलाई खुला गऱ्यो । कृषि तथा उद्योगहरूलाई दिइएका अनुदान बन्द गरियो । आन्तरिक बजारका नियमनहरू हटाइए । खासगरी श्रम बजारमा ट्रेड युनियनको सदस्यतालाई स्वैच्छिक बनाइयो, रोजगारदाता र कामदारबीचको करारहरूलाई खुला सौदाबजीमा छाडियो ।

यसरी खुला गर्दा ट्रेड युनियनका नेता, बुद्धिजीवी, धार्मिक नेता तथा अरू कार्यकर्ताहरूले अनुमान गरे जस्तो श्रमिकको शोषण हुने कहालीलाग्दो अवस्था आएन, उनीहरू सबै गलत भए । औसत ज्याला बढ्यो । ज्यालाका करारहरू छिटोछिटो सल्टिन थाले । हडतालहरू शून्यमा झरे । बेरोजगारी दर घट्यो, माओरी आप्रवासी र अरू पिछडिएको समुदायमा अझ बढी दरले घट्यो । न्युजिल्यान्ड संसारकै खुला तथा प्रतिस्पर्धी मुलुकमध्ये एक बन्यो ।[५]

## सांस्कृतिक पहिचान

बजारको विश्वव्यापीकरणले मुलुकहरूको विशिष्ट पहिचान तथा संस्कृतिलाई नष्ट बनाउँछ भन्ने कतिपयको चिन्ता छ । खासगरी अमेरिकी ब्रान्डहरूको फैलावटले कुनै बेला फरक देखिने मुलुकहरू झर्को लाग्ने गरी एक समान हुँदै गएको, पश्चिमा वस्तु र शैलीले अरू मुलुकका शैलीलाई छोप्दै लगेको र संसारकै उच्चतम संस्कृतिलाई तल्लोले आकुलव्याकुल बनाएको भन्ने धेरैलाई लागेको छ ।

निश्चित रूपमा आर्थिक र सामाजिक संस्कृतिहरू परिवर्तन भएका छन् । कुनै बेला कुनै निश्चित मुलुकका विशिष्ट उत्पादनहरू

---

५. यी सुधारहरूको रूपरेखाबारे जान्न रोजर डगलस, *टुवार्ड प्रोस्पेरिटी*, डेभिड बेटम्यान, *अकल्यान्ड, एनजेड*, १९८७ हेर्नुहोस् ।

अहिले संसारभरका मुख्य बजारमा पाइन्छन् । यसको अर्थ विविधतामा कमी आएको भन्ने होइन । बरू अहिले सबै देशका मान्छेहरूले पहिलेभन्दा बढी छनोटको अवसर पाएका छन् । उदाहरणका लागि खल्लो र बढी पकाइएको खानाका लागि एकताका प्रख्यात आफ्नो मुलुकको परिकारमा बेलायती नागरिकहरूले अहिले चित्त बुझाउनुपर्दैन । उनीहरू अहिले रेस्टुरेन्ट, सुपरमार्केटहरूमा भारत, भियतनाम, ल्याटिन अमेरिका, मङ्गोलिया, पोल्यान्डलगायत अनेकौं मुलुकका परिकार पाउन सक्छन् । यस्तै खालको छनोटको अवसर अरू मुलुकका जनतालाई पनि उपलब्ध छ । यस्तो अवसर कुनै बेला मुलुकका सम्भ्रान्त र विदेश सयर गर्न सक्ने धनी मान्छेहरूलाई मात्रै थियो । यसलाई संस्कृतिको नाश भन्ने होइन, बरू फैलावट मान्नुपर्छ, सबैले यसको मज्जा लिन सक्छन् ।

भूमण्डलीकरणको प्रभावलाई रोक्न चाहनेहरूले सङ्केत गरेझैं संस्कृति कहिल्यै स्थिर र अपरिवर्तनशील रहन सक्दैन । एउटा देशको संस्कृति सधैं परिवर्तन भइरहन्छ । संस्कृति जति प्रखर र जीवन्त हुन्छ, त्यति नै त्यो परिवर्तनशील हुन्छ र त्यसले नयाँ सांस्कृतिक विचारहरूलाई जन्म दिन्छ । अहिले सबैभन्दा गतिशील मुलुकहरूको कला, सङ्गीत, साहित्य, जीवनशैली, रूचि तथा वेशाभूषाबारे एक शताब्दीअघि ती मुलुकमा बस्ने मानिस परिचित थिएनन् ।

अरू संस्कृतिसँगको अन्तर्क्रियाबाट संस्कृतिहरू लाभान्वित हुन्छन् । यस्तो अन्तर्क्रियामार्फत आफूलाई अनुकूल हुने तत्त्वहरू अरू संस्कृतिबाट लिन सकिन्छ । अन्तर्राष्ट्रिय व्यापारमार्फत हामीले अरू मुलुकका सांस्कृतिक अवयवहरूलाई हेर्न र बुझ्न सक्छौं तथा उपयोगी भएको खण्डमा त्यसलाई आफ्नो संस्कृतिमा अनुकूलन गर्न सक्छौं । तर परिवर्तनको यो प्रक्रिया कसलै

**प्रश्न : धनी मुलुकहरूले धेरै सम्पत्ति कुम्ल्याएका छैनन् र ?**

*छैनन् । धन हाम्रो सीप, उद्यम, ऊर्जा, श्रम, लगानी तथा सङ्गठनबाट सिर्जना हुने हो । निश्चित रूपमा धनी मुलुकहरूले धेरै सम्पत्ति खपत गरिरहेका छन् । तर उनीहरूले सिर्जना पनि गरिरहेका छन् । उनीहरूले आफ्ना लागि मात्र त्यसो गरिरहेका छैनन् । उनीहरूको आविष्कार तथा महत्त्वपूर्ण उत्पादनहरूले संसारभरका खासगरी अत्यन्त गरिबहरूको जीवनमा सुधार आएको छ ।*

*उदाहरणका लागि औषधि उत्पादनको क्षेत्रमा भएको सुधारले संसारलाई दुःख दिइरहेको क्षयरोग तथा मलेरिया जस्ता रोग नियन्त्रणमा आएको छ । आनुवंशिक प्रविधिको क्षेत्रमा भएको विकासले धान तथा अन्य खाद्यान्नको उत्पादकत्व बढ्नुका साथै रोग प्रतिरोध क्षमता बढेको छ । भवन निर्माणलाई नयाँ सामग्रीको प्रयोगले सस्तो र सुरक्षित बनाएको छ ।*

*सम्पत्तिको आपूर्ति सीमित हुँदैन । र त्यो सम्पत्तिको अनुचित अंश धनी मुलुकहरू कुम्ल्याउँदैनन् पनि । बरू धनी भनिएका मुलुकहरूको विज्ञताले अरूहरूका लागि अवसर सिर्जना गरिरहेको छ ।*

भूमण्डलीकरणबारे छलफल गर्न थालेभन्दा निकै अघिदेखि सुरू भइसकेका थियो ।

हाम्रो संस्कृतिका धेरै रङ्गीन पक्षहरू गुमायौं भनेर हामी धेरैले पछुतो गर्छौं । तर त्यो क्षति  भूमण्डलीकरण वा विदेशी सांस्कृतिक साम्राज्यवादका कारण होइन, आधुनिकीकरणका सामान्य

असरहरूका कारणले भएको हो । भूमण्डलीकरणका कारण होइन, हाम्रो जीवनशैली स्वयम्मा आएको परिवर्तनका कारण हाम्रा प्राचीन चालचलन, वेशभूषा, पर्वहरू हराउँछन् । कुनै बेला मनाइने पर्वहरू खासगरी किसान समुदायका लागि महत्त्वपूर्ण हुन्थे, अहिले विश्व जनसङ्ख्याको आधा भाग सहरमा बस्छ अब ती पर्वहरू हाम्रा लागि त्यति महत्त्वपूर्ण छैनन् ।[६]

संस्कृति परिवर्तन राम्रोकै लागि हुन्छ । संसारका धेरैजसो संस्कृति विजयी शक्तिद्वारा स्थानीयमाथि लादिएका छन् । र धेरैजसो नियन्त्रित समाजका संस्कृति वास्तवमा विनाशकारी छन् । हामीले यो तथ्यलाई स्वागत गर्नुपर्छ कि आवतजावतको खुलापन र प्रश्न गर्ने प्रवृत्तिले धेरै मुलुकलाई त्यस्तो संस्कृति कायम गर्न गाह्रो भएको छ, जहाँ निश्चित समूहलाई नियमित दुर्व्यवहार, दमन तथा विभेद गरिन्छ ।

## शान्तिको महत्त्व

एडम स्मिथले एक पटक लेखेका थिए, "एउटा मुलुकलाई बर्बरताको न्यून तहबाट समृद्धिको उच्च तहमा पुऱ्याउन अरू केही चाहिँदैन शान्ति, सरल कर र सहन सकिने प्रशासन भए पुग्छ ।"[७]

अर्थतन्त्र फक्रिनका लागि मुलुकभित्र र बाहिर सबैतिर निश्चित रूपमा शान्ति आवश्यक हुन्छ । लडाइँ गरिरहेका सेना वा आक्रमणकारी जत्थाले चोर्ने वा लुट्ने सम्भावना छ भने मान्छेहरूले

६. यसका लागि मारियो भर्गास लोसा, द *कल्चर अफ लिबर्टी*, टम जी पाल्मरको द *मोरालिटी अफ क्यापिटालिज्म*, *स्टुडेन्ट्स अफ लिबर्टी एन्ड एटलस फाउन्डेसन*, अर्लिङटन, भिए, २०११ हेर्नुहोस् ।

७. डुगल्ड स्टेवार्डको *एकाउन्ट अफ लाइफ एन्ड राइटिङ्स अफ एडम स्मिथ एलएलडी*, खण्ड ४, २५ मा १७५५ को प्रवचनलाई उद्धृत गरिएको ।

लगानी गर्दैनन्, उत्पादनशील पुँजी निर्माण हुँदैन । एउटा देशका मानिसले अर्को देशका मानिससँग व्यापार गरिरहेको छ भने त्यहाँका जनता आपसमा भिड्ने सम्भावना कम हुन्छ । उन्नाइसौं शताब्दीका फ्रान्सेली अर्थशास्त्री तथा राजनीतिज्ञ फ्रेडरिक बास्टियाटले "यदि वस्तुले सीमा वारपार गरेनन् भने सेना ओहोरदोहोर गर्न थाल्नेछ" भनेका थिए ।[८]

शान्तिको लाभ आर्थिक तथा सांस्कृतिक दुवै हुन्छ । विध्वंसको भन्दा शान्तिपूर्ण वातावरणमा स्रोतहरू बढी उत्पादनशील क्रियाकलापमा केन्द्रित हुन्छन् । यसले पुँजी निर्माण र आर्थिक उन्नतिका लागि अनुकूल परिस्थिति उपलब्ध गराउँछ । यसले आफ्नो र परिवारको भविष्यको चित्र कोर्न सर्वसाधारणलाई सहज बनाउँछ । यसले सांस्कृतिक तथा शैक्षिक उन्नतिमा सामेल हुन उनीहरूलाई समय, सम्पत्ति र आत्मविश्वास प्रदान गर्छ । शान्तिले मान्छे, वस्तु तथा विचारको आदानप्रदानलाई सहज बनाउँछ, मान्छेका बुझाइलाई फराकिलो पार्छ, उन्नति र नवप्रवर्तन निम्त्याउँछ ।

यस सन्दर्भमा आफ्नो मुलुकलाई धनी बनाउन हामीले अर्कोलाई गरिब बनाउनु नपर्ने भन्ने एडम स्मिथको भनाइ मननीय छ । हाम्रा लागि ग्राहक गरिबभन्दा धनी भएकै वेश हुन्छ ।[९] अर्को शब्दमा अरूलाई कमजोर बनाएर हामी बलियो हुन सक्दैनौं । शान्तिले दुवै पक्षलाई लाभान्वित बनाउँछ ।

---

८. बास्टियाटले यिनै शब्द प्रयोग गरेका हुन् भन्ने कुनै प्रमाण भेटिन्न । तर उनको आसयको सार यसमा भेटिन्छ । हेर्नुहोस् फ्रेडेरिक बास्टियाट, बास्टियाट्स द ल, इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स, लन्डन, २००१ (१८५०) ।

९. "उद्यमीका लागि गरिब छिमेकीभन्दा धनी मान्छे राम्रो ग्राहक भए जस्तै मुलुकका सन्दर्भमा पनि यही कुरा लागू हुन्छ," एडम स्मिथ, द वेल्थ अफ नेसन, १७७६, चौथो ग्रन्थ, अध्याय-५ ।

शान्तिका लागि बेलाबेलामा सङ्घर्ष गरिनुपर्छ । नागरिक र सम्पत्तिको रक्षा हुनुपर्छ । र आवश्यक स्रोतहरू परिचालन गर्दा सरकारको (सीमित) भूमिका अपरिहार्य हुन सक्छ । तर बढ्दै जाँदा सरकारको सैन्यकरण पनि हुँदै जान्छ । उन्नति हुन नसकेको तथा स्वतन्त्रता अभाव भएको कुरालाई लुकाउन खोज्दा मुलुकको सुरक्षाका लागि बलिदान आवश्यक छ भन्ने बहाना र उद्देश्यमा एकरूपता कायम गर्ने नाममा सैन्य शक्तिलाई बलियो बनाउँदै लगिन्छ ।

स्वतन्त्र समाजमा मुलुकप्रति नागरिक कम इमान्दार हुन्छन् भन्ने हुँदैन । तर मुलुक, परिवार, साथीभाइ तथा उपभोक्ता वा कुनै संस्थाप्रतिको बफादारी खुला र स्वैच्छिक हुनुपर्छ । कुनै शासक, झण्डा वा राष्ट्रवादी सपनाप्रति अनिवार्य बफादारी स्वीकार्य हुँदैन ।

केही मान्छेलाई शान्तिको एक मात्र बाटो भनेको कुनै किसिमको बहुराष्ट्रिय सरकारको गठन हो भन्ने लाग्छ । अन्तर ाष्ट्रिय मञ्चहरूमार्फत विरोधाभासहरूको निराकरण गर्न खोज्नु वा सम्भावित द्वन्द्वलाई साम्य गर्न खोज्नु उपयोगी कुरा भए तापनि हामीले भोग्दै आएको राष्ट्रिय सरकारभन्दा असल विकल्प विश्व सरकार हो भनेर सोच्नु गलत हो ।

ठूलो आकार र जनतासँगको झन् फराकिलो दूरीका कारण यसले आफ्नो शक्ति विस्तार गर्ने तथा दुरूपयोग गर्ने प्रवृत्ति झन् बृहत् हुन्छ । त्यस्तो दुरूपयोगबाट जोगिन एउटा मुलुक छाडेर अर्कोमा जाने भन्ने कुरा पनि हुँदैन । शान्ति प्रवर्द्धन गर्ने सबैभन्दा उत्तम बाटो भनेको ठूलो होइन, सानो सरकार बनाउने र शान्तिपूर्ण सहकार्य र आपसी हितलाई प्रवर्द्धन गर्ने मानिसहरूको प्राकृतिक प्रवृत्तिमा निर्भर हुने हो ।

# ९. छलफलको सार

## स्वतन्त्रताको आवश्यकता

स्वतन्त्र समाजको आर्थिक प्रणाली भनेको खुला बजार अर्थतन्त्र हो । स्वतन्त्रताले समृद्धि ल्याउँछ । स्वतन्त्रतालाई अँगालेका समाजले आफूलाई धनी बनाएका छन् । त्यसो नगर्नेहरू गरिबै रहिरहेका छन् ।

गैरभौतिक उन्नतिमा पनि स्वतन्त्र समाजहरू धेरै अगाडि छन् । स्वतन्त्र समाज व्यक्तिहरूबीचको आपसी विश्वास तथा सहकार्यमा सञ्चालित हुन्छ, शक्ति तथा दमनमा आधारित हुँदैन । यस्तो समाजका नागरिक सांस्कृतिक, व्यक्तिगत र नैतिक रूपमा एकअर्कासँग असाध्यै बलियोसँग जोडिएका हुन्छन् । उनीहरूले एकअर्कासँग गर्ने व्यवहारको नियमलाई आपसी हित हुने गरी स्वैच्छिक रूपमा स्वीकार गरेका हुन्छन्, त्यस्ता नियम अन्त कतैबाट लादिएको हुँदैन । उनीहरूका सरकारलाई शासन गर्ने स्वीकृति प्राप्त भएको हुन्छ, कोही शोषणमा नपरोस् भन्न सरकारहरू नियमकानुनले बाँधिएका हुन्छन् ।

स्वतन्त्र समाजले मानवीय प्रतिभा, सिर्जना तथा आविष्कारलाई फक्रिने मौका दिन्छ । यसले पहिले अस्तित्वमा नभएको सम्पत्ति सिर्जना गर्ने बाटो खोल्छ । नियन्त्रित समाजका सभ्रान्त जस्तो

स्वतन्त्र समाजमा मान्छे अर्कालाई लुटेर धनी बन्दैनन् । अर्कालाई गरिब बनाएर पनि उनीहरू धनी बन्न सक्दैनन् । अरूले चाहना गरेको चीज उपलब्ध गराएर, मान्छेलाई राम्ररी बाँच्न सक्षम बनाएर मात्रै उनीहरू धनी बन्न सक्छन् ।

## सीमित सरकार

न्याय सम्पादन गर्न र सर्वसाधारणले व्यक्तिगत तवरबाट गर्न नसक्ने निर्णयहरू गर्ने उद्देश्यका लागि सरकार आवश्यक हुन्छ भन्ने कुरामा अधिकांश मान्छे सहमत छन् । सबैजसो मान्छे सरकारको शक्ति सीमित हुनुपर्छ भन्ने कुरामा सहमत हुन्छन् । स्वतन्त्र समाजमा नागरिकलाई अरू कसैले पुऱ्याउन सक्ने चोट रोकथामका लागि सरकार अस्तित्वमा आएको हुन्छ । सरकारले शान्तिपूर्वक एकअर्कासँग गरिने मानवीय व्यवहार निर्वाध सञ्चालनका लागि आवश्यक नैसर्गिक कानुनको कार्यान्वयन गरी न्याय कायम गर्छ ।

स्वतन्त्र समाजमा सरकार विधिको शासनबाट बाँधिएको हुन्छ । यसको कानुन सबैलाई बराबरी लागू हुन्छ । यसका नेताहरूले आफ्नो लाभका लागि नागरिकलाई लुट्न सक्दैनन्, आफन्त साथीभाइलाई कृपा गर्ने र आफ्ना शत्रुविरूद्ध बल प्रयोग गर्न सक्दैनन् । पदसँगै आउने अधिकारबाट हुन सक्ने भ्रष्टाचार रोक्न सार्वजनिक पदमा बस्नेहरूको कार्यकाल र अधिकारको सीमा तोकिएको हुन्छ । खुला र स्वतन्त्र चुनाव, वाक् स्वतन्त्रता, प्रतिनिधिहरूको कार्यकाल सीमा र संवैधानिक प्रावधानहरूले राजनीतिक नेतृत्वको अधिकार सीमित गरिदिएको हुन्छ ।

## बृहत् समानता

स्वतन्त्र समाजमा अन्तर्निहित आर्थिक गतिशीलताबाट सबैभन्दा बढी लाभान्वित हुने गरिब वर्ग हो । स्वतन्त्र समाज आर्थिक रूपमा नियन्त्रित समाजभन्दा बढी समान हुन्छ । केही वर्षअघिसम्म कल्पनै नगरिएका सुविधाहरू, नियन्त्रित समाजमा सत्ताधारी सम्भ्रान्तहरूले मात्र उपभोग गरिरहेका विलासिता स्वतन्त्र समाजमा गरिबहरूले उपयोग गरिरहेका छन् ।

स्वतन्त्र समाजले भौतिक समानता लाद्ने प्रयास गर्दैन । आय तथा सम्पत्तिका आधारमा समानता कायम गर्ने प्रयास प्रत्युत्पादक हुन्छ भन्ने त्यसले बुझेको हुन्छ । त्यसको विपरीत गैरस्वतन्त्र समाजले आत्मसुधार, कडा परिश्रम तथा उद्यमशीलताका लागि चाहिने प्रोत्साहन नाश गर्छ । यसले समग्र समाजको उत्पादकत्व वृद्धिका लागि आवश्यक पुँजी निर्माणलाई निरूत्साहित गर्छ । यसले व्यक्तिलाई नयाँ सम्पत्ति तथा नयाँ मूल्य सिजर्ना गर्नबाट रोक्छ ।

नियन्त्रित समाजमा अनुपलब्ध धेरै किसिमका समानताको अभ्यास स्वतन्त्र समाजमा भइरहेको हुन्छ । मानिसको नैतिक समानतालाई मानिएको हुन्छ । प्रत्येक मानव जीवन मूल्यवान् तथा रक्षाका लागि योग्य हुन्छ भन्ने ठानिएको हुन्छ । कानुनका अगाडि सबै बराबर हुन्छन् । फैसला तपाईं को हुनुहुन्छ भन्नेले होइन, मुद्दाको सत्यतामा अडिएको हुन्छ । नागरिकसँग राजनीतिक अधिकार हुन्छ । उनीहरू सबैले भोट हाल्न, चुनावमा लड्न र आफ्ना राजनीतिक विचार राख्न पाउँछन्, सत्ताधारीलाई जतिसुकै अप्ठ्यारो पर्ने खालको भए पनि । र उनीहरूसँग अवसरको

समानता पनि हुन्छ । मानिसले शिक्षालय वा कार्यस्थलमा कुनै विभेदको सामना गर्नुपर्दैन । र जुनसुकै जात, धर्म, सम्प्रदाय वा भूगोलको भए पनि उनीहरूले आफ्नो उन्नति गर्न सक्छन् ।

## खुला अर्थतन्त्र

स्वतन्त्र समाजले मान्छेलाई आर्थिक मात्रै होइन, सामाजिक र व्यक्तिगत छनोट गर्ने स्वतन्त्रता दिन्छ । स्वतन्त्र समाजमा मान्छेले स्वैच्छिक विनिमयमार्फत मूल्य सिर्जना गर्छन् । खुला विनिमयले दुवै पक्षलाई लाभान्वित बनाउँछ । यदि त्यस्तो नहुने हो भने उनीहरूले विनिमय गर्दैनन् ।

अरूसँग सहकार्य गरेर अरूले चाहेको वस्तु आपूर्ति गरेर र त्यसको बदलामा आफूले चाहेको वस्तु प्राप्त गरेर व्यक्तिले उन्नति गर्छ । लाभको सम्भावनाले उद्यमीलाई अरूले के चाहन्छन् भन्ने कुराको खोजी गर्न र त्यस्ता वस्तु उपलब्ध गराउन प्रोत्साहित गर्छ । मूल्यले वस्तुको दुर्लभता/सुलभताबारे सूचना दिन्छ, के चीज उत्पादन गर्ने र के चीज जोगाएर राख्ने बताउँछ । यसरी समय, सीप, श्रम, पुँजी तथा अन्य स्रोतहरू स्वचालित रूपमा अत्यावश्यक र माग भएका क्षेत्रमा केन्द्रीकृत हुन्छन् र कम महत्त्वपूर्ण क्षेत्रबाट अलग हुन्छन् । यसका लागि सरकारले जनतालाई केही भन्नैपर्दैन ।

स्वतन्त्र अर्थतन्त्र चल्नका लागि मानिसले एकअर्कासँग कसरी समन्वय गर्ने भन्ने नियमकानुनको स्वीकृत ढाँचा मात्रै आवश्यक हुन्छ । यसभित्र सम्पत्ति तथा स्वामित्वको हस्तान्तरण तथा विभिन्न सम्झौता कार्यान्वयनका लागि करारसम्बन्धी कानुन पर्छन् । व्यवसायको विकास गर्ने हो र वस्तु विनिमय गर्ने हो भने मान्छेलाई निजी सम्पत्तिको अधिकार आवश्यक हुन्छ । अन्य

किसिमका स्वतन्त्रता कार्यान्वयनका लागि पनि सम्पत्ति अधिकार चाहिन्छ । सरकारी अधिकारीले सबै सम्पत्ति नियन्त्रण गर्ने हो भने अर्थपूर्ण राजनीतिक गतिविधि र खुला छलफलको गुन्जायस हुँदैन ।

## न्याय र विधिको शासन

व्यवस्थापिकाले न्यायलाई निर्देशन गर्न सक्दैन । न्यायको नियमको एउटा अङ्ग मानवीय स्वभाव हो, जसले व्यक्तिहरूबीच शान्तिपूर्ण सहकार्य प्रवर्द्धन गर्छ ।

स्वतन्त्र समाजमा यो प्राकृतिक न्यायको अधिकार मानिसलाई मानिस भएका कारण प्राप्त हुन्छ । कानुन निश्चित र स्पष्ट हुनुपर्छ, सबै मान्छेलाई समान व्यवहार गरिन्छ, असम्भव कार्य गर्न लगाइँदैन, कानुन भूतकालदर्शी हुँदैन, दण्डजरिवानाहरू अनुमानयोग्य र अपराधसँग मेल खाने हुन्छन् भन्ने कुरा प्राकृतिक न्यायले बताउँछ । सबै मुद्दामा प्रक्रियागत ढङ्गले छानबिन हुनुपर्छ र पुर्पक्षमा नलगी कसैलाई लामो समयसम्म बन्दी बनाउन पाइँदैन । व्यक्तिको अपराध प्रमाणित नहुँदासम्म अभियोगीलाई निर्दोषसरह व्यवहार गर्नुपर्छ, एउटै अभियोगमा पटकपटक पक्राउ गर्ने र मुद्दा लगाउने गरी यातना दिनुहुँदैन । यी सिद्धान्तहरूलाई लगभग सबैले स्वीकर गरेका छन् ।

उल्लिखित प्राकृतिक न्यायको सुनिश्चितता र विधिको शासनको बचावटका लागि राजनीतिक नेतृत्वको प्रभावबाट मुक्त स्वतन्त्र न्यायपालिका चाहिन्छ । यसैगरी प्रहरी पनि स्वतन्त्र हुनुपर्छ । स्वतन्त्रतालाई कार्यान्वयनमा ल्याउने हो भने प्रहरी र न्यायालयभित्रको घूस र भ्रष्टाचारलाई सह्य मानिनुहुँदैन ।

## स्वचालित समाज

स्वतन्त्र समाज नै स्वचालित समाज हो । यो शान्तिपूर्ण सहकार्यलाई प्रवर्द्धन गर्ने नियममा आधारित निजी व्यक्तिहरूको गतिविधिबाट बनेको हुन्छ । राजनीतिक अधिकारीले माथिबाट लादेर स्वतन्त्र समाज बन्दैन । आपसी हित हुने गरी सहकार्य गर्नका लागि मान्छे सबै कुरामा सहमत हुनुपर्छ भन्ने छैन । वस्तु विनिमय गर्नेहरू मूल्यमा मात्रै सहमत भए पुग्छ । त्यस्तो सहकार्यलाई बढी फलदायी बनाउन एकअर्काको दृष्टिकोण तथा गतिविधिप्रति व्यक्ति सहिष्णु हुनुपर्छ । स्वतन्त्र समाजमा आफूलाई हुने हानि रोक्न अर्काको व्यवहारमाथि हस्तक्षेप गर्न सक्ने छूट व्यक्ति वा राज्यलाई दिइएको हुन्छ । कसैको व्यवहार हामीलाई अनैतिक र आघात पुग्ने खालको लाग्यो भन्दैमा उनीहरूको स्वतन्त्रतालाई सीमित गर्न खोजियो भने आफ्नो नैतिकता सवश्रेष्ठ हो भन्ने दाबी गर्नेहरूले क्रमिक रूपमा हामी सबैको व्यवहारमा प्रतिबन्ध लगाउँदै जान सक्छन् ।

अर्काको विचार र जीवनशैलीप्रति सहिष्णु हुँदा समाजको भलाइ हुन्छ । सत्य सधैं स्पष्ट हुँदैन, विचारहरूको लडाइँबाट यो प्रकट हुन्छ । सेन्सरले सधैं गलत कुरालाई मात्र दमन गर्छ भन्ने कुरा पत्याउन सकिँदैन । समाजलाई भविष्यमा ठूलो लाभ पुऱ्याउन सक्ने विचार तथा उपायहरूलाई उनीहरूले भूलवश दमन गर्न पनि सक्छन् ।

## स्वतन्त्रताको संसार

सर्वसत्तावादी सरकारहरूलाई आफ्ना कर्तुतहरू बाँकी विश्वबाट लुकाउन झन्झन् गाह्रो हुँदै गएको छ । फलस्वरूप, धेरैभन्दा धेरै मुलुकहरू व्यापार, पर्यटन तथा नयाँ विचारका लागि खुल्दै गएका

छन् । यो फैलिँदो छ । धेरै मान्छेले आर्थिक तथा सामाजिक स्वतन्त्रताका लाभ देखिरहेका छन् र त्यसको माग गरिरहेका छन् ।

कत्ति पनि स्वतन्त्रता नभएको स्थानमा स्वतन्त्र समाजका नैतिकता र संस्थाहरूलाई स्थापित गर्न कठिन हुन्छ । यसलाई थोकमा स्थापित गर्न खोज्नुभन्दा सुक्ष्म तहबाट लागू गर्दै जानु वेश हुन्छ । मान्छेलाई स्वतन्त्र व्यवहार गर्न सक्ने परिस्थितिको निर्माण गर्दै उनीहरूकै गतिविधिबाट स्वतन्त्र समाजको सिर्जना गर्नुपर्छ । यसको मुख्य हिस्सा भनेको सम्पत्ति अधिकारलाई संस्थागत गर्ने हो, यसैबाट मान्छेले व्यवसाय विकास गर्न सक्छन् र आफ्नो सम्पत्ति खोसिँदैन भन्ने ढुक्कले कारोबार गर्न सक्छन् ।

सुधारले असली आर्थिक सुधार ल्याउनुपर्छ, आसेपासे पुँजीवाद होइन । राज्यको स्वामित्वमा भएका उद्योगलाई निजीकरण गर्ने नाममा धेरै सरकारहरूले आफ्ना साथीभाइ र आफन्तलाई त्यस्ता उद्योगको साँचो सुम्पिएका छन् । वास्तविक आर्थिक परिवर्तनका लागि सम्पूर्ण जनसङ्ख्यालाई आर्थिक सुधार प्रक्रियामा संलग्न गरिनुपर्छ ।

अन्तर्राष्ट्रिय व्यापारलाई खुला गर्दा मुलुकले केही गुमाउँदैन । घरेलु उत्पादकलाई प्रतिस्पर्धाबाट जोगाउनुको सोझो अर्थ भनेको आन्तरिक उपभोक्तालाई महँगा र गुणस्तरहीन वस्तु उपभोग गर्न बाध्य पारिनु हो । अन्तर्राष्ट्रिय व्यापार समुदायको हिस्सा हुनु भनेको घरेलु उद्यमीलाई नयाँ बजार र अवसर उपलब्ध गराउनु हो । अन्तर्राष्ट्रिय व्यापार खुला भएकैले पछिल्लो तीन दशकमा एक अर्बभन्दा बढी जनसङ्ख्यालाई चरम गरिबीबाट उतार्न सकिएको छ । स्वतन्त्रता भनेको मानव इतिहासमा साँच्चिकै दयालु र उत्पादनशील शक्तिहरूमध्येको एक हो ।

**एमन बटलर** बेलायतस्थित एडम स्मिथ इन्स्टिच्युटका निर्देशक हुन् । उनले मिल्टन फ्रिडम्यान, एफ. ए. हायक, लडविग भन मिसस, एडम स्मिथ, अस्ट्रियाली आर्थिक विचारधारा, सार्वजनिक छनोट नीति, बजार अर्थतन्त्र लगायतका विषयमा पुस्तकहरू लेखेका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर **मुराहरि पराजुलीले** सार्वजनिक नीति र अर्थराजनीतिक विषयमा टिप्पणी गर्ने गरेका छन् ।

फाइनप्रिन्ट बुक्स (गैरआख्यान) www.fineprint.com.np

FP

ISBN: 978-9937-8877-7-9

300.00

9 789937 887779